

पत्रकारिता नीति तथा कानुन

अध्ययन प्रतिवेदन

FREEDOM FORUM

• Democracy • Media Freedom • Human Rights • Development

Thapathali, Kathmandu, Tel: 4102030, E-mail:freedomforum@enet.com.np

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरुको साझा मञ्चका रुपमा यो
फोरम स्थापना गरिएको हो ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरु यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरुसँग सहकार्य गरेर
अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरु केही छैन भन्ने फ्रिडम फोरम ठान्दछ ।

FREEDOM FORUM

• Democracy • Media Freedom • Human Rights • Development

Thapathali, Kathmandu, Tel: 4102030, E-mail:freedomforum@enet.com.np

पत्रकारिता
नीति तथा कानुन

अध्ययन प्रतिवेदन

FREEDOM FORUM
● Democracy ● Media Freedom ● Human Rights ● Development
Thapathali, Kathmandu, Tel: 4102030, E-mail:freedomforum@enet.com.np

सर्वाधिकार © फ्रिडम फोरम (स्वतन्त्रता मञ्च)
नेपालमा, सुरक्षित ।

यो पुस्तकको प्रकाशन डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) अन्तर्गत मानवअधिकार र असल शासन एकाई (DanidaHUGOU)को सहयोगमा भएको हो। तर यसमा व्यक्त विचार, विश्लेषण र निष्कर्ष सम्बन्धित अनुसन्धानकर्ताका निजी हुन्। उक्त संस्थाको सहमति हुनैपर्छ भन्ने छैन।

सोधकर्ता : तारानाथ दाहाल/भीमार्जुन आचार्य

प्रकाशक : फ्रिडम फोरम

www : nepalpressfreedom.org
www : freedomforum.org.np
इमेल : freedomforum@enet.com.np
info@freedomforum.org.np
पोष्ट बक्स नं. २४२९२, फोन नं. ४१०२०३०
थापाथली, काठमाडौं, नेपाल

प्रकाशन मिति : २०६५, भदौ
प्रति : ५००
लेआउट : श्याम महर्जन 'कोर्पा'
मुद्रण : नेपाल प्रिण्टिङ सपोर्ट, रामशाहपथ, ४४३०४७४

भूमिका

२०४६ सालको राजनीतिक परिवर्तनले सिर्जना गरेको उदार संवैधानिक व्यवस्थाअन्तर्गत विकसित हुँदैगएको व्यावसायिक पत्रकारितालाई राजाको निरङ्कुशताले चौतर्फी दमन गरेर क्षतविक्षत पारेपछि नेपाली प्रेसजगत लोकतान्त्रिक आन्दोलनको हिस्सा बनेर सङ्घर्षमा उत्रियो । आन्दोलनको सफलतापछि मुलुक नयाँ चरणको संवैधानिक सङ्क्रमणमा प्रवेश गर्‍यो । सङ्क्रमणको समय अझै केही वर्ष रहनेछ । संविधानसभाले नयाँ संविधान बनाएपछि लोकतान्त्रिक युगको सुनिश्चितता हुने विश्वास राखिएको छ ।

तथापि, देश यथास्थितिमा रहिरहेको छैन । नेपालको अन्तरिम संविधान-२०६३ को प्रारम्भपछि संवैधानिक विषयबाहेक अरू क्षेत्रमा पुनःनिर्माणको अभियान सुरु भइसकेको छ । संविधानसभाको चुनाव भइसकेर मुलुक संक्रमणको दोस्रो चरणमा प्रवेश गरेको छ । यसैगरी गणतन्त्र पनि स्थापना भइसकेको छ । अब नयाँ संविधानको तर्जुमामा सबैको ध्यान केन्द्रित हुँदैछ । पत्रकारिता क्षेत्रमा पनि नीतिगत र कानुनीरूपमा व्यापक परिवर्तन र सुधारको अपेक्षाअनुरूप सुधारका प्रयासहरू अगाडि बढिसकेका छन् । त्यही क्रममा फ्रिडम फोरमले विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकको विषयमा सुधारको अभियान चलाइरहेको छ । यो पुस्तक त्यही अभियानअन्तर्गतको एउटा प्रयास हो । पत्रकारिता क्षेत्रसँग सम्बन्धित नीति र कानुनहरूको यो अध्ययनले अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नेपाली लोकतन्त्रको विकासका लागि अपरिहार्य सञ्चार नीति र कानुनहरूको तर्जुमा गर्न सहयोग पुर्‍याउने आशा गरिएको छ ।

यो अध्ययनको क्रममा हामीले यस क्षेत्रसँग सम्बन्धित विज्ञ एवम् सरोकारवालाहरूसँग विभिन्न चरणका छलफल र विचार-विमर्श गर्‍यौं । त्यही क्रममा यस अध्ययनका तथ्यहरू समय-समयमा उपलब्ध गराएर विभिन्न ऐनहरूको तर्जुमा गर्ने सरकारी प्रयासलाई सहयोग पुर्‍यायौं । त्यसैगरी सरकारले सुधारका लागि सल्लाह लिन गठन गरेका कतिपय सुझाव आयोग एवम् कार्यदलहरूमा सहभागी भएर तथा त्यस्ता निकायहरूलाई सुझाव दिएर पनि हामीले योगदान गर्‍यौं । सुधारको क्रम जारी रहेकाले हाम्रो अध्ययनको क्रममा पनि ऐन संशोधन हुने, नयाँ ऐन बन्ने, नियमावलीहरूमा परिवर्तन हुने क्रम चली नै रह्यो । संवैधानिक व्यवस्थामा समेत परिवर्तन भयो । जसले गर्दा यस अध्ययन प्रतिवेदनको पहिलो मस्यौदालाई पुस्तकको आकार दिन निकै समय लाग्न पुग्यो ।

अध्ययन प्रतिवेदनलाई एक हजारप्रति प्रकाशन गरी सम्बद्ध पक्षहरूको समग्रमा समीक्षा, टिप्पणी, राय-सुझाव र आलोचना संकलनको उद्देश्यले यो पुस्तकको प्रथम प्रकाशनलाई देशव्यापीरुपमा सञ्चार क्षेत्रका नीति-निर्माता एवं पत्रकारिता र कानुनका बारेमा ज्ञान र चासो राख्ने बुद्धिजीवीहरू बीच पुर्‍याइयो ।

यसैगरी दोस्रो चरण अन्तर्गत यस प्रतिवेदनमाथि पाँचवटा क्षेत्रीय कार्यशाला र दुई वटा परामर्श बैठक गरी व्यापक समीक्षा गरियो । विराटनगर, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र र धनगढीमा गरिएका क्षेत्रीय कार्यशाला गोष्ठीहरूमा प्रतिवेदनको प्रस्तुती विस्तृतरुपमा गरी विषयगत ढंगले प्रष्ट पार्ने र स्थानीय सहभागीहरूको राय-सुझाव र प्रतिक्रिया संकलन गर्ने विधि अपनाइएको थियो । कार्यशाला-गोष्ठीहरूमा पत्रकारिता क्षत्रेका विशिष्ठ सहभागीबाहेक कानुन-व्यवसायी, बुद्धिजीवी र मानवअधिकारकर्मीहरूको समेत उलेख्य सहभागीता गराइएको थियो । प्रत्येक गोष्ठीहरूमा ५० जनाको हाराहारीमा सहभागीहरू थिए । र, प्रत्येक गोष्ठीमा स्थानीय क्षेत्रको प्रतिनिधि अध्ययन-विश्लेषणका लागि एक जना सञ्चारकर्मी र एक जना कानुन व्यवसायीबाट विस्तृत टिप्पणी प्रस्तुत गर्न लगाइएको थियो ।

दोस्रो चरणका परामर्श बैठकहरू भने राजधानीमा सम्पन्न गरिए । पहिलो परामर्श बैठक प्रतिवेदनको प्रकाशन भएलगत्तै

सञ्चार क्षेत्रका विशेषज्ञ व्यक्तित्वहरूबीच गरियो भने अन्तिम परामर्श बैठक संविधानसभाका त्यस्ता सभासद्हरू जसको पृष्ठभूमि विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकको प्रत्याभूतिको लागि कुनै न कुनै योगदान पुऱ्याइएकाहरूलाई सहभागी गराइएको थियो । वृहत छलफलको दोस्रो विधिबाट प्राप्त भएका समीक्षा, टिप्पणी, आलोचना र थप प्राप्त सुझावका आधारमा सो प्रतिवदेनलाई अनितम रुप प्रदान गरिएको छ ।

दोस्रो चरणको छलफल कार्यक्रमबाट प्राप्त निश्कर्षका आधारमा नयाँ संविधान तर्जुमा गर्न, पत्रकारिता क्षेत्रको व्यापक परिवर्तनको अभियान अगाडि बढाउन, पुराना ऐन-नियमहरूमा सुधार ल्याउन, नयाँ ऐन-नियम बनाउन, जिम्मेवार तर सशक्त एवं निर्भिक बहुलवादी पत्रकारिताको प्रवर्द्धन गर्न तथा समग्रमा लोकतन्त्रलाई सुदृढ गर्न यो प्रतिवेदन उपयोगी हुने विश्वास गरिएको छ । यसैगरी पत्रकारितासम्बन्धी नीति र कानुनहरूको समग्र अध्यनय गर्न चाहाने विद्यार्थी, अध्येता, अनुसन्धाकर्ता एवं पत्रकारिताको अभ्यास गर्ने सञ्चारकर्मीहरू र कानुन व्यवसायी मित्रहरूका लागि पनि उपयोगी स्रोत-सामाग्री हुने आशा गरिएको छ ।

यो अध्ययनको क्रममा महत्वपूर्ण सुझाव दिनु हुने सबै सरोकारवाला एवम् प्राज्ञिक व्यक्तित्वहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछौं । नेपालको अन्तरिम संविधान, २०६३ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को विश्लेषणको लागि अभिव्यक्ति स्वतन्त्रताको लागि कार्यरत विख्यात अन्तर्राष्ट्रिय संस्था 'आर्टिकल-१९' ले पुऱ्याएको सहयोगप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं । यसैगरी अध्ययनको क्रममा सहयोग पुऱ्याउनु हुने मित्रहरू पत्रकार कमलदेव भट्टराई, अधिवक्ताहरू तेजकुमार शर्मा, सुवास शर्मा, ऋषिराम घिमिरे र राजेन्द्र नेपालप्रति हार्दिक आभार प्रकट गर्दछौं । यस्तै अध्ययनको शिलशिलालाई यो रूपमा प्रस्तुत गर्न महत्वपूर्ण योगदान पुऱ्याउनु हुने अधिवक्ता मित्रद्वय सन्तोष सिग्देल तथा कृष्ण पोखरेलको मेहनतप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

दोस्रो चरणअन्तर्गतको देशव्यापी छलफललाई सम्पन्न गर्न स्थानीयरूपमा संयोजन गर्नुहुने मित्रहरू विजय मिश्र (विराटनगर), चन्द्रकिशोर झा र रितेस त्रिपाठी (वीरगञ्ज), गंगाधर पराजुली (पोखरा), जयनारायण शाह (नेपालगञ्ज), शिवराज योगी (धनगढी), रामप्रसाद दाहाल (काठमाडौं) लगायतका सम्पूर्ण सहयोगी साथीहरूमा विशेष आभार प्रकट गर्दछु । यसैगरी यो प्रतिवेदनको विस्तृत समीक्षा गरिदिनुहुने मित्रहरू प्राध्यापक डा. गोविन्दमान सिंह कार्की र पत्रकार यज्ञ शर्मा (विराटनगर), अधिवक्ता दीपक राजभण्डारी र पत्रकार दीपेन्द्र चौहान (वीरगञ्ज), वरिष्ठ पत्रकार माधव शर्मा र अधिवक्ता सारङ्ग सुवेदी (पोखरा), पत्रकार शिव डोटेल र अधिवक्ताहरू सुरेश पौडेल एवं लोकबहादुर शाह (नेपालगञ्ज) तथा पत्रकारहरू उमिद वागचन्द र दीर्घराज उपाध्याय तथा अधिवक्ता वीरबहादुर जेठरा (धनगढी) लाई पनि विशेष धन्यवाद ज्ञापन गर्दछु । यो प्रक्रियामा आफ्ना अमूल्य सुझाव र टिप्पणी गरिदिनुहुने अधिवक्ता शेरबहादुर के.सी. र वरिष्ठ पत्रकार राजेन्द्र दाहाल तथा प्रतिवेदन सम्पादनमा सहयोग गर्नुहुने सोमनाथ लामिछानेलगायत सबै सहयोगी महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा, यो प्रतिवेदन पत्रकारिता क्षेत्रको पुनर्संरचनाको वकालतमा संलग्न संघ-संस्था एवं व्यक्तित्वहरू र नयाँ नेपालको निर्माणमा जुटेका संविधानसभाका सभासद् एवं सरकारका जिम्मेदार पदाधिकारीहरू जस्ता नीति-निर्माताहरूका लागि सहयोगी सामाग्री हुन सक्यो भने यसको सार्थकता पुष्टि हुने विश्वास लिएको छु । यो अध्ययनमा सहयोग पुऱ्याउने डयानिडा/ह्यूगोप्रति हार्दिक धन्यवाद छ । यो अध्ययनको जिम्मेवारी लिनुहुने सहकर्मी अधिवक्ता भीमार्जुन आचार्यप्रति पनि हार्दिक धन्यवाद छ । उहाँका साथमा अध्ययनको जिम्मेवारी एवम् संयोजन गर्ने दायित्व सम्हालेको हैसियतले यसमा संलग्न सबै सहकर्मी साथीहरूप्रति पुनः विशेष आभार प्रकट गर्दछु ।

तारानाथ दाहाल
अध्यक्ष
फ्रिडम फोरम

विषय सूची

क्रम सं. **विषय** **पेज नं.**

खण्ड-१

१. परिचय
१.१ विषय प्रवेश ३
१.२ अध्ययनको उद्देश्य ४
१.३ अध्ययन पद्धति ५
१.४ अध्ययनमा समेटिएका विषयहरू ५
१.५ अध्ययनको प्रस्तुति ६

खण्ड-२

२. अन्तर्राष्ट्रिय कानुन ९
२.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ९
२.२ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ १२
२.३ मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि, १९५० १३
२.४ मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि, १९६९ १३
२.५ मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ १४

खण्ड - ३

३. राष्ट्रिय कानुन
३.१ नेपालको अन्तरिम संविधान, २०६३ १९
३.२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ २६
३.३ छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन, २०४८ ३५
३.४ राष्ट्रिय प्रसारण ऐन, २०४९ र नियमावली, २०५२ ४१
३.५ श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ (पहिलो संशोधन, २०६४) ४८
३.६ प्रेस काउन्सिल ऐन, २०४८ ५३
३.७ राष्ट्रिय समाचार समिति ऐन, २०१९ ५६
३.८ गोरखापत्र संस्थान ऐन, २०१९ ५८

३.९ गाली–बेइज्जती ऐन, २०१६ ५९
३.१० अन्य ऐनहरूसम्बन्धी सुझाव ६२

खण्ड – ४

४. राष्ट्रिय नीतिहरू ६७
४.१ राष्ट्रिय सञ्चारनीति, २०४९ ६७
४.२ दशौं पञ्चवर्षीय योजना (सन् २००२–२००७) ६९
४.३ सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ ७१
४.४ उच्चस्तरीय मिडिया सुझाव आयोग, २०६३ ७६
४.५ माओवादी संलग्नतापछिको प्रस्तावित नीति ८०
४.६ सरकारी सञ्चारमाध्यमहरूको पुनर्संरचना र स्वायत्ततासम्बन्धी उच्चस्तरीय सुझाव कार्यदलको सिफारिस ८४
४.७ तीन वर्षीय योजना (२०६४–६५–६६–६७) ८६
४.८ नीतिगत विश्लेषण ९१

खण्ड – ५

५. निष्कर्ष र सुझावहरू ९७

अनुसूचि

क) अन्तरिम संविधान, २०६३ मा रहेका अभिव्यक्ति स्वतन्त्रता र पत्रकारितासम्बन्धी प्रावधान १०९
ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ ११४
ग) छापाखाना तथा प्रकाशनसबम्न्धी ऐन, २०४८ १२६
घ) राष्ट्रिय प्रसारण ऐन, २०४९ १३७
ङ) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ (पहिलो संशोधन, २०६४) १४२
च) प्रेस काउन्सिल ऐन, २०४८ १५३
छ) पत्रकार आचारसंहिता, २०६० (संशोधित तथा परिमार्जित, २०६४) १५८

खण्ड - १

१. परिचय

१.१ विषय प्रवेश

लोकतन्त्रमा राष्ट्रको चौथो अङ्गको रूपमा मानिएको पत्रकारिता क्षेत्रलाई सशक्त र प्रभावशाली साधनका रूपमा विकसित गर्दै जनताको विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक सुनिश्चित गर्न एवम् मर्यादित, व्यवस्थित एवम् जिम्मेवारीपूर्ण ढङ्गले सञ्चार साधनहरूको सञ्चालन गर्न विभिन्न नीति, ऐन तथा नियमहरूको आवश्यकता पर्दछ ।

नेपालको सन्दर्भमा हेर्दा सय वर्षभन्दा लामो समयदेखि पत्रकारिताको अभ्यास भए पनि २००७ साल यता प्रजातन्त्रको वहाली भएपछि मात्र व्यवस्थित रूपमा प्रेस कानुनहरूको निर्माण सुरु भएको पाइन्छ । तथापि, नेपालको वैधानिक कानुन २००४ मा पहिलोपटक अभिव्यक्तिको अधिकार सम्बन्धी अवधारणा अवलम्वन गरिएको हो । सोकानुनको म भाग २ मा मौलिक हक अन्तर्गत वाक् स्वतन्त्रता रप्काशन स्वतनत्रता प्रदानगरिएको थियो । भाग २ धारा ४ मा भनिएको छ– *'लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक्-स्वतन्त्रता, प्रकाशन-स्वतन्त्रता, सभा वा संघ-स्वतन्त्रता, धार्मिक-स्वतन्त्रता, ऐन-कानुनी पूर्ण समानता, छिटो र सुलभ साथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति-संरक्षणका हकहरू दिने काम भएको छ ।'* अन्तरिम संविधान २००७ को धारा १६ मा विभिन्न स्वतन्त्रतामध्ये 'क' बुँदामा नै वाक् र प्रकाशन स्वतन्त्रता उल्लेख गरियो । सो धारामा भनिएको छ– *राज्यले सार्वजनिक हित वा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा नागरिकहरूलाई निम्नलिखित अधिकार दिलाउने छ ।*

यसैगरी नेपाल अन्तरिम शासन विधान, २०११ को दफा १७ मा कानुनको मूल सिद्धान्त शीर्षकअन्तर्गत उपदफा २(क) मा प्रचलित कानुनको अधिनमा रही सबै नागरिकलाई वाक् र प्रकाशन स्वतन्त्रता प्रदान गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ७ माराजनीतिक स्वतन्त्रता अन्तर्गत (क) बुँदामा वाक् तथा प्रकाशन स्वतन्त्रताको हक पूर्णरुपमा सुनिश्चित गरिएको छ । २००७ सालदेखि २०१७ सालसम्म पत्रकारिता जगतका लागि आवश्यक पर्ने केही कानुनहरू निर्माण भएको देखिन्छ, जुन कानुनहरू केही हदसम्म प्रजातान्त्रिक चरित्रका थिए ।

पञ्चायती निरंकुश व्यवस्था सञ्चालन गर्न ल्याइएको सविधान, २०१९ मा सर्तसहित धारा ११ को स्वतन्त्रताको हक अन्तर्गत वाक् र प्रकाशन स्वतन्त्रता उल्लेख गरिएको छ । यही व्यवस्थाअनुसार छापाखाना तथा पत्रपत्रिका, गोरखापत्र, रासस, प्रेस काउन्सिलजस्ता ऐनहरू तर्जुमा गरी पत्रकारिता क्षेत्रको विकास एवं नियमन गरेको देखिन्छ । २०१७ सालको राजनीतिक परिवर्तनपछि निर्माण भएका कानुनहरू यस क्षेत्रलाई व्यवस्थित गर्नभन्दा पनि स्वतन्त्रतालाई अंकुस लगाउने अभिप्रायका साथ ल्याइएका थिए ।

संवैधानिक हिसावले अभिव्यक्ति र विचारको स्वतन्त्रता तथा सञ्चार स्वतन्त्रतालाई एउटै विषयको रुपमा उल्लेख गरिँदैआएको थियो । मौलिक हकको मान्यताका दृष्टिमा पुरानो दृष्टिकोण त्रुटिपूर्ण थियो । २०४७ को संविधानमा धारा १२ मा

स्वतन्त्रताको हक अन्तर्गत १२(२) 'क' मा विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक र धारा १६ मा सूचनाको हकको प्रत्याभूति गरियो । २०४७ सालको संविधान लागू भएपश्चात् प्रेस, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकको विषयमा संवैधानिक उदारताको नयाँ आयाम थपिन गयो र यी स्वतन्त्रता र हकलाई पूर्णरूपमा प्रत्याभूत गर्न विभिन्न नीति एवम् कानुनहरू निर्माण भए । तिनै नीति र कानुनहरूका आधारमा अहिलेसम्म सञ्चारकर्मी-सञ्चारमाध्यमहरू नियमन भइरहेका छन् ।

जनआन्दोलन-२ पश्चात् हाल अन्तरिम संविधान २०६३ जारी भइसकेपछि पनि सञ्चारसम्बन्धी कानुनहरूमा समायानुकूल र आवश्यक परिमार्जन हुन सकेको छैन । अन्तरिम संविधानले सञ्चारमाध्यमहरूको संरक्षण र स्वतन्त्रतालाई विस्तार गर्ने व्यवस्था गरेको छ । मुलुकमा गणतन्त्रको स्थापना भइसकेको छ । तर भएका पुराना ऐन-कानुनहरूमा भने सुधार हुन सकेको छैन । सूचनाको हकसम्बन्धी ऐन जारी भएको छ र श्रमजीवी पत्रकारसम्बन्धी ऐन संशोधन भएको छ । यसबाहेक गरिनुपर्ने सुधारका थुप्रै कामहरू हुन सकेका छैनन् । त्यसैले अहिले पनि सञ्चारमाध्यमहरूको व्यवस्थापन तथा सञ्चारकर्मीहरूको पेशागत सुरक्षाका क्षेत्रमा गम्भीर समस्याहरू उत्पन्न भइरहेका छन् ।

नेपालमा प्रचलित सञ्चारसँग सम्बद्ध कानुनका स्रोतलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कानुनहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय दुवै स्तरमा निर्माण हुने हुँदा उत्पतिको आधारमा यो विभाजन गरिएको हो । राष्ट्रिय वा स्थानीयस्तरमा राज्यद्वारा निर्माण गरिएका कानुनी संयन्त्रहरू राष्ट्रिय मापदण्ड हुन् । यस्ता संयन्त्रहरूअन्तर्गत संविधान, ऐन, नियम, उपनियम आदि पर्दछन् । अन्तर्राष्ट्रिय कानुनका मापदण्डहरू राष्ट्रहरूबीच अन्तर्राष्ट्रियस्तरमा भएका सन्धि-सम्झौताका उपज हुन् । यस्ता संयन्त्रहरूअन्तर्गत सन्धि, अभिसन्धि, अनुबन्ध, घोषणापत्र आदि पर्दछन् । यस्ता संयन्त्रहरू बाध्यात्मक वा अनुनयात्मक दुवै प्रकृतिका हुन्छन् ।

नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरू नेपाल कानुनसरह लागू हुने र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुने भन्ने व्यवस्था गरेको छ ।[1] यो प्रावधानबमोजिम् नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी सबै अन्तर्राष्ट्रिय कानुनहरू नेपालका लागि बाध्यकारी कानुन हुन् । जसमा प्रेस स्वतन्त्रतासँग सम्बन्धित प्रावधानहरूसमेत स्वतः समावेश हुन्छन् । उदाहरणका लागि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रतासम्बन्धी प्रावधान नेपालका लागि बाध्यकारी कानुन हो, जसको पालना गर्नु राज्यको दायित्व रहन जान्छ ।

प्रस्तुत अध्ययन सञ्चारसँग सम्बद्ध नेपाली कानुन तथा नीतिहरूको विश्लेषण भएकाले अध्ययनको प्रमुख स्रोतको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता, प्रचलन, सिद्धान्त र कानुनका मापदण्डहरूलाई ग्रहण गरिएको छ ।

१.२ अध्ययनको उद्देश्य

नीति र कानुनको निर्माण गर्नुमात्र आफैँमा पर्याप्त हुँदैन । त्यस्ता कानुन उचित, तर्कसंगत, उपयोगी र समय-सापेक्ष

[1] नेपाल सन्धि ऐन, २०४७ को दफा ९ - सन्धि व्यवस्था कानुनसरह लागू हुने : संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ । (२) संसद्बाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मेलनको स्वीकृति नपाएको तर नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल अधिराज्य वा श्री ५ को सरकारउपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि श्री ५ को सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारवाही चलाउनुपर्दछ ।

हुनु जरुरी छ । यसका लागि यस्ता कानुनहरूको समय-समयमा पुनरावलोकन, विश्लेषण र समीक्षा हुनु आवश्यक हुन्छ । यसको आधार लोकतन्त्रको अभ्यास भइरहेका विभिन्न लोकतान्त्रिक राज्यले गरिरहेको प्रयोग, हासिल गरेका अनुभव, बनाएका मान्यता, अन्तर्राष्ट्रियरूपमा स्वीकृत गरिएका सिद्धान्त, प्रविधिको विकास र राष्ट्रिय परिप्रेक्ष्यमा आम नागरिकको वृहत्तर हित नै हो । यसै सन्दर्भमा आम-सञ्चारसँग सम्बद्ध प्रचलित नेपाली कानुन तथा नीतिहरूको विश्लेषण गरी ती कानुन तथा नीतिहरूमा देखिएका कमी कमजोरीको पहिचान गरी त्यसको सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । यो उद्देश्य प्राप्तिका लागि अध्ययनले आम-सञ्चारसँग सम्बन्धित नेपाली नीति तथा कानुनहरू पर्याप्त छन् वा छैनन् र तिनमा समेटिएका प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप छन् वा छैनन् भन्ने विषयमा अध्ययन गरी आवश्यक सुधारका लागि पहलकदमी गरेको हो ।

१.३ अध्ययन पद्धति

कुनै पनि नीति तथा कानुनको विश्लेषण भन्नाले त्यो नीतिको व्यवहारिक पक्ष तथा कानुनको सक्षमता, उपयोगिता र वैधानिकताको अध्ययन एवम् अवलोकन कार्यलाई बुझ्नुपर्दछ । कानुनको विश्लेषण गर्दा सामान्यतया साधारण कानुन उदाहरणका लागि, ऐन, नियम आदिलाई सर्वोच्च कानुनको मापदण्ड र सर्वोच्च कानुनलाई अन्तर्राष्ट्रिय कानुन वा मूल्य मान्यताको मापदण्डको आधारमा गरिन्छ । प्रस्तुत अध्ययनमा अवलम्बित विधि यसै मान्यतामा आधारित छ । जसअन्तर्गत प्रचलित सामान्य नेपाली कानुनलाई संविधानको मापदण्डमा र संवैधानिक व्यवस्थाहरूलाई प्रेस स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्डहरूका आधारमा जाँच्ने प्रयास गरिएको छ । यसैगरी नीतिहरूलाई पनि संवैधानिक भावना र प्रविधिको विकासले दिएको अवसरबाट आम नागरिकलाई अधिकतम लाभान्वित गराउनेतर्फको अभिमुखीकरणलाई आधार मानिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा नेपाली आम-सञ्चार क्षेत्रमा कार्यरत सञ्चारकर्मी, सञ्चार नीति तथा कानुन निर्माणमा संलग्न नीति-निर्माता, सञ्चार संगठन, पत्रकार, सरकारी अधिकारी, मानवअधिकारवादी तथा कानुन व्यवसायीहरूसँग विभिन्न चरणमा पाँचवटा विषय निर्देशित छलफल तथा अन्तर्क्रियाहरूसमेत आयोजना गरिएका थिए । त्यस्ता छलफल तथा अन्तर्क्रियाको उद्देश्य व्यवहारिकरूपमा नीति तथा कानुनको प्रभावकारिता, उपादेयता, औचित्यता तथा सञ्चार क्षेत्रले भोग्नुपरेका समस्याहरूको पहिचान रहेको थियो ।

दोस्रो चरणमा अध्ययन प्रतिवेदनलाई राष्ट्रव्यापी वहसमा लगियो । राजधानीमा सम्बद्ध क्षेत्रका बुद्धिजीवी एवम् नीति-निर्माताहरूबीच दुई वटा परामर्श बैठक सम्पन्न गरिए । विराटनगर, बीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय तहमा सम्बद्ध क्षेत्रका प्रतिनिधिहरूबीच दुई दिने कार्यशाला गोष्ठी आयोजना गरियो । ती बैठक र गोष्ठीहरूबाट प्राप्त प्रतिक्रिया, सुझाव र टिप्पणीका आधारमा प्रतिवेदनको पुनः सम्पादन गरिएको छ ।

१.४ अध्ययनमा समेटिएका विषयहरू

यस अध्ययनमा आम-सञ्चारसँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूको पुनरावलोकन गरिएको छ । जसअन्तर्गत राष्ट्रिय संयन्त्रमा - नेपालको अन्तरिम संविधान, २०६३, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८, राष्ट्रिय प्रसारण ऐन, २०४९, श्रमजीवी पत्रकार ऐन, २०५१, प्रेस काउन्सिल ऐन, २०४८, गाली र बेइज्जती ऐन, २०१६, राष्ट्रिय समाचार समिति ऐन, २०१९, गोरखापत्र संस्थान ऐन २०१९, सूचनाको हकसम्बन्धी ऐन-२०६४ प्रमुखरूपमा समेटिएका छन् । त्यसैगरी अन्तर्राष्ट्रिय कानुनी संयन्त्रअन्तर्गत मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५०, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि १९६९, मानवअधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१ आदिलाई प्रमुख सन्दर्भको रूपमा ग्रहण गरिएको छ । यसैगरी २०४७ को उदार प्रजातान्त्रिक युग प्रारम्भ पछाडि तर्जुमा गरिएका सञ्चारसम्बन्धी नीतिहरू मुख्यरूपमा २०४९ र २०५९ को नीति, दशौं पञ्चवर्षीय योजना र तीन वर्षीय अन्तरिम योजना, विभिन्न आयोग एवम्

कार्यदलका प्रतिवेदनहरूलाई नीति दस्तावेजका रूपमा अध्ययनमा समेटिएको छ ।

१.५ अध्ययनको प्रस्तुति

यस अध्ययनलाई विभिन्न पाँच खण्डमा प्रस्तुत गरिएको छ । यस परिचय खण्डपछि दोस्रो खण्डमा अन्तर्राष्ट्रिय मापदण्ड, तेस्रो खण्डमा राष्ट्रिय मापदण्डअन्तर्गत संविधान, ऐन, नियमहरू र चौथो खण्डमा राष्ट्रिय नीति तथा सुझाव प्रतिवेदनहरू समेटिएको छ । अन्तिम खण्डमा निश्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ । यसैगरी अनुसूचीमा अध्ययन गरिएका केही प्रमुख सञ्चारसम्बन्धी ऐनहरू समावेश गरिएको छ ।

खण्ड-२

२. अन्तर्राष्ट्रिय कानुन

प्रेस स्वतन्त्रताको विषय प्रमुखरूपमा अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित छ । सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको अधिकारले व्यक्तिहरूकाबीच सूचना तथा विचार आदान-प्रदानसँग सम्बन्धित कुनै पनि कार्यमा राज्यको हस्तक्षेपविरुद्ध सुरक्षा प्रदान गर्छ । तथापि, यो अधिकार निरपेक्ष अधिकार भने होइन । उदाहरणका लागि, राज्यले हत्याका लागि दुरुत्साहन दिने, अनुमतिविना सार्वजनिक भित्तेलेखन गर्ने अथवा बालबालिकाहरूलाई अश्लील सामग्री बिक्री गर्ने कार्यमा प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सक्छ । त्यसैकारण अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई निरपेक्ष तथा पूर्ण हुँदैन भन्ने कुरा स्वीकार्दछ ।

यद्यपि, प्रेस स्वतन्त्रतालाई फराकिलो दृष्टिकोणबाट मूल्याङ्कन गर्दा यसभित्र सञ्चारक्षेत्रको व्यावसायिक सुरक्षाको प्रत्याभूति र स्वतन्त्र प्रेसको स्थापना र संरक्षणजस्ता कुराहरू पर्दछन् । यदि राज्यका कानुनहरूमा प्रेस स्वतन्त्रतालाई प्रत्याभूत गर्ने खालका प्रभावकारी संवैधानिक तथा कानुनी व्यवस्थाहरू राख्न सकिएन भने यसले निरङ्कुशता र अनुत्तरदायी शासन व्यवस्थालाई बढावा दिन्छ । व्यक्तिको सूचना पाउने अधिकारलाई सुनिश्चित गर्ने प्रमुख माध्यम भनेको सञ्चार नै हो । सञ्चारका माध्यमहरूले निर्बाधरूपमा जनतासमक्ष सूचनाहरू पुऱ्याउनका लागि प्रेस स्वतन्त्रताले महत्वपूर्ण भूमिका निभाउँदछ । त्यसैकारण भन्ने गरिन्छ सरकारले सूचना आफ्नो लागि नभई जनताको लागि राख्ने हो र त्यसैकारण सार्वजनिक निकायहरूले त्यस्ता सूचनामा सर्वसाधारणको पहुँच उपलब्ध गराउनुपर्दछ । त्यसैले प्रेस स्वतन्त्रतालाई प्रत्याभूत गर्नका लागि राज्य बढी संवेदनशील हुनुपर्दछ ।

यस अध्ययनमा प्रेस स्वतन्त्रताको मापदण्ड के हुने ? यसको उपभोगमा कस्ता सीमा र वन्देजहरू रहने ? राष्ट्रिय कानुन तथा नीतिहरूमा तिनलाई कसरी समायोजन गर्ने ? प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न राज्यको कस्तो दायित्व हुने ? भन्नेजस्ता विषयहरूलाई अन्तर्राष्ट्रिय कानुनले कसरी सम्बोधन गरेको छ भन्ने कुरालाई विश्लेषण गर्न खोजिएको छ ।

प्रेस स्वतन्त्रतासँग सम्बन्धित विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी व्यवस्था गर्ने अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूमध्ये मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि, मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अभिसन्धि, मानवअधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्रलगायतका संयन्त्रहरूले निर्धारण गरेको प्रेस स्वतन्त्रतासम्बन्धी केही मापदण्डहरूलाई निम्नबमोजिम् उल्लेख गर्न सकिन्छ ।

२.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा १० डिसेम्बर, १९४८ मा यो घोषणापत्र पारित गरिएको हो । संयुक्त राष्ट्रसंघको स्थापनाको तीन वर्षपश्चात् संयुक्त राष्ट्रसंघीय महासभाद्वारा सर्वसम्मतरूपमा पारित गरिएको यो घोषणापत्र यस सम्बन्धमा अवलम्बन गरिएको पहिलो औपचारिक अन्तर्राष्ट्रिय दस्तावेज हो । मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई मानवअधिकारको अन्तर्राष्ट्रिय आलेख (International Bill of Human Rights) पनि भन्ने गरिन्छ । यो घोषणापत्र मानवअधिकारको संरक्षण

तथा सम्बर्द्धनका लागि संयुक्त राष्ट्रसंघको एक महत्वपूर्ण उपलब्धिको रूपमा रहेको छ । संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले यस घोषणापत्रलाई अनुकरण गर्दै आफ्नो देशको राष्ट्रिय कानुनमा यसका प्रावधानहरूलाई समावेश गर्दै आएको पाइन्छ । मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा यस घोषणापत्रले विश्वमा महत्वपूर्ण भूमिका निर्वाह गर्दैआएको छ ।

घोषणापत्रले मानवअधिकारको आधारभूत मापदण्डको रूपमा प्रेस स्वतन्त्रतालाई समेटेको छ । जसअन्तर्गत प्रत्येक व्यक्तिलाई विना कुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा विनावन्देज प्रसार गर्ने स्वतन्त्रता हुन्छ ।

यस घोषणापत्रको धारा १९ ले अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ । घोषणापत्रको धारा १९ अनुसार, 'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र विना रोकटोक, कुनै भौगोलिक सिमानाको अधीनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ' भन्ने कुरा उल्लेख गरिएको छ ।

यो अधिकार नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध International Covenant on Civil and Political Rights (ICCPR) मा पनि संरक्षित छ, जसलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरिसकेको छ । अफ्रिकी, युरोपेली एवम् अमेरिकी क्षेत्रीय मानवअधिकार सन्धिहरूले पनि समान भाषामा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रावधान समावेश गर्दै यस आधारभूत मानवअधिकारको संरक्षण गरेका छन् । धेरै मुलुकका संविधानहरूले अभिव्यक्ति स्वन्त्रताको अधिकारलाई त्यसैस्वरूपमा अवलम्बन गरेका छन् । नेपालको अन्तरिम संविधानको धारा १२ (३) (क) ले अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रत्याभूति प्रदान गरेको छ ।

माथि उल्लेख गरिएको धारा १९ को परिभाषालाई हेर्दा अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रत्येक व्यक्तिलाई प्राप्त अधिकार हो । यो अधिकार प्रयोग गर्न व्यक्तिको शिक्षाको तह, उसको जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक तथा अन्य विचार, राष्ट्रिय तथा सामाजिक उत्पति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि अवस्थाले कुनै प्रकारको बाधा सिर्जना गर्दैन । यसको एक महत्वपूर्ण परिणाम के हो भने राष्ट्रले आफ्ना नागरिकका हकमा मात्र अभिव्यक्ति स्वतन्त्रतालाई मान्यता दिनुपर्ने नभई, आफ्नो मुलुकमा उपस्थित विदेशी तथा राज्यविहीनलगायत जोसुकै व्यक्तिका हकमा मान्यता दिनुपर्दछ ।

'सूचना तथा विचारको प्रसार' अभिव्यक्ति स्वतन्त्रताको महत्वपूर्ण पक्ष हो । आफूलाई लागेको वा थाहा भएको कुनै कुरा, व्यक्तिगतरूपमा वा आम-सञ्चारमाध्यमको प्रयोगबाट अरू व्यक्तिलाई भन्न पाउने अधिकार हो । तर अभिव्यक्ति स्वन्त्रताको उद्देश्य बृहत् रहेको छ, जसअनुसार यसले कुनै पनि नागरिकलाई अभिव्यक्ति दिन सक्षम बनाउने मात्र नभई सम्भव भएसम्म बढीभन्दा बढी सूचना र अन्य व्यक्तिको दृष्टिकोणमाथिको पहुँच बनाउनु यसको उद्देश्य हो । त्यसैकारण धारा १९ ले अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत सूचना र विचारहरू खोजी गर्ने र प्राप्त गर्ने अधिकार, उदाहरणका लागि, समाचारपत्रहरू प्राप्त गर्ने र पढ्ने, प्रसारणहरू सुन्ने, इन्टरनेट चलाउने, सार्वजनिक वादविवादमा स्रोताका रूपमा भाग लिने अथवा पत्रकारिता तथा प्राज्ञिक अनुसन्धान गर्नेलगायतका अधिकारहरू पनि समेटेको उल्लेख गरेको छ ।

यसका साथै 'सूचनाको स्वतन्त्रता अधिकार' अन्तर्गत सार्वजनिक निकायमा रहेका सूचनामा पहुँचको अधिकारसमेत सामेल रहने कुराले व्यापकरूपमा मान्यता पाउँदै गएको छ ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार कुनै पनि त्यस प्रकारको तथ्य तथा विचारमा लागू हुन्छ जसको विषयवस्तु वा उद्देश्य जे भए पनि सम्प्रेषणयोग्य हुन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको कार्यान्वयन भए-नभएको मूल्याङ्कन गर्ने राष्ट्रसंघीय मानवअधिकार समितिले यी बुँदाहरूमा जोड दिएको छ :

> धारा १९ को अनुच्छेद २ को व्याख्या गर्दा अरूलाई सम्प्रेषण गर्न सकिने खालको कुनै पनि किसिमको आत्मगत विचार तथा धारणालाई समेट्ने गरी व्याख्या गर्नुपर्दछ । ....त्यसैगरी त्यो समाचार तथा सूचना, कुनै व्यापारिक अभिव्यक्ति तथा विज्ञापन, कलाका कामहरू हुनसक्छन्,

> त्यसलाई राजनीतिक, सांस्कृतिक तथा कला अभिव्यक्त गर्ने माध्यमको रूपमा मात्र सीमित पारिनुहुन्न ।[२]

यसका साथै, सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको अधिकार विवादास्पद, झुट्टा वा अपत्यारिलो कुरामा समेत लागू हुन्छ । कुनै विचार मन परेन वा गलत छ भन्ने लाग्दछ भन्ने तथ्यका आधारमा मात्रै त्यो विचार व्यक्त गर्नबाट कसैलाई रोक लगाउने कुरा उपयुक्त हुनसक्दैन । कानुनका दार्शनिकहरूले बारम्बार औंल्याएजस्तै केवल स्वीकार्य जानकारी तथा विचारहरूको कानुनी संरक्षण खाली एउटा मौखिक प्रतिबद्धता जस्तो मात्र हुन जान्छ । वास्तवमा त्यसै व्यक्तिलाई संरक्षण आवश्यक हुन्छ जसलाई अन्य व्यक्ति असहमत हुने खालको कुरा भन्नुपर्ने हुन्छ । मानव अधिकारसम्बन्धी युरोपेली अदालतले उल्लेख गरेअनुसार, 'कुनै विचार अल्पसंङ्ख्यक खालको र मूल्यहीन देखिन सक्ने भन्ने कुरा ज्यादै कम महत्वपूर्ण हो किनकि ...अभिव्यक्ति स्वतन्त्रतालाई सामान्यतया स्वीकारिएका विचारहरूमा मात्र सीमित गर्नु गैरतर्कसंगत हुन जान्छ ।'[३] साथै अदालतले बारम्बार जोड दिएको छ कि,

> 'अभिव्यक्ति स्वतन्त्रता ... सकारात्मकरूपमा स्वीकारिएका वा हानीरहित मानिएका सूचना वा विचारमा मात्र लागू हुने नभई राज्य वा जनसंख्याको जुनसुकै भागलाई नकारात्मक असर गर्ने, आश्चर्यमा पार्ने वा व्यवधान उत्पन्न गर्ने सूचना तथा विचारमा समेत लागू हुन्छ । यो नै बहुलवाद, सहनशीलता, तथा बृहत् मानसिकताको माग हो, जसका अभावमा कुनै 'प्रजातान्त्रिक समाज' हुन सक्दैन ।[४]

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेख गरिएको 'भौगोलिक सिमानाको अधीनमा नरही' भन्ने शब्दावलीले स्पष्ट पार्दछ कि अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई राष्ट्रिय सीमाले सीमित गरेको छैन, राज्यहरूले आफ्नै नागरिक तथा विदेशीहरूलाई अन्य राष्ट्रसम्म वा अन्य राष्ट्रबाट सूचना माग्ने, प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने, उदाहरणका लागि, विदेशी प्रकाशनहरू आयात गर्ने, आफ्ना प्रकाशनहरू निर्यात गर्ने, विदेशी मिडियामा काम गर्ने अनुमति प्रदान गर्नैपर्दछ ।

अभिव्यक्ति स्वतन्त्रताको एउटा महत्वपूर्ण पक्ष कुनै पनि व्यक्तिले आफूलाई व्यक्त गर्ने माध्यम छनौटको स्वतन्त्रता हो । मानव अधिकारसम्बन्धी युरोपेली अदालतले बारम्बार उल्लेख गरेअनुसार 'अभिव्यक्ति स्वतन्त्रताले व्यक्त गरिएका विचार र सूचनाहरूको विषयवस्तु मात्र नभई ती विचार र सूचना सम्प्रेषण गरिएको स्वरूपलाई पनि संरक्षण गर्दछ भन्ने कुरा याद राख्नै पर्दछ ।'[५] त्यसै कारण, यदि कुनै राज्यले कुनै निश्चित प्रकारको अभिव्यक्तिको स्वरूप, उदाहरणका लागि, कुनै निश्चित किसिमको कपडा लगाउन, झण्डा जलाउन, कुनै विशेष प्रकारको भाषा बोल्न वा निश्चित शब्द प्रयोग गर्नमा प्रतिबन्ध लगाउँछ भने, कानुनअनुसार त्यहीं सूचना वा विचार अर्को फरक किसिमको स्वरूपमा सम्प्रेषण गर्न दिएको छ भने पनि त्यस राज्यले अभिव्यक्ति स्वतन्त्रतामा नियन्त्रण गरिरहेको ठहर्छ । यस प्रकारका प्रतिबन्धहरू अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्ति स्वतन्त्रताको वन्देजका लागि तोकेका सर्तअनुरूप हुनुपदर्छ ।

[२] ब्यालेन्टाइन र डेभिडसनविरुद्ध क्यानडा, सञ्चार संख्या ३५९/१९८९, र म्याकइन्टायरविरुद्ध क्यानडा, सञ्चार संख्या ३८५/१९८९, UN Doc. CCPR/C/47/D/359/1989 and 385/1989/Rev.1, ५ मे १९९३, परिशिष्ठ, अनुच्छेद ११.३

[३] हर्टेलविरुद्ध स्वीट्जरल्यान्ड, २५ अगष्ट १९९८, निवेदन संख्या २५१८/९४, अनुच्छेद ५०

[४] ह्याण्डीसाइडविरुद्ध संयुक्त अधिराज्य, ७ डिसेम्बर १९७६, निवेदन सङ्ख्या ५४९३/७२, अनुच्छेद ४९

[५] उदाहरणका लागि हेर्नुहोस्, कारातासविरुद्ध टर्की, ८ जुलाई १९९९, निवेदन संख्या २३१६८/९४ (मानवअधिकारसम्बन्धी युरोपेली अदालत), अनुच्छेद ४९

मानवअधिकारसम्बन्धी विश्व घोषणापत्रको धारा २९ ले कर्तव्यसम्बन्धी दायित्व पनि तोकेको छ। पत्रकारिता क्षेत्रका लागि सामाजिक उत्तरदायित्वको सिद्धान्त सोही धाराद्वारा निर्देशित छ। सो धाराको उपधारा २ मा भनिएको छ- 'आफ्नो अधिकार रस्वतन्त्रताको अभ्यास गर्दा प्रत्येक मानिसलाई अरूको अधिकार र स्वतन्त्रताहरूप्रति पनि आदर र मान्यता दिने र लोकतान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकता पूरा गर्ने उद्देश्यले कानुनद्वारा कायम गरिएको सीमा लागू हुनेछ।'

२.२ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को प्रस्तावनामा विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार सम्पूर्ण मानवको अन्तर्निहित मर्यादा र सम्मान एवम् नैसर्गिक अधिकारको मान्यता नै रहेको कुरा उल्लेख गर्दै हरेक मानिसले आफ्ना नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रयोग गर्नसक्ने परिस्थितिको सिर्जना भएमा मात्र नागरिक तथा राजनीतिक अधिकारको उपभोग हुने र स्वतन्त्र मानवको परिकल्पनालाई साकार गराउनका लागि र मानवअधिकार र स्वतन्त्रताको विश्वव्यापी आदर तथा पालनाको प्रवर्द्धन गर्नु सबै सदस्य राष्ट्रहरूको दायित्व हुने कुरासमेत उल्लेख गरिएको छ।[६]

मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्रअनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातिको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको साथै नागरिक तथा राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने अवस्था सिर्जना भएमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिँदै त्यस्ता अधिकारहरू राज्यद्वारा प्रत्याभूत गराउने उद्देश्यले यो अनुबन्ध अवलम्बन गरिएको हो। अनुबन्धले कानुनद्वारा निर्धारित कार्यविधिबमोजिम् बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने व्यवस्था गरेको छ।[७]

विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्ने सम्बन्धमा यो दस्तावेजको निकै ठूलो महत्व छ। यो अनुबन्धको धारा १९ ले यस सम्बन्धमा निम्न बमोजिम्को विशेष व्यवस्था गरेको छ :

- प्रत्येक व्यक्तिलाई विना कुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ;
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत विना कुनै वन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना; वा
- विचार मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समावेश हुने व्यवस्थासमेत अनुबन्धले गरेको छ। ती अधिकार केही लिखित प्रतिबन्धहरूको अधीनमा प्रयोग हुन सक्नेछ। तर, ती प्रतिबन्धहरू कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको संरक्षणका लागि आवश्यक ठानिएको हुनुपर्दछ :

- अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि;
- राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि।

अनुबन्धले प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग केवल अरूको अधिकार वा प्रतिष्ठाको सम्मान वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि मात्र कानुनद्वारा उचित ढङ्गले वन्देज लगाउन सकिने व्यवस्था

[६] हेर्नुहोस् महासन्धिको प्रस्तावना।

[७] हेर्नुहोस् महासन्धिको धारा ९।

गरेको छ । यी वन्देजहरू लोकतान्त्रिक सरकारका लागि सुहाउने खालका पनि हुनुपर्दछ र पक्ष राष्ट्र अनुबन्धमा उल्लेख गरिएका मापदण्ड राष्ट्रिय कानुनमा समावेश गर्न बाध्य छन् ।

२.३ मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि, १९५०

मानवअधिकार तथा स्वतन्त्रताहरूको प्रत्याभूति गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो एक महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई नोभेम्बर ४, १९५० मा अनुमोदन गरिएको हो । सेप्टेम्बर ३, १९५३ देखि यो अभिसन्धि लागू रहेको छ । यो अभिसन्धिको धारा १० ले प्रेस स्वतन्त्रता सम्बन्धमा निम्नबमोजिम्को खास मापदण्डहरू उल्लेख गरेको छ ।

'प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत प्रत्येक व्यक्तिलाई कुनै अधिकारीको कुनै हस्तक्षेपविना तथा कुनै सिमानाको वन्देजविना विचार राख्ने तथा आफ्नो धारणा एवम् आफूले चाहेको सूचना प्राप्त गर्ने र त्यसको प्रसार गर्ने स्वतन्त्रताको अधिकार हुनेछ । तर, यो प्रावधानबाट राज्यलाई सिनेमा उद्योग, टेलिभिजन वा प्रसारण सम्बन्धमा सम्बन्धित पक्षबाट अनुमतिपत्र माग्न कुनै रोक लागेको मानिने छैन ।'

यी स्वतन्त्रताहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरूसमेत समावेश हुने हुँदा यी स्वतन्त्रताको प्रयोग केही निश्चित औपचारिक सर्त, वन्देज वा दण्डसजायको अधीनमा गरिनेछ र प्रजातान्त्रिक समाजमा देहायका कारणले यसो गर्नु आवश्यक हुनेछ :

- राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा वा प्रादेशिक अखण्डताको हित;
- अव्यवस्था वा अपराधको निवारण;
- नैतिकता वा स्वास्थ्यको संरक्षण;
- अरूको अधिकार वा सम्मानको संरक्षण;
- गोप्य राख्नुपर्ने सूचनाको प्रकाशनलाई रोक्न; वा
- न्यायपालिकाको निष्पक्षता वा अधिकारलाई अक्षुण्ण राख्न ।

२.४ मानवअधिकारसम्बन्धी अन्तर–अमेरिकी अभिसन्धि, १९६९

मानवअधिकार तथा स्वतन्त्रताहरूको प्रत्याभूति गर्ने सम्बन्धमा अवलम्बन गरिएको यो अर्को महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई नोभेम्बर २२, १९६९ मा अनुमोदन गरिएको हो र जुलाई १८, १९७८ देखि यो अभिसन्धि लागू रहेको छ । यो अभिसन्धिको धारा १३ ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धमा तल उल्लेख गरेबमोजिम्का व्यवस्थाहरू समावेश गरेको देखिन्छ :

क) प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत प्रत्येक व्यक्तिलाई विना कुनै वन्देज वा सीमा आफूले चाहेको सूचना तथा सबै प्रकारका विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना तथा विचार मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रचार गर्न पाउने स्वतन्त्रता हुनेछ ।

ख) यी अधिकारको प्रयोगमा कुनै पूर्व सेन्सरसीपको अधीन हुनेछैन । तर कानुनद्वारा स्पष्ट उल्लेख गरी देहायको अवस्थामा आवश्यक पर्ने गरी यी अधिकारको प्रयोग वन्देज लगाउन सकिनेछ :

- अरूको अधिकार वा प्रतिष्ठाको सम्मान; वा
- राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण ।

ग) अप्रत्यक्ष साधन वा माध्यमहरू जस्तैः अधिकारको दुरूपयोग, समाचारमाथिको निजी नियन्त्रण, रेडियो प्रसारण आवृत्ति, सूचनाको प्रवाहमा प्रयोग भएका उपकरण वा सञ्चार तथा विचार र अभिव्यक्तिको प्रवाहमा रोक लगाउने उद्देश्यले प्रयोग भएका कुनै पनि माध्यमद्वारा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा प्रतिबन्ध लगाउन सकिने छैन ।

घ) माथि अनुच्छेदमा जेसुकै लेखिएको भए पनि युवा तथा बाल अवस्थाको नैतिक आचरणलाई संरक्षण गर्ने उद्देश्यले सार्वजनिक मनोरञ्जनमा कानुनद्वारा प्रसारण पूर्व जाँच (सेन्सर) गर्न सकिनेछ ।

ङ) राष्ट्रिय, जातीय वा धार्मिक घृणा फैलाउने वा युद्धलाई दुरूत्साहन गर्ने कुनै पनि प्रकारको प्रचारबाजी (प्रोपोगान्डा) जसबाट स्वेच्छाचारी हिंसा वा यस्तै प्रकारका गैरकानुनी कार्यहरू कुनै व्यक्ति वा व्यक्तिहरूको समूहका विरूद्धमा जात, वर्ण, धर्म, भाषा वा राष्ट्रियताका आधारमा गर्न मद्दत मिलोस्, लाई कानुनद्वारा दण्डित हुने अपराध मानिनेछ ।

त्यसैगरी सन् २००० को अक्टोबरमा मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी आयोगले ‘अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तको अन्तर-अमेरिकी घोषणापत्र’[८] पारित गऱ्यो जसले सूचनाको हकलाई प्रस्तावनामा पुनःस्वीकार गरेको छ :

‘राज्यसँग रहेका सूचनामा पहुँचको अधिकार प्रत्याभूत गर्नाले सरकारका गतिविधिहरू बढी पारदर्शी र उत्तरदायी हुने एवम् प्रजातान्त्रिक संस्था बलियो हुने कुरामा विश्वस्त हुदैं ..... ’

यो सिद्धान्तले सूचनाको पहुँचको अधिकार स्पष्टरूपमा पहिचान गर्दछ :

- प्रत्येक व्यक्तिलाई उसको आफ्नो बारेमा वा आफ्नो सम्पत्तिको बारेमा तथ्याङ्क Databases वा सार्वजनिक वा निजी रजिस्टरमध्ये जेमा राखिएको भए पनि द्रुतरूपमा र विना झन्झट सूचना प्राप्त गर्ने अधिकार हुनेछ र यदि आवश्यक छ भने ती सूचना अद्यावधिक गर्न, सच्याउन वा संशोधन गर्न पाउने अधिकार छ ।
- राज्यले राखेका सूचनाको अधिकारको पहुँच हरेक व्यक्तिको मौलिक हक हो । यो हकको पूर्ण उपयोग सुनिश्चित गर्ने दायित्व राज्यमा रहेको हुन्छ । यस सिद्धान्तले प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षामाथि वास्तविक र तत्काल खतरा उत्पन्न हुने अवस्थामा मात्र कानुनमा पूर्वघोषित रूपमा उल्लेख भएअनुसारको अपवादजनक वन्देजलाई मात्र अनुमति प्रदान गर्दछ ।

२.५ मानवअधिकार तथा मानिसहरूको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र, १९८१

अफ्रिकी बडापत्र पनि मानवअधिकार तथा स्वतन्त्रताहरूको ग्यारेण्टी गर्ने सम्बन्धमा अवलम्बन गरिएको महत्वपूर्ण क्षेत्रीय कानुनी संयन्त्र हो । यसलाई जुलाई १२, १९८१ मा अनुमोदन गरिएको हो र अक्टोबर २१, १९८६ देखि यो अभिसन्धि लागू रहेको छ । यो अभिसन्धिको धारा ९ ले प्रेस स्वतन्त्रता सम्बन्धमा खास व्यवस्थाहरू गरेको छ ।

अभिसन्धिको धारा ९ मा समावेश गरिएका प्रावधानहरूलाई निम्नबमोजिम् उल्लेख गर्न सकिन्छ :

- प्रत्येक व्यक्तिलाई सूचना प्राप्त गर्ने अधिकार हुनेछ ।
- प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही आफ्ना विचारहरू अभिव्यक्त तथा प्रसार गर्ने अधिकार हुनेछ ।

---

[८] अन्तर-अमेरिकी मानवअधिकार आयोगद्वारा आफ्नो १०८औं नियमित सत्रमा पारित, १९ अक्टोवर २०००, http://www.cidh.oas.org/declaration.htm मा उपलब्ध ।

मानवअधिकार तथा जनताका अधिकारसम्बन्धी अफ्रिकी आयोगले अक्टोबर २००२ मा सम्पन्न ३२ औं अधिवेशनमा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरूको घोषणापत्र अनुमोदन गरेको थियो। यसले सार्वजनिक निकायद्वारा नियन्त्रित सूचनामा पहुँचको अधिकारलाई स्पष्टरूपमा प्रतिपादन गरेको छ। जुन निम्न छन् :

१. सार्वजनिक निकायहरूले आफ्ना लागि नभई जनताको हितको संरक्षकको रूपमा उनीहरूले सूचना राख्ने गर्दछन्। त्यसैले प्रत्येक व्यक्तिसँग कानुनद्वारा स्पष्टरूपमा लेखिएको सीमामा रहने गरी सूचनामा पहुँचको अधिकार हुन्छ।

२. सूचनाको हक कानुनद्वारा देहायका सिद्धान्तहरूअनुरूप प्रत्याभूत गरिनुपर्छ :
   - प्रत्येक व्यक्तिलाई सार्वजनिक निकायद्वारा नियन्त्रित सूचनामा पहुँचको अधिकार हुनुपर्ने;
   - आफ्नो अधिकारको उपभोग वा संरक्षणका लागि आवश्यक भएको हदसम्म गैरसरकारी निकायद्वारा नियन्त्रित सूचनामा पनि व्यक्तिको पहुँच हुनुपर्ने;
   - सूचना सार्वजनिक गर्न अस्वीकार गरेको अवस्थामा स्वतन्त्र निकाय वा अदालत समक्ष पुनरावेदन गर्न पाउनुपर्ने;
   - अनुरोध नगरिएको अवस्थामा पनि सार्वजनिक निकायहरूले सार्वजनिक हितसँग सम्बन्धित महत्वपूर्ण सूचनाहरू सक्रियरूपमा सार्वजनिक गर्न बाध्य हुनुपर्ने;
   - असल नियतले कुनै सूचना प्रकाशन गर्दा गलत परिणाम निस्केमा वा त्यस्तो कार्यले स्वास्थ्य, सुरक्षा वा वातावरणमा गम्भीर असर पारेको अवस्थामा त्यस्तो सजायले वैधानिक हितको रक्षा गरेको ठहऱ्याई कसैलाई सजायको भागिदार बनाइन नपाइने;
   - गोपनीयतासम्बन्धी कानुनहरूलाई सूचनाको स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरूअनुरूप संशोधन गरिनुपर्ने।

३. प्रत्येक व्यक्तिलाई आफ्ना निजी सूचनाहरू चाहे सरकारी वा निजी निकायद्वारा नियन्त्रणमा राखिएको भए पनि थपघट गर्ने वा सच्याउनका लागि पहुँचको अधिकार हुनेछ।

माथि वर्णन गरिएका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानुन र तिनका मापदण्डहरूको अध्ययनबाट प्रेस स्वतन्त्रताको प्रत्याभूतिलाई उच्च महत्व दिएको निष्कर्ष निकाल्न सकिन्छ। जसले हरेक व्यक्तिलाई अभिव्यक्ति तथा विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र त्यस्ता विचार वा सूचनाहरू खोज्ने, प्राप्त गर्ने र आफूले रोजेको माध्यमद्वारा प्रसारण, प्रकाशन वा अभिव्यक्त गर्ने स्वतन्त्रतालाई प्रमुखता दिएको पाइन्छ। दायित्व स्वरूप यी स्वतन्त्रताहरूको उपभोग गर्दा अरूको अधिकार वा प्रतिष्ठाको सम्मान गर्नुपर्ने र राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणमा ध्यान दिनुपर्नेछ। आधुनिक विश्वमा शासन संयन्त्रको मापदण्ड मानवअधिकार हुनुपर्दछ भनी मान्यता पाइरहेको परिपेक्ष्यमा नेपालले मानवअधिकारका सबै अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा हस्ताक्षर गरी सहभागिता जनाइसकेको छ। त्यसैले प्रेस स्वतन्त्रतासम्बन्धी मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरू नि:शर्त मानिएका राष्ट्रिय कानुनसरह भएका छन्। सन्धि ऐन, २०४७ ले ती अन्तर्राष्ट्रिय मान्यतालाई राष्ट्रिय कानुनसरह मान्यता प्रदान गरेको छ। यस्तै, नेपालको सर्वोच्च अदालतले समेत नेपालले हस्ताक्षर गरेका सबै सन्धिहरूलाई कानुनसरह व्याख्या गरेको छ।

अमेरिका, यूरोप र अफ्रिकामा झैँ क्षेत्रीय संगठनहरूद्वारा घोषणा गरिएका यस किसिमका पुरक सन्धि-सम्झौताहरू हाम्रो क्षेत्रमा छैनन्। खासगरी विचार तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासम्बन्धी क्षेत्रीय घोषणा एशिया तथा दक्षिण एशियामा छैन। तथापि अन्तर्राष्ट्रिय कानुनहरूलाई कार्यान्वयन गर्न अन्य क्षेत्रका देशहरूले जस्तो एशियाली देशहरूले बाध्यकारी क्षेत्रीय अनुवन्ध नबनाएकोले यस सन्दर्भमा ती देशहरूका संविधानमा भएको व्यवस्था र सर्वोच्च अदालतले गरेको व्याख्या नै स्थानीय संयन्त्र हुन्।

नेपालको सर्वोच्च अदालतले अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा अन्तर्राष्ट्रिय कानुन अनुरुप हकउपभोग गर्ने अवसर राज्यले दिनुपर्ने फैसला पटक-पटक दिएको छ। नागरिकलाई मात्र हैन शरणार्थी र विदेशी नागरिकलाई समेत अभिव्यक्ति स्वतन्त्रताको उपयोग गरेवापत दण्डित हुनबाट अदालतले जोगाएको छ।

खण्ड - ३

३. राष्ट्रिय कानुन

३.१ नेपालको अन्तरिम संविधान, २०६३

१. परिचय

अन्तरिम संविधान नेपालीहरूले आफ्नो स्वतन्त्रता र सार्वभौमसत्ताको पक्षमा २०६२/०६३ सालमा गरेको महान आन्दोलनको परिणाम स्वरूप प्राप्त उपलब्धी हो । २०६३ साल माघ १ गते जारी गरिएको यो संविधान संविधानसभाद्वारा नयाँ संविधानको निर्माण भई लागू नभएसम्म देशको मूल कानुनको रूपमा रहनेछ । राज्यद्वारा निर्माण हुने अन्य सबै कानुन, नियम एवम् नीतिहरू यसको अधीनमा रहनुपर्दछ । संविधानसँग नमिल्ने वा बाझिने नियम कानुनहरू अस्तित्वमा रहन सक्दैनन् । त्यस्ता कानुनहरू अमान्य हुन्छन् । संविधानसँग नमिलेका वा बाझिएका कानुनहरूलाई अमान्य र बदर घोषित गर्ने अधिकार यो संविधानले नेपालको सर्वोच्च अदालतलाई प्रदान गरेको छ । यस प्रकारको अधिकार प्रेस स्वतन्त्रताको लागि आवश्यक मानिन्छ । अदालतको यस्तो अधिकारलाई असाधारण अधिकार क्षेत्र भनिन्छ । अन्तरिम संविधानको धारा १०७ ले यस सम्बन्धी व्यवस्था गरेको छ ।

संविधान नागरिकहरूको मौलिक हक-अधिकार प्रत्याभूत गर्ने दस्तावेज हो । यसले प्रत्याभूत गरेका थुप्रै नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूमध्ये प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकारको बेग्लै महत्व छ । संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मका लागि अस्थायी रूपमा लागू हुने भए पनि अन्तरिम संविधानले प्रेस स्वतन्त्रता सम्बन्धमा पूर्ववर्ती संविधानहरूको तुलनामा केही थप र प्रगतिशील व्यवस्थाहरू गरेको छ । प्रसारणको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गर्नु संविधानको एक उल्लेख्य विशेषता हो । विचार, अभिव्यक्ति, प्रेस स्वतन्त्रता र सूचनाको हक सम्बन्धमा संविधानले गरेका महत्वपूर्ण व्यवस्थाहरू निम्न छन् :-

२. विचार तथा अभिव्यक्ति स्वतन्त्रता

संविधानले सबै नागरिकले समानरूपमा उपभोग गर्न सक्ने गरी आधारभूत स्वतन्त्रताहरूको प्रत्याभूति गरेको छ । ती स्वतन्त्रताहरूमा :

- विचार र अभिव्यक्तिको स्वतन्त्रता;
- विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता;

- राजनीतिक दल खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा संघ-संस्था खोल्ने स्वतन्त्रता;
- आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता, र
- कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

नागरिक शासन व्यवस्थामा यी स्वतन्त्रताहरूलाई प्रजातन्त्रको आधारशीला वा स्वतन्त्रताहरूको जननीको रूपमा लिइन्छ । यी स्वतन्त्रताहरूको पूर्ण प्रत्याभूति विना कुनै पनि शासन व्यवस्था प्रजातान्त्रिक हुन सक्दैन । यी स्वतन्त्रताहरूमध्ये विचार अभिव्यक्तिको स्वतन्त्रता प्रेस स्वतन्त्रताको मेरुदण्ड हो ।

विचार र अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत लेख्ने, बोल्ने, व्यङ्ग गर्ने, चित्र कोर्ने, कार्टुन बनाउने, अभिनय गर्नेलगायत कुनै पनि छापा वा विद्युतीय माध्यम वा आफूले रोजेको अन्य कुनै माध्यमद्वारा आफ्ना विचार, मत, भावना वा दर्शन आदि अभिव्यक्त गर्ने कुराहरू पर्दछन् ।

अन्तरिम संविधानको धारा १२ को उपधारा ३(क) ले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकारको प्रत्याभूति गरेको छ । तर सोही धाराको प्रतिबन्धात्मक वाक्यांशले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरेको छ ।

यो प्रावधान नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा २ (क) मा भएको जस्तै नै छ । एउटै मात्र फरक भनेको 'धर्म' का बीच रहेको सुसम्बन्धमा खलल पुऱ्याउने कार्यलाई थप गरी 'राजद्रोह' लाई अभिव्यक्ति स्वतन्त्रतामा रोक लगाउन सकिने आधारबाट झिकिएको छ ।

नेपालले सन् १९९१ मा अनुमोदन गरेको औपचारिक रूपमा बाध्यात्मक महासन्धि 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६'[९] को धारा १९ ले निम्नलिखित शब्दमा यी अधिकारहरूको प्रत्याभूति गरेको छ ।

१. प्रत्येक व्यक्तिलाई विनाहस्तक्षेप आफ्नो मत वा विचार राख्ने अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ; यस अधिकारअन्तर्गत सीमाको वन्देजविना, मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा निजको आफ्नो छनौटको कुनै अन्य माध्यममार्फत् सबै किसिमका सूचना तथा विचारहरू खोज्ने, प्राप्त गर्ने तथा बाँड्ने स्वतन्त्रता समेत समावेश हुनेछन् ।

३. यस धाराको परिच्छेद २ मा व्यवस्था गरिएका अधिकारहरूको प्रयोगसँग विशेष कर्तव्य तथा उत्तरदायित्व पनि पर्दछन् । तसर्थ यो अधिकार केही निश्चित प्रतिबन्धको अधीनमा हुन सक्नेछ तर त्यस्ता प्रतिबन्ध कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको लागि आवश्यक भएको हुनुपर्छ :

क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मान;

ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक शान्ति सुव्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण ।

[९] UN General Assembly Resolution 2200A (XXI), adopted 16 December 1966, in force 23 March 1976.

विश्लेषण :

अन्तरिम संविधानमा उल्लेखित सकारात्मक प्रत्याभूति र माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय कानुनका प्रत्याभूतिबीच निम्न लिखित फरक पाउँछौं । प्रथमतः अन्तर्राष्ट्रिय कानुनअन्तर्गत विचार राख्न पाउने अधिकार निरपेक्ष रहेको छ भने अन्तरिम संविधानबमोजिम अभिव्यक्तिको स्वतन्त्रताजस्तै विचारको स्वतन्त्रता निषेध हुनसक्ने देखिन्छ । दोस्रो, अन्तर्राष्ट्रिय कानुनले विचार र अभिव्यक्तिसम्बन्धी स्वतन्त्रतालाई प्रत्येक व्यक्तिको अधिकारको रूपमा प्रत्याभूति गर्दछ भने अन्तरिम संविधानले यो स्वतन्त्रता नागरिकहरूका लागि मात्र प्रदान गर्दछ । व्यक्ति र नागरिकबीच समान व्यवहार गर्न राज्य सक्षम भई नसकेको तर्कका आधारमा यी अधिकारहरू नागरिकलाई सीमित गरिएको छ । यस सम्बन्धमा राष्ट्रिय स्वार्थको रक्षाको वचावटमा स्वतन्त्रताहरूलाई नागरिकमा सीमित गर्न अन्तर्राष्ट्रिय कानुनहरूले छुट दिएको भए पनि अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नु आधुनिक लोकतान्त्रिक राज्यको प्रतिवद्धताअन्तर्गत पर्ने विषय हो । अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकारलाई विस्तृत पार्दै यस अधिकारभित्र 'सीमाको वन्देजविना, कुनै पनि किसिमबाट सूचना तथा विचारहरू' खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रतासमेत समावेस हुने भनी प्रष्ट पारेको छ भने यसको ठीक विपरीत अन्तरिम संविधानले अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सामान्य व्यवस्था गरेको छ । संवैधानिकरूपमा प्रत्याभूत गरिएका व्यवस्थाहरूमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका विभिन्न पक्षहरूलाई समाहित गरेर व्याख्या गर्नका लागि न्यायपालिकालाई बाटो खुला नै भए तापनि न्यायपालिकाले समेत अझ संकिर्णरूपमा परिभाषित गर्न सक्दछ । त्यसैकारण अधिकारसम्बन्धी व्यवस्थाहरू सम्भव भएसम्म संविधानभित्रै स्पष्ट पार्नु उपयुक्त हुन्छ ।

तथापि, यसभन्दा पनि महत्वपूर्ण विषय भनेको अन्तरिम संविधानमा व्यवस्था गरिएका मौलिक अधिकारमाथि वन्देजका क्षेत्र र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अनुमति दिइएका वन्देजका बीच रहेका भिन्नताहरू हुन् ।

अन्तर्राष्ट्रिय कानुन र अन्तरिम संविधान दुबैअन्तर्गत कुनै पनि प्रकारका वन्देजहरू कानुनअनुरूप हुनु आवश्यक छ । अभिव्यक्तिको स्वतन्त्रतामाथिको वन्देजका सन्दर्भमा अन्तरिम संविधानले निम्न आधारहरूलाई स्वीकार गरेको छ :

- नेपालको सार्वभौमसत्ता, अखण्डता;
- विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने;
- गाली बेइज्जती;
- अदालतको अवहेलना हुने;
- अपराध गर्न दुरुत्साहन दिने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने ।

सामान्यतया विषयको सूचीमा केही फरक भए तापनि यी सबै विषयहरू अन्तर्राष्ट्रिय कानुनमा पनि पाइन्छन् । तथापि, अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी दृष्टिकोणबाट भने 'सुसम्बन्ध' को शाब्दिक व्याख्या समस्यामूलक हुन्छ । 'सुसम्बन्ध' प्रवर्द्धन गर्नु एक महत्वपूर्ण लक्ष्य रहँदा-रहँदै पनि वैधानिक अभिव्यक्तिहरूले समेत यस्ता सम्बन्धहरूको अवमूल्यन गर्न सक्छन् । उदाहरणका लागि, जाति वा समुदायबीचको विभेदसम्बन्धी समस्याबारे खुला छलफलमा यस्तो अवस्था उत्पन्न हुनसक्छ । यसको साटो नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीसीपीआर) को धारा २० को उपधारा २ अनुरूप समूहहरूविरुद्ध घृणा, भेदभाव वा हिंसा बढाउने गतिविधि निषेधित गरिनुपर्छ ।[१०]

[१०] This states: "Any advocacy of national, racial or religious hatred that constitutes incitement to discrimination, hostility or violence shall be prohibited by law."

यसका साथै, अन्तरिम संविधानमा उल्लेखित गाली-बेइज्जती, अदालतको अवहेलना, अपराध गर्नमा दुरुत्साहनजस्ता तीन आधारहरू वास्तवमा सार्वजनिक हितभन्दा पनि कानुनको प्रकार हुन् । उदाहरणका लागि, गाली-बेइज्जती कानुनले संरक्षण गर्ने हित भनेको 'व्यक्तिको प्रतिष्ठा' हो भने अदालतको अवहेलना र अपराध दुरुत्साहनसम्बन्धी कानुनहरूको व्यवस्था सार्वजनिक सुव्यवस्था कायम गर्न र केही हदसम्म अन्य व्यक्तिको अधिकार संरक्षण गर्न गरिएको हो । कानुनहरूलाई नै सूचीबद्ध गर्नु खतरनाक हुन्छ किनकी यस्तो व्यवस्थाले ती कानुनहरू आफैँमा वैध भएको देखाउँदछ जबकी, अभिव्यक्ति स्वतन्त्रतामाथिका वन्देजहरूका लागि आवश्यक संवैधानिक मापदण्ड पूरा गर्छन् वा गर्दैनन् भन्ने विषयमा ती कानुनहरूको पूर्णरूपमा विश्लेषण गरिनुपर्दछ । अर्को शब्दमा भन्ने हो भने प्रस्तुत व्यवस्थाले अदालतहरूलाई गाली-बेइज्जती, अदालतको अवहेलना वा अपराध गर्नमा दुरुत्साहनसम्बन्धी कानुनहरू स्वीकार्नेतर्फ डोऱ्याउन सक्दछ, जबकी यस्ता कानुनहरू वास्तवमा 'विवेकसम्मत' छन् भन्ने कुराको सुनिश्चितताका लागि गहिरिएर परीक्षण गर्नुपर्ने हुन्छ ।

अन्तरिम संविधानमा व्यवस्था गरिएको अभिव्यक्ति स्वतन्त्रतामाथिको वन्देजसम्बन्धी सबैभन्दा गम्भीर समस्या भनेको त्यस्ता वन्देजका लागि पूरा गरिनुपर्ने न्यूनतम आवश्यक मापदण्डहरू हुन् । खासगरी, 'अवमूल्यन गर्न सक्ने', 'विथोल्न सक्ने' वा 'विभिन्न हितविरुद्ध हुन सक्ने' विचारहरूमाथि लगाउन सकिने त्यस्ता वन्देजहरू मात्र 'विवेकसम्मत' हुन आवश्यक छ । परिस्थितिअनुसार आवश्यक भएका अवस्थामा मात्र वन्देज लागू गर्न सकिने अन्तर्राष्ट्रिय कानुनको मापदण्डको तुलनामा यो आफैँमा स्पष्टरूपमा धेरै तल्लोस्तरको मापदण्ड हो । आवश्यकताले विवेकसम्मततालाई मात्रै होइन वन्देजको पर्याप्तता र समानुपातिकतालाई पनि समावेश गराउँछ र न्यूनतम वन्देज लगाउन उपलब्ध साधनको अवलम्बन गर्ने सोच र ज्यादा फैलावटको अभाव समेतलाई समेट्छ ।[११]

यसैगरी अन्तर्राष्ट्रिय कानुनअन्तर्गत संरक्षित हितलाई हानी पुऱ्याउने न्यूनतम जोखिम, उदाहरणका लागि, संविधानमा संकेत गरिएको 'हुन सक्ने' जस्तो अनुमान गरिने व्यवस्था पर्याप्त हुँदैन । वन्देजले सामान्यरूपमा अमूर्त जोखिमलाई नभई 'तीव्र सामाजिक आवश्यकता' लाई सम्बोधन गर्नुपर्ने कुरा अन्तर्राष्ट्रिय अदालतहरूले स्पष्ट पारेका छन् ।[१२] अन्तर्राष्ट्रिय अदालत र न्यायाधीकरणका सामु आएका अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी धेरैजसो मुद्दाहरू आवश्यकताको सिद्धान्तअन्तर्गत निरोपण गरिन्छन् । यस्ता निश्चित पदावलीहरूले अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिको पर्याप्तताका सम्बन्धमा निकै महत्वपूर्ण स्थान राख्दछन् ।

३. सञ्चारमाध्यमको संरक्षण

अन्तरिम संविधानको धारा १५ ले सञ्चारमाध्यमलाई विभिन्न संरक्षण प्रदान गर्छ । प्रकाशन, प्रसारण र मुद्रित समाचारमा सेन्सरसीपलाई अनुमति प्रदान गरिएको छैन । साथ-साथै, अभिव्यक्ति स्वतन्त्रताको सन्दर्भमा जस्तै विभिन्न हित संरक्षण गर्न विवेकसम्मत वन्देज लगाउने कानुन बनाउन यसले बाधा पुऱ्याउने छैन भनिएको छ । रेडियो, टेलिभिजन, अनलाइन वा अन्य डिजिटल वा सूचना सञ्चारसमेत भनी परिभाषित गरिएको विद्युतीय सञ्चार र छापा सञ्चार दुबैलाई बन्द गराउन, कब्जा वा जफत गर्न र उनीहरूको दर्ता खारेज गर्ने जस्ता विषयबाट सुरक्षित गरेको छ । यसरी कुनै पनि सञ्चारमाध्यमलाई कानुनबमोजिमबाहेक बाधा अवरोध पुऱ्याइने छैन् भनी प्रत्याभूति गरिएको छ ।

विश्लेषण :

यी प्रत्याभूतिहरू २०४७ सालको संविधानमा व्यवस्था भएसरहका नै छन् र त्यसमा श्रव्यदृश्य सञ्चारमाध्यमको संरक्षण र अन्तिम प्रावधानका रूपमा रहेको कानुनबमोजिमबाहेक बाधा अवरोध

[११] See, for example, *Lingens v. Austria*, 8 July 1986, Application No. 9815/82, paras. 39-40 (European Court of Human Rights).
[१२] *Ibid.*

नपुऱ्याइने भन्ने दुई महत्वपूर्ण विषय समावेश भएका छन् । सेन्सरसीपका आधारहरू २०४७ सालको संविधानमा भएअनुरूप नै राखिएका छन् । अर्को शब्दमा भन्नुपर्दा राज्यद्रोह यथावत् रहेको छ र पारस्परिक सहिष्णुताको संरक्षणमा धर्मलाई समावेश गरिएको छैन् ।

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सामान्य प्रत्याभूतिअन्तर्गत अनुमति प्रदान गरिएका वन्देजको क्षेत्रमाथिको आलोचना सेन्सरसीप निषेधसम्बन्धी विषयका लागि पनि समानरूपले लागू हुन्छ । सेन्सरसीप शब्दको अर्थ के हुन्छ भन्ने कुरा प्रावधानमा स्पष्ट नभए पनि सञ्चारमाध्यममा पूर्व प्रतिबन्ध हुनुहुँदैन भन्ने मान्यता लोकतन्त्रमा सुस्थापित भइसकेको छ । अन्तर्राष्ट्रिय कानुनले कुनै पनि किसिमको पूर्व प्रतिबन्धलाई ठूलो शंकाको दृष्टिकोणले हेर्दछ । मानवअधिकारसम्बन्धी अमेरिकी महासन्धी[१३] ले बालबालिकाको संरक्षणका लागि बाहेक अन्य सबै स्वरूपको पूर्व अवरोधहरूलाई अस्वीकार गर्दछ । Observer and Guardian v. The United Kingdom को मुद्दामा मानव अधिकारसम्बन्धी युरोपेली अदालतले भनेको छ :

'पूर्व प्रतिबन्धमा रहेका खतराहरू त्यस्ता खतरा हुन् जसले अदालतलाई सर्वाधिक सुक्ष्म दृष्टिकोण अंगाल्न आह्वान गर्दछन् ।[१४]

कुनै पनि सञ्चारमाध्यमलाई त्यसमा भएका विषयवस्तुका आधारमा बन्द गराउन, कब्जा वा जफत गर्न वा दर्ता खारेज गर्न गरिएको निषेध स्वागतयोग्य छ । कानुनबमोजिम्बाहेक सञ्चारमा बाधा अवरोध गर्न नपाउने निषेधात्मक व्यवस्था पनि स्वागतयोग्य छ, तथापि सञ्चारमा प्रतिबन्ध लगाउने कानुनहरूमा भने यसले कुनै वन्देज लगाएको छैन । सञ्चारमाध्यमका सन्दर्भमा केही निश्चितस्वरूपका वन्देज, जस्तैः प्रसारकहरूको इजाजतपत्रसम्बन्धी विषयलाई स्वीकार गर्न सकिन्छ । तर, छापामाध्यममाथिको नियन्त्रणलाई कानुनमा नै उल्लेख गरिए तापनि स्वीकार गर्न सकिँदैन । अभिव्यक्ति स्वतन्त्रताको सामान्य प्रत्याभूतिअन्तर्गत त्यस्ता कानुनले निश्चित न्यूनतम मापदण्ड पूरा गर्नुपर्नेमा जोड दिएको हुँदा द्विविधाको सम्भावना रोक्नका लागि ती मापदण्डहरूलाई सञ्चारमाथिको नियन्त्रणसम्बन्धी विशेष कानुनमा नै समावेश गर्नु पर्दछ ।

४. सूचनाको हक

अन्तरिम संविधानको धारा २७ ले सूचनाको हक सुनिश्चित गर्दछ । यस धाराअनुसार प्रत्येक नागरिकलाई व्यक्तिगत प्रकृतिका वा सार्वजनिक महत्वका विषयहरूको सूचना खोज्ने तथा प्राप्त गर्ने अधिकार रहेको छ तर कानुनद्वारा गोप्य घोषणा गरिएका सूचना प्रदान गर्न कोही पनि बाध्य हुनेछैन ।

विश्लेषण :

आधारभूत मानवअधिकारका रूपमा स्वीकारिएको सूचनाको हकलाई संवैधानिक संरक्षण प्रदान गरिनु स्वागतयोग्य छ । तथापि, अन्तरिम संविधानमा गरिएको प्रत्याभूतिलाई अरू सुदृढ गर्न सकिन्छ । पहिलो, अभिव्यक्ति स्वतन्त्रताको सामान्य प्रत्याभूतीसरह सूचनाको हक पनि नागरिकले मात्र नभई सबैले उपभोग गर्नसक्ने हुनुपर्दछ ।

दोस्रो, यो हक व्यक्तिगत सूचना वा सार्वजनिक महत्वका सूचनाका लागि मात्र लागू हुने नभई सबै

[१३] Adopted at San José, Costa Rica, 22 November 1969, O.A.S. Treaty Series No. 36, 1144 U.N.T.S. 123, entered into force 18 July 1978, Article 13(2).

[१४] Adopted at San José, Costa Rica, 22 November 1969, O.A.S. Treaty Series No. 36, 1144 U.N.T.S. 123, entered into force 18 July 1978, Article 13(2).

किसिमका सूचनामा लागू हुने हुनुपर्दछ । कुन विषय सार्वजनिक महत्वको हो भन्ने कुरा अधिकारीहरूले निर्धारण गर्ने विषय होइन, कसैले त्यो सूचना माग गर्नु नै पर्याप्त हुन्छ । यस्तो वन्देजले अधिकारीहरूलाई अवैधानिक रूपमा सूचना उपलब्ध गराउन अस्वीकार गर्ने अवसर दिन्छ । यस्तो व्यवस्था सूचनाको हकका लागि घातक छ ।

तेस्रो, संविधानको धारा २७ ले सूचनाको हकमाथिको कानुनद्धारा स्थापित कुनै पनि वन्देजलाई अनुमति प्रदान गर्दछ । तसर्थ कडारूपमा वन्देज लगाइएमा यो व्यवस्था अभिव्यक्ति स्वतन्त्रताको स्पष्ट विपरीत हुनसक्छ । यस्तो परिस्थितिमा सूचनाको हकलाई फरक ढङ्गबाट व्यवहार गरिने कुनै व्यवस्था छैन । सूचनाको पहुँचप्रतिको कुनै पनि वन्देजका सीमाहरूलाई स्पष्टरूपमा उल्लेख गरिनुपर्दछ र त्यस्ता वन्देज अभिव्यक्ति स्वतन्त्रतामा लागू हुने वन्देजअनुरूप हुन अत्यावश्यक छ ।

५. संसद् र अभिव्यक्ति स्वतन्त्रता

अन्तरिम संविधानका केही प्रावधानहरू वाक्स्वतन्त्रता र संसदीय विशेषाधिकारसँग सम्बन्धित छन् । धारा ५६ को उपधारा १ मा व्यवस्थापिका/संसद्को बैठकमा पूर्ण वाक्स्वतन्त्रताको अधिकार प्रदान गरिएको छ, र त्यसैगरी धारा ५६ को उपधारा ४ अनुसार संसद्ले दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाही प्रकाशन गरेकोमा कुनै व्यक्तिविरुद्ध कुनै कारवाही चलाउन पाइनेछैन ।

तथापि, यहाँ पनि वन्देजहरू रहेका छन् । कसैले पनि व्यवस्थापिका/संसद्को कुनै पनि काम-कार्यवाहीलाई त्यसको असल नियतबारे प्रश्न उठाउन सक्ने छैन । धारा ५६ को उपधारा ६ र ७ अनुसार यी नियमहरूको उल्लंघन भएको छ/छैन भनी निर्क्योल गर्ने र तीन महिनासम्म कैद वा दस हजारसम्म जरीवाना तोक्ने विशेष अधिकार संसद्लाई छ ।

विश्लेषण :

यी व्यवस्थाहरू २०४७ सालको संविधानको धारा ६२ र धारा ५६ सरह नै छन् । एउटा महत्वपूर्ण परिवर्तनका रूपमा २०४७ सालको संविधानको धारा ५६(१) मा व्यवस्था गरिएको राजाको आलोचनामा लगाइएको प्रतिबन्धलाई हटाइएको छ ।

संसद् सदस्यहरूको वाक् स्वतन्त्रताको संरक्षण स्वागतयोग्य छ र यो व्यवस्था अन्य देशहरूमा भएसरह नै छ । तथापि, त्यससँग सम्बन्धित वन्देजहरू भने गम्भीर चिन्ताका विषय हुन् र व्यवस्था अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्डहरूअनुरूप हुन सकेको छैन । लोकतान्त्रिक प्रणालीले राम्ररी काम गर्नको लागि प्रत्येक व्यक्ति सांसदहरूको आलोचना गर्न स्वतन्त्र हुनुपर्दछ । निश्चय पनि निर्वाचित पदाधिकारीहरूले आम नागरिकहरूको तुलनामा उच्चतहको आलोचना सहन आवश्यक हुन्छ ।[१५] संसद्को आलोचना गरेको अभियोगमा अभियोजन गर्ने अधिकार पूर्णरूपमा संसद्लाई नै प्रदान गर्नाले संसद निरङ्कुशतातर्फ उन्मुख हुनसक्छ ।

६. संकटकालीन अवस्था

अन्तरिम संविधानको धारा १४३ मा देशको सार्वभौमिकता वा अखण्डतामाथिको गम्भीर संकटका समयमा सरकार वा मन्त्रिपरिषद्ले संकटकालको घोषणा गर्नसक्ने अधिकारको व्यवस्था छ । यस किसिमको घोषणालाई एक महिनाभित्र विधायिकामा

[१५] See Lingens v. Austria, note 4.

प्रस्तुत गर्नुपर्दछ र विधायिकाले तीन महिनाको समयभित्र दुईतिहाई बहुमतले अनुमोदन गर्नुपर्दछ, जसलाई त्यतिकै मतको आधारमा अर्को तीन महिनाका लागि विस्तार गर्न सकिन्छ । धारा १४३ (७) अनुसार संकटकालका समयमा केही मौलिक हक-अधिकारहरू पूर्णरूपले निलम्बित हुनसक्छ ।

विश्लेषण :

संकटकालका समयमा सार्वजनिक हितका लागि राज्यले मानवअधिकार अवमूल्यन गर्नसक्ने कुरालाई अन्तर्राष्ट्रिय कानुनले स्वीकार गर्दछ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आईसीसीपीआर) को धारा ४ ले संकटकालमा अधिकारहरू कटौती हुने व्यवस्था गरेको छ तर त्यस्ता कटौतीका लागि वस्तुगत र प्रक्रियागत दुवै किसिमका सर्तहरू राखेको छ, जुन निम्न प्रकारका छन् :

- संकटका कारण राष्ट्रकै जीवन खतरामा परेको अवस्थामा मात्र अधिकारको अतिक्रमण लागू गर्न सकिन्छ ।
- अधिकारको अतिक्रमण औपचारिकरूपमा घोषणा गर्नुपर्छ ।
- अतिक्रमणले एकदमै अत्यावश्यक भएको अवस्थामा मात्रै अधिकारहरू सीमित पार्न सक्दछ र अधिकार सीमित गरिएको त्यस्तो समयमा भेदभाव गर्नु हुँदैन ।
- केही महत्वपूर्ण अधिकारमा कटौती गर्न सम्भव हुँदैन ।
- अधिकारमा अतिक्रमण गर्ने राज्यले कटौती गरिएका अधिकार र त्यस्तो कटौतीका कारण बारेमा अन्य राज्यपक्षलाई जानकारी दिनुपर्छ ।
- अधिकारको कटौती समाप्त भएको जानकारी अन्य पक्षलाई गराउनुपर्छ ।

मानवअधिकार समितिले उल्लेख गरेअनुसार,

यदि राज्यपक्षले सशस्त्र द्वन्द्व भन्दा पृथक अन्य अवस्थामा धारा ४ लागू गर्ने विचार गरेमा त्यसको औचित्यता र किन त्यस अवस्थामा त्यस्तो कदम आवश्यक र वैध हो भन्ने कुरामा ध्यान दिनुपर्दछ ।[१६]

यी मापदण्डहरूलाई पूरा गर्न नेपाली व्यवस्था धेरै तवरबाट असफल छन् । ती नियमहरूअन्तर्गत संकटले राष्ट्रिय जीवनमा जोखिम उत्पन्न गर्न आवश्यक नभई गम्भीर संकटको अवस्थामा मात्र पनि संकटकाल घोषणाको अनुमती प्रदान गरेको छ । यी नियमहरूमा अन्य राज्यलाई सूचित गर्ने सम्बन्धमा आईसीसीपीआरले लागू गरेको प्रक्रियागत विधिको पनि अभाव छ, जबकी त्यस्तो व्यवस्था संवैधानिक प्रावधानकैरूपमा रहनुपर्दछ ।

सर्वाधिक महत्वपूर्ण विषयका रूपमा आईसीसीपीआरको धारा ४ ले व्यवस्था गरेजस्तो यस संविधानअन्तर्गत अधिकारको कटौती 'परिस्थितिअनुरूप एकदमै आवश्यक भएको हदसम्म मात्र' सीमित हुने वा विनाभेदभाव लागू गरिने कुरालाई आवश्यक मानिएको छैन । माथि उल्लेख भएझैँ संविधानले सबै अधिकार एकैसाथ निलम्बित हुने अनुमति दिएको छ । अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अधिकार अतिक्रमणको मान्यताका लागि उल्लेखित व्यवस्था एकदमै महत्वपूर्ण छ । संकटकालमा केही अधिकार सीमित पार्न आवश्यक हुनसक्ने भए पनि सबै अधिकार एकै पटक निलम्बन गर्न आवश्यक हुँदैन् । राज्यलाई अधिकारमा अत्यावश्यकभन्दा बढी वन्देज लगाउन अनुमती दिनुहुँदैन । अधिकारहरूको पूर्ण निलम्बनको अनुमतीले स्वेच्छाचारिता बढाउँछ ।

[१६] General Comment No. 29: States of Emergency (Article 4), 24 July 2001, UN Doc. CCPR/C/21/Rev.1/Add.11, para. 3.

३.२ सूचनाको हकसम्बन्धी ऐन, २०६४

१. परिचय

राज्यका काम-कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका सूचनामा आम-नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पर्ने संवेदशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनको आवश्यकता महशूस गरी लामो समयको वहस र वकालतपश्चात् यो ऐनको निर्माण भएको हो। ऐनको प्रायः व्यवस्थाहरू स्वागतयोग्य भए तापनि केही कमी-कमजोरीहरूसमेत रहेका छन्, जसको दफावार विश्लेषण गर्ने प्रयास गरिएको छ।

२. सूचनाको क्षेत्र

सूचनाको हकसम्बन्धी ऐनबारे छलफलको उपयुक्त प्रारम्भविन्दु भनेको यसको क्षेत्र नै हो। सूचनाको हकसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सिद्धान्तहरूमध्ये एक 'अधिकतम खुलापनको सिद्धान्त' हो। उक्त सिद्धान्तअनुसार सार्वजनिक निकायहरूका सम्पूर्ण सूचनाहरू हरेक व्यक्तिका लागि उपलब्ध हुनुपर्दछ। यसले के देखाउँछ भने सूचनाको हकसम्बन्धी कानुनमा उपलब्धताको क्षेत्र फराकिलो हुनुपर्दछ। सूचनाको अधिकारसम्बन्धी कानुनको क्षेत्रका ३ वटा आयाम छन् : १) सूचना प्रदान गर्ने दायित्व कुन कुन निकायहरूमा हुन्छ ? । २) सूचनाअन्तर्गत कुन कुन किसिमका सामग्रीहरू पर्दछन् ? र ३) सूचनाप्राप्तिको अधिकार कसलाई छ ?

सूचनाको हकसम्बन्धी ऐन ०६४ को दफा २ (क) ले परिभाषित गरेका 'सार्वजनिक निकायहरू' मा सूचनाको हकसम्बन्धी कानुन लागू हुन्छ। उक्त परिभाषाले संवैधानिक तथा कानुनी निकायहरू, जनतालाई सेवा प्रदान गर्न कानुनीरूपमा स्थापित निकायहरू र सरकारी अनुदानमा सञ्चालित सरकारी निकाय वा संस्था एवम् गैरसरकारी निकायहरूलाई समेत समेट्छ। उक्त परिभाषाले राजनीतिक दल वा संगठन र गैरसरकारी संस्थाहरूलाई पनि समेटेको छ, जुन निकायहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेपाल सरकार, विदेशी सरकार अथवा अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त अनुदानमा सञ्चालित छन्। धारा २ (क) (९) अनुसार सरकारले अन्य निकायहरूलाई पनि नेपाल राजपत्रमा सूचना प्रकाशित गरेर सूचनाको हकसम्बन्धी कानुनको दायरामा समेट्न सक्छ।

ऐनको दफा २ (क) ले जुनसुकै प्रकृतिका सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी ऐनले समेट्ने गरी निश्चित गरेको छ। आफूले निर्वाह गर्ने उत्तरदायित्व र जनताप्रति जवाफदेही बनाउन यो कुरा महत्वपूर्ण छ।

विश्लेषण :

सूचनाको हकसम्बन्धी ऐनको प्रयोग निजी, कानुनी र सरकारी निकाय वा संस्थासम्म विस्तार गर्ने कुरामा ध्यान जानुपर्दछ । राज्यको स्थापना जनताद्वारा आफ्नो सेवाका लागि भएको हो त्यसैले राज्यका अङ्गहरू जनउत्तरदायी हुनुपर्दछ भन्ने मान्यता सूचनाको हकको हो । यसकारण राज्यको उत्तरदायित्वको अंश नबनेसम्म निजी, व्यक्तिहरू वा संस्थाहरूमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन हुँदैन । सूचनाको हकसम्बन्धी वर्तमान कानुन सामान्यतया निजी निकायहरूमा निम्नलिखित सन्दर्भमा मात्र लागू हुन्छ-

(१) राज्यको स्वामित्व वा नियन्त्रणमा रहेको निकाय, जस्तैः नागरिक कानुनअनुसार स्थापना भएका राज्यका संस्थानहरू;

(२) वैधानिक कार्य गर्ने निकाय, जस्तैः नागरिक कानुनअन्तर्गत स्थापित तर कानुनद्वारा व्यावसायिक कार्य सुनिश्चित गर्ने उत्तरदायित्व पाएका बार एशोसियसन वा मेडिकल बोर्डजस्ता निकायहरू;

(३) जनमुखी सेवा प्रदान गर्ने निकाय, जस्तैः विद्यालय, अस्पताल, खानेपानी वा विद्युत सेवा प्रदान गर्ने निजी कम्पनीहरू;

(४) राज्यद्वारा पर्याप्त आर्थिक सहयोग दिइएको निकाय जस्तैः सरकारको कल्याणकारी योजना कोषमा निर्भर रहने निजी स्वामित्वमा रहेको संग्रहालय वा अभिलेखालयहरू ।

दफा २ (क) मुताविक सूचनाको हकसम्बन्धी ऐन माथि उल्लिखित १,२, ३ र ४ को अवस्थामा लागू हुन्छ, जुन सकारात्मक छ । तर उक्त ऐन उल्लेखित तेस्रो बुँदाको अवस्थामा सधैं लागू हुँदैन । उदाहरणका लागि, सार्वजनिक कार्य गर्ने तर न सरकारको नियन्त्रणमा रहेको न त सरकारबाट कुनै रकम प्राप्त गर्ने निजी कम्पनी । यो उदाहरणले निजी विद्यालय वा विश्वविद्यालयलाई समेत समेट्छ । ती संस्थाहरूको शैक्षिक गुणस्तर वा पाठ्यक्रम व्यवहारिक एवम् कानुनी आवश्यकताअनुरूपका छन् कि छैनन् भनेर जनताले जाँच्न सक्ने कुरा महत्वपूर्ण हो ।

सूचनाको हकसम्बन्धी ऐनको क्षेत्राधिकारभित्र राजनीतिक दलहरू रहने तथ्य र राज्यबाट आर्थिक भार नव्यहोरिएका गैरसरकारी संस्थाहरू पनि यस ऐनको क्षेत्रभित्र रहने व्यवस्था नौलो छ । यद्यपि, राजनीतिक दल र गैरसरकारी संस्थाहरूले सार्वजनिक हितका लागि काम गर्छन् र सार्वजनिक नीति पनि अख्तियार गर्दछन् तर तिनीहरूले साधारणतया पूर्णरूपमा सार्वजनिक उत्तरदायित्व वहन गर्ने कार्यहरू गर्दैनन् । त्यसकारण अन्तर्राष्ट्रिय मान्यताअनुरूप ती संस्थाहरू सामान्यतया माथि वर्णित चौथो अवस्थामा बाहेक सूचनाको हकसम्बन्धी कानुनको क्षेत्रभित्र पर्दैनन् । उनीहरूको उद्देश्य जनताको हितलाई बढावा दिने हो भने राजनीतिक दल र गैरसरकारी संस्थाहरूमा जनतालाई सूचना प्रदान गर्ने दायित्व रहनु स्वाभाविक पनि हो ।

२. सूचनाको परिभाषा

ऐनको दफा २ (ख) मा सूचनाको परिभाषा यसरी गरिएको छ : 'सार्वजनिक निकायहरूद्वारा गरिने वा गरिएका सार्वजनिक महत्वका निर्णयहरू, त्यसको प्रक्रिया र कार्यसँग सम्बद्ध कुनै पनि दस्तावेज, सामग्री वा सूचना ।'

दफा २ (घ) मा 'लिखित दस्तावेज' को परिभाषा गरिएको छ । उक्त शब्दले जुनसुकै माध्यमबाट संकलित वा दुरुस्त बनाइएको त्यस्तो लिखित दस्तावेज, श्रव्यदृश्य सामग्रीलाई समेट्छ, जसलाई छाप्न वा प्रकाशित गर्न सकिन्छ ।

विश्लेषण :

सार्वजनिक निकायहरूले आफ्नै कामसँग सम्बन्धित दस्तावेज राख्नुभन्दा अन्य निकायको कामसँग सम्बद्ध दस्तावेज राख्नसक्छ । तथापि, यस्ता दस्तावेज खुला गर्ने प्रावधान राखिनुपर्छ अन्यथा यस्ता दस्तावेज अन्य निकायमा पठाएर सार्वजनिक गर्नबाट सजिलै रोक्न सकिन्छ । आधुनिक सूचनाको हकसम्बन्धी कानुन सामान्यतया सार्वजनिक निकायले राखेका जुनसुकै विषय वा उद्देश्यको विवरणमा पनि लागू हुन्छ । यो कुरा सत्य हो कि कुनै सार्वजनिक निकायले सार्वजनिक कार्यमा सम्बन्ध नै नराख्ने दस्तावेज आफूसँग राख्नसक्छ । उदाहरणका लागि अस्पतालको कुनै विभागमा हराएको र पाइएको नोटबुक वा भिडियो क्यासेटलाई लिऊँ । यस्ता सामग्रीहरू साधारण अपवाद (गोप्य अपवाद) अन्तर्गत उपलब्ध नगराउन सकिन्छ ।

सूचनाको हकसम्बन्धी ऐनको दफा ३ ले सूचनाको हक 'हरेक नेपाली नागरिक' मा रहने र हरेक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनाहरू प्राप्त गर्ने अधिकार रहनेछ भन्ने व्यवस्था गरेको छ । यो व्यवस्था नेपालको अन्तरिम संविधानको धारा २७ बाट लिइएको देखिन्छ । जसमा भनिएको छ– हरेक नागरिकलाई व्यक्तिगत चरित्रको र सार्वजनिक महत्वको विषयसँग सम्बद्ध सूचना माग्ने र प्राप्त गर्ने अधिकार हुनेछ र कानुनद्वारा गोप्य घोषित सूचना प्रदान गर्न कसैलाई पनि बाध्य गरिनेछैन ।

सूचनाको अधिकार नेपाली नागरिकहरूले मात्र उपभोग गर्न पाउने व्यवस्था अन्तर्राष्ट्रिय मान्यताअनुरूप छैन । सूचनाको हकसम्बन्धी अधिकांश कानुनहरूले प्रत्येक व्यक्तिलाई सूचनाप्राप्तिका लागि अनुरोध गर्ने अधिकार दिएको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा १९ दुबैले हरेक व्यक्तिलाई देश वा राष्ट्रियताका आधारमा भेदभाव नगरी सूचना माग्ने र पाउने अधिकार सुनिश्चित गरेको छ ।

सूचनाको हकसम्बन्धी कानुनको क्षेत्रलाई नागरिकमा सीमित गर्नाले लामो समयदेखि नेपालमा बसोवास गर्दैआएका शरणार्थी वा राज्यविहीन बासिन्दाहरू सूचनाप्राप्तिको अधिकारबाट वञ्चित हुनुपर्नेछ । विशेषगरी यो नेपालको प्रसङ्गमा सान्दर्भिक हुन्छ किनभने यहाँ उल्लेख्य संख्यामा त्यस किसिमका व्यक्तिहरू रहेका छन् । यसैगरी नागरिकता प्रमाणपत्र नभएका व्यक्तिहरू पनि हक प्रयोगबाट वञ्चित हुन सक्छन् ।

३. अपवादसम्बन्धी व्यवस्था

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ (३) मा अपवाद रहेको व्यवस्था गरेको छ । जसअन्तर्गत अपवादका पाँच अवस्था उल्लेख गरिएको छ ।

- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने;
- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने;
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने;
- विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्षरूपमा खलल पार्ने;
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने ।

तर त्यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।

यी व्यवस्थाहरू सूचना प्रकाशमा ल्याउन अस्वीकार गर्नुको मुख्य कारण बन्नसक्छ । उदाहरणको रूपमा, राष्ट्रिय सुरक्षा र गोप्यताको विषय । 'उपयुक्त र पर्याप्त कारण' भएमात्रै यस्ता अपवादहरूमा सार्वजनिक निकायले कानुनी प्रश्न उठाउन सक्छन् ।

दफा ३ को उपदफा (४) मा एउटा महत्वपूर्ण प्रावधान रहेको छ, जुन सूचना प्राप्तिका लागि अनुरोध गर्दा केही सूचनाहरू सार्वजनिक गर्न मिल्ने र केहीमा चाहीँ अपवाद लागू हुने अवस्था रहन्छ । अपवादको विषय नबन्ने कुनै पनि सूचना सार्वजनिक गरिन्छ भन्ने वाक्यांशले अन्य सूचनालाई पनि गम्भीररूपमा प्रभावित गर्नसक्छ ।

विश्लेषण :

सूचनाको हकसम्बन्धी ऐनमा रहेको अपवादको प्रावधान यसको सबैभन्दा कमजोर पक्ष हो र यो जनताको सुसूचित हुन पाउने अधिकार र सामाजिक एवम् वैयक्तिक हित प्रवर्द्धन गर्ने आवश्यकताको बीचमा सन्तुलन राख्न विफल भएको छ ।

अन्तर्राष्ट्रिय मापदण्डअनुसार निम्नलिखित तीनवटा सर्तमा मात्रै सूचनाको हक अस्वीकार गर्न सकिन्छः

१) उक्त सूचनाले कानुनद्वारा संरक्षित वैधानिक विषयलाई प्रभावित गरेमा;

२) प्रकाशमा ल्याइएको सूचनाका कारण उक्त कानुनी विषयमा खतरा पैदा भएमा (हानी परीक्षण);

३) सूचना उद्घाटित नगर्दा हुने खतराभन्दा उद्घाटित गर्दा हुने खतरा भयावह भएमा (जनहितको सर्वोपरिता) ।

उल्लेखित तीन व्यवस्थालाई एउटा उदाहरणका माध्यमबाट स्पष्ट गर्न सकिन्छ । चुनावको अवधिमा सञ्चारमाध्यमले उम्मेदवारको शैक्षिक वा आपराधिक विवरणहरू प्राप्त गर्ने चाहना राख्नसक्छ । यसले कानुनद्वारा सुरक्षित उम्मेदवारको गोपनीयता भन्ने कानुनी विषयलाई असर गर्छ । उक्त विवरणको विषय यदि लज्जाजनक छ भने उक्त सूचनाले गोपनीयतामा खतरा पैदा गर्न सक्छ । तथापि यहाँ जनहितको सर्वोपरितालाई ध्यान दिनुपर्छ । यस उदाहरणमा उम्मेवारको गोपनीयताको हकभन्दा जनताको सुसूचित हुन पाउने अधिकार बढी महत्वपूर्ण हुन्छ । भारतको सर्वोच्च अदालतले यस्तै घटनामा के कुरा स्पष्ट गरेको थियो भने एउटा मतदाताले कानुन तोड्नेलाई कानुन निर्माताको रूपमा निर्वाचित गर्नुपूर्व राम्ररी विचार गर्ने इच्छा राख्न सक्छ ।[१७] सूचनाको हकसम्बन्धी ऐनमा कानुनी अधिकारहरू र हानी परीक्षणका सूचीहरू सम्मिलित गरिएको छ तर 'जनहितको सर्वोपरिता' को सूची त्यसमा परेको छैन ।

यस ऐनको दफा ३ (३) को (क) देखि (ङ) सम्म सूचीकृत गरिएका कानुनी अधिकारहरूलाई एकअर्काका बीचमा गाभ्ने काम भएको छ । उदाहरणको लागि, ऐनको दफा ३ (३) (क) ले जनताको शान्ति औंल्याउँछ, जबकि अनुच्छेद (घ) ले विभिन्न जाति र समुदायबीच सद्भावपूर्ण सम्बन्धको आवश्यकता औंल्याउँछ । सार्वजनिक निकायसँग रहेको कुन सूचनाले विभिन्न समुदायका बीच गम्भीर द्वन्द्व उत्पन्न गराउँछ भन्ने जाँच्न कठिन हुन्छ । त्यसैले अनुच्छेद (घ) को दुरूपयोग हुनसक्ने सम्भावना हुन्छ । साथै, सूचना प्रदान गर्न अस्वीकार गर्नुले भेदभावपूर्ण व्यवहारको उद्घाटन गर्दछ अथवा सामाजिक-आर्थिक विभेदलाई उदाङ्ग पार्दछ । गम्भीर जातीय तथा वर्णगत समस्या रहेका भारतजस्ता अन्य देशहरूले सूचनाको हकसम्बन्धी आफ्नो कानुनमा यस्ता अपवादहरू समावेश गरेका छैनन् ।

दफा ३ (३) का अधिकांश अपवादहरू हानी परीक्षणका विषय हुन् । उदाहरणको लागि, अनुच्छेद (क) ले भन्छ कि यदि कुनै सूचनाले राष्ट्रिय सुरक्षामा गम्भीर संकट ल्याउँछ भने उक्त सूचनालाई सार्वजनिक गर्नबाट वञ्चित गर्न सकिन्छ । जाँचपड्ताल, सोधपूछ र अपराधको अभियोगमा प्रत्यक्ष असर पुऱ्याउने सूचनालाई प्रकाश गरिने छैन भनेर दफा ३ (३) (क) मा भनिएको छ, जुन विचारणीयरूपमा गम्भीर संकटभन्दा निम्नस्तरको देखिन्छ ।

[१७] Union of India(UIO) v. Association for Democratic Reforms and Anr. with People'S Union for Civil Liberties (PUCL) and Anr. v. Union of India(UOI) and Anr. (2002) 5 Supreme Court Cases 294 (भारतीय सर्वोच्च अदालत), अनुच्छेद ४६ ।

सूचनाको हकसम्बन्धी ऐनमा 'जनहितको सर्वोपरिता' अपरिहार्य हुन्छ । सम्पूर्ण जनताको हितलाई गलत सावित गर्न अपवादहरूलाई अनुमति नदिने र सूचनाको हक अस्वीकार गर्ने सामान्य चासोको दुरूपयोग हुँदैन भन्ने निश्चित गर्न यस्तो सर्वोपरिता अत्यावश्यक छ । अहिलेकै अवस्थामा रहँदा सूचनाको हकसम्बन्धी वर्तमान ऐनले जनताको हितविरुद्ध नै काम गरेको भए पनि सूचना प्रकाश गर्न अस्वीकार गर्ने अनुमति दिन्छ ।

४. सूचना माग गर्ने प्रक्रिया

सूचनाको हकसम्बन्धी ऐनको दफा ६ देखि ८ ले सूचनाको माग गर्ने प्रक्रियाका बारेमा उल्लेख गरिएको छ ।

दफा ६ अनुसार हरेक सार्वजनिक निकायले सूचनाको मागलाई सम्बोधन गर्ने जिम्मेवारीसहितको सूचना अधिकृतको व्यवस्था गर्नुपर्छ । सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले सूचना माग गर्नुको कारणसहित सम्बन्धित सूचना अधिकृतसमक्ष निवेदन दिनुपर्छ {दफा ७ (१)} । तत्काल सूचना उपलब्ध गराउनु उक्त सूचना अधिकारीको जिम्मेवारी हो र यदि सम्भव नभए ढिलो हुनुको कारणसहित सूचना दिएर १५ (पन्ध्र) दिनभित्र सूचना उपलब्ध गराउनुपर्दछ {दफा ७ (३)} । उपलब्धताका लागि अनुरोध गरिएको सूचना राष्ट्रिय सुरक्षा वा कुनै व्यक्तिको जीवनसँग सम्बन्धित छ भने अधिकृतले सो को जानकारी सूचना माग गरिएको चौबीस घण्टाभित्र दिनुपर्छ भन्ने व्यवस्थासमेत ऐनमा गरिएको छ ।

सूचना अधिकृतले सम्भव भएसम्म निवेदकले अनुरोध गरेबमोजिम् नै सूचना प्रदान गर्न भरमग्दुर प्रयास गर्नुपर्छ भन्ने व्यवस्था दफा ७ ले गरेको छ । त्यस्तै यदि निवेदकले मागेको रूपमा सूचना दिँदा उक्त सूचना नष्ट हुने वा बिग्रीनसक्ने भएमा र अर्कै स्वरूपमा दिइन्छ भने त्यसको कारणसहित सूचना दिनुपर्छ भन्ने व्यवस्था दफा ७ (६) मा गरिएको छ । यदि अनुरोध गरिएको सूचना उपलब्ध छैन भने निवेदकलाई तत्काल जानकारी दिनुपर्छ {दफा ७ (८)} ।

सूचना लिँदा निवेदकले आवश्यक शुल्क तिर्नुपर्छ, जुन शुल्क वास्तविक खर्चमा आधारित हुनुपर्दछ {दफा ८ (२)} । यदि बढी शुल्क लिइएको छ भने त्यसका विरुद्ध पुनरावेदन गर्न पाउने हक निवेदकमा निहित छ {दफा ८ (३२)} ।

विश्लेषण :

सूचना प्राप्तिको अनुरोध प्रक्रियासम्बन्धी व्यवस्था राम्रो बनाइएको छ तर निवेदकले सूचनाको माग गर्दा कारण खुलाउनुपर्ने प्रावधान सूचनाको हकको आधारभूत कानुनसँग बाझिएको देखिन्छ किनभने सूचनाको सम्बन्ध सरकारसँग भन्दा जनतासँग बढी हुन्छ र उक्त सूचनालाई प्रकाशमा ल्याउन नहुने पर्याप्त कारण सार्वजनिक निकायसँग नभएसम्म त्यो सूचना निवेदकका लागि उपलब्धयोग्य मानिन्छ । वस्तुतः धेरै देशका सूचनाको हकसम्बन्धी कानुनमा निवेदकको मागबारे स्पष्टीकरण दिनु नपर्ने प्रावधानहरू छन् ।[१८]

ऐनले सूचनाको माग सम्बन्धित सूचना अधिकृतसमक्ष बाहेक अन्य आवश्यक प्रक्रियागत विषयमा केही उल्लेख गरेको छैन । यो राम्रो व्यवस्था हो किनभने यसले मागकर्तालाई अनावश्यक प्रशासनिक झमेलामा पार्दैन । यसले अनुरोध मौखिक वा लिखितरूपमा गर्नुपर्छ र यदि अनुरोध अस्पष्ट र ज्यादै झन्झटिलो भएको अवस्थामा के गर्ने भन्नेजस्ता आधारभूत प्रश्नहरूलाई स्पष्ट गर्न मद्दत गर्नसक्छ । लिखित अनुरोधमा मौखिक अनुरोधमा भन्दा केही स्पष्ट फाइदाहरू छन्, जस्तैः अभिलेख गर्न, प्रतिलिपि बनाउन र अर्को विभागमा पठाउन । तर लिखित अनुरोध पेस गर्नुपर्ने आवश्यकताले लेख्न असमर्थ व्यक्तिलाई

[१८] उदाहरणका लागि हेर्नुहोस्, Right to Information Act of India, धारा ६(२), Federal Transparancy and Access to Public Government Information Law of Mexico, धारा ४०, Freedom of the Press Act of Sweden, अध्याय २, धारा १४(३) Promotion of Access to Information Act of South Africa, धारा ११(३)(क), Act on the Openness of Administration of the Netherlands, धारा (३)(ग)। अगाडि हेर्नुहोस्, युरोपेली परिषद्को मन्त्रिस्तरीय समिति, प्रिन्सिपल ५ को सिफारिस २ ।

गाह्रो हुन जान्छ ।

निवेदन दर्ता गर्दाको समयमा निवेदकले आफ्नो विस्तृत सम्पर्क विवरण दिनुपर्ने कुरा उल्लेख गर्नु व्यवहारिक कारणले उपयोगी हुनसक्छ । यद्यपि, यो कुरा सूचना प्रदान गर्नुको आवश्यकताभन्दा ठूलो कुरा चाहीँ होइन । केही देशहरूमा नाम गोप्य राखी अनुरोध पेस गर्ने अधिकार पनि स्पष्टरूपमा प्रत्याभूत गरिएको छ । सूचनाको हकको व्यवस्था भएको सबैभन्दा पुरानो देश स्वीडेनमा यस अधिकारलाई संवैधानिक रूपमा प्रत्याभूत गरिएको छ ।[१९]

यथासम्भव छिटो र कुनै पनि अवस्थामा १५ दिनभित्र सूचना उपलब्ध गराउने दायित्व उपयुक्त र केही प्रजातान्त्रिक मुलुकहरूमा अभ्यास गरिएको नियम हो । जटिल अनुरोधहरू असामान्य र जटिल भएको अवस्थामा धेरै देशहरूले समय सीमा बढाउने अनुमति दिन्छन् र एक पटकका लागि १५ दिन थप गरिन्छ । यस्ता अवस्थाहरूमा सार्वजनिक निकायले निवेदकलाई लिखितरूपमा ढिलो हुनुको कारण खुलाएर सो को जानकारी दिनुपर्छ । सूचनाको हकसम्बन्धी ऐनले यस्ता नियमहरूको जानकारीबाट फाइदा लिन सक्छन् किनभने सैद्धान्तिकरूपमा केही अवस्थाहरूमा १५ दिने समयसीमा अवास्तविक रूपमा कडा हुनसक्छ । यदि कर्मचारीले उक्त समयसीमाले आफूमाथि अनावश्यक जिम्मेवारी थपेको महशुस गरेमा ऐन कार्यान्वयनमा समस्या पर्छ ।

सूचना प्राप्तिका लागि गरिएको अनुरोध जुन निकायलाई पेस गरिएको हो यदि उक्त निकायसँग त्यस्तो सूचना छैन भने त्यस्तो अवस्थामा सूचना अधिकृतले निवेदकलाई सो को सूचना दिनेछन् भन्ने सामान्य व्यवस्था ऐनले गरेको छ । अनुरोध गरिएको सूचना हुँदै नभएको अवस्थामा यस्तो जवाफ उपयुक्त हुनसक्छ तर सूचना चाहीँ छ तर अन्यत्र कहीँ छ भने त्यस्तो अवस्थामा सूचना अधिकृतले निवेदकलाई सूचित गरेर जुन निकायले त्यो सूचना दिनसक्छ त्यही निकायमा पठाउनुपर्दछ ।

दफा ८(३) मा उल्लिखित सूचना प्राप्त गर्दा लाग्ने शुल्क 'सूचना दिँदाको वास्तविक शुल्क'मा आधारित हुनेछ भन्ने सिद्धान्त स्वागतयोग्य छ । तर यसले शुल्क गणना गर्दा कुन चाहीँ मूल्य समावेश गर्ने भन्ने स्पष्ट गर्दैन । धेरै देशका सरकारहरूले सूचना माग गर्दा शुल्क लगाउने कार्य आफैँमा महङ्गो हुने र सानो अनुरोधका लागि शुल्क संकलन गर्नु फाइदाजनक नहुने अनुभव गरेका छन् । त्यसैले कहिलेकाहीँ सुरुका ५० पृष्ठसम्म निःशुल्क दिइन्छ ।

५. खुलापन अभिवृद्धिका उपायहरू

दफा ४ ले हरेक सार्वजनिक निकायलाई नागरिकको सूचनाको हकलाई 'सम्मान र सुरक्षा' गर्ने जिम्मेवारी प्रदान गरेको छ । दफा ४(२)(क) मा सार्वजनिक निकायहरूले सूचनालाई वर्गीकरण गर्ने, अद्यावधिक गर्ने र त्यसलाई सार्वजनिक गर्ने, प्रकाशन गर्ने वा प्रसारण गर्ने कार्य गर्नुपर्ने प्रावधान छ । दफा ५(३) ले कुनै निकायको स्वरूप, प्रकृति, काम, कर्तव्य र अधिकार, निर्णयप्रक्रियाजस्ता कार्यात्मक आधारमा उपलब्ध गराउनै पर्ने सूचनाका श्रेणीहरूको सूचीका बारेमा उल्लेख गरेको छ । ती सूचनाहरू कुनै राष्ट्रिय भाषा वा अन्य सञ्चारमाध्यमबाट प्रसारित गर्न सकिन्छ {दफा ४(३)} र ती सूचनाहरूलाई हरेक ३ महिनामा अद्यावधिक गर्नुपर्दछ {दफा ५(४)} ।

विश्लेषण :

सूचनालाई कार्यात्मक आधारमा प्रकाशित गर्नुका अतिरिक्त सूचना प्राप्तिको प्रक्रियालाई 'सरल र सामान्य बनाउनु, आफ्ना कार्यहरू खुलारूपमा सञ्चालन गर्नु र कर्मचारीलाई उपयुक्त तालिम प्रदान गर्नु सार्वजनिक निकायहरूको सामान्य दायित्व हो ।

[१९] सञ्चार स्वतन्त्रता ऐन , स्वीडेन, अध्याय २, धारा १४(३)।

सूचनाको हकसम्बन्धी अधिकांश समसामयिक कानुनहरूले सार्वजनिक निकायलाई निश्चित खालका केही महत्वपूर्ण सूचनाहरू प्रकाश गर्ने, कुनै अनुरोध नआएको अवस्थामा पनि सार्वजनिक गर्ने र कहिलेकाहीं त्यो अभ्यासलाई नियमित बनाउने जिम्मेवारी सुम्पेका छन् । धेरैलाई सूचना प्राप्तिका लागि सार्वजनिक निकायसमक्ष मागपत्र दर्ता गर्न गाह्रो र असजिलो लाग्ने हुनाले सूचनालाई नियमितरूपमा सार्वजनिक गर्ने कार्य सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रमुख तत्व हो । जनतालाई सरकारको क्रियाकलापमा सहभागी गराउन र सार्वजनिक निकायसँग रहेको सूचनाबाट फाइदा लिनसक्ने बनाउन जतिसक्दो धेरै सूचनाहरू प्रकाशित गर्नुपर्छ । यसको अर्थ के हो भने सूचना प्राप्तिका लागि व्यक्तिले अनुरोध प्रक्रियामा गइरहनु नपरोस्, जसले वास्तवमा सार्वजनिक निकायहरूको झन्झटलाई पनि कम गर्न सकिन्छ भन्ने हो ।

धेरैजसो देशहरूको अनुभवले के देखाउँछ भने सार्वजनिक निकायहरूमा रहेको कमजोर सूचना संगठन र कार्यप्रणाली प्रभावकारी सूचनाको हकको व्यवस्थाका लागि सबैभन्दा ठूलो व्यवधान हो । त्यसकारण सूचना व्यवस्थापनमा सुधार गर्नु सूचनाको हकसम्बन्धी कानुनको महत्वपूर्ण लक्ष्य हुनुपर्दछ । एउटा केन्द्रीय आधिकारिक निकाय, सम्भवत राष्ट्रिय सूचना आयोगलाई विभिन्न सार्वजनिक निकायहरूबाट सूचना संकलन गर्ने र सूचनाहरूलाई कसरी संगठित गर्ने, अद्यावधिक गर्ने, नष्ट गर्ने र अन्यत्र सार्ने भन्नेजस्ता कुराहरू समावेश गरिएको आचारसंहिता लागू गर्ने जिम्मेवारी दिनुपर्दछ ।

ऐनको दफा १९ ले राष्ट्रिय सूचना आयोगले वहन गर्नुपर्ने सुधारमूलक कामको सूची दिएको छ । उक्त आयोगले अरू पनि प्रशस्त त्यस्ता भूमिका वहन गर्न सक्छ । सूचनालाई राम्ररी व्यवस्थित गरिए पनि साना सार्वजनिक निकायहरूलाई सूचना प्रकाशित गर्ने दायित्व पालना गर्न गाह्रो हुन्छ । निर्देशिका प्रकाशन गर्ने र सार्वजनिक निकायबाट आएका तात्कालिक प्रश्नहरूको उत्तर दिनेजस्ता कार्यमा सहयोग गरेर राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायहरूको अप्ठ्यारो कम गरिदिनसक्छ ।

६. पुनरावेदन

दफा ९ र १० मा कुनै सार्वजनिक निकायले सूचनाको हकप्रति गरेको वेवास्ता र सूचनाको हकसम्बन्धी ऐनको परिपालनामा देखिएको कमजोरीविरुद्ध उजूरीको व्यवस्था गरेको छ । शुरुमा निवेदकले मागेको सूचना दिन इन्कार गरेमा त्यसबारे सात दिनभित्र सम्बन्धित सार्वजनिक निकायको प्रमुख समक्ष उजूरी गर्न सक्छन् । कार्यालय प्रमुखले सूचना दिने वा पहिलेकै निर्णयलाई सदर गर्ने भन्ने कुराको निर्णय केही दिनभित्रै गर्न सकिने व्यवस्था छ (दफा ९) ।

उक्त निकायको प्रमुखको सो निर्णयप्रति निवेदक सन्तुष्ट छैन भने ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दर्ता गर्नसक्छ । त्यसपछि आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकृतलाई आफूसमक्ष उपस्थित गराउन र उनीहरूको बयान लिनुका साथै साक्षी बुझ्ने, प्रमाणको समीक्षा गर्ने र सार्वजनिक निकायसँग रहेको सूचनाको निरीक्षण गर्ने कार्य गर्न सक्छ । आयोगले ६० दिनभित्र निर्णय दिनुपर्नेछ (दफा १०) । आयोगको निर्णयविरुद्ध ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सकिनेछ (दफा ३४) ।

दफा ११ देखि १८ ले राष्ट्रिय सूचना आयोगको स्थापना र गठन प्रक्रियाको बारेमा व्यवस्था गरेको छ । आयोगमा एकजना प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्त रहनेछन्, जो संसद्को सभामुखको अध्यक्षतामा गठित सूचना तथा सञ्चारमन्त्री र नेपाल पत्रकार महासंघका सभापति सम्मिलित तीन सदस्यीय समितिको सिफारिसमा सरकारद्वारा नियुक्त हुन्छन् {दफा ११ (१)-(४)} । दफा १९ ले आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ जसअन्तर्गत सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका विवरण र सूचनाहरू निरीक्षण र अध्ययन गर्ने, सार्वजनिक निकायलाई सूचना सार्वजनिक गर्न आदेश दिने, सूचना प्रदान गर्न समय तालिका प्रदान गर्ने आदि पर्दछन् ।

विश्लेषण :

माथि छलफल गरिएझैँ सूचनाको हकसम्बन्धी ऐनले सूचना प्राप्तिका लागि गरिएको अनुरोध सार्वजनिक निकायले सुनुवाई नगरेमा त्यसविरुद्ध उजूरी गर्नु अगाडि निवेदकले सार्वजनिक निकायको प्रमुखबाट पुनर्विचार होस् भन्ने चाहन्छ । यस्तो विषय धेरै देशहरूमा पाइन्छ । यसका धेरै फाइदाहरू छन् । यसले आयोगमा अनावश्यक उजूरी पर्नबाट रोक्न मद्दत गर्दछ । तर अर्कोतिर यसले सूचना उपलब्ध गराउने कार्यमा नियतवश ढिलाइ गर्न सार्वजनिक निकायलाई साधनको रूपमा काम पनि गर्दछ । त्यसकारण यस्तो दुरूपयोगलाई न्यून गराउन उक्त निकायका प्रमुखले यति दिनभित्र निर्णय लिनैपर्छ भनेर समयसीमा तोक्न उपयुक्त हुन्छ ।

सूचना अधिकृतले सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको, आंशिक सूचना उपलब्ध गराएको, गलत सूचना दिएको अथवा सरोकारवाला निवेदकलाई सूचना दिन अस्वीकार गरेको आदि अनगिन्ती अवस्थाहरूमा निवेदकले सार्वजनिक निकायको प्रमुखसमक्ष उजूरी गर्न पाउँदछ {दफा ९(१)} । यी सकारात्मक नियमहरू हुन् तर अरू पनि यस्ता अवस्थाहरू छन् जसमा उजूरी गर्न अनुमति दिइन्छ । जस्तैः अनुरोध गरिएको ढाँचामा सूचना नदिनु, विना कुनै कारण छिटो सूचना उपलब्ध नगराउनु, दफा ७ (२) र ७ (५) को उल्लङ्घन गर्नु, अनावश्यक शुल्क लिनु (माथि अध्याय २,३,४ मा छलफल गरिसकिएको छ कि निवेदकले शुल्क महङ्गो भएमा आयोगमा उजूरी गर्नसक्छ तर सार्वजनिक निकायको प्रमुखलाई सक्दैन) यी अवस्थाहरूलाई उजूरी गर्नका लागि छुट्टै थप अवस्थाका रूपमा सूचीबद्ध गर्न सकिन्छ । अथवा ऐनमा सूचना प्राप्तिका लागि गरिएको अनुरोध जुनसुकै कारणले इन्कार भएमा ऐनबमोजिम् निवेदकले उजूरी गर्नसक्छ भन्ने कुरा जनाएर ऐनलाई संशोधन गर्न सकिन्छ ।

उजूरी दर्ताका लागि दिइएको ७ दिने म्याद अनावश्यकरूपमा कडा देखिन्छ । सूचना तत्कालै चाहिएको अवस्थामा धेरै निवेदकले छोटो अवधिभित्रै उजुरी दर्ता गर्लान् तर उजुरी १४ वा २१ दिनपछि किन स्वीकार नगर्ने ? त्यसको कुनै उचित कारण ऐनमा दिइएको छैन । यदि सार्वजनिक निकायको प्रमुख समक्ष दिइएको उजूरीबाट सन्तोषजनक निष्कर्ष निस्किएन भने निवेदकले राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन गर्न सक्नेछ । यस्तो पुनरावेदन पनि शुरु उजूरीजस्तै नै हो ।

ऐनले राष्ट्रिय सूचना आयोगलाई सार्वजनिक निकायहरूमा रहेको सूचना निरीक्षण गर्ने र सो साक्षी उभ्याउने जुन अधिकार तोकेको छ उक्त प्रक्रिया पुनरावेदन सुन्ने सवालमा अलिक विस्तारमा अवलम्बन गरिनुपर्छ । दफा १० (५) मा उक्त प्रक्रिया 'तोकिएबमोजिम् हुनेछ' भन्ने सामान्य व्यवस्था मात्र गरिएको छ । साँच्चै भन्ने हो भने आयोगले ग्रहण गरेका प्रक्रियागत नियमहरू आफैँमा उपयुक्त छन् । यद्यपि, ऐनमा दुईवटा महत्वपूर्ण कुराहरू उल्लेख गर्नुपर्छ । पहिलो, पुनरावेदनका क्रममा आयोगको अगाडि दुबै पक्षको प्रतिनिधित्व गर्न पाउने अधिकार र दोस्रो, सत्यता प्रमाणित गर्ने जिम्मा, जुन हमेसा सार्वजनिक निकायको नै हुनुपर्दछ ।

सूचना प्राप्तिको अनुरोधलाई अनुचितढङ्गले व्यवहार गरिएको अवस्थामा सम्बन्धित निकायलाई जरिवाना गर्ने र यस्तो अनुचित प्रक्रियाका कारण घाटा व्यहोर्नु परेको भए निवेदकलाई क्षतिपूर्ति प्रदान गर्न निर्देशन दिने आयोगको अधिकार स्वागतयोग्य छ ।

७. राष्ट्रिय सूचना आयोग

राष्ट्रिय सूचना आयोग स्थापना हुनु एउटा प्रशंसनीय काम हो र यसले नेपालमा सूचनाको हकको प्रभावकारी संरक्षणमा मद्दत गर्नेछ । विश्वका धेरैजसो देशहरूको अनुभवले के देखाएका छन् भने स्वतन्त्र सूचना आयोगहरू सूचनाको हकको प्रभावकारी संरक्षणमा अदालतका लागि आवश्यक परिपूरक निकाय हुन् । तिनीहरूले सूचनाको उपलब्धताका सम्बन्धमा विशिष्ट दक्षता विकास गर्न सक्छन् । तिनीहरूले पुनरावेदनका घटनाहरूलाई छिटो र अदालतको भन्दा कम खर्चमा सम्पादन गर्न सक्छन्, ताकि तिनीहरू साधारण जनताका लागि बढी पहुँचयोग्य बन्न सकून् । सूचना आयोगहरू सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन र चेतना अभिवृद्धिमा सहयोग पुग्ने क्रियाकलापहरू सम्पादन गर्न बढी सक्षम हुन्छन् ।

विश्लेषण :

जनताको विश्वास जित्नका लागि सूचना आयोग सरकारबाट वास्तवमै स्वतन्त्र हुनुपर्छ किनभने यसले सरकारका क्रियाकलापहरूको निरीक्षण गर्ने हो । आयोगका पदाधिकारी चयन गर्न गठन हुने तीन सदस्यीय उच्चस्तरीय सिफारिस समितिमा एउटै राजनीतिक दलको प्रतिनिधित्व हुने सम्भावना रहेका दुईजना र नागरिक समाजका प्रतिनिधि एकजना छन् । नेपाल पत्रकार महासंघका सभापतिका रूपमा कम्तिमा एक जना नागरिक समाजको प्रतिनिधित्व हुनु केही सकारात्मक कुरा हो तर यो व्यवस्था स्वतन्त्ररूपमा निर्णय लिनका लागि पर्याप्त छैन । नियुक्ति प्रक्रियामा सार्वजनिक सुनुवाई, प्रष्ट विधि र पारदर्शिता देखिन्न ।

सूचनाको हकसम्बन्धी कानुनले आयोगको आर्थिक स्वतन्त्रताका लागि बलियो सुरक्षा प्रदान गर्नुपर्छ । सरकारी अनुदान सरकारको दबाब लागू गर्ने साधनको रूपमा प्रयोग हुनसक्छ । त्यसैले सरकारको अनुदान सहयोगमा मात्र निर्भर रहनुभन्दा आयोगले आफ्नो बजेट आफैँ बनाउनुपर्छ र त्यसलाई संसद्ले अनुमोदन गर्नुपर्छ । आयोगको निर्णय गराइमा प्रभाव पार्ने कुनै पनि सम्भावनालाई हटाउन ऐनले आयोगका सदस्यहरूको पारिश्रमिक विद्यमान निजामती सेवा वा न्याय सेवासँग मेल खाने गरी उचितरूपमा तोक्नुपर्छ । तर सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले आयोगलाई राज्ययन्त्रभित्र निरीह संयन्त्रका रुपमा सीमित गरेको छ ।

असल नियतले गरेको कार्यको बचाउ

यस ऐनले असल नियतले सूचनालाई प्रकाशमा ल्याउन कामलाई दुई प्रकारले संरक्षण दिएको छ । पहिलो, सत्य कुरा प्रकाशमा ल्याउने उद्देश्यले सूचना सार्वजनिक गरेको अवस्थामा सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीमाथि कुनै अभियोग लगाईंदैन र सजाय पनि तोकिँदैन भन्ने कुरा दफा ३६ ले गरेको छ । अर्को शब्दमा जुन सूचनालाई दफा ३ ले व्यवस्था गरेबमोजिम् अपवादका आधारमा गोप्य राखिन्थ्यो, जुन काम (सूचना उद्घाटन गर्ने कार्य) असल नियतले गरिएको हो भने सो सूचना प्रकाशमा ल्याएवापत कुनै राष्ट्रसेवकमाथि उजुरी लाग्नेछैन । दोस्रो, दफा १९ ले आफ्नो रोजगारदाता संस्थाले गरेको अनियमितता बाहिर ल्याउनेलाई सुरक्षा प्रदान गर्दछ । यसले प्रचलित कानुनविपरीत भइरहेको कुनै कुराको सूचना दिनु वा सम्भाव्य भ्रष्टाचार र अनियमिततासम्बन्धी सूचना प्रदान गर्नु सार्वजनिक निकायका कर्मचारीहरूको जिम्मेवारी हो भन्ने बुझाउँछ । परिच्छेद ३ को व्यवस्थाअनुसार आफ्नो रोजगारदाता संस्थाले गरेको अनियमितता सार्वजनिक गर्नेलाई सजाय दिन वा कुनै असर पुऱ्याउन पाईंदैन र उक्त व्यक्तिलाई सजाय गरियो भने त्यसविरुद्ध आयोगसमक्ष उजुरी दिने र क्षतिपूर्तिको माग गर्ने अधिकार परिच्छेद ४ ले प्रत्याभूत गरेको छ ।

विश्लेषण :

बचाउका यी दुई उपायहरू समर्थनयोग्य छ । असल भावनाले गरिएको सूचनाको सार्वजनिकरणले कर्मचारीलाई दण्डित गरिँदैन भन्ने प्रत्याभूति दिन्छ । रोजगारदाता संस्थाले गरेको अनियमितताको उद्घाटन गर्ने व्यक्तिको सुरक्षा कुनै पनि सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रभावकारिताका लागि महत्वपूर्ण कुरा हो र यसले गोप्यताको संस्कृतिलाई समाधान गर्न मद्दत गर्दछ ।

दफा २९ लाई दुईवटा तरिकाले सुधार गर्न सकिन्छ । पहिलो, आफ्नो रोजगारदाता संस्थाले गरेको अनियमितताको उद्घाटन गर्ने व्यक्तिको सुरक्षा असल भावनाले गरेको सार्वजनिकरणमा मात्रै लागू गर्नुपर्छ । यो विश्वासमा उक्त सूचना पर्याप्त मात्रामा साँचो छ किनभने कुनै कर्मचारीले नियतवश कुनै व्यक्तिको बेइज्जत गर्नेजस्तो अनुचित उद्देश्यले सूचना प्रकाशमा ल्याउने गरेको अवस्था पनि हुनसक्छ । दोस्रो, आफ्नो रोजगारदाता संस्थाले गरेको अनियमितताको उद्घाटन गर्ने व्यक्तिको सुरक्षाको प्रबन्ध खाली भ्रष्टाचार र अनियमितता सार्वजनिक गर्ने सूचनाको प्रकाशमा ल्याएको अवस्थामा मात्रै लागू नगरेर सामान्यतया सार्वजनिक सरोकारका विषयका गम्भीर कुराहरू जस्तै, जनस्वास्थ्य, सुरक्षा, र वातावरणीय खतराको सार्वजनिक गर्ने अवस्थामा पनि लागू गर्नुपर्छ ।

३.३ छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन, २०४८

क) परिचय

अभिव्यक्ति स्वतन्त्रताको मर्यादित एवम् जिम्मेवारीपूर्ण तवरले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न; निर्भीक, मर्यादित एवम् जिम्मेवार पत्रकारिताको स्थापना गर्न; अभिव्यक्ति स्वतन्त्रतालाई स्वतन्त्र एवम् निर्भीक ढङ्गले उपयोग गर्नसक्ने वातावरण सिर्जना गर्न तथा विभिन्न वर्ग र क्षेत्रका जनताबीच सुसम्बन्ध, सदाचार एवम् नैतिकतालाई कायम राख्नका लागि छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐनको व्यवस्था भएको हो ।

ख) परिभाषा

ऐनले प्रकाशन भन्नाले किताब, समाचारपत्र, समाचार पत्रिका, अन्य पत्रपत्रिका र लिखितपत्रहरू भनी परिभाषा गरेको छ । साथै, छापाखानालाई त्यस्तो प्रकाशनहरू निकाल्ने एउटा भौतिक साधनको संज्ञा दिएको छ । अर्थात् छाप्ने मेशिन, टाइप, लिथो गर्ने मेशिन, सबै कलहरू, ज्यावल, कार्यालय र यस्ता हिस्साहरूको समग्र रूप नै छापाखाना हो । तसर्थ प्रकाशन गर्नु नै छापाखानाको स्थापना हुनुको मुख्य उद्देश्य हो । ऐनले किताब, समाचारपत्र, समाचार पत्रिका, पत्रपत्रिका, अन्य पत्रिका, लिखतपत्र आदि शब्दको परिभाषासमेत गरेको छ ।

विश्लेषण :

ऐनले छापाखाना र प्रकाशनलाई एउटै कानुनअन्तर्गत व्यवस्था गरेको छ । वर्तमान समयमा छापाखाना र प्रकाशन दुई फरक र पृथक विषयवस्तु भएकोले दुवैलाई छुट्टाछुट्टै कानुन तर्जुमा गरी लागू गर्नु जरुरी देखिन्छ । तुलनात्मकरूपमा छापाखाना आफैँमा एउटा सानो विषयवस्तु हो । ऐनले पनि छापाखानालाई थोरै ठाउँ दिएर अरू प्रायः सबै ठाउँमा प्रकाशन भइसकेको अवस्थापछिको विषयवस्तुलाई बढी ठाउँ दिएको छ । प्रायः देशहरूमा प्रेस कानुनको रूपमा पत्रपत्रिका प्रकाशनका प्रक्रियागत कार्यविधि, पत्रपत्रिका र पत्रकारको व्यावसायिक आचार, व्यवहार, दण्ड सजाय, श्रमजीवी पत्रकारहरूको हकहित र सेवा सुविधाजस्ता विषयहरू समेटेको देखिन्छ । साथै, छापाखानाले उद्योगको कार्य गर्ने हुनाले उद्योगसरह दर्ता गरी सञ्चालन गर्न व्यवस्था गरेको देखिन्छ ।

ग) छापाखानासम्बन्धी व्यवस्था

ऐनको दफा ३ मा छापाखाना दर्ता गर्ने अधिकार स्थानीय अधिकारीलाई दिएको छ । सञ्चालन गर्न चाहने व्यक्तिले सोही स्थानको जिल्ला प्रशासन कार्यालयका अधिकारीसमक्ष निवेदन दिई दर्ता प्रमाणपत्र लिनसक्ने व्यवस्था छ । साथै, कुनै एक

जिल्लामा दर्ता भएको छापाखाना अर्को जिल्लामा लगी सञ्चालन गर्नुपर्ने भएमा पुनः निवेदन दिई नयाँ छापाखाना दर्ता गरेबमोजिमको कार्यविधि अपनाउनुपर्ने उल्लेख छ।

विश्लेषण :

ऐनको दफा ३ (५) बमोजिम कुनै एक जिल्लामा दर्ता भएको छापाखाना अर्को जिल्लामा सञ्चालन गर्नुपर्ने भएमा ऐनमा तोकेबमोजिम्को दरखास्त दिनुपर्ने व्यवस्था कठिन र असान्दर्भिक छ। एकपटक एक जिल्लामा दर्ता गरेको छापाखानाले केही सहज कार्यविधि अपनाई अर्को जिल्लामा कार्यसञ्चालन गर्न पाउने गरी व्यवस्था गर्नु उपयुक्त हुन्छ। किनकी उक्त छापाखानाको प्रायः सबै विवरण सरकारसँग पहिले नै सुरक्षित साथ रहेको हुन्छ।

ऐनले सञ्चालन गर्न चाहने 'व्यक्ति' ले निवेदन दिई स्वीकृति लिनसक्ने भनेबाट विदेशीले पनि छापाखाना दर्ता गर्न पाउने व्यवस्था गरेको देखिन्छ। तर विदेशीले दर्ता प्रक्रियामा कति प्रतिशत लगानी गर्नसक्ने भन्ने कुरा पनि खुलाएको छैन। भारतलगायत विभिन्न देशमा छापाखानामा पनि विदेशी लगानी गर्न सकिने व्यवस्था गरेको छ। छापाखाना सञ्चालनसम्बन्धी व्यवस्था प्रेस ऐनमा राख्नु सान्दर्भिक देखिँदैन। केवल कुनै प्रकाशन आधारमा छापाखाना बन्द गरिने छैन भन्ने सुरक्षाको व्यवस्था बाहेक अन्य व्यवस्था प्रेस कानुनमा सान्दर्भिक नभई उद्योग-व्यवसायसँग सम्बन्धित विषय भएकोले यससम्बन्धी व्यवस्था प्रकाशन ऐनमा राख्नु आवश्यक छैन। यसैगरी सार्वजनिक सुरक्षा सामाजिक मर्यादाका विपरीत सामाग्री वेनामी ढंगले नछापिउन् भन्ने प्रयोजनका निमित्त मात्र छापाखाना नियमन गर्नुपर्ने हो। यसका लागि पत्रपत्रिका प्रकाशन ऐनमा जोडिराख्नु उपर्युक्त देखिँदैन। ऐनको नाम पत्रपत्रिका प्रकाशन ऐन राखी विषयवस्तुहरू पनि पत्रपत्रिकाको नियमनमा मात्र सीमित गरिनु आवश्यक देखिन्छ।

घ) पत्रपत्रिका दर्ता प्रक्रिया

सार्वजनिकरूपमा बिक्री-वितरण हुने पत्रपत्रिका नेपाल अधिराज्यभित्र कुनै व्यक्ति वा संगठित संस्थाले प्रकाशित गर्न चाहेमा तोकिएको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनुपर्छ। स्थानीय अधिकारीले सो दरखास्तउपर आवश्यक छानविन गरी तोकिएबमोजिम् अस्थायी प्रमाणपत्र दिने व्यवस्था गरेको छ। अस्थायी प्रमाणपत्र पाएपश्चात् स्थानीय अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ। यसरी प्रेस रजिष्ट्रारले सूचना पाएपछि सो पत्रपत्रिकाको नाम अन्य पत्रपत्रिकासँग मिल्ने रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने स्वीकृति दिने र सोही स्वीकृतिबमोजिम् स्थानीय अधिकारीले दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिने व्यवस्था गरेको छ। {दफा ७ (१) (२) (३) (४) (५)}

विश्लेषण :

ऐनको यो व्यवस्थाले पत्रपत्रिकाको दर्ता प्रक्रिया निकै झन्झटिलो बनेको छ। जिल्ला प्रशासन कार्यालयले दर्ता प्रमाणपत्र दिने व्यवस्था गरेको छ। तर, पत्रपत्रिकाको नाम दोहोरिन नदिन केन्द्रीयस्तरमा समेत प्रेस रजिष्ट्रारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। यसको साथै, कम्पनी वा सहकारी ऐनअन्तर्गत संगठित संस्थाले पुनः पत्रिका दर्ता गर्नुपर्ने व्यवस्थाले दोहोरो दर्ताको बोझ थपेको छ। यसरी पैंतीस दिनभित्र अस्थायी प्रमाणपत्र दिने व्यवस्थाले दरखास्तवालाले अनावश्यक ढिलाई खप्नुपर्ने सम्भावना हुन्छ। त्यसमा पनि सो अस्थायी प्रमाणपत्र पाएको कति दिनभित्र प्रेस रजिष्ट्रारले स्थायी प्रमाणपत्र दिनको लागि स्वीकृति दिने भन्ने व्यवस्था नभएबाट अन्योल सिर्जना भएको छ। ऐनको दफा ७ (६) मा प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा स्थानीय अधिकारीले सोही कुराको जानकारी दरखास्त परेको मितिले सामन्यतया तीन महिनामा दिनुपर्ने भन्ने व्यवस्थाले दरखास्तवालालाई झनै बढी निरुत्साहित गरेको स्पष्ट देखिन्छ।

त्यसकारण पनि कम से कम महिना-महिनामा बुलेटिन निकाली साथै रजिष्ट्रारको कार्यालयको आफ्नो वेवसाइटमा नाम राखेमा जुधे-नजुधेको हेर्न सक्ने पारदर्शिता कायम हुनसक्छ । व्यवहारमा प्रायः नाम जुध्न गएको भनी लम्व्याउने चलन पनि छ । पत्रपत्रिकाको दर्ताको वर्तमान प्रक्रिया अभिलेख प्रणालीलाई अध्यावधिक गर्ने सन्दर्भमा पनि उपर्युक्त देखिँदैन । जिल्ला प्रशासन कार्यालयहरूले व्यवहारमा अभिलेख प्रणाली व्यवस्थित गर्न सकेका देखिँदैन । प्रशासन कार्यालयमा इजाज लिनुपर्ने व्यवस्था पञ्चायतकालीन निरंकुशताको विरासत हो । पत्रिकाको अभिलेख नियमन गर्न नै प्रेस रजिष्ट्रारको कल्पना ऐनमा गरिए पनि त्यस व्यवस्थाको अस्पष्टताले गर्दा व्यथिति भएको देखिन्छ ।

प्रायजसो प्रजातान्त्रिक देशहरूमा पत्रपत्रिकालाई प्रकाशन गर्नुअघि दर्ता गर्न नपर्ने चलन छ । अमेरिका र अस्ट्रेलियाको कानुनमा सरकारको अनुमतिविना पनि समाचार पत्रिका प्रकाशन गर्नसक्ने प्रावधान रहेको छ । तर, उक्त पत्रपत्रिकामा वैधानिकरूपमा छापाखानाको नाम, ठेगाना साथै प्रकाशकको नाम, ठेगाना खुलाउनु आवश्यक छ । साथै, प्रकाशित सामग्रीको एकप्रति राष्ट्रिय पुस्तकालयमा पठाउनुपर्ने व्यवस्था अस्ट्रेलियाको प्रतिलिपि अधिकार ऐन, १९६८ ले गरेको छ ।

युरोपेली युनियनका केही देशहरूमा पनि प्रकाशन अनुमति आवश्यक नभएको कानुनी प्रावधान देखिन्छ । उदाहरणको लागि, साइप्रसमा कुनै पत्रिका प्रकाशित गर्नको लागि उक्त पत्रपत्रिकामा उल्लेख हुने विवरण खुलाई जिल्ला अदालतमा पेश गरी स्वीकृति लिने र उक्त स्वीकृतिपत्र प्रेस र सञ्चार कार्यालयमा बुझाउने प्रावधान छ जुन व्यवहारिक रूपमा एकदमै सरल र छिटो प्रक्रिया हो । तर,यसको लागि युरोपेली यूनियनको सदस्य राष्ट्रको व्यक्ति हुनुपर्ने व्यवस्था छ ।

ऐनमा 'दर्ता गर्न चाहने व्यक्ति' भनी उल्लेख गरिएकोमा विदेशीलाई समेत पत्रपत्रिका दर्ता गर्ने अधिकार दिएको देखिन आउँछ । तर अरू कुनै दफामा विदेशीको हकमा के कसरी कुन प्रक्रियाले दर्ता गर्न पाउने भन्ने व्यवस्था नभएकोले पनि ऐन अधुरो भएको देखिन्छ । प्रायः देशहरूमा विदेशीलाई समेत केही सेयर दिने व्यवस्था गरेको पाइन्छ । भारतमा विज्ञान, साहित्य र अन्य विशेष प्रकृतिको विषयका पत्रपत्रिका दर्ता गर्न परेमा ७४ प्रतिशतसम्म विदेशीले लगानी गर्न पाउन सक्ने र समाचार तथा घटनामूलक पत्रपत्रिकामा २४ प्रतिशत सेयर लिन पाउने व्यवस्था गरेको छ ।

पत्रपत्रिकाको स्वामित्वसम्बन्धी विस्तृत र प्रष्ट व्यवस्था ऐनमा थपिनु पर्दछ । पत्रपत्रिका सञ्चालन अभिव्यक्ति स्वतन्त्रताको अभ्यास र उद्योग-व्यवसाय दुवै हो । त्यसैले स्वामित्वको सिद्धान्त कायम गर्दा दुवै पक्षलाई सन्तुलन गर्न सक्नुपर्दछ । यस सम्बन्धमा सम्पादकीय नेतृत्व र व्यवस्थापकीय निर्णय क्षमता एवं नेतृत्व नागरिकमै रहने गरी पुँजी, प्रविधि र सीप लगानीका सम्बन्धमा भने विदेशीलाई पनि छुट दिनेगरी कानुन निर्माण गरिने सिद्धान्त धेरै देशले अवलम्वन गरेको पाइन्छ ।

ङ) पत्रपत्रिका खारेज, प्रतिबन्ध र निषेध

ऐनको दफा १३ मा एकपटक दर्ता भएको कुनै पत्रत्रिकामा कुनै समाचार, लेख वा पाठ्यसामग्री प्रकाशित गरेवापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गर्न नपाइने व्यवस्था गरेको छ । जुन संविधानद्वारा प्रत्याभूत गरेको मौलिक हकअन्तर्गतको अधिकार हो । तर, यसरी पत्रपत्रिका दर्ता खारेज नगरिने कानुनी अधिकार ऐनले प्रदान गरेको भए तापनि दफा १४ अन्तर्गत भने प्रकाशनमा प्रतिवन्ध लगाउने व्यवस्था गरेको छ । जसअन्तर्गत राजा वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अवहेलना वा द्वेष बढाउने वा राजाको प्रतिष्ठामा आँच आउने; नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने; नेपाल अधिराज्यको शान्ति, सुरक्षा र व्यवस्थामा खलल पर्न जाने; विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने; र, सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्नसक्ने प्रवृत्तिको प्रकाशनमा प्रतिबन्ध लगाउन सक्ने व्यवस्था छ । दफा १५ मा राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न नपाउने गरी निषेध गर्नसक्ने व्यवस्था छ ।

विश्लेषण :

ऐनले पत्रपत्रिकाको दर्ता खारेज गर्न निषेध गरेको छ । तर, विभिन्न अवस्थामा पत्रपत्रिका प्रकाशनमा अंकुस लगाएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा सार्वभौमसत्ता र राजकीयसत्ताको मालिक नेपाली जनता रहने कुरा उल्लेख गरिएको छ । संविधानको धारा १ को उपधारा १ ले संविधानलाई मूल कानुनको रूपमा स्वीकार गरी संविधानसँग बाझिएको कानुन बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरिएको छ । धारा २ मा सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने व्यवस्था छ । धारा १२ (३) मा विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको छ । साथै, धारा १५ (१) मा विद्युतीय प्रसारण, प्रकाशन तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृश्य सामग्रीको प्रकाशन गर्न वा छाप्न पाउने प्रत्याभूति गरेको छ । यी व्यवस्थालाई हेर्दा राजा वा राजपरिवारका सम्बन्धमा विशेष व्यवस्था गरेको देखिँदैन । यसरी ऐनले कुनै खास प्रकारको सुविधा नदिएको अवस्थामा राजा र राजपरिवारको हैसियत नेपाली नागरिकसरह हुने स्पष्ट देखिन्छ । त्यसकारण छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १४(क) संविधान प्रतिकूल छ । हाल उक्त दफा फ्रिडम फोरमद्वारा दायर रिटमाथिको अदालतको आदेशबमोजिम् खारेज भइसकेको भए तापनि ऐनमा यो दफालाई उल्लेख गर्नुले सरोकारावालाहरू झुक्किन सक्ने सम्भावना छ ।

यसैगरी ऐनको दफा १५ मा राष्ट्रिय हितलाई ध्यानमा राखी सरकारले सूचना, समाचार प्रकाशित गर्न रोक लगाउन सक्ने व्यवस्था विवादास्पद रहेको छ । यसै सम्बन्धमा फ्रिडम फोरमको तर्फबाट नारायणदत्त कँडेलले उक्त दफा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १५ (१) सँग बाझिएकोले बदर घोषित गरिपाऊँ भनी सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा अदालतले रिट खारेज गरेको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ का धारा १५ (१) को प्रतिबन्धात्मक वाक्यांशले उल्लेख भएका कुरामा मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिने संवैधानिक व्यवस्था गरेको र सोही परिधिभित्र रही विधायिकाले 'राष्ट्र र राष्ट्रियहित'का सन्दर्भमा कानुन बनाउन सक्ने भएकोले छापाखाना तथा पत्रपत्रिका ऐन २०४८ को दफा १५ संविधानसँग बाझिन नगएको भनी व्याख्या गरी रिट निवेदन खारेज गरेको थियो ।

ऐनले ७ (क) मा प्रमाणपत्र दर्ता खारेज गर्नसक्ने व्यवस्था गरेको छ । जसअन्तर्गत पत्रपत्रिका दर्ता भएको मितिले एक वर्षभित्र एक अंक पनि प्रकाशन नगरेमा वा पत्रपत्रिका प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सूचना-सूचना विभागलाई नदिएमा दर्ता खारेज गर्ने व्यवस्था गरेको छ । तर, प्रकाशित नगरेको त्यस्तो सूचना एकपटकमा बढीमा एक वर्षको अवधिमा लगेर लगातार पाँचपटक गरी पाँच वर्षभन्दा बढी अवधिको लागि दिन नपाइने भनेबाट ५ वर्षसम्म पत्रपत्रिका प्रकाशित नभए पनि सूचना दिएको भरमा पत्रपत्रिकाको खारेज गर्न नहुने कानुनी व्यवस्था गरेको देखिन्छ । यो प्रावधान स्वागतयोग्य भए तापनि कार्यान्वयनको अभाव छ । पत्रपत्रिकाको नाम असीमित कालसम्म कुनै व्यक्ति वा कम्पनीले रोकिराख्न पाउनु हाँस्यास्पद छ ।

च) विदेशी पत्रपत्रिका पैठारीसम्बन्धी व्यवस्था

राष्ट्रिय हित र मर्यादाविरुद्ध हुने कुराहरू गर्ने, राष्ट्रको शान्ति व्यवस्था र सुरक्षामा खलल पुऱ्याउने, विदेशी राज्य तथा सरकारसँगको सम्बन्ध खलल पुऱ्याउने, विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्नसक्ने अवस्थाहरूमा विदेशी पैठारीलाई सरकारले रोक लगाउन आदेश दिनसक्ने व्यवस्था गरेको छ ।

विश्लेषण :

ऐनको दफा १६ (२) मा रोक लगाइएका प्रकाशन पैठारी हुने शंका लागेमा भन्सार र हुलाक अधिकृतले त्यस्तो पैठारी रोकी राख्ने र सम्बन्धित प्रकाशन स्थानीय अधिकारीलाई चलानी गर्नुपर्ने व्यवस्था छ । यसरी प्राप्त प्रकाशन रोक्नैपर्ने अवस्था भएमा स्थानीय अधिकारीले रोक्नसक्ने अधिकार दिएको छ । साथै, सरकारले आवश्यक देखेमा कुनै पनि बखत रोक लगाइएका प्रकाशन पैठारी गर्न दिने व्यवस्थाले सरकारी स्वेच्छाचारीता बढ्नसक्ने हुन्छ । निश्चित मापदण्ड तयार पारी पैठारी भएको सामान रोक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । पैठारीमा रोक लगाएको प्रकाशन रोक लगाएपश्चात् सरकारले कब्जा गरी राख्ने हो वा सम्बन्धित प्रकाशकलाई फिर्ता पठाउने हो भन्ने कुरा स्पष्ट छैन । यसैगरी स्वदेशी प्रकाशनलाई प्रोत्साहन दिन विदेशी प्रकाशनमा केही शुल्क लगाउन सकिने मान्यता अन्तर्राष्ट्रिय रुपमा स्वीकारिएको छ । तर नेपाल कानुनमा यससम्बन्धी कुनै व्यवस्था छैन ।

छ) प्रेस रजिष्ट्रार

ऐनको दफा १९ मा प्रेस रजिष्ट्रारको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । रजिष्ट्रारले सामान्यतया पत्रपत्रिकाको स्थायी प्रमाणपत्र दिने, अद्यावधिक अभिलेख राख्ने, वार्षिक प्रतिवेदन तयार गर्ने, पत्रपत्रिकालाई दिइने सुविधाका सम्बन्धमा सरकारलाई सल्लाह दिनेजस्ता कार्यहरू गर्ने जिम्मेवारी तोकेको छ । यसैगरी श्रमजीवी पत्रकारसम्बन्धी संशोधित ऐनको व्यवस्था हेर्दा प्रेस रजिष्ट्रारको कार्य पत्रपत्रिकासम्बन्धी सम्पूर्ण विवरणहरूको अभिलेख राख्ने देखिएको छ ।

विश्लेषण :

ऐनमा प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकेको भए तापनि रजिष्ट्रार हुनको लागि न्यूनतम योग्यता तोकेको पाईदैन । साथै रजिष्ट्रारले पत्रकार र पत्रपत्रिकाको हितको लागि कार्य गर्ने हुनाले यस्तो अधिकारीहरूलाई सरकारले तोक्ने व्यवस्था गर्नु पनि सान्दर्भिक छैन । यसैसम्बन्धमा फ्रिडम फोरमले छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐन २०४८ मा व्यवस्था भएको प्रेस रजिष्ट्रारको नियुक्ति नगरिएकोले उक्त व्यवस्था कार्यान्वयन गरी पाऊँ भनी तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८ (२) अनुसार कानुनी हकको प्रचलनको लागि चढाएको रिटमा प्रेस रजिष्ट्रारको रूपमा सूचना विभागका महानिर्देशकलाई नै तोकिएको हुँदा त्यसैलाई नै नियमितता दिनु भनी सरकारको काममा परमादेश आदेश जारी गरेको थियो । यसरी प्रेस र पत्रपत्रिका सम्बन्धमा विवरण अभिलेख राख्ने र सरकारलाई सल्लाह सुझाव दिने व्यक्ति अन्य कुनै पदमा वहाल रहँदा कार्यसम्पादनमा कठिनाई हुने र विलम्ब हुने देखिन्छ । त्यस्तै, श्रमजीवी पत्रकार ऐनको पछिल्लो संशोधनले प्रेस रजिष्ट्रारको भूमिका र दायित्वको क्षेत्र विस्तार गरेको छ । तर सो ऐनले तोकेको जिम्मेवारी पूरा गर्न प्रेस रजिष्ट्रारको प्रबन्ध गरेको ऐनमा भने संकुचनकारी प्रावधान यथावत् देखिन्छ ।

ज) प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था

ऐनको दफा २० मा कुनै नेपाली वा विदेशी प्रेस वा सञ्चारसम्बन्धी संस्थाले नेपाल अधिराज्यभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरूको नाम, योग्यता र कार्यक्षेत्रसमेत उल्लेख गरी विवरण दिएमा सरकारले प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गरेको छ । संस्थाको सिफारिस र तोकिएको योग्यता संलग्न राखी दिएको निवेदनमात्र सरकारले हेरी निर्णय गर्ने व्यवस्था छ । स्वतन्त्र पत्रकारको हकमा पनि सोही कार्यविधि पूरा गरी प्रेस प्रमाणपत्र पाउनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी, नेपालको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिको लागि नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गरेको छ ।

ऐनले नेपाली वा विदेशी प्रेस वा सञ्चारसम्बन्धी संस्थाका प्रतिनिधिले पेश गरेको विवरण हेरी-बुझी प्रमाणपत्र दिने अधिकार सञ्चार मन्त्रालयको स्वीकृतिमा सूचना विभागलाई दिएको छ । प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोहीबमोजिम्को दरखास्त दिनुपर्ने व्यवस्था गरेको छ । तर, सोही दफाको उपदफा ७ मा प्रेस प्रतिनिधि तथा सोही दफाको उपदफा ७ मा प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम् हुने भनी ऐनअनुसारको नियमावली बनाई व्यवस्था गरेको छ । छापाखाना तथा प्रकाशन नियमावली २०४९ को नियम ९ मा प्रेस प्रतिनिधिको प्रमाणपत्रसम्बन्धी व्यवस्था गरेको छ ।

विश्लेषण :

पत्रकारहरूलाई राज्यको निकायले प्रमाणपत्र दिइनु नै अभिव्यक्ति तथा विचार स्वतन्त्रताको मान्यता र सिद्धान्तविरुद्ध हुनजान्छ । अभिव्यक्ति स्वतन्त्रताको हक सबैलाई हुन्छ । पत्रकारले यसको बढी प्रयोग गर्दछन् भनी प्रमाणपत्रको व्यवस्था गरेको देखिन्छ, जुन सैद्धान्तिकरूपमा विरोधाभाषपूर्ण देखिन्छ ।

नेपालमा प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्ने निकाय सूचना विभाग रहेको र उक्त निकाय काठमाडौंमा मात्र रहेकोले यो सरकार नियन्त्रित र केन्द्रीकृत व्यवस्था हुन पुगेको छ । राजधानीदेखि टाढा रहेका स्थानहरूमा पत्रकारका लागि व्यवहारिक कठिनाई देखिन्छ । राज्यले मान्यता दिइएका व्यक्तिले प्रमाणपत्र प्राप्त गरेर मात्र पत्रकारिता व्यवसाय गर्नुपर्ने र समाचार संकलन गर्नुपर्ने व्यवस्थाले सरकारको स्वेच्छाचारीतालाई कायम राख्दछ । आफूलाई मन परेको वा समर्थन गर्ने प्रेस वा सञ्चारमाध्यमका प्रतिनिधिलाई प्रेस पास दिन सक्ने र आफूविरुद्धका पत्रकार प्रतिनिधिलाई प्रमाणपत्र दिन अस्वीकार गर्ने अवस्था पनि सिर्जना हुनसक्छ ।

पत्रकारहरूलाई आवद्धता प्रदान गर्ने निकाय राज्य नभई व्यावसायिक संघ-संगठनहरू उपयुक्त हुने अवधारणा रहेको पाइन्छ । प्रजातान्त्रिक देशहरूमा केही विशेष स्थान वा सीमित अवसर भएका निकायका लागि राज्यका निकायले पारदर्शी र भेदभावरहीत ढङ्गले विशेष आवद्धता (एक्रिडेशन) दिने विषयलाई स्वीकारिए तापनि राज्यले विभिन्न सर्तसहित पत्रकार परिचय प्रदान गर्ने कुरालाई प्रजातान्त्रिक मूल्य-मान्यताअनुरूप मान्न सकिँदैन । नेपालमा छापाखाना तथा पत्रपत्रिका नियमावलीमा उल्लेखित केही सर्तसहित (जस्तो : शैक्षिक सर्त एस.एल.सी. पास हुनैपर्ने, स्वतन्त्र पत्रकार र सम्पादक हुन स्नातक हुनुपर्ने) जस्ता व्यवस्था पूरा गरेर मात्र सूचना विभागबाट आवद्धता लिनुपर्ने व्यवस्था छ । व्यवहारिक दृष्टिबाट यी प्रावधानहरू त्यति विवादास्पद नभए पनि सैद्धान्तिकरूपमा भने यस्तो व्यवस्थालाई 'सामान्य' मान्न सकिँदैन । यस व्यवस्थालाई श्रमजीवी पत्रकार ऐनले प्रेस रजिष्ट्रारलाई प्रदान गरिएको दायित्व श्रमजीवी पत्रकार (पहिलो संशोधन) ऐन, २०५१ सँग तुलना गर्दा दोहोरो र अनावश्यक देखिन सक्छ । त्यसैले श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेअनुसार पत्रकारहरूको अभिलेख राख्नु राज्यका लागि व्यवहारिक हुनसक्छ । स्वतन्त्र पत्रकार र विदेशी सञ्चारकर्मीहरूको सम्बन्धमा भने लचिलो तर नियमनको प्रावधान रहनुपर्ने देखिन्छ । परिचयपत्र (Acridation) सम्बन्धी सिद्धान्तअनुसार ठाउँ र समयका आधारमा पत्रकारलाई कसरी पहुँच दिने भन्ने हक सम्बन्धित निकायको मानिन्छ । तर यस्ता परिचय पत्र दिने आधार प्रष्ट हुनुपर्ने, भेदभाव हुन नहुने र पारदर्शी हुनुपर्ने हुन्छ । नेपालको कानुनी व्यवस्था केवल राज्यले प्रदान गर्ने परिचयपत्रसम्बन्धी मात्र छ । यो सीमित व्यवस्था हो ।

पत्रपत्रिका प्रकाशन ऐनमा वितरण स्वतन्त्रताको प्रत्याभूतिको व्यवस्था छैन । प्रकाशनमा अवरोधबाट मुक्तिले मात्र पुग्दैन, वितरण स्वतन्त्रताको रक्षा हुन सकेन भने प्रकाशन स्वतन्त्रता निरर्थक हुनसक्छ । यसैगरी पत्रपत्रिकाको परिभाषा पनि छैन । आवधिक प्रकाशन हुनैपर्ने, समाचारमूलक सामाग्री हुनैपर्ने र त्यस्ता सामाग्री सार्वजनिक चासोका हुनैपर्नेजस्ता आधारहरू अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएका छन् । यसैगरी पत्रकारको सामाजिक सुरक्षाको प्रत्याभूतिमा राज्यको दायित्व किटान गर्नु पनि आवश्यक देखिन्छ । समग्रमा छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐनमा सामान्य संशोधन होइन, व्यापक परिवर्तनको जरुरी देखिन्छ ।

३.४ राष्ट्रिय प्रसारण ऐन, २०४९ र नियमावली, २०५२

१. परिचय

संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवम् सम्बर्द्धन गर्न तथा प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापलाई जनसमक्ष पुऱ्याई सबै जाति, भाषा, वर्ग, क्षेत्र र धार्मिक सम्प्रदायभित्र समानता, आपसी सद्भावना र सामान्जस्यताको वातावरण सिर्जना गर्न राष्ट्रभाषा एवम् राष्ट्रिय भाषाको माध्यमबाट समेत जनचेतना जगाउन सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमलाई विश्वसनीय, प्रभावकारी एवम् सुदृढ बनाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा भएका निष्पक्ष एवम् आधिकारिक समाचार तथा सूचनाको जानकारी आमजनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्वाधरूपले प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता महशुस गरी यो ऐनको निर्माण गरी लागू गरिएको हो ।

२. परिभाषा

ऐनको दफा २ (क)मा प्रसारण भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य त्यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो सञ्चार सेवा भनी परिभाषा गरेको पाइन्छ । यसैगरी रेडियो ऐन, २०१४ ले रेडियो यन्त्र भन्नाले लगातार तारको कनेक्शनविना रेडियो तरङ्गद्वारा भाषा, चित्र वा सङ्केत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने यन्त्र[२०] भनी परिभाषा गरेकोले यस्तो यन्त्रद्वारा आम जनतालाई सञ्चार सेवा पठाउनु नै प्रसारण हो भन्न सकिन्छ ।

विश्लेषण :

राष्ट्रिय प्रसारण ऐनले रेडियो सञ्चार सेवाबाट पठाउने वा प्रसारित गर्ने सम्बन्धमा मात्र लागू भएको देखिन्छ । निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू ग्राहक, सदस्य वा उपभोक्तासमक्ष पुऱ्याउने प्रविधि जस्तैः केबुल, टेलिभिजन, इन्टरनेट आदिलाई प्रसारणको परिभाषाभित्र समेटिएको देखिँदैन । आधुनिक सञ्चार क्षेत्रमा विभिन्न प्रसारण प्रविधिहरूको विकास भइरहेको अवस्थामा ऐनले प्रसारणको परिभाषाभित्र यस्ता आधुनिक प्रसारण माध्यमलाई समेट्न नसक्दा यस्ता प्रविधिहरू कुन ऐनअन्तर्गत पर्छ भन्ने कुरा विवादास्पद छ । भारतको प्रसार भारती ऐन, १९९० को दफा २(ग) मा केबुललाई समेत प्रसारण सेवाको परिभाषाभित्र समेटेको छ भने केबुललाई नियमन गर्न छुट्टै केबुल टेलिभिजन नेटवर्क ऐन, १९९५ छ ।

[२०] रेडियो ऐन २०१४ दफा २(क)

३. इजाजतपत्रसम्बन्धी व्यवस्था

नेपाल अधिराज्यभित्रको कुनै ठाउामा स्याटेलाइट, केबुल वा अन्य सञ्चारमाध्यमद्वारा कुनै कार्यक्रम प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडूलेशन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले इजाजतपत्रको लागि निवेदन दिएमा सरकारले सोउपर आवश्यक जाँचबुझ गरी तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र दिने व्यवस्था गरेको छ । यसरी इजाजतपत्र नलिई कसैले पनि कार्यक्रम प्रसारण गर्नु हुँदैन । इजाजतपत्र लिएको भए तापनि राष्ट्र र राष्ट्रियहितलाई ध्यानमा राखी सरकारले राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगानसक्ने साथै यो ऐनअन्तर्गत बनेको नियमविपरीत कार्यक्रम प्रसारण गरेमा सरकारले त्यस्तो प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था गरेको पाइन्छ (दफा ४, ५, ६, ७, ८) ।

विश्लेषण :

ऐनले प्रसारणसम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन गर्ने, इजाजतपत्र दिने जिम्मा सरकारलाई दिने व्यवस्था गर्नु अभिव्यक्ति स्वतन्त्रता र सूचनाको स्वतन्त्र प्रवाहको प्रतिकूल छ । मानवअधिकारको यूरोपेली अदालतसमक्ष प्रस्तुत विवादमा अदालतले इजाजतपत्रको व्यवस्था गरी स्वतन्त्र अभिव्यक्तिलाई सीमाबन्धन गर्नु अन्तर्राष्ट्रिय कानुनद्वारा स्थापित कडा परीक्षणको विषय हो भनेको छ ।

स्वतन्त्र अभिव्यक्तिमाथिको कुनै पनि सर्त वा वन्देजले सानै भए पनि कुनै वैधानिक उद्देश्य परिपूर्ति गरेको हुनुपर्दछ । राष्ट्रिय प्रसारण ऐनले सार्वजनिक तथा व्यावसायिक दुबै प्रकृतिको प्रसारणसम्बन्धी कार्यक्रम गर्नसक्ने व्यवस्था गरेको पाइन्छ । कुनै एक व्यक्तिले पनि यस्तो प्रसारण सेवा सञ्चालन गर्नसक्ने प्रावधान रहेको छ । यसरी हेर्दा यो ऐनले प्रसारण सेवा विदेशी व्यक्तिले पनि सञ्चालन गर्न पाउन सक्ने देखिन्छ । तर विदेशीले प्रसारण गर्ने कार्यविधिको सम्बन्धमा कुनै पनि व्यवस्था गरेको देखिँदैन । साथै, प्रसारण सेवालाई सार्वजनिक र व्यापारिक सेवाअन्तर्गत वर्गीकरण गरी सोहीअनुरूपको ऐन, कानुन निर्माण गरी व्यापारिक प्रसारण सेवा सञ्चालनमा खुकुलो प्रकृतिको कानुन निर्माण गरी विदेशीलाई समेत सहज वातावरणमा कार्यक्रम प्रसारण गर्न दिने व्यवस्था गर्नुपर्छ ।

ऐनको दफा ५ मा शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्ने उद्देश्यले निवेदन दिनुपर्ने भनिएकोमा यस्ता कार्यक्रमहरू भन्नाले के बुझिन्छ भनी व्याख्या गर्न गाह्रो हुनुका साथै यसले गम्भीर समस्या सिर्जना गर्छ । उदाहरणका लागि, कुनै कार्यक्रम कुनै भू-भागका जातजातिलाई शिक्षाप्रद, मनोरञ्जनात्मक वा समाचारमूलक हुन सक्दछ भने अर्को भू-भाग वा जातजातिलाई सोही कार्यक्रम आपत्तिजनक र हितविपरीत हुन जान्छ । समाचारमूलक कार्यक्रम अन्य कार्यक्रमभन्दा बढी संवेदनशील र द्रुतगतिमा परिवर्तन हुने प्रकृतिको हुने हुँदा यो शब्दको छुट्टै परिभाषा गर्नु अझ बढी आवश्यक छ । त्यसैले पनि यस्ता शब्दहरूलाई कि ऐनबाटै हटाउनुपर्दछ या त यसको छुट्टाछुट्टै परिभाषा गर्नु आवश्यक छ । सरकारलाई यसको निर्णय गर्न दिँदा स्वेच्छाचारीता बढ्न जान्छ ।

यसैगरी राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (२) र १३(१) साग बाझिएकोले संविधानको धारा ८८ (१) बमोजिम् बदर घोषित गरिपाऊँ भनी फ्रिडम फोरमका तर्फबाट नारायणदत्त कँडेलले सर्वोच्च अदालतमा चढाएको निवेदनमा सर्वोच्च अदालतको विशेष इजलासले ऐनको उक्त व्यवस्था संविधानसँग बाझिएकोले बदर घोषित हुने गरी रिट जारी गरिएको थियो ।[२१] यसरी कुनै पनि सञ्चारमाध्यम यसमा भएका विषयवस्तुका आधारमा बन्द गराउन,

[२१] नारायणदत्त कँडेल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, २०६२ साल रिट नं. : ७७

कब्जा वा जफत गर्न निषेध गर्न वा पूर्व प्रतिबन्ध लगाउन निषेध गर्ने कानुनी व्यवस्थाविरुद्ध न्यायपालिकाले गरेको व्याख्या स्वागतयोग्य छ । यसैले हाल ऐनको दफा ८ खारेज भइसकेको अवस्था छ तर पनि ऐनमा हालसम्म यो व्यवस्था कायम रहनु विडम्वना हो ।

४. भू–उपग्रह प्रसारण केन्द्रसम्बन्धी व्यवस्था

ऐनको दफा ९ मा भू-उपग्रह प्रसारण केन्द्रको स्थापना गरी कुनै कार्यक्रम गर्न चाहेमा सरकारलाई निवेदन दिनसक्ने व्यवस्था छ । सो निवेदनबमोजिम् आवश्यक जाँचबुझ गरी स्वीकृति दिन मनासिव भएमा सर्त तोकी कार्यक्रम प्रसारण गर्न पाउने स्वीकृति दिने व्यवस्था गरेको छ । यसरी निवेदन दिने अधिकार कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी र विदेशी व्यक्ति वा संगठित संस्थालाई हुने व्यवस्था गरेको छ ।

विश्लेषण :

व्यक्ति वा संगठित संस्थाले संयुक्त लगानीमा प्रसारण केन्द्र सञ्चालन गर्न पाउने गरी केही सीमित अधिकारमात्र प्रदान गरेको देखिन्छ । कुनै पनि विदेशी लगानीकर्तालाई आफ्नै लगानीमा नेपालबाट प्रसारण सेवा उपलब्ध गराउन नपाउने व्यवस्था गरेको देखिन्छ । तर, विश्व व्यापार संगठनको सदस्य भइसकेको अवस्थामा नेपालको कुनै पनि भू-भागबाट विदेशी व्यक्ति वा संगठित संस्थाले समेत बहुमत सेयरमा लगानीका साथ कुनै व्यापार व्यवसाय गर्नसक्ने व्यवस्था गर्नु आवश्यक छ । तर प्रसारण सामाग्रीको सम्पादकीय निर्णय गर्ने अधिकार भने विदेशी व्यक्तिलाई दिन नसक्ने गरी कानुन बनाउन सकिन्छ । अन्तर्राष्ट्रिय मापदण्डहरूमा पनि विदेशीलाई संयुक्त लगानीमा कार्यक्रम प्रसारण गर्न दिने व्यवस्था रहेको छ । यस सम्बन्धमा आर्टिकल १९ ले विदेशीको समेत ५१ प्रतिशत सेयर लिई कुनै कार्यक्रम भू-उपग्रहमार्फत् प्रसारण गर्न दिने सिद्धान्तसमेत निर्माण गरेको छ । विदेशीलाई यसरी बहुमत सेयरमा लगानी गर्न दिएमा समग्र प्रसारण सेवाको विकास हुन्छ भने त्यससम्बन्धमा बलियो र सक्षम प्रसारण नियमावली बनाई विदेशीलाई समेत बहुमत सेयर दिनसक्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।[२२] विश्व बजारीकरण र उदारवाद सिद्धान्तअन्तर्गत पनि विदेशीलाई नागरिकसरह अधिकार दिनुपर्ने व्यवस्था राष्ट्रको वाणिज्य कानुनहरूअन्तर्गत प्रत्याभूत गर्ने प्रचलनको सुरुआत भइसकेको छ । उदाहरणको लागि, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ मा विदेशीले संयुक्त लगानीमा विदेशी बैंक वा वित्तीय संस्था खोल्न तथा कारोवार गर्न पाउने व्यवस्था गरेको छ ।[२३]

५. प्रसारण तथा वितरण शुल्क

ऐनको दफा १० मा प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा सरकार वा तोकिएको संस्थालाई निश्चित शुल्क तिर्नुपर्ने र उपभोग गर्ने व्यक्ति वा संस्थाबाट शुल्क लिन सकिने व्यवस्था गरेको छ ।

विश्लेषण :

शुल्क सम्बन्धी ऐनमा गरेको व्यवस्था पनि उपयुक्त नभएको देखिन्छ । सार्वजनिक प्रसारण सेवा, सामुदायिक प्रसारण सेवा गरी विभाजित गरी सोहीबमोजिम् सेवा शुल्क दिनुपर्ने र व्यावसायिक प्रसारण

[२२] आर्टिकल १९ सिद्धान्त २०.२

[२३] बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ दफा ४(३)

सेवा सञ्चालन गरेमा अधिकतम् शुल्क लिन सकिन्छ । तर, ऐन यस सम्बन्धमा मौन छ । अझ भन्ने हो भने सार्वजनिक सेवा प्रसारण गर्ने सञ्चारमाध्यमलाई कम्पनी ऐनअन्तर्गतको करहरूबाहेक अन्य शुल्क लिनु हुँदैन र सामुदायिक प्रसारण सेवा सञ्चालन गर्न चाहनेलाई प्रोत्साहन गर्नका लागि सरकारले उचित सुविधा प्रदान गर्नुपर्ने हुन्छ । साथै, सामुदायिक प्रसारण सेवाको विकास र प्रवर्द्धन गर्न यस्ता सेवा सञ्चालन गर्ने व्यक्ति वा संगठनलाई ऐनअन्तर्गत विशेष सुविधा प्रदान गर्नुपर्दछ ।

विदेशी प्रसारण डाउनलिङ्क गरी केबुलमार्फत वितरण गर्दा त्यस्ता विदेशी प्रसारण संस्थाले कुनै शुल्क तिर्नु नपर्ने बरू उल्टै नेपाली ग्राहकबाट तिरेको पैसा सिधै लान पाउने व्यवस्था छ । त्यस्ता संस्थाहरूको प्रसारण नियमनमा ध्यान नपुगेको देखिन्छ । विदेशी प्रसारकले कुनै देशमा बजार विस्तार गर्दा सो देशमा अनुमति लिनुपर्ने र केही शुल्क लिर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता छ ।

६. विज्ञापन प्रसारणसम्बन्धी व्यवस्था

ऐनको दफा १४ मा कसैले कुनै विषयमा प्रचार-प्रसार गरी आमजनतामा विज्ञापन प्रसारण गराउन चाहेमा त्यस्तो, संस्था वा निकायबाट तोकिएको दस्तुर लिई विज्ञापन प्रसारण गराउने समय उपलब्ध गराउन सकिने, तर धुम्रपान तथा मदिराजस्ता पदार्थको विज्ञापन प्रसारण गर्न निषेध गरेको छ । साथ-साथै ऐनको दफा १५ मा देहायको कुराहरूको विज्ञापन गर्न नपाइने व्यवस्था गरेको छ ।

(क) राजनैतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू;

(ख) अश्लील किसिमका सामग्रीहरू;

(ग) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू;

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका कुराहरू;

(ङ) नेपालको असंलग्न परराष्ट्र नीतिविपरीतका कुराहरू;

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू ।

तर निर्वाचनको समयमा राजनीतिक दलहरूले भने यस्ता कुराको जानकारी गराउन सक्ने व्यवस्था गरेको छ ।

विश्लेषण :

ऐनले विज्ञापनलाई समेत आफ्नो दायरामा समाहित गरेकोमा हाल धेरै देशहरूमा विज्ञापनलाई छुट्टै ऐनअन्तर्गत व्यवस्था गरिएको हुनाले नेपालमा पनि विज्ञापन नियमन गर्ने छुट्टै ऐनको खाँचो छ । विद्यमान व्यवस्थालाई विश्लेषण गर्दा सर्वप्रथम त विज्ञापनको सम्बन्धमा यसको प्रकृति, उद्देश्य र त्यसको असरका आधारमा 'लोककल्याणकारी', 'सार्वजनिक', र 'व्यापारिक' भनी वर्गीकरण गर्नु आवश्यक छ । 'लोककल्याणकारी' र 'सार्वजनिक' विज्ञापन राज्यले समानुपातिक किसिमबाट वितरणको व्यवस्था गर्नुपर्दछ ।

यसमा पनि पिछडिएका क्षेत्र, समुदाय, वर्गको हितको निम्ति लक्षित तथा नेपालीबाहेक अन्य भाषामा प्रसारित हुने सञ्चारमाध्यमलाई लोकल्याणकारी विज्ञापन दिँदा प्राथमिकता दिनुपर्ने हुन्छ ।

विज्ञापन नियमन हाल मन्त्रालयले गर्दैआएकोमा यसको नियन्त्रण र नियमन छुट्टै स्वतन्त्र र सक्षम निकायले गर्नुपर्ने हुन्छ । र, सो निकायमा विज्ञापनदाताहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्छ ।

विज्ञापन संपरीक्षण र वर्गीकरण गर्दा राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा वर्गीकृत गर्नु उपयुक्त हुन्छ । केही देशहरूमा स्थानीय अदालतहरूले सार्वजनिक निकायहरूलाई विभेदकारी तरिकाबाट विज्ञापन बाँडफाँड गर्न रोक लगाएको देखिन्छ । उदाहरणको लागि, भारतमा आन्ध्रप्रदेश उच्च

अदालतले सरकार कुनै पनि सञ्चारमाध्यमसँग विज्ञापन करार गर्नका लागि बाध्य छैन तापनि विज्ञापन बाँडफाँड भने उसले स्वच्छ तरिकाले गर्नुपर्छ भनेको छ ।[२४]

उक्त ऐनको दफा १५ (ख), (घ) र (च) का प्रावधानहरू अति संवेदनशील प्रकृतिका छन् । यसप्रकारका कुराहरूको सम्बन्धमा स्पष्ट प्रावधान राखिनुपर्दछ । जस्तै : कस्तो आधारमा तथा कस्तो प्रकृतिका सामग्रीहरू अश्लील हुनसक्छन् भन्ने कुरालाई प्रष्टरूपमा उल्लेख गर्नुपर्ने हुन्छ । त्यसैगरी कस्ता सामग्रीहरूले जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्दछन् भन्ने कुराको स्पष्टरूपले उल्लेख नगरी यसको व्याख्याको जिम्मा सरकारलाई छोड्दा सरकारी अधिकारीहरूको आ-आफ्नै ढङ्गको व्याख्याले विधायिकी मनसाय प्रयोग गर्नसक्ने सम्भावना जहिलेसुकै पनि रहन्छ ।

७. राष्ट्रिय प्रसारण नियमावली, २०५२

सञ्चारजगत्लाई प्रभावकारी र चुस्त राख्नका लागि र नागरिकका अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन गर्नका लागि विधायिकाबाट ११ वर्ष अगाडी राष्ट्रिय प्रसारण नियमावली, २०५२ तर्जुमा भई कार्यान्वयनमा रहेको छ । यस नियमावलीमा रहेका मुख्य मुख्य प्रावधानहरू निम्नानुसार रहेका छन् :

- इजाजतपत्र विना कार्यक्रम सञ्चालन गर्न नपाइने;
- इजाजतपत्रको लागि सरकार समक्ष निवेदन दिनुपर्ने;
- अनुमति प्राप्त गरी भू-उपग्रह प्रसारण प्रणालीमार्फत कार्यक्रम प्रसारण गर्न सकिने;
- इजाजतपत्र वा अनुमतिपत्र बिक्री गर्न वा हक हस्तान्तरण गर्न नपाइने;
- युद्ध वा संकटकालको समयमा मन्त्रालयको निर्देशनअनुसार कार्यक्रम प्रसारण गर्नुपर्ने;
- विदेशी प्रसारण संस्था वा सञ्चारमाध्यमलाई कार्यक्रम प्रसारणका लागि समय उपलब्ध गराउन सक्ने ।

माथि उल्लेखित प्रावधानमध्ये संविधान र अन्तर्राष्ट्रिय कानुनसँग तुलनात्मकरूपमा बाझिएका एवम् समयानुकूल संशोधन हुन नसकेर समस्या उत्पन्न भएका प्रावधानहरूमा यहाँ विश्लेषण गरिएको छ ।

७.१ प्रसारणमा प्रतिबन्ध

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ९ (क) मा 'राजा वा राजपरिवारप्रति घृणा वा अवहेलना हुने वा द्वेष बढाउने वा राजाको प्रतिष्ठामा आँच पुऱ्याउने गरी कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले कार्यक्रम प्रसारण गर्न नपाइने' भनी प्रसारणमा रोक लगाएको छ ।

यसरी नियमावलीमा उल्लेख गरिएको व्यवस्थालाई हेर्दा राजा र राजपरिवारलाई विशिष्ट स्थान प्रदान गरी निजहरूका सम्बन्धमा छलफल गर्न, सार्वजनिक वहस गर्न र निजहरूका वारेमा उठेका कुराहरू वा आलोचनाहरू छाप्न, प्रकाशन गर्न, निकासी गर्न र बिक्री-वितरण गर्न नपाइने देखिन्छ, तर नेपालमा राजतन्त्रको समाप्ति भइसकेकोले यी नियमहरू स्वतः असान्दर्भिक भइसकेको छ ।

संविधानको धारा १२(३) मा विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यवस्था गरिएको छ । संविधानको धारा १५ को उपधारा १ मा विद्युतीय प्रसारण, प्रकाशन तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेखरचना वा अन्य कुनै पाठ्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन गर्न वा छाप्न पाउने व्यवस्थाको ग्यारेण्टी गरेको छ ।

[२४] उसोदय पब्लिकेशन प्रा.लि. वि. आन्ध्र प्रदेश सरकार

विश्लेषण :

निर्वाचित संविधानसभाले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय गणतन्त्रका रुपमा घोषणा गरी सोहीबमोजिम् नेपालको अन्तरिम संविधान, २०६३ मा संशोधन गरेपछि राजा वा राजपरिवारको हैसियत सर्वसाधारण नेपाली नागरिकसरह बनाएको छ । सामान्य नागरिकको रूपमा राजा र राजपरिवारले संविधान र कानुनको अक्षरशः पालना गर्नुपर्दछ र प्रचलित कानुनद्वारा प्रदत्त अधिकारको प्रयोग गर्नुपर्दछ । यसबाट राजा वा राजपरिवारका सम्बन्धमा कुनै पनि नेपाली नागरिकसरह कुनै पनि विषयमा कार्यक्रम प्रसारण गर्न पाइने कुरामा संविधानतः बाधा अवरोध छैन । नेपाल सरहदभित्र रहेका जुनसुकै नेपाली नागरिकलाई संवैधानिक व्यवस्थाको पालना गर्नुपर्ने कर्तव्य हुनेछ भन्ने कुरा संविधानले व्यवस्था गरेको छ । संविधानले राजा वा राजपरिवारका सम्बन्धमा कुनै विशेष प्रकारको स्थान सिर्जना नगरी नागरिकको हैसियतमा राखेको हुँदा राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ९(क) मा भएको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रतिकूल रहेको देखिन्छ । यसर्थ उक्त नियमावलीको व्यवस्था तत्काल खारेज गरेर संविधानअनुसार गर्नु गराउनु आवश्यक छ ।

७.२ अनुमतिपत्र नवीकरण प्रक्रिया

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६(४) मा 'उपनियम (२) बमोजिम् प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र वा अनुमतिपत्र वहाल रहने अवधि भुक्तान नहुँदै नवीकरणको लागि मन्त्रालयसमक्ष निवेदन दिनुपर्नेछ । सो म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतीपत्र नवीकरण गर्न आएमा एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्मको लागि तीस प्रतिशत, चौथौ एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनासम्म शत-प्रतिशत जरिवानासमेत लिई त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिनसक्नेछ । छ महिनाभित्र पनि इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द हुनेछ' भन्ने प्रावधान राखिएको पाइन्छ ।

विश्लेषण :

उल्लेखित प्रावधानहरूलाई विश्लेषण गर्दा म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न छ पटकसम्मको अवसर प्रदान गरेको देखिन्छ तर यदि ६ पटकसम्म पनि प्रसारण संस्थाले नवीकरण नगराएमा अनुमतिपत्र वा इजाजतपत्र स्वतः रद्द हुनेछ भन्ने प्रावधान अन्तरिम संविधान, २०६३ को धारा १५ को उपधारा १, २ र ३ विपरीत रहेको छ । संविधानको धारा १५ को उपधारा १ मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भन्ने व्यवस्था गरिएको छ । सो धाराको उपधारा २ मा कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापेवापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमबाट डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन भन्ने प्रावधान राखिएको छ । त्यस्तै, उक्त धाराको उपधारा ३ मा कुनै समाचार, लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्यसामग्री मुद्रण वा प्रकाशन गरेवापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन भन्ने प्रावधान राखिएको छ । यसर्थ नियमावलीले राखेको प्रसारण संस्थाको स्वतः दर्ता खारेज गर्ने व्यवस्था संविधान प्रतिकूल रहनुका साथै संविधानद्वारा प्रदत्त मौलिक हकको प्रतिकूल भएकोले हटाउनु आवश्यक छ ।

७.३. अनुमतिपत्र रद्द

राष्ट्रिय प्रसारण नियमावलीको ९ (झ) मा 'मन्त्रालयले समय-समयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका सामग्रीहरू प्रसारण संस्था वा व्यक्तिले प्रसारण गर्न पाउने छैन' भन्ने उल्लेख छ । साथै नियमावलीको नियम १८(२) मा 'उपनियम १ बमोजिम् निरीक्षण तथा छानविन गर्दा सर्तबमोजिम् कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अवस्थानुसार एकपटक सर्तबमोजिम् काम गर्न मौका प्रदान गर्न सक्नेछ र त्यसरी मौका दिँदा पनि सर्तबमोजिम् काम नगरेको भन्ने पुनः देखिएमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र वा अनुमतिपत्र रद्द गर्न सक्नेछ' भन्ने व्यवस्था छ ।

विश्लेषण :

कुनै पनि इजाजतप्राप्त प्रसारण संस्थाले कानुनबमोजिम् कार्य गरिरहेका छन् छैनन् भनी निरीक्षण गर्ने काम सम्बन्धित मन्त्रालयको काम हो तथापि सर्तबमोजिम् कार्य गरेको नदेखिएमा अन्य कुनै सजाय वा कारवाहीको व्यवस्था नगरी एकैपटक अनुमतिपत्र वा इजाजतपत्र नै खारेज गर्ने कार्य नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा उल्लेखित गरिएको पूर्ण स्वतन्त्रतामाथि अंकुस लगाउने हुनाले यो व्यवस्था खारेज गरिनुपर्छ । साथै संविधानको धारा १५ को उपधारा १,२ र ३ मा कुनै पनि सञ्चारमाध्यमलाई प्रकाशनमा पूर्व प्रतिबन्ध, बन्द, जफत, तथा दर्ता खारेज गर्न नहुने कुराको ग्यारेण्टी गरेको हुँदा मनोमानी ढङ्गले कुनै पनि निकायले कुनै सर्तमा पनि संविधानप्रदत्त मौलिक हकमाथि आघात पुऱ्याउनु संवैधानिक मूल्य मान्यतामाथिको चुनौती भएकोले उल्लेखित नियमावलीको व्यवस्था संविधानविपरीत भएको कुरा स्पष्ट छ । अन्तर्राष्ट्रिय कानुनले कुनै पनि किसिमको पूर्व प्रतिबन्धलाई ठूलो शंकाको दृष्टिकोणले हेर्दछ । मानवअधिकारसम्बन्धी अमेरिकी महासन्धिले बालबालिका संरक्षणका लागि बाहेक अन्य सबै स्वरूपको पूर्ण अवरोधलाई अस्वीकार गर्दछ ।

३.५ श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ (पहिलो संशोधन, २०६४)

१. परिचय

सञ्चार क्षेत्र तथा पत्रकारिताको विकासमा सञ्चारसम्बन्धी कानुनी संयन्त्र, प्रविधिगत विकास, बजार, सञ्चारकर्मीलाई प्राप्त तालिम तथा क्षमता अभिवृद्धिका अवसर तथा रोजगारीको सुरक्षाजस्ता विविध पक्ष अन्योन्याश्रित रूपमा जोडिएका हुन्छन् । नेपालका श्रमजीवी पत्रकारहरूको अधिकारलाई कानुनीरूपमा संरक्षण गर्न सर्वप्रथम २०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन जारी भएको थियो ।

आवश्यक पूर्वअध्ययन, सरोकारवालाहरूसँगको छलफल एवम् पूर्वाधार विकासविना लागू गरिएको सो ऐन कुनै पनि सञ्चार प्रतिष्ठानमा प्रभावकारीरूपमा लागू हुने सकेन । ऐन जारी भएको सुरुका दिनमा श्रमजीवी पत्रकारको हकहित गर्न खुलेका संस्थाले कानुन अपुरो र अधुरो भएको बताएर यसको कार्यान्वयन नगर्न सरकारलाई सुझाव दिए । ऐन कार्यान्वयन नहोस् भन्न चाहने व्यवस्थापन र कार्यान्वयनका लागि दबाव दिएर मिडियालाई चिढाउन नचाहने सरकारको स्वार्थ मिल्यो र परिणामस्वरूप यसको कार्यान्वयन असफल सावित भयो ।

श्रमजीवी पत्रकार ऐन लागू गराउन तथा सो ऐनमा संशोधनका लागि पत्रकार जगतले लामो समयदेखि आवाज उठाउँदै आएकोमा वि.सं.२०६२ को सफल दोस्रो जनआन्दोलनपश्चात् गठित अन्तरिम संसदले २०६४ साल साउन २७ मा श्रमजीवी पत्रकार ऐनलाई संशोधन गरेको छ ।

२. परिभाषा

श्रमजीवी पत्रकार कानुनको पहिलो संशोधनले श्रमजीवी पत्रकारको परिभाषालाई व्यापक बनाएको छ भने सञ्चार प्रतिष्ठानको पनि स्वागतयोग्य परिभाषा गरेको छ । संशोधन अगाडिको ऐनले श्रमजीवी पत्रकार भन्नाले कुनै पनि हैसियतले पत्रिकामा काम गर्ने व्यक्ति सम्झनुपर्दछ भनी उल्लेख गरिएको पाइन्छ तर श्रमजीवी पत्रकारलाई पत्रिकामा काम गर्ने व्यक्ति मात्र नभनी सञ्चारमाध्यममा काम गर्ने व्यक्ति भन्नुपर्ने गरी हालको संशोधित ऐनले गरेको परिभाषा फराकिलो छ ।

ऐनको दफा ३(घ) मा श्रमजीवी पत्रकार भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकारप्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्ध व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समयमा काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भलेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, श्रष्टा वा भाषा सम्पादकजस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्तिसमेतलाई समेटेको छ । यसैगरी ऐनले सञ्चारमाध्यममा कार्यरत श्रमिक कर्मचारीको पनि परिभाषा गरेको छ ।

विश्लेषण :

श्रमजीवी पत्रकारको यो परिभाषा तुलनात्मक रूपमा फराकिलो र व्यापक छ किनकी यसमा वेभ डिजाइनर, स्ट्रिन्जर, प्रेस क्यामेरामेनलगायतका व्यक्तिलाई समेत श्रमजीवी पत्रकारको रूपमा राखेको छ । त्यसैले यो ऐन रेडियो, एफ.एम., टेलिभिजन, कार्यक्रम उत्पादन गर्ने कम्पनीहरूसमेतमा लागू हुने व्यवस्था गरेको छ । तथापि ऐनले यो व्यवस्थासँग बाझिने गरी प्राविधिकहरू (वेभ डिजाइनर, दृश्य वा भाषा सम्पादक)लाई कर्मचारीको रूपमा परिभाषित गर्नुले अस्पष्टता सिर्जना गरेको छ ।

दफा ३(ङ) ले कर्मचारी शब्दको परिभाषा गर्दा प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति समेतलाई कर्मचारी भनी तोकेकोमा वेभ डिजाइनर, दृश्य वा भाषा सम्पादकहरू पत्रकार हुन् वा प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति हुन् भनी स्पष्ट व्यवस्था गर्न आवश्यक छ । साथै, एउटै संस्थामा दुईटा कानुन लागू हुन नसक्ने भनेर सरकारले सरकारी सञ्चार माध्यमहरू जसलाई सरकारले छुट्टै ऐननियमद्वारा व्यवस्था गरेको हुन्छ, तिनीहरूलाई यो ऐनबाट उन्मुक्ति दिएको अनुभूति हुन्छ । सरकारी सञ्चारमा काम गर्नेले आफ्नै संस्थाको ऐनमा तुलनात्मक रूपमा बढी सेवा सुविधा र सुरक्षा दिने व्यवस्था गरेको बताउँछन् । तर, संशोधनले श्रमजीवी पत्रकारको हकमा सरकारी, निजी, सार्वजनिक, सामुदायिक जुनसुकै स्वामित्वका माध्यममा यो ऐन आधारभूतरूपमा सर्वोपरि हुने व्यवस्था गरेको छ ।

ऐनको दफा २(ख) मा सञ्चार प्रतिष्ठानअन्तर्गत सञ्चारसम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीनजना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानुनबमोजिम् स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी सञ्चारमाध्यम वा संगठित संस्था रहने व्यवस्था गरेको छ । सञ्चार प्रतिष्ठानको यो व्याख्या स्वागतयोग्य छ ।

३. सेवा, सुविधासम्बन्धी व्यवस्था

हाल सञ्चारकर्मीहरू विना नियुक्ति, विना करार एवम् विना पारिश्रमिक काम गर्न बाध्य भइरहेको भन्ने गुनासो व्यापक रहेको अवस्थामा संशोधित ऐनले नियुक्ति नदिई कुनै पनि व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा काममा लगाउन नहुने स्पष्ट व्यवस्था गरेको छ (दफा ३ उपदफा ३(क)) । संशोधित पूर्वको ऐनमा व्यवस्थापनले शतप्रतिशत कर्मचारी करारमा भर्ना गर्न पनि कुनै कानुनी अड्चन नरहेकोमा हाल कुनै व्यक्तिको विशेषज्ञ सेवा लिनुपर्ने भएमा व्यवस्थापकले प्रेस रजिष्ट्रारको स्वीकृति लिई निश्चित समयावधि तोकी त्यस्तो व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा करारमा नियुक्त गर्न सक्ने र सो अनुरूप करारमा नियुक्ति गर्दा सम्बन्धित सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको कुल संख्याको पन्ध्र प्रतिशत संख्यासम्म मात्र नियुक्त गर्न सक्ने व्यवस्था गरेको छ {दफा ५(२) } । साथै यस्तो व्यक्तिले गर्नुपर्ने काम, पाउने पारिश्रमिक, सेवाको अवधि तथा सेवाका अन्य सर्त एवम् सुविधा करारमा उल्लेख भएबमोजिम् हुनेछ भनी करारमा उल्लेख गर्नुपर्ने न्यूनतम कुराहरूलाई समेत प्रष्ट पारेको छ ।

४. न्यूनतम पारिश्रमिक निर्धारण समिति

नयाँ संशोधित ऐनमा रहेको पारिश्रमिक तथा क्षतिपूर्ति समितिको व्यवस्थालाई खारेज गर्दै न्यूनतम पारिश्रमिक निर्धारण समितिको व्यवस्था गरेको छ (दफा ११) । समावेशिकरणका नाममा एकजना महिला अनिवार्य रहने व्यवस्था गरिएको १३ सदस्यीय यस समितिमा ९ जना सदस्य प्रत्यक्षरूपमा नेपाल सरकारद्वारा नियुक्त हुने व्यवस्था छ भने नेपाल पत्रकार महासंघका सभापति र नेपाल पत्रकार महासंघले तोकेका अन्य तीन जना श्रमजीवी पत्रकार सदस्यका रूपमा रहने व्यवस्था छ । साथै, श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा काम गरेवापत मासिक पारिश्रमिक पाउने र यस्तो पारिश्रमिक निज विदामा बसेको बखत समेत प्राप्त गर्नसक्ने भनी दफा १२ मा गरेको व्यवस्था सकारात्मक देखिन्छ ।

विश्लेषण :

श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण तथा पुनरावलोकन गर्ने सम्बन्धमा सिफारिश गर्नका लागि बन्ने यो समितिलाई सरकारको प्रभाव बढी हुने गरी संरचना गरिएको छ । यसले गर्दा समितिको स्वाधीनता र स्वतन्त्रतामा प्रशस्त असर पर्न सक्छ । अझ दफा ११(क) कै व्यवस्थाले झनै सरकारको नियन्त्रणलाई प्रश्रय तथा शक्ति प्रदान गरेको पाइन्छ । उक्त दफामा न्यूनतम पारिश्रमिक निर्धारण समितिले कुनै कारणवश श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिश गर्न नसकेमा नेपाल सरकारले नै श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गर्नसक्ने व्यवस्थाले झनै अन्योल सिर्जना गरेको छ । दफाले 'सिफारिश गर्न नसकेमा' भन्ने उल्लेख गरेको भए तापनि कति समयसम्म सिफारिश गर्ने भन्ने उल्लेख गरेको छैन । साथै सरकारकै प्रतिनिधिहरूको हावी रहेको समितिले पत्रकारको पारिश्रमिकको सही मूल्याङ्कन कसरी गर्न सक्छन् भन्ने विषयले पनि गम्भीर समस्या सिर्जना गर्ने हुनाले स्वतन्त्र अङ्गलाई जिम्मेवारी दिन आवश्यक छ । अन्तर्राष्ट्रिय मापदण्डअन्तर्गत पनि यस्तो समिति स्वतन्त्र र सरकारी नियन्त्रणभन्दा बाहिर रहने व्यवस्था गरिएको पाइन्छ । उदाहरणको लागि, भारतको १९५५ को श्रमजीवी पत्रकार र अन्य पत्रपत्रिका कर्मचारीको सेवा सर्तसम्बन्धी ऐनको दफा ८ मा पारिश्रमिक निर्धारण र पुनरावलोकन कार्यविधिअन्तर्गत केन्द्रीय सरकारले पारिश्रमिक निर्धारण समिति बनाउने व्यवस्था गरेको छ जसमा २ जना प्रतिनिधि प्रशासनिक व्यवस्थापकतर्फबाट, २ जना श्रमजीवी पत्रकार, २ जना स्वतन्त्र व्यक्तिहरू र १ जना अध्यक्षको रूपमा उच्च न्यायालयको वा सर्वोच्च अदालतको न्यायाधीश हुने व्यवस्था गरेको छ । जुन तुलनात्मक रूपमा धेरै स्वतन्त्र अङ्गको रूपमा लिन सकिन्छ ।

दफा १२ मा गरेको मासिक पारिश्रमिकसम्बन्धी व्यवस्था सकारात्मक देखिन्छ । यस ऐनअन्तर्गतको नियमको निर्माण नभइसकेको अवस्थामा त्यस्तो पारिश्रमिक के कसरी प्राप्त गर्दछन् भन्ने सामान्य व्यवस्था गर्नुपर्ने थियो तर ऐन यससम्बन्धमा मौन देखिन्छ । ऐनको निर्माण भएको वर्षौंपछि मात्र नियम तथा विनियमहरू बनाउने पारम्परिक चलन चल्ती भएकोले पनि अन्योल सिर्जना भएको छ ।

५. पारिश्रमिक कट्टा र अवकाश

दफा १५ मा केही अवस्थाहरूको व्यवस्था गरिएको छ जसको आधारमा श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टा गरिनेछ । तीमध्ये दफा १५(६) मा व्यवस्था भएको 'तोकिएबमोजिम् कुनै रकम कट्टी गर्नु परेमा'भन्ने व्यवस्था गरेको छ । ऐनको दफा २२ मा पत्रिका व्यवस्थापनको आम्दानी घट्न गएकोले वा व्यवस्थापकले लगानी घटाई पत्रिका व्यवस्थापन सञ्चालन गर्न चाहेमा सोही अनुपातमा दरवन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सेवाबाट अवकाश दिनसक्ने व्यवस्था गरेको छ । यसरी अवकाश दिएको वा दरबन्दी कटौती गरिसकेपछि एक वर्षभित्र पुनः दरवन्दी सिर्जना गर्न वा करारमा कुनै श्रमजीवी पत्रकार नियुक्ति गर्न नपाइने व्यवस्था दफा २२(३) मा छ ।

विश्लेषण :

यो व्यवस्थाले श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टा हुने धेरै बाटोहरू खोलिदिएको स्पष्ट हुनछ । साथै, सजाय खण्डमा पदीय आचरण पालन नगरेमा साधारण सजाय र विशेष सजाय गर्ने व्यवस्थासमेत गरेको पाइन्छ । ऐनले दफा १५ मा गरेको पारिश्रमिक कट्टी गर्ने व्यवस्था पनि श्रमजीवी पत्रकारको लागि सजाय दिएको स्वरूपको छ । उदाहरणको लागि, दफा १५ (ग) मा जानी-जानी वा लापरवाही साथ काम गर्दा पत्रिका व्यवस्थापनलाई पुग्न गएको नोक्सानी वापत परिश्रमिक कट्टा गर्नु पनि एक प्रकारको सजाय भएकोले यसलाई साधारण सजाय खण्डमा राख्न सकिन्थ्यो ।

६ निलम्बन, उजुरी र सजाय

ऐनको दफा २७ मा व्यवस्थापकले कुनै श्रमजीवी पत्रकारमाथि लागेको अभियोगको जाँचबुझ गर्नुपर्ने भएमा जाँचबुझ समाप्त नहुञ्जेलसम्म त्यस्तो श्रमजीवी पत्रकारलाई तलको दुई अवस्था सिर्जना भएमा निलम्बनमा राख्न सकिने व्यवस्था गरेको छ। त्यसमा प्रथमतः निलम्बन नगरी काम गर्न दिँदा झूठ्ठा सबूत प्रमाण संकलन गर्नसक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायव गर्नसक्ने समस्या भएमा र दोस्रो अन्यायमा परेका पत्रकारलाई निलम्बन नगरी काम गर्न दिँदा पत्रिका व्यवस्थापनलाई हानी-नोक्सानी हुने भएमा पनि निलम्बन गर्नसक्ने प्रावधान छ। यसरी निलम्बन गरेको पत्रकारलाई तीन महिनाभन्दा बढी निलम्बन गर्नु हुँदैन र निलम्बित भएको पत्रकारले अभियोगमा सफाई पाएमा त्यसरी निलम्बित भएको अवधिभरको पूरा पारिश्रमिक पाउने व्यवस्था दफा २७(४) मा गरेको छ।

विश्लेषण :

यसरी पत्रकारलाई झूठ्ठा सबूत प्रमाण संकलन गर्न सक्ने अवस्था छ भनी निलम्बित गर्ने निर्णय पनि व्यवस्थापनले नै गर्ने हुँदा व्यवस्थापकीय नियन्त्रण बढ्ने हुनसक्छ। साथसाथै निलम्बन नगरी काम गर्न दिँदा हानी-नोक्सानी हुने भएमा भन्ने व्यवस्थाले व्यवस्थापकलाई निलम्बन गर्ने फराकिलो बाटो खोलिदिएको छ किनभने 'हानी-नोक्सानी' भन्ने शब्द गम्भीर प्रकृतिको पनि हुनसक्छ, साथै सामान्यभन्दा सामान्य दुर्घटनालाई समेत जनाउँछ। त्यसमा पनि दफा २६ अन्तर्गतको विशेष सजायअन्तर्गतको अभियोग लागेको पत्रकारलाई निलम्बन गर्ने व्यवस्था गरेकोमा सो दफाको ३ मा 'बराबर' आचरणसम्बन्धी कुरा उल्लंघन गरेमा, बराबर अनुशासनहीन काम गरेमा, बराबर आफ्नो पदको जिम्मेवारी पूरा नगरेमा निलम्बन गर्नसक्ने व्यवस्था गरेकोमा 'बराबर' भन्ने शब्दले व्यवस्थापकलाई निलम्बन गर्न धेरै सजिलो र फराकिलो मार्ग प्रदान गरेको छ।

ऐनमा निलम्बनको अभियोग रहँदाको अवस्थासम्म आधा पारिश्रमिक पाउने र यदि अभियोग झूठ्ठा ठहरेमा पूरै पारिश्रमिक दिनुपर्ने व्यवस्थाले व्यवस्थापनलाई निलम्बन गर्दा खासै नकारात्मक असर नपर्ने देखिन्छ। निलम्बनको अभियोग सावित नभएमा पूरा पारिश्रमिकको साथै पत्रकारलाई सो समयावधीभित्र दिएको शारीरिक तथा मानसिक तनावको कारण व्यवस्थापकलाई सजाय गरी पत्रकारलाई क्षतिपूति दिनुपर्ने व्यवस्था गरेमा विशेष अवस्थामा मात्र निलम्बनको घोषणा गर्न सकिने थियो। जसले गर्दा व्यवस्थापकको मनोमानी निर्णयमा कमी आउँछ।

७. ट्रेड युनियनको व्यवस्था

ट्रेड यूनियन विवाद समाधान गर्ने एउटा संगठित संस्था हो जुन कर्मचारीहरूको संगठनात्मक स्वरूप हो। त्यसैले पनि ट्रेड यूनियनको भूमिकालाई समेत औंल्याउनुपर्ने हुन्छ।

ऐनमा भएको संशोधनको एक महत्वपूर्ण पक्ष ट्रेड यूनियन अधिकारको संरक्षण हो। संशोधित दफा ३४(क) थप गर्दै श्रमजीवी पत्रकारहरूले आफ्नो व्यावसायिक तथा पेसागत हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि आफू कार्यरत सञ्चार प्रतिष्ठानमा ट्रेड युनियनसम्बन्धी प्रचलित कानुनको अधीनमा रही ट्रेड युनियन गठन गर्नसक्ने अधिकार प्रदान गरेको छ।

विश्लेषण :

युनियनको गठन गरे तापनि तत्कालै त्यसको प्रभावकारितामा बाधा उत्पन्न गर्ने काम पनि संशोधनले गरेको छ र ऐनको दफा ३४(ख) अन्तर्गत विवाद समाधानसम्बन्धी व्यवस्थामा ट्रेड युनियनको भूमिकालाई

स्वीकार गरिएको छैन । यस दफामा प्रेस रजिष्ट्रारले वार्ता मेलमिलापको भूमिका खेल्ने कुरा उल्लेख गरेको भए तापनि यूनियनमार्फत् विवाद समाधानसमेत हुनसक्ने कुरालाई स्पष्ट पार्न सकेको छैन ।

८. कार्यान्वयन

यस ऐनको अर्को कमजोर पक्ष भनेको ऐन कार्यान्वयनमा रहेको अस्पष्टता हो । ऐनको दफा ३४(घ)ले श्रमजीवी पत्रकार ऐन वा सो अन्तर्गत बनेको नियमविपरीत कुनै काम गरे वा नगरेको सम्बन्धमा सञ्चार प्रतिष्ठानको निरीक्षण तथा अनुगमनको अधिकार प्रेस रजिष्ट्रारलाई प्रदान गरेको छ र प्रेस रजिष्ट्रारले आवश्यक देखेमा त्यस्तो कुनै सञ्चार प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

विश्लेषण :

ऐनको दफा ३३(३) मा कुनै व्यवस्थापकले पटक-पटक ऐन वा ऐनअन्तर्गत बनेको नियमविपरीत काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो व्यवस्थापकलाई २५ हजार रूपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरिएको छ । तर न्यूनतम कतिदेखि जरिवाना हुने र कति पटकसम्म जरिवाना हुने भन्ने अन्योल कायम राखेको छ । यस्तो व्यवस्थाले स्वविवेकाधिकारको चरम उपयोग गर्न सकिने अवस्था सिर्जना गर्नसक्छ, यसतर्फ ऐन मौन छ ।

यसरी समग्रमा विश्लेषण गर्दा यो ऐन पत्रकारको हकहित सुरक्षाको लागि एउटा आधुनिकस्वरूप बोकेर आएको मान्न सकिन्छ तर पनि यसका केही कमी-कमजोरीहरूलाई निदान गर्न नियम र विनियम वृहत् अध्ययन गरी निर्माण गर्नुपर्ने अवस्था छ । यसैगरी, ऐन कार्यान्वयनको लागि प्रेस रजिष्ट्रारलाई निकै अधिकार तथा दायित्व प्रदान गरिएको हुँदा प्रेस रजिष्ट्रारको भूमिकामा यसको सफलता निहित हुन पुगेको छ । उदाहरणको लागि, ऐनको दफा ३(३) मा पत्रकारको तहगत वर्गीकरण गर्ने अधिकार, दफा ५(क) मा व्यवस्थापकले श्रमजीवी पत्रकार नियुक्ति गरेको जानकारी पाउने अधिकार, दफा २४ अन्तर्गत उजुरी सुन्ने र व्यवस्थापकलाई सजाय तोक्ने अधिकार, दफा ३४ (घ) अन्तर्गत सञ्चार प्रतिष्ठानको निरीक्षण र अनुगमन गर्ने साथै सो अनुरूप निर्देशन दिने अधिकार आदि । यी र अन्य दफाहरूलाई अवलोकन गर्दा ऐनको कार्यान्वयन गराउने प्रायः सबै अधिकारहरू प्रेस रजिष्ट्रारलाई सुम्पेको देखिन्छ । प्रेस रजिष्ट्रारसम्बन्धी व्यवस्था प्रष्टरूपमा भएको छुट्टै ऐन नहुञ्जेल विद्यमान काम चलाउ संयन्त्रबाट कार्यान्वयन भइरहेकोमा प्रभावकारिता आउन सक्ने देखिँदैन ।

यसैगरी श्रमजीवी पत्रकार ऐनको पछिल्लो संशोधनको नियुक्ति, स्थायी र पदोन्नतीसम्बन्धी प्रावधान अझै अस्पष्ट र अपूर्ण रहेको देखिन्छ । खुल्ला प्रतियोगिता गरेर नियुक्ति गरेकाहरू स्थायी हुने-नहुने प्रष्ट छैन । अस्थायी वा करारबाट सेवा प्रवेश गरेकाहरू कति वर्ष निरन्तर सेवापछि स्थायीका लागि योग्य हुने हुन् वा होइनन् भन्ने पनि प्रष्ट छैन । साना अखबार र खासगरी राधजानी बाहिरका जिल्ला र शहरका अखबारहरूको आर्थिक र व्यवस्थापकीय हैसियत कमजोर रहेको र श्रमजीवी पत्रकार ऐनले तोकेको दायित्व पूरा गर्न उनीहरू असमर्थ हुँदा प्रकाशन नै बन्द हुन पुगथी बहुलवादी मिडियाको मर्म मर्ने र ठूला लगानीको एकाधिकारले प्रोत्साहन पाउन सक्ने संभावना हुन्छ । अखबारको वितरण र आर्थिक कारोवारको आधारमा फरक-फरक मापदण्ड विकास गर्ने व्यवस्था ऐनमा हुनुपर्दछ ।

३.६ प्रेस काउन्सिल ऐन, २०४८

१. परिचय

प्रेस काउन्सिल पत्रपत्रिकाको स्वस्थ विकासका लागि स्थापना गरिएको एक स्वशासित र संगठित संस्था हो । यसले कानुनद्वारा प्रदान गरिएको हकअधिकारको उपभोग गर्नुका साथै उत्तरदायित्व निर्वाह गरेको हुन्छ । यसरी पत्रकारिता क्षेत्रलाई पेशागत एवम् मर्यादित हिसावले अगाडि बढाउनका लागि प्रेस काउन्सिल नेपालको गठन भएको छ ।

२. काउन्सिलको स्थापना र उद्देश्य

ऐनले काउन्सिल स्थापना स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्न, प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन, आचारसंहिता तोक्न, प्रेस र सरकारका बीच सौहाद्रपूर्ण सम्बन्ध कायम राख्न, सार्वजनिक नैतिकता र नागरिकको मर्यादा कायम राख्न लगाउनु, प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने उद्देश्यको लागि भएको हो । (दफा ५)

विश्लेषण :

ऐनको यो दफाले काउन्सिलको उत्तरदायित्व सिर्जना गरेको देखिन्छ । सर्वप्रथमतः काउन्सिलको उद्देश्य खण्डमा व्यवस्था गरिएको प्रेस र सरकारका बीच सौहाद्रपूर्ण सम्बन्ध कायम गर्ने भन्ने व्यवस्था विवादास्पद देखिन्छ । प्रायः देशहरूमा प्रेस काउन्सिलको स्थापना प्रेस र जनताबीचको सम्बन्धलाई सौहार्द ढङ्गले अगाडि लैजान भएको हुन्छ । सरकारसँग सम्बन्ध विकास गर्ने उद्देश्यले स्थापना भएको काउन्सिल सरकारकै नियन्त्रणमा भएको देखिन्छ जुन स्वतन्त्र र जनमुखी हुनुपर्ने हो ।

३. काउन्सिलको गठन प्रक्रिया

दफा ६ मा काउन्सिलको गठन प्रक्रियाको व्यवस्था गरेको छ जसमा अध्यक्षको पदमा सर्वोच्च अदालतको अवकास प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट सरकारले मनोनित गर्ने र अन्य सदस्यहरू पनि सरकारले नै मनोनयन गर्ने गरी १३ सदस्यीय काउन्सिल रहने व्यवस्था गरेको छ ।

विश्लेषण :

काउन्सिलको गठन प्रक्रियामा पत्रकारितासँग सम्बन्धित व्यक्तित्वहरूको बहुमत भए तापनि उनीहरूलाई सरकारले मनोनयन गर्नुपर्ने भएकोले यो काउन्सिल सरकारमुखी भएको स्पष्ट हुन्छ । साथै, अध्यक्षको पदमा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति समेतलाई सरकारले मनोनयन गर्नसक्ने व्यवस्था तर्कहीन देखिन्छ । कारण, प्रेस काउन्सिल एउटा अर्धन्यायिक निकाय हो भन्ने मान्यता रहिआएको छ र व्यवहारमा पनि यस निकायले उजूरी सुन्ने, अनुसन्धान गर्ने, कारवाही गर्ने, आचारसंहिता तोक्नेजस्ता न्यायिक कार्य गरेको देखिन्छ । अन्य देश (भारत, पाकिस्तान आदि) को प्रेस काउन्सिलमा न्याय क्षेत्रसँग सम्बन्धित व्यक्तित्व नै अध्यक्ष रहिआएको देखिन्छ । यस्तो निकायमा प्रेससँग सम्बन्धित व्यक्तिलाई अध्यक्षतामा दिँदा पत्रपत्रिका क्षेत्रलाई जनमुखी बन्नबाट अवरोध सिर्जना हुन्छ । साथै, न्याय प्रदान गर्ने कुरामा पत्रकारहरू स्वतन्त्र र सक्षम हुन सक्दैन, जति न्याय सेवाका व्यक्तिहरू हुन्छन् ।

४. काउन्सिलको काम, कर्तव्य र अधिकार

दफा ७ मा यस काउन्सिललाई अधिकार र कर्तव्यको व्यवस्था गरेको छ । जसमा सरकारलाई सुझाव दिने, आचारसंहिता तयार गरी लागू गर्ने, पत्रिकाको वितरणस्थितिको अध्यावधिक अभिलेख राख्ने, उजूरीमा कारवाही गर्ने, वार्षिक प्रतिवेदन बनाउने र सरकारलाई पेश गर्ने, असामाजिक, आपत्तिजनक कुराहरूको प्रकाशन सम्बन्धमा छानविन गर्ने पर्दछन् ।

विश्लेषण :

यसरी हेर्दा प्रेस काउन्सिललाई एउटा समन्वयकारी र जनमुखी नबनाई नियन्त्रणकारी र सरकारीमुखी बनाएको देखिन्छ । प्रेस काउन्सिल सरकारप्रति उत्तरदायी नभई जनताप्रति उत्तरदायी हुनुपर्ने अवधारणाको विकास भएको अवस्थामा नेपालमा काउन्सिललाई दिइएको यस्ता अधिकारमा धेरै हदसम्म खुकुलोपना ल्याउनुपर्दछ । यसबाट मात्र काउन्सिलले पत्रकारहरूको हक-हितको सुरक्षा गर्न सक्ने, पत्रकारिता क्षेत्रलाई मर्यादित एवम् पेशागत हिसावले अगाडि लैजान सकिन्छ ।

५. पत्रपत्रिका वितरण संपरीक्षण समिति

ऐनको दफा १० मा पत्रपत्रिका वितरण संपरीक्षण समितिको गठन प्रक्रियाको सम्बन्धमा व्यवस्था गरेको छ । जसमा प्रेस रजिष्ट्रारको अध्यक्षतामा सात सदस्यीय समिति गठन गरेको देखिन्छ । जसमा सञ्चार मन्त्रालय, प्रेस काउन्सिल, लेखापरीक्षण संघ, विज्ञापन संघ-संस्था, व्यापारिक संस्थाबाट क्रमशः एक-एक जना सदस्य रहने व्यवस्था गरेको छ । ऐनको दफा ११ मा यसरी स्थापना भएको समितिले पूरा गर्नुपर्ने काम-कर्तव्य अधिकारको व्यवस्था छ जसमा मुख्यतः पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन संख्या निर्धारण गर्ने साथै वर्गीकरण गर्ने कार्यहरू पर्दछन् ।

विश्लेषण :

ऐनले पत्रपत्रिका वितरण संपरीक्षण समितिलाई काउन्सिलको एउटा अङ्ग बनाउनु यसको सबैभन्दा कमजोर र विवादास्पद पक्ष हो । यस्तो प्रचलन कुनै पनि मुलुकका प्रेस काउन्सिलमा छैन । छिमेकी राष्ट्र भारत र पाकिस्तानमा पनि यसलाई छुट्टै निकायको रूपमा स्थापना गरिएको छ । यसरी पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन संख्या निर्धारण गर्ने साथै प्रकाशन संख्याको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने अधिकार सुम्पिएको समितिलाई प्रेस काउन्सिलभित्र राखेर हेर्दा सरकारी नियन्त्रणमा प्रेस

जगतलाई राख्न खोजिएको स्पष्ट हुन्छ । प्रेस मामिलाका विज्ञ र प्रेस र समाजको सुसम्बन्ध बुझ्ने विशेषज्ञहरूको संस्थाको रूपमा प्रेस काउन्सिल हुनुपर्नेमा आर्थिक र प्रशासनिकरूपमा सरकारी नियन्त्रणमै रहनु यसको दुर्भाग्य हो । प्रेस काउन्सिललाई पत्रकार आचारसंहिता पालना भए-नभएको हेर्ने संस्थाको रूपमा मात्र लिनुपर्दछ ।

पत्रपत्रिकाको वर्गीकरणका लागि 'अडिट व्यूरो अफ सर्कुलेशन' को रूपमा छुट्टै स्वतन्त्र निकाय निर्माण गर्न प्रेस जगत्ले नै अगुवाई लिनुपर्दछ । जापानलगायतका एशियाली प्रजातान्त्रिक देशहरूमा यस्तो निकाय छुट्टै कानुनद्वारा नै सिर्जित पाइन्छ भने केही देशमा निजी क्षेत्रले त्यस्तो निकाय विकास र सञ्चालन गरेको देखिन्छ । तसर्थ, प्रेस काउन्सिल ऐनबाट यससम्बन्धी दायित्व हटाउन सकेमा काउन्सिल आचार-संहिता अनुगमन र परिपालना गराउने स्वायत्त-स्वतन्त्र निकाय बन्नसक्छ ।

६. उजूरी प्रक्रिया

ऐनको दफा १२ अन्तर्गत कुनै पनि व्यक्तिले उजूरी दिएमा मात्र आवश्यक जाँचबूझ गर्ने भन्ने व्यवस्था गरेको छ । यसरी उजूरीबमोजिम् आवश्यक छानविन गरी काउन्सिलले मर्का पर्ने पक्षको भनाई सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, मर्का पर्ने पक्षसँग क्षमायाचना गर्न लगाई निजको कुरा सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउनेजस्ता कार्य गर्न गराउने सक्ने व्यवस्था गरेको छ ।

विश्लेषण :

ऐनको यो व्यवस्था पनि तर्कसंगत नभएको देखिन्छ किनभने जब काउन्सिल अप्रत्यासितरूपमा आफैँ सरकारी नियन्त्रणमा रहेको छ भने त्यस्तो निकायले सरकारी तवरबाट मर्का परेको विषयमा ऐनले व्यवस्था गरेबमोजिम्को कार्य सम्पादन गर्न सक्दैन । साथै, प्रेस काउन्सिलले उजूरी दिइएमा छानविन गर्ने कार्य गरिरहेको छ त्यसमा परिवर्तन गरी स्वतःस्फूर्तरूपमा सञ्चारमाध्यमहरूले आचारसंहिताको पालना गरे-नगरेको हेर्ने संरचनाको तयार गर्नुपर्ने आवश्यकता रहेको छ ।

निष्कर्षमा प्रेस काउन्सिल नेपालको संरचना एकदमै केन्द्रिकृत रहेको छ । विकेन्द्रिकरण र संघीयताको व्यवस्था संविधानमा भएको बेला सानोभन्दा सानो प्रेससँग सम्बन्धित कार्यलाई काठमाडौं नै धाउनुपर्ने बाध्यता रहेको छ । जुन व्यवस्था समयसापेक्ष नभएको स्पष्ट हुन्छ । क्षेत्रीय र स्थानीय निकायसम्ममा प्रेस काउन्सिलको क्षेत्र विस्तार गरी सर्वसुलभ र सरल हिसावमा अर्धन्यायिक निकायको कार्य गरी जनमुखी हुनु प्रेस काउन्सिलको आजको आवश्यकता हो । यसको लागि यो ऐनमा धेरै ठाउँमा परिवर्तन र परिमार्जन गर्नुपर्ने देखिन्छ । यसका साथै, काउन्सिलले सबै सञ्चारमाध्यमलाई समेट्न सकेको देखिँदैन । सबैखाले सञ्चारमाध्यमका समाचारमूलक सामाग्रीहरूको नियमन गर्ने र आचारसंहिता एवं व्यावसायिक मूल्यविपरीतका अभ्यासहरूलाई सच्याउने निकायका रुपमा कार्यक्षेत्र विस्तार हुनुपर्दछ । यसैगरी यसलाई अधिकतम् स्वायत्त संस्थाको रूपमा प्रतिनिधित्व प्रणाली र सञ्चालन प्रणाली फेर्नुपर्दछ । व्यवहारमा प्रेस काउन्सिलले सञ्चारमाध्यमको स्वतन्त्र विकासको लागि समन्वयीकारीभन्दा पनि नियन्त्रणमुखी भएको देखिन्छ । यसैगरी प्रेस काउन्सिल सञ्चारका माध्यमहरूबाट पीडित भएका नागरिकहरूलाई न्याय दिने किसिमको न्यायिक, प्राज्ञिक एवम् जनमुखी संरचनाको हुनुपर्दछ ।

३.७ राष्ट्रिय समाचार समिति ऐन, २०१९

राष्ट्रिय समाचार समिति देशव्यापी रूपमा समाचारको संकलन र प्रवाह गर्ने एकमात्र समाचार एजेन्सी हो । सरकारी प्रयत्नमा देशभरीका समाचार संकलन र त्यसलाई देशभित्र र बाहिर वितरण गर्ने उद्देश्य राखेर २०१९ सालमा राष्ट्रिय समाचार समिति ऐन बनाएर यो सस्था स्थापना गरिएको हो ।

समितिका काम-कारवाहीको रेखदेख र सञ्चालन बोर्डले गर्छ । बोर्डको अध्यक्ष, महाप्रबन्धक र आवश्यक सल्लाहकार सरकारले नियुक्त गर्छ । सरकारले अध्यक्ष नतोकेको अवस्थामा महाप्रबन्धकले बोर्डको अध्यक्षता गर्छ । राससले मित्रराष्ट्रसँगको मित्रतामा असर पार्ने, विश्वशान्तिमा खलल पर्ने, विनाप्रमाण आरोप लगाउने र समाजमा भ्रम फैलाउने खालका समाचार वितरण गर्न पाउँदैन । प्रचलित कानूनका अधीनमा रही देश र समाजको स्तर उच्च पार्ने, समाजको उत्थान हुने खालका समाचार वितरण गर्नु राससको दायित्व हो । राष्ट्रिय एकतालाई बलियो बनाउने खालका समाचार वितरण गर्ने जिम्मेवारी यो समितिलाई छ । समितिले एक करोडभन्दा बढीको सम्पत्ति खरिद वा प्राप्त गर्न, दश वर्ष वा सोभन्दा बढी समयका लागि सम्पत्ति धितो लिन वा दिन तथा ५ लाखभन्दा बढी मूल्य पर्ने कुनै सम्पत्ति वा अधिकार वा सुविधा बेचविखन गर्न वा नामसारी गर्न सरकारको पूर्व स्वीकृति लिनुपर्छ । रासस ऐनले २५ प्रतिशत स्वामित्व निजी क्षेत्रको हुनसक्ने व्यवस्था गरेको छ ।

सरकारले राष्ट्रिय हितका निमित्त दिने कुनै पनि निर्देशनको पालना गर्नुपर्छ । रासस बोर्डले सुचारुरूपले काम गरेको छैन वा बोर्डले समितिको उद्देश्यको वर्खिलाप हुने काम गरेको छ वा सरकारको निर्देशन मानेको छैन भन्ने लागेमा सरकारले बोर्ड विघटन गर्न सक्छ । कुनै समाचार समितिले कानुनबमोजिम् स्थापित समिति वा सरकारमार्फत् मात्र आफ्नो समाचार बिक्री-वितरण गर्न पाउने बाध्यात्मक व्यवस्था गरेर अब खुल्ने समितिले पनि राससमार्फत् नै समाचार बिक्री-वितरण गर्नुपर्ने व्यवस्था कानुनमा छ । यस अर्थमा समाचारको बिक्री-वितरणमा यसलाई एकाधिकार प्रदान गरिएको छ ।

विश्लेषण :

प्रजातान्त्रिक सरकारले समाचार समिति एकलौटी स्वामित्वमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ कि छैन भन्ने विवाद चल्दैआएको छ । समितिलाई सरकारको पूर्ण नियन्त्रण वाहिर राख्ने व्यवस्था गरिनुपर्छ भन्ने मान्यता रहे पनि त्यसको उपयुक्त संरचना कस्तो भन्ने प्रष्ट छैन । व्यवस्थापनमा स्वायत्तता, सेयर बिक्री गरी अन्य सेयरहोल्डहरको सञ्चालक बोर्डमा सहभागिता, सहकारीकरण वा निजीकरण यसका विकल्पहरू हुनसक्छन् । व्यवस्थापनमा सक्षम व्यक्तिहरूको छनौटका लागि अध्यक्ष, महाप्रबन्धकलगायतका पदमा नियुक्त हुने पदाधिकारी र सदस्यहरूको छनौट स्वतन्त्रढङ्गले गर्नु उपयुक्त हुन्छ ।

परिवर्तित परिस्थितिमा निजी क्षेत्रले पनि समाचार संस्था चलाउन पाउने प्रतिस्पर्धी वातावरण निर्माण गर्न समाचार समितिमा रासस वा सरकारको एकाधिकार अन्त्य गर्नु आवश्यक छ। यसका लागि समाचार समितिसम्बन्धी ऐन तर्जुमा गर्न सकिन्छ । यसबाट समाचार सामग्री उत्पादन गरेर प्रशारण र

प्रकाशन संस्थाहरुलाई सेवा प्रदान गरिरहेका संस्थाहरूलाई पनि प्रेस कानुनअन्तर्गत नियमन गर्न सकिन्छ। समाचार समितिको परम्परागत भूमिकालाई डिजिटल-इन्टरनेट प्रविधिले निकै चुनौती सिर्जना गरेको हुनाले धेरै देशहरूमा एजेन्सीहरूको औचित्यमाथि वहस भइरहेको पाइन्छ। केही लोकतान्त्रिक देशहरूमा विभिन्न सञ्चारका माध्यमहरूलाई समाचार सामाग्री उपलब्ध गराई उनीहरूको प्रवर्द्धनका लागि समाचार एजेन्सी सञ्चालनमा राज्यको अनुदान नीति रहेको पाइन्छ। फ्रान्सको एएफपी तर धेरैजसो लोकतान्त्रिक देशहरूले समाचार एजेन्सीहरूलाई आमसञ्चारमाध्यमहरूको साझा सार्वजनिक (पब्लिक) निकायका रुपमा प्रवर्द्धन गरेका छन्। जस्तो भारतको पीटीआई, अमेरिकाको एपी। केही देशहरूमा भने राज्यले आधिकारिक सूचना प्रवाहका निम्ति समाचार एजेन्सीहरू पूर्णत राज्यका स्वामित्वमा सञ्चालन गर्दिैआएको छ। जस्तो : चीनको सिन्ह्वा, पाकिस्तानको एपीपी, नेपालको रासस। तसर्थ राससलाई सामाजिक उत्तरदायित्वको सिद्धान्तअनुरूप राज्यको आधिकारिक सूचना प्रवाहद्वारा अन्य माध्यमको सहयोगका लागि सञ्चालित गर्ने कि वा व्यावसायिक (कमर्शियल) उद्देश्यअनुरूप आत्मनिर्भर हुनेगरी स्वतन्त्ररूपमा सञ्चालन गर्ने भन्ने राज्यनीति स्पष्ट हुनुपर्दछ। जहाँसम्म अन्तर्राष्ट्रिय सिद्धान्तको आधारमा समाचार एजेन्सी सञ्चालनको औचित्य सञ्चारमाध्यमहरूको आवश्यकताले निर्धारण गर्ने मानिन्छ।

३.८ गोरखापत्र संस्थान ऐन, २०१९

सरकारले गोरखापत्र संस्थान सञ्चालन गर्न २०१९ सालमा यो कानुन बनाएको हो । यसमा पनि राससभैँ सरकारले सञ्चालक समिति निर्माण गर्छ । सो सञ्चालक समितिले गोरखापत्र संस्थान सञ्चालन गर्छ ।

१. संस्थानको काम गोरखापत्र, राइजिङ्ग नेपाल र अन्य पत्रपत्रिकाको मुद्रण, प्रकाशन, वितरण, सञ्चालन आदि काम गर्नु हुनेछ;

२. गोरखापत्र दैनिक र राइजिङ्ग नेपालका विभिन्न संस्करण प्रकाशनको स्तरमा सुधार ल्याउने तथा देशी तथा विदेशी समाचारलाई सकभर व्यापकरूपमा समावेश गर्नु संस्थाको दायित्व हुनेछ;

३. राष्ट्रियता तथा प्रजातान्त्रिक भावनालाई विकसित गर्दै लैजाने किसिमका आकर्षक, रोचक, संस्कृति परिचायक तथा मनोरञ्जनपूर्ण प्रकाशनहरू प्रकाशित गर्ने;

४ आफुले गर्नुपर्ने कामका अतिरिक्त जनसाधारणले प्रकाशन गर्न ल्याएको कुरा आवश्यक दस्तुर लिई छपाइदिने;

५. सस्थानका कर्मचारीदेखि सम्पादकीय शाखाका पत्रकारहरूले गोप्य राख्ने, विश्वासघात नगर्ने कुरामा प्रतिज्ञा गर्नुपर्ने व्यवस्था छ ।

विश्लेषण :

लोकतान्त्रिक प्रणालीमा सरकारले छापा सञ्चारमाध्यम सञ्चालन गरिरहनु अस्वभाविक मानिन्छ । नेपालको विद्यमान सञ्चारनीति तथा विभिन्न समयका सुझाव प्रतिवेदनहरूले गोरखापत्र संस्थानको निजीकरण गर्ने कुरा उल्लेख गर्दैआएको पाइन्छ । छापा सञ्चार माध्यम (पत्रपत्रिका/समाचारपत्र) सरकारले सञ्चालन गर्ने प्रचलनलाई लोकतान्त्रिक मान्न नसकिने अन्तर्राष्ट्रिय मान्यताहरू छन् । तसर्थ गोरखापत्र संस्थानलाई तत्काल सरकारको नियन्त्रण बाहिर लैजान कुन वैकल्पिक संरचना उपयुक्त हुन्छ भनी व्यापक अध्ययन हुन आवश्यक छ । सहकारीकरण वा निजीकरण यसका विकल्पहरू हुन सक्छन् ।

यसैगरी, यसको भौतिक सम्पत्ति र ब्रान्डलाई छुट्याएर अलग-अलग व्यवस्थापन गर्ने सुझाव पनि उच्चस्तरीय मिडिया सुझाव आयोग-२०६३ ले दिएको छ । अर्को विकल्पमा यसको सञ्चालक समितिलाई बढी स्वायत्तता दिने, सञ्चालकको नियुक्तिमा विशेष योग्यता र दक्षताका आधारमा स्वतन्त्र निकायबाट गर्ने प्रस्तावहरू पनि हुनसक्छन् । सरकारले छापा माध्यम नचलाउने नीति लिएमा यो ऐनको औचित्य रहँदैन । गोरखापत्रलाई पनि अन्य पत्रपत्रिकासरह छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐनले नै नियमन गर्न सक्छ । ऐनको उद्देश्यमा उल्लेखित व्यवस्थाहरू कार्यान्वयन गर्न गोरखापत्र र द राइजिङ नेपालजस्ता पत्रिका मात्रै राज्यले सञ्चालन गर्नुपर्ने तर्कसंगत आधार देखिँदैन ।

३.९ गाली–बेइज्जती ऐन, २०१६

१. परिचय

हरेक राष्ट्रले आफ्ना नागरिकहरूलाई गाली-बेइज्जतीपूर्ण अभिव्यक्ति अर्थात् वैयक्तिक मान, मर्यादा र प्रतिष्ठाविरुद्धको अनुपयुक्त लिखित वा मौखिक आक्रमणविरुद्ध सुरक्षा प्रदान गर्दछन् । गाली-बेइज्जतीसम्बन्धी कानुनले वस्तुतः वैध उद्देश्यलाई सहयोग गर्छ भन्ने कुरामा सामान्य विवाद छ । यद्यपि, अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अर्काको अधिकार वा प्रतिष्ठाको सम्मानको रक्षालाई अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्धका लागि वैध आधारका रूपमा मान्यता दिएको छ । नेपालको अन्तरिम संविधानको धारा १५ मा प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकअन्तर्गतको प्रतिबन्धात्मक वाक्यांशमा गाली-बेइज्जतीअन्तर्गत कानुन बनाउन रोक लगाउने छैन भनी व्यवस्था गरेबाट पनि यो कुरा स्पष्ट हुन्छ ।

गाली-बेइज्जती ऐन-२०१६ सर्वसाधारणको इज्जत र मान-मर्यादा कायम राख्न पाउने अधिकारको सुरक्षाका लागि गाली-बेइज्जतीमा सजाय गर्न आवश्यक भएकोले लागू गरिएको भनी प्रस्तावना खण्डमा लेखिएको छ ।

२. परिभाषा

ऐनले बेइज्जतीको परिभाषा गर्दै भनेको छ- 'कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी-जानी वा विश्वास गर्ने कारण भई लेखेर, वचनले, सङ्केतले वा बुझिने गरी आकार चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित वा प्रसारण (प्रसारण भन्ने शब्द विवादित सञ्चार अध्यादेशद्वारा थप गरिएको) गरेमा निजले सो व्यक्तिको बेइज्जती गरिएको मानिनेछ ।' ऐनले मरिसकेको कुनै व्यक्तिलाई कुनै दोष लगाएमा यदि त्यस्तो व्यक्ति जीवित भएको भए उसको इज्जतमा धक्का पुग्ने रहेछ र निजको परिवार वा नजिकको अन्य नातेदारहरूको भावनामा चोट पुऱ्याउने मनसाय रहेछ भन्ने देखिएमा त्यस्तो कार्यलाई पनि बेइज्जती गरेको मान्नुपर्ने व्यवस्था गरेको छ ।

३. गाली–बेइज्जतीअन्तर्गत कारवाही व्यवस्था

नेपालको गाली-बेइज्जतीसम्बन्धी ऐनमा गाली-बेइज्जती देवानी तथा फौजदारी दुबै कसुरका रूपमा व्यवस्था गरिएको छ । अर्थात् ऐनले किटानीसाथ देवानी कार्यविधिअन्तर्गत अभियोग चलाउने वा फौजदारी कार्यविधिअन्तर्गत चलाउने भन्ने स्पष्ट किटान नगरेको अवस्था छ । अर्को शब्दमा भन्ने हो भने कुनै व्यक्तिलाई मानहानीबाट प्रताडित व्यक्तिले क्षतिपूर्तिका लागि मुद्दा चलाउन पनि सक्छ र राज्यले नै अपमानजनक अभिव्यक्ति व्यक्त गरेको आरोपमा फौजदारी अपराधका रूपमा अभियोग चलाउन पनि सक्दछ ।

विश्लेषण :

स्वतन्त्र अभिव्यक्तिको दृष्टिकोणबाट हेर्ने हो भने विशेषतः फौजदारी गाली-बेइज्जतीका कानुनहरू समस्याजनक मानिन्छन् । फौजदारी कानुनले कैद-सजाय वा ठूलो राशीको जरिवानाजस्ता क्रूर सजाय दिलाउन सक्दछ । त्यस्ता कानुनले गम्भीर त्रास सिर्जना गर्दछन् । उदाहरणको लागि, एउटा पत्रकारले कुनै उच्चस्तरको भ्रष्टाचारलाई बाहिर प्रकाशमा ल्याउने कि नल्याउने निर्णय गर्न खोज्दा उसको विभागमा प्रहरीले समात्न सक्ने र थुनामा राख्न सक्ने फौजदारी अभियोगको सामना गर्नुपर्ने सम्भावनाहरू घुमिरहेको हुन्छ । यसको मतलव गाली-बेइज्जतीलाई निरुत्साहन गर्न हुँदैन भन्ने होइन । तर आवश्यकता अनुरूप हुने गरी वैध आलोचनालाई निष्प्रभावी बन्नमा रोक लगाउँदै, गाली-बेइज्जतीलाई निरुत्साहित गर्ने उद्देश्यका लागि प्रयोग हुने साधनहरूको जाँच हुनुपर्छ भन्ने हो ।

गाली-बेइज्जतीमा देवानी कार्यविधिअन्तर्गत अभियोग लगाउने व्यवस्थाले फौजदारी अभियोगभन्दा कम नकारात्मक असर पार्दछ । तथापि, उक्त कानुन सरकारी दुरूपयोगबाट अलग रहनसक्ने गरी बनाइएको, गाली बेइज्जती अभियोग लगाइएकाहरूले पर्याप्तरूपमा आफ्नो प्रतिरक्षा गर्न सक्ने र उनीहरूलाई तिर्न लगाउने क्षतिपूर्तिको र कामको उचित सीमा तोकिएको स्थितिमा मात्र उल्लेखित अवस्था विद्यमान हुनसक्छ ।

धेरैजसो प्रजातान्त्रिक मुलुकले अभिव्यक्ति स्वतन्त्रतामा आँच आउने र सार्वजनिक निकायको जोगाउनुपर्ने किसिमको 'प्रतिष्ठा' नहुने दुईवटा कारणका आधारमा सार्वजनिक निकायलाई कुनै पनि परिस्थितिमा गाली-बेइज्जतीका लागि मुद्दा हाल्ने अनुमती दिँदैनन् । नाफाको उद्देश्य नभएका अमूर्त निकायका रूपमा रहने भएकाले उनीहरूमा आफ्नो प्रतिष्ठा जोगाउनेतर्फ भावनात्मक तथा आर्थिक चासोको अभाव हुन्छ । यसका साथै, आफ्नो प्रतिष्ठाको रक्षाका लागि गाली-बेइज्जती अभियोगमाथि सार्वजनिक पैसा खर्च गर्नु सरकारका लागि अनुचित हुन्छ । तर नेपालमा यस सम्बन्धमा कुनै ठोस व्यवस्था नगरेकोले सरकारले समेत गाली-बेइज्जतीको मुद्दामा अभियोग लगाउन सक्ने बाटो खुला गरिदिएको छ ।

साथ-साथै, साधारण नागरिकको तुलनामा सार्वजनिक अधिकारीले सहनुपर्ने आलोचनाको सीमा फराकिलो हुन्छ तर आफ्नो निजी क्षमता सम्बन्धमा गाली-बेइज्तीको अवस्थामा भने उनीहरूलाई त्यसविरुद्ध मुद्दा हाल्ने अधिकार रहन्छ । सामान्यतया: सार्वजनिक अधिकारी जति बढी वरिष्ठ भयो त्यति ज्यादा आलोचना सहनुपर्ने अपेक्षा गरिन्छ र यसमा राजनीतिज्ञको स्थान त सबैभन्दा माथि हुनुपर्दछ अर्थात् आलोचना सहने क्षमता अधिकतम हुनुपर्दछ । यसरी हेर्दा, सार्वजनिक अधिकारीलाई गरिएको आलोचना यदि व्यक्तिगत क्षमता, सम्बन्ध नभएको अवस्थामा आलोचनाको सीमा फराकिलो बनाउनुपर्दछ भन्ने मान्यता रहेको छ ।

४. सजाय व्यवस्थापनमा विश्लेषण

गाली-बेइज्जती ऐन २०१६ को दफा ५ (२) मा कुनै कुरा छापे वा खोदेमा अरूकसैको बेइज्जती हुन जान्छ भन्ने जानी-जानी विश्वास गर्ने मनासिव कारण भई सो कुरा छापेमा वा खोदेमा पाँच हजार रूपैयाँसम्म जरिवाना हुनेछ र दुई वर्षसम्म कैदको सजाय हुनसक्छ भन्ने व्यवस्था गरेको छ ।

विश्लेषण :

ऐनको यो व्यवस्था समयानुकूल नभएको प्रस्ट हुन्छ । ऐनले गाली-बेइज्जतीको परिभाषा गरेको भए तापनि यसको स्पष्ट वर्गीकरण गर्न नसकेको अवस्थामा कुन विषयमा कसुर गरेमा कति सजाय गर्ने भन्ने अन्योलता छ । ऐनको यस्तो अस्पष्ट र अव्यवहारिक व्यवस्थाले यसको व्याख्या तथा वर्गीकरणको जिम्मा

अदालतलाई छोडेको स्पष्ट हुन्छ । तर, कानुनद्वारा नै स्पष्ट वर्गीकरण गरेको अवस्थामा पीडितलाई र अदालतसमेतलाई सजिलो हुनसक्ने हुनाले ऐनमा समयानुकूल संशोधन गर्नु आवश्यक छ ।

५. अन्तर्राष्ट्रिय मान्यता

संयुक्त राष्ट्रसंघजस्ता अन्तर्राष्ट्रिय निकायले गाली-बेइज्जती कानुनले उत्पन्न गरेका समस्यालाई स्वीकार गर्दै त्यस्ता कानुनहरू खारेज हुनुपर्दछ भन्ने सुझाव दिएको छ । संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले फौजदारी गाली-बेइज्जती कानुनको दुरूपयोगका सम्बन्धमा विभिन्न मुख्य मुद्दाका क्रममा कयौं पटक आफ्नो चासो प्रकट गरेको छ र अजरवैजान, नर्वे, क्यामरुनजस्ता धेरै देशहरूमा व्यापक सुधारको सुझाव दिएको छ ।[२५]

नेपालमा यस सम्बन्धमा प्रष्ट कानुनको अभावले गर्दा अन्योलको वातावरण सिर्जना भएको छ । तसर्थ, यो ऐनमा पर्याप्त सुधार र परिमार्जन गरी अन्तर्राष्ट्रिय मूल्य-मान्यता र कानुनअनुरूप संशोधन गर्नु आवश्यक छ ।

[२५] Concluding observation of the Human Rights Communities : Norway, Agerbaizan, Cameron

३.१० अन्य ऐनहरूसम्बन्धी सुझाव

३.१०.१ **रेडियो ऐन,** २०१४

- यो ऐनले प्रसारण यन्त्रहरूको आयात, उत्पादन तथा उपयोगसम्बन्धी नियमन गर्दछ । यो ऐन ज्यादै पुरानो भइसक्यो, अध्यावधिक गरिएको छैन, वर्तमान समयमा प्रायः असान्दर्भिक भइसकेको छ । प्रसारण संस्थाले प्रसारण इजाजत र फ्रिक्वेन्सी पाइसकेपछि त्यसैका आधारमा आवश्यक उपकरण आयात र उपभोग गर्न स्वतः पाउनुपर्नेमा यस ऐनअन्तर्गत सामानहरूको आयातका लागि छुट्टै इजाजत लिनुपर्दछ । र, दोहोरो इजाजत र कर प्रणालीको सामना गर्नुपरिरहेको छ । प्रसारण इजाजत र फ्रिक्वेन्सी प्राप्त नगरी कुनै पनि यन्त्रले स्वतः प्रसारण गर्न पनि सक्दैन । त्यसैगरी प्रसारण यन्त्रहरू सधैंभरि आयात नै गरिन्छ भन्ने पनि होइन । नेपालमा उत्पादन गर्न पनि सकिन्छ । खुला बजारमा बिक्री-वितरण हुनसके केही विदेशी कम्पनीको एकाधिकार पनि सकिन्छ र यन्त्र सरल पाइन्छन् । यो ऐनमा रहेका केही प्राविधिक विषयलाई राष्ट्रिय प्रसारण ऐनमा व्यवस्था गरी यो ऐन खारेज गरिनु उपयुक्त हुन्छ ।

३.१०.२ **हुलाक ऐन,** २०१९

- यो ऐनले सरकारलाई पत्रपत्रिकालाई रोक्का गर्न सक्ने अनधिकृत अधिकार प्रदान गरेको छ । यस ऐनको दफा १२ मा यदि मनाही गरेको वस्तु छ भन्ने शङ्का लागेको कुनै समाचारपत्र, पत्रिका, किताब वा अरू लिखतलाई हुलाकबाट चलान गर्दाको अवस्थामा रोक्का गर्ने अधिकार सम्बन्धित हुलाक हाकिमलाई हुनेछ भनिएको छ । यो एक प्रकारको सेन्सर हो जसलाई निरङ्कुश शासकले कुनै पनि बेला गलत प्रयोग गर्न सक्ने देखिन्छ । हुलाक ऐनको यो व्यवस्थामा केही परिवर्तन जरुरी छ ।
- हुलाक हाकिमलाई शंका लागेमा पनि दैनिक पत्रिकालाई २-३ घन्टामा र अन्य पत्रिकाको हकमा पत्रिकाको अवधि हेरी १ देखि २ दिनभित्र कारवाही वा फुकुवा गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरी ऐन परिमार्जन गर्नुपर्ने देखिन्छ ।

३.१०.३ **राज्यविरुद्धको अपराध र सजाय ऐन**

- यो ऐनको दफा ४ को उपदफा ४.१ मा उल्लेख गरिएको महाराजाधिराजसम्बन्धी व्यवस्था अहिलेको अवस्थामा जरुरी नभएकोले परिवर्तन गरिनुपर्ने देखिन्छ ।

३.१०.४ **तथ्याङ्क ऐन,** २०१५

- यो ऐनको दफा ८, ९ (३, ४) मा पनि विभिन्न तथ्याङ्क प्रकाशनमा प्रतिबन्ध लगाईएको छ जुन प्रेस स्वतन्त्रतासँग अमिल्दो छ । यस्तो तथ्याङ्क पनि सरकारले गोप्य र नगोप्य भनी वस्तुगत ढङ्गले छुट्याएर प्रेसलाई थाहा दिनुपर्दछ ।

३.१०.५ निजामती सेवा ऐन, २०४९

- यो ऐनको दफा ४५ र ४६ मा प्रेससँग सम्पर्क गर्न नहुने भनी कर्मचारीको आचारणसम्बन्धी व्यवस्था गरिएको छ। यो प्रावधान सूचनाको हकसम्बन्धी बाझिन्छ।

३.१०.६ नेपाल राष्ट्र बैंक ऐन, २०५८

- यो ऐनमा पनि सरकारको आलोचना गर्न नहुने र प्रेससँग सम्पर्क गर्न नहुने प्रावधान दफा ५६ र ५७ मा रहेका छन्।

३.१०.७ बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३

- यो ऐनले सम्बन्धी विवरणहरू गोप्य राख्नुपर्ने व्यवस्था गरेको छ । त्यसमा कति गोप्य र कति खुला गरिनुपर्ने भन्ने व्यवस्था स्पष्ट हुनुपर्ने आवश्यकता छ।

३.१०.८ विदेशी विनिमय ऐन, २०५९

- यो ऐनमा पनि विवरण गोप्य राख्नुपर्ने व्यवस्था रहेको छ।

३.१०.९ हात-हतियार तथा खर-खजाना ऐन, २०१९

- यो ऐनको दफा ६ र १२ मा खान-तलासी गर्ने विषयमा पत्रकारिता गर्दाको अवस्थाको पत्रकारका सम्बन्धमा छुट्टै व्यवस्था गरिनुपर्दछ।

३.१०.१० नागरिक अधिकार ऐन,२०१२

- जनतालाई नागरिक अधिकार प्रदान गर्न र सो लागू गर्नका लागि कार्यविधि निश्चित गर्न २०१२ सालमा नागरिक अधिकार ऐन, २०१२ जारी गरिएको हो। यो ऐन नागरिक अधिकारका दृष्टिले निकै नै सहयोगी छ। सो ऐनको दफा ६ उपदफा (१) मा भनिएको छ- *प्रचलित ऐनको अधिनमा रही सबै नागरिकहरूलाई वाक् र प्रकाशन स्वतन्त्रता हुनेछ।* यो व्यवस्थाका आधारमा नागरिकहरूको विचार र अभिव्यक्तिको स्वतन्त्रताको रक्षा गर्न विगतमा न्यायालयबाट महत्वपूर्ण फैसलाहरू भएका छन्। तर यो ऐनलाई यथावत राख्ने हो भने नागरिक अधिकारका रुपमा संविधानले व्यवस्था गरेअनुसार विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रकाशन-प्रसारण हक र सूचनाको हकलाई छुट्टाछुट्टै र विस्तृतरुपमा परिमार्जन हुनु आवश्यक छ।

३.१०.११ बालबालिकासम्बन्धी ऐन, २०४८

- यो ऐनको दफा १६ ले प्रकाशन अधिकारका सम्बन्धमा थप दायित्व दिएको छ। सो ऐनको दफा १६ उपदफा (३) मा भनिएको छ- *कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न हुँदैन।*

३.१०.१२ केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

- यो ऐनका केही व्यवस्थाले सञ्चारमाध्यमहरूलाई विगतदेखि नै नियन्त्रण गर्ने गरिएको पृष्ठभूमिमा सो ऐनका केही व्यवस्थाहरू अझै यथावत छन् । सर्वसाधारण जनताको सुविधा, सदाचार र नैतिकता कायम राख्नको लागि अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न बनेको ऐन हुनाले सो कारण देखाई पत्रकार र सञ्चारमाध्यमहरूलाई कारवाही हुने गरेको छ । सो ऐनको दफा २ को ख, ग, ज, झ, र ञ का व्यवस्थाहरू अन्तर्गत पत्रकारहरूलाई सताउने सम्भावना देखिन्छ । त्यसअनुसार- *सार्वजनिक स्थानमा हुल-हुज्जल गरी शान्ति भंग गर्ने, सार्वजनिक स्थानमा अश्लील बोली, वचन, इशारा प्रयोग गरी शान्ति भंग गर्ने वा अश्लील प्रदर्शन गर्ने, सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रकारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री-वितरण गर्ने, सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने, कसैलाई हैरानी गर्नेवा सताउने हेतुले कहीँ बसिरहेको अवस्थामा वा बाटोघोटोमा हिँडिरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले बाधा-विरोध गर्ने, कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिट्ठी-पत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम-कुरा गर्ने, अपराधलाई सार्वजनिक अपराध मानिन्छ ।* यी व्यवस्थाले पत्रकारिता पेशाबाट पनि सार्वजनिक अपराध हुनसक्ने मान्यता राखेको छ ।

३.१०.१३ विद्युतीय (इलेक्ट्रोनिक) कारोवारसम्बन्धी ऐन, २०६३

- विद्युतीय तथ्याङ्क आदान-प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चारमाध्यमबाट हुने कारोवारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सिर्जना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्न र विद्युतीय अभिलेखलाई अनधिकृत तबरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानुनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि कानुनी व्यवस्था गर्ने उद्देश्यले यो ऐन जारी भएको छ । यस ऐनले विद्युतीय अभिलेख र कम्प्युटर प्रणालीको संरक्षण एवम् त्यसमा आधारित कारोवारको आधिकारिकतासम्बन्धी विभिन्न व्यवस्था गरे पनि विद्युतीय समाचारपत्र (समाचारमूलक अनलाइन) हरूको नियमनका सम्बन्धमा व्यवस्था गरेको छैन । इन्टरनेट प्रविधि प्रयोग गरी समाचारमूलक लेख्य सामाग्री, दृश्य एवम् श्रव्य सामाग्रीको प्रवाह गरिने पत्रकारितालाई नियमन गर्न यो ऐनलाई संशोधन गर्नु जरुरी छ । यसैगरी इन्टरनेटमार्फत सूचना आदान-प्रदान गरिने प्रणालीमा पत्रकारिताका समाचार सामाग्रीहरूको विशेष सुरक्षा विषय पनि ऐनमा समेटिनु आवश्यक देखिन्छ ।

३.१०.१४ प्रतिलिपि अधिकार ऐन, २०५९

- किताब, पर्चा, लेख, शोधपत्र, नाटक, नाट्य-संगीत, मूकचित्र, सांगीतिक रचना, श्रव्यदृश्य रचना, चित्रकला, पेण्टिङ, मूर्तिकला, काष्ठकला, लिथोग्राफी, फोटोजन्य सामाग्रीलगायतका कला एवं वैज्ञानिक लेख/रचना र कम्प्युटर प्रोगामहरूको प्रतिलिपि रक्षा गरी बौद्धिक सम्पत्ति संरक्षण गर्न यो ऐन बनाइएको उद्देश्य देखिन्छ । तर ऐनले प्रकाशन एवं प्रसारण क्षेत्रको समाचार एवम् सूचना सामाग्रीहरूलाई बौद्धिक सम्पत्तिको क्षेत्रभित्र स्पष्ट परिभाषा गर्न सकेको छैन । यसैगरी समाचार एजेन्सीहरूका समाचार प्रयोग गर्दा तथा अन्य स्रोतबाट प्राप्त सामाग्री प्रयोग गर्दा स्रोत उल्लेख नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्य पनि ऐनले राख्न सकेको छैन । त्यसैले समाचार माध्यमहरूमा हुने प्रतिलिपि अतिक्रमणको अवस्था नियमन हुन सकेको छैन । प्रतिलिपि अधिकार ऐनको संशोधन गरी पत्रकारिता क्षेत्रमा बौद्धिक सम्पत्ति संरक्षणको प्रत्याभूति गर्नु जरुरी छ ।

खण्ड-४

४. राष्ट्रिय नीतिहरू

राष्ट्रिय कानुन र तिनका मापदण्ड अतिरिक्त राज्यले समय समयमा सञ्चारसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दैआएको छ ।

२०६३ सालमा जारी भएको अन्तरिम संविधानले राखेको मनसाय पूरा गर्ने गरी नयाँ आमसञ्चार नीति तर्जुमा गर्ने कि संविधानसभाको निर्वाचनपछि बन्ने नयाा संविधानमा गरिएका व्यवस्थाहरू कार्यान्वयनका लागि पछि नै नयाँ आमसञ्चारनीति बनाउने भन्ने प्रश्नमा ठोस दृष्टिकोण राज्यले प्रस्तुत गर्न सकेको छैन । संक्रमणकालिन यस समयका लागि आमसञ्चारसम्बन्धी राष्ट्रिय नीतिहरूको चर्चा गर्दा २०४७ को संविधानमा आधारित रहेर बनाइएको राष्ट्रिय सञ्चारनीति २०४९, आवधिक पञ्चवर्षीय योजनाहरू तथा २०५९ सालमा दीर्घकालीन नीति तथा कार्यक्रमका रूपमा प्रकाशित गरिएको नीति पत्रलाई मुख्य आधार मान्न सकिन्छ । यसबीचमा सरकारले गठन गरेका विभिन्न कार्यदलहरूमध्ये हरिहर विरहीको संयोजकत्वको कार्यदल र भारतदत्त कोइरालाको संयोजकत्वको कार्यदलका प्रतिवेदनहरूले पनि आमसञ्चार क्षेत्रका लागि महत्वपूर्ण नीतिगत दिग्दर्शन गरेको पाइन्छ । ती प्रतिवेदन सुझावमा मात्रै सीमित रहेको देखिन्छ ।

पछिल्लो जनआन्दोलनपछि गठन गरिएको उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन सरकारका लागि सल्लाह मात्र भए पनि सो दस्तावेजलाई सरकारले उच्च प्राथमिकता दिइराखेकोले त्यसमा उल्लेखित सिफारिस एवम् सुझावलाई पनि नीतिगत दस्तावेजका रूपमा चर्चा गर्न सकिन्छ । यसैगरी सूचना तथा सञ्चारमन्त्रीका रूपमा कृष्णबहादुर महराले प्रस्तुत गर्नुभएको अवधारणपत्र र सञ्चार मन्त्रालयले बनाएका विभिन्न कार्यदल र आयोगका सिफारिसपत्रहरू पनि नीतिगत दस्तावेजका रूपमा मान्न सकिन्छ । यद्यपि यी दस्तोवज राज्यको आधिकारिक नीति भने होइनन् ।

कानुन, नीति र व्यवहारको बीचमा खासै तालमेल नभएको भए पनि अध्ययनको प्रयोजनका लागि सञ्चारसँग सम्बन्धित प्रमुख नीतिहरू र तिनका मापदण्डलाई निम्नबमोजिम् प्रस्तुत गर्न सकिन्छ ।

४.१ राष्ट्रिय सञ्चारनीति, २०४९

२०४७ सालको संविधानले प्रेस स्वतन्त्रतालाई संवैधानिक प्रत्याभूति दिएपछि नेपालमा उदार सञ्चारनीति सुरु भएको हो । उक्त संविधानको कार्यान्वयनका क्रममा राष्ट्रिय सञ्चारनीति तर्जुमा गरिएको हो । उक्त नीति नेपाली सञ्चार क्षेत्रमा प्रसारण माध्यममा निजी क्षेत्रको सहभागिता प्रारम्भ गर्नका लागि ऐतिहासिक कदमका रूपमा मानिन्छ । सो नीतिमा भएका व्यवस्थाहरू :

४.१.१ प्रसारण

- प्रसारणसम्बन्धी छुट्टै ऐनको तर्जुमा गरी रेडियो तथा टेलिभिजन प्रसारणलाई व्यवस्थित गर्ने;
- सरकारी स्वामित्वमा रहेको प्रसारण संस्थाबाट प्रसारण गरिने कार्यक्रमहरू राष्ट्रिय सेवा र व्यापारिक सेवा गरी २ सेवामा सञ्चालन गर्ने;

- क्षेत्रीय प्रसारणको अवधारणा लिई क्रमिकरूपले विभिन्न राष्ट्रिय माध्यमहरूमा कार्यक्रम प्रसारण गर्ने;
- रेडियो र टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमहरूको उत्पादनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने;
- शिक्षाप्रद एवम् मनोरन्जनात्मक कार्यक्रमहरूको प्रसारण रेडियो र टेलिभिजनबाट गर्न चाहेमा निश्चित मापदण्डको आधारमा निजी क्षेत्रलाई प्रसारण समय उपलब्ध गराउने;
- राष्ट्रिय हितको प्रतिकूल नहुने गरी निश्चित सर्त र प्रक्रियाहरूका आधारमा विदेशी सञ्चारमाध्यमहरूले कार्यक्रम प्रसारण गर्न चाहेमा शिक्षाप्रद र मनोरन्जनात्मक कार्यक्रम प्रसारण गर्न समय उपलब्ध गराउन सक्ने ।

४.१.२ **संस्थान व्यवस्थापन**

- राष्ट्रिय समाचार समिति र गोरखापत्र संस्थानको सञ्चालनमा सरकारी स्वामित्वको अन्त्य गर्दै लैजाने उद्देश्यले कुनै व्यक्तिले एकमुष्ट सेयर खरिद गर्न नसक्ने गरी निजी क्षेत्रमा सेयर प्रवाहित गर्न तद्अनुकूल व्यवस्थापन प्रणालीमा परिवर्तन गर्ने;
- रेडियो नेपाल र नेपाल टेलिभिजनजस्ता सरकारी स्वामित्वमा रहेका संस्थानहरूको व्यवस्थापनलाई स्वायत्तरूपमा विकसित गर्ने;
- सरकारी स्वामित्वमा रहेका संस्थानहरूको सञ्चालक समितिमा सरकारी कर्मचारीहरूको पदेन प्रतिनिधित्व गराइने र पेसागत एवम् व्यवस्थापन क्षमता भएका व्यक्तिहरू राख्ने ।

४.१.३ **राष्ट्रिय प्रसारण प्राधिकरण : रेडियो नेपाल**

- रेडियो नेपाललाई स्वायत्त संस्थाको रूपमा विकसित गर्ने;
- रेडियो नेपालले राष्ट्रिय सेवा र व्यापारिक सेवा गरी प्रसारण गर्ने र व्यापारिक सेवामा क्रमशः निजी क्षेत्रको समेत सहभागिता बढाई यस सेवालाई आर्थिक रूपले आत्मनिर्भर बनाउने;
- अधिराज्यभरि रेडियो नेपाल स्पष्टसँग सुन्न सकिने गरी मेडियम वेभ स्टेसनहरू क्रमशः स्थापना तथा विस्तार गर्दै लैजाने;
- श्रोता सर्वेक्षण गरी कार्यक्रममा सुधार गर्दै लैजाने ।

४.१.४ **टेलिभिजन**

- नेपाल टेलिभिजनलाई स्वायत्त संस्थाको रूपमा विकसित गर्दै व्यावसायिक दक्षता अभिवृद्धि गर्ने;
- नेपाल टेलिभिजनको प्रसारणलाई राष्ट्रव्यापी एवम् व्यापक बनाउन आवश्यक भौतिक पूर्वाधारहरू निर्माण गर्दै जाने;
- श्रोता सर्वेक्षण गरी सुधारात्मक कदम चाल्ने;
- कार्यक्रम उत्पादनमा निजी क्षेत्रलाई समेत सहभागी गराउने;
- निजी क्षेत्रद्वारा सञ्चालित स्तरीय कार्यक्रमहरू खरिद गरी प्रसारण गर्ने ।

४.१.५ **गोरखापत्र संस्थान**

- गोरखापत्रमा सरकारी सहभागिता कम गरी निजीक्षेत्रको सहभागिता बढाउँदै लैजाने ।

४.२ दशौं पञ्चवर्षीय योजना (सन् २००२–२००७)

- सूचना तथा सञ्चार क्षेत्रमा दशौं पञ्चवर्षीय योजनाद्वारा लिइएका प्रमुख नीति तथा कार्यनीतिहरू कार्यान्वयनकै चरणमा रहेकोले सो योजनालाई पनि प्रमुख नीति दस्तावेज मान्न सकिन्छ। उक्त योजनाले लिएको लक्ष्य एवम् कार्यक्रम निम्न छन् :

४.२.१ दूरसञ्चार

- दूरसञ्चारका माध्यमहरूको विकास तथा विस्तार क्षेत्रीय सन्तुलन कायम गर्ने गरी प्रतिस्पर्धात्मक रूपमा गराइने;
- ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाहरूको विस्तार गर्न निजीक्षेत्रलाई व्यापकरूपमा सहभागी गराइने ।

४.२.२ सूचनाप्रविधि

- सूचना प्रविधिको व्यापकरूपमा उपयोग गरी सामाजिक तथा आर्थिक अवस्था सुधार गर्न स्वदेशी तथा विदेशी निजी क्षेत्रको सहभागितामा राष्ट्रिय सूचना संरचनाको सञ्जाल विस्तार गरिने;
- निजी क्षेत्रको सहभागितामा जिल्ला सदरमुकामहरूमा इन्टरनेट केन्द्र खडा गरी सूचना प्रविधिमार्फत् उत्पादन र बजारबीच अन्तरसम्बन्ध स्थापित गरिने ।

४.२.३ विद्युतीय सञ्चारमाध्यम

- विद्युतीय माध्यमहरूलाई प्रतिस्पर्धात्मक र विश्वसनीय बनाई स्वस्थ मनोरञ्जन, ज्ञान एवम् सूचना प्रवाह गराउने उद्देश्यले प्रसारण क्षेत्रको समन्वयात्मक एवम् प्रतिस्पर्धात्मक विकास तथा नियमनका लागि नियामक निकायको रूपमा प्रसारण प्राधिकरणको स्थापना गरिने;
- रेडियो नेपाललाई राष्ट्रिय प्रसारण संस्थाका रूपमा विकसित गरी रेडियो प्रसारण सेवा देशभरि र देश बाहिर समेत पुऱ्याउन स्याटेलाइट, कम्प्युटर जस्ता नयाा प्रविधिलाई समेत उपयोग गरिने;
- नेपाल टेलिभिजनलाई राष्ट्रिय प्रसारण संस्थाका रूपमा विकास गरी टेलिभिजनको प्रसारणलाई हरेक जिल्ला वा गाउामा पुऱ्याउन रिले केन्द्रको संख्या वृद्धि गरी हरेक परिवारले निःशुल्क टेलिभिजन प्रसारण प्राप्त गर्न सकुन् भन्ने दृष्टिकोणले सोही अनुरूप रिले केन्द्रको स्थापना गरिने;
- जनअभिरूचि र आजको समय अनुसारको स्तरीय कार्यक्रमको उत्पादनलाई बढाउन र हाल भू-उपग्रहबाट प्राप्त हुने विदेशी च्यानलसँग प्रतिस्पर्धा गरी नेपाली संस्कृति, कला र जीवनशैलीका कार्यक्रम बढाउन दोस्रो च्यानलको धारणा राखी कार्यक्रहरू तय गरिने;
- रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय प्रसारण संस्थाको रूपमा विकसित गर्न आवश्यक नीति, नियममा समयसापेक्ष परिमार्जन गरिने;
- बहुलवादी, बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक नेपाली समाजको भावनालाई प्रसारण कार्यक्रमहरूमा प्रतिविम्बित हुने गरी सञ्चालन गरिने;
- एफ.एम. प्रसारण, सहभागितामूलक भिडियो, स्थानीय टेलिभिजन, केबुल टी.भी., भित्तेपत्रिका, सामुदायिक अडियो टावर, सुन्ने पत्रिका (Casssete Magazine) जस्ता स्थानीय तहका सामुदायिक सञ्चार माध्यमहरूको उपयोगलाई प्रोत्साहन गरी सर्वसाधारण जनतामा सूचनाको पहुँचको विस्तार गरिने;

- टेलिभिजन, रेडियो, टेलिफोन, इन्टरनेटजस्ता बहुआमसञ्चारका माध्यम उपलब्ध भई जनता लाभान्वित हुनेगरी अधिराज्यका जिल्ला सदरमुकामहरूमा एकीकृत सूचना प्रणालीको स्थापना गर्न जोड दिइने ।

४.२.४ **हुलाक सेवा**

- हुलाक सेवालाई भरपर्दो, प्रभावकारी तथा आर्थिक दृष्टिकोणले सम्पन्न बनाउन स्वायत्त निकायको रूपमा सञ्चालन गरिने;
- विकेन्द्रीकरणको अवधारणाअनुसार स्थानीय तहमा सञ्चालित अतिरिक्त हुलाक सेवालाई स्थानीय निकायबाट सेवा सञ्चालन गराउने प्रबन्ध मिलाइने;
- निजी क्षेत्रबाट सञ्चालित हुलाक प्रकृतिका सेवाहरूलाई नियमित र व्यवस्थित गरी प्रोत्साहित गरिने;
- हुलाक सेवामा विद्युतीय हुलाकजस्ता नयाँ सेवाहरूको थालनी गरिने ।

४.२.५ **मुद्रण**

- मुद्रण विभागको छापाखानालाई क्रमशः सुरक्षण मुद्रण सामग्रीहरू देशभित्र मुद्रण गर्ने व्यवस्था मिलाइने ।

४.२.६ **सूचना विभाग**

- सूचना विभागलाई श्री ५ को सरकारका काम-कारवाहीहरूबारे सर्वसाधारण जनता र स्वदेश तथा विदेशमा सूचना प्रवाहित गर्ने सूचना सम्प्रेषण केन्द्रको रूपमा विकसित गरिने ।

४.२.७ **प्रेस काउन्सिल**

- जिम्मेवार, मर्यादित, व्यावसायिक र संस्थागत पत्रकारिताको प्रवर्द्धनका लागि प्रेस काउन्सिललाई अझ प्रभावकारी बनाइने;
- छापा माध्यमलाई आत्मानुशासित एवम् मर्यादित बनाई प्रतिस्पर्धात्मक रूपमा प्रजातान्त्रिक मान्यता अनुकूल सञ्चालन गराइने ।

४.२.८ **गोरखापत्र**

- गोरखापत्र संस्थानको सञ्चालनमा निजी क्षेत्रको सहभागिता गराइने ।

४.२.९ **रासस**

- समाचार संकलन, सम्पादन र वितरणमा आधुनिक प्रविधिको प्रयोग गरी राष्ट्रिय समाचार समितिको सेवालाई सुदृढ बनाई सो संस्थाको व्यवस्थापनमा निजी क्षेत्रको समेत संलग्न गराउन जोड दिइने ।

४.२.१० चलचित्र

- राष्ट्र भाषा तथा राष्ट्रिय भाषामा नेपाली चलचित्रहरूको निर्माणमा नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र गतिविधि थलोको रूपमा विकसित गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने ।

४.२.११ विज्ञापन

- विज्ञापन व्यवसायलाई उद्योगको रूपमा सुदृढ गर्दै अर्थतन्त्रमा यस व्यवसायको योगदानलाई प्रोत्साहित एवम् व्यवस्थित गरिने ।

४.३ सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९

सूचना तथा सञ्चार क्षेत्रको समन्वयात्मक विकासका लागि अपनाइने मुख्य दीर्घकालीन नीतिहरू निम्नअनुरूप रहेका छन् :

- विश्वमा हाल प्रादुर्भाव भएका उपयुक्त आधुनिक प्रविधि एवम् सञ्चार साधनहरूको प्रयोग गर्दै समन्वयात्मक तथा प्रतिस्पर्धात्मक रूपमा ग्रामीण स्तरसम्म सूचना तथा सञ्चार क्षेत्रको विकास गर्ने;
- नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्राथमिकताका साथ प्रत्याभूत विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको मूल मर्मअनुरूप सूचना र सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धात्मक, विश्वसनीय, प्रभावकारी एवम् सुदृढ बनाउने;
- स्वस्थ, मर्यादित व्यावसायिक तथा संस्थागत पत्रकारिताको विकास गर्ने;
- सूचना विभागलाई श्री ५ को सरकारका काम कारवाहीहरूबारे सर्वसाधारण जनता र स्वदेश तथा विदेशमा सूचना प्रवाहित गर्ने सूचना सम्प्रेषण केन्द्रको रूपमा विकसित गर्ने;
- प्रेस काउन्सिललाई छापा माध्यमहरूको प्रतिनिधिमूलक संस्थाको रूपमा विकसित गरी निश्चित आचारसंहिता अनुकूल व्यवहार गराउने एवम् मर्यादित र जिम्मेवार व्यावसायिक पत्रकारिताको विकास गर्नसक्ने सक्षम र साधन सम्पन्न निकाय बनाउने;
- छापा माध्यम (Print Media) को सञ्चालन प्रतिस्पर्धात्मक रूपमा निजी क्षेत्रबाट गराउने ध्येय लिई गोरखापत्र संस्थानको सञ्चालनमा निजी क्षेत्रको सहभागिता गराउने;
- समाचार संकलन, सम्पादन र वितरणमा आधुनिक प्रविधिको प्रयोग गर्दै राष्टिय समाचार समितिको सेवा सुदृढीकरण र विविधिकरण गरी संस्थाको व्यवस्थापनमा निजी क्षेत्रको समेत संलग्नता गराउने;
- नेपाल अधिराज्यको संविधानको प्रत्याभूत गरेको जनताको सुसूचित हुने अधिकारलाई पूर्ण रूपले स्थापित गर्न समयानुकूल प्रसारण सामग्रीहरूको विविधता र प्रभावकारिताको अनुगमन एवम् प्रसारण प्रणालीको व्यवस्थापनलाई सुनिश्चित गर्ने प्रशासनिक इकाईको संरचना गरी रेडियो, टेलिभिजन र इन्टरनेट सूचना प्रणालीलाई समानुपातिक रूपले अधिराज्यव्यापी बनाउँदै लैजाने;
- विद्युतीय प्रसारण माध्यमहरूलाई प्रतिस्पर्धात्मक र विश्वसनीय बनाई स्वस्थ मनोरञ्जन, ज्ञान एवम् सूचनाको प्रवाह गराउने हेतुले प्रसारण क्षेत्रको समन्वयात्मक एवम् प्रतिस्पर्धात्मक विकास तथा नियमनका लागि नियामक निकायका रूपमा राष्ट्रिय प्रसारण प्राधिकरणको स्थापना गरी रेडियो र टेलिभिजन प्रसारणलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने;
- विज्ञापन व्यवसायलाई राष्ट्रिय उद्योगको रूपमा सुदृढ गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस व्यवसायको योगदानलाई प्रोत्साहन एवम् व्यवस्थित गर्ने ।

४.३.१ सूचनाप्रवाह र पत्रकारिता क्षेत्रसम्बन्धी दीर्घकालीन नीति

- सञ्चारग्रामको अवधारणाअनुरूप सूचना विभागका साथै प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघ समेतका सूचनाप्रवाह र पत्रकारितासित सम्बन्धित निकायहरूलाई एकथलोमा राखी समन्वयात्मक रूपमा सञ्चालन गर्ने हेतुले ती संस्थाहरूको लागि आवश्यक पूर्वाधारको विकास गर्ने र विकसित पूर्वाधारलाई उक्त संगठनहरूको लक्ष्यसित आबद्ध गरी एकीकृत ढंगमा उपयोग गर्ने गराउने;
- श्री ५ को सरकारका विभिन्न निकायका सार्वजनिक सूचना अधिकृत वा प्रवक्ताहरूको बीचमा समन्वय कायम गरी सरकारको सूचना प्रवाह गर्ने प्रमुख निकायको जिम्मेवारी वहन गर्ने संस्थाको रूपमा कार्य गर्न सूचना विभागलाई सूचना सम्प्रेषण केन्द्रका रूपमा विकसित गर्ने;
- नेपाल अधिराज्यका प्रमुख स्थानहरूमा सक्षम र प्रभावकारी सार्वजनिक सूचना केन्द्रहरू (Public Information Bureau) को सञ्चालन गरी त्यस्ता केन्द्र र सूचना विभागको बीचमा आधुनिक सञ्चार सञ्जालको स्थापना र सञ्चालन गर्ने;
- सरकारका केन्द्रीय एवम् स्थानीय निकायहरू तथा सूचना विभाग र सञ्चार केन्द्रहरूको बीचमा आधुनिक सञ्चार नेटवर्कको स्थापना गर्ने;
- फोटो प्रयोगशाला सुदृढीकरण गर्ने र फोटो संग्रहालयको स्थापना गर्ने;
- सूचना विभाग एवम् सञ्चार केन्द्रहरूमा पुस्तकालय एवम् वाचनालयको विकासद्वारा सर्वसाधारणले पत्रपत्रिका, पुस्तक, पुस्तिकाहरू अध्ययन गर्न पाउने व्यवस्था गर्ने गरी ज्ञानमा आधारित समाज (Knowledge Based Society) को विकास गर्न मद्दत पुर्‍याउने;
- पत्रकारिता क्षेत्रको व्यावसायिक दक्षताको विकासको निम्ति स्वदेश र विदेशमा पत्रकारहरूलाई तालिम र अध्ययनको अवसर उपलब्ध गराउने;
- सञ्चार माध्यमहरूलाई राष्ट्रिय पुँजी लगानीमा उद्योगको रूपमा विकसित गर्ने ।
- व्यावसायिक पत्रकारिताको प्रतिस्पर्धात्मक विकासको लागि अनुकूल वातावरण बनाउन लोक कल्याणकारी विज्ञापन प्रवाहलाई प्रवर्द्धन गर्दै जाने;
- प्रेस काउन्सिललाई छापा माध्यमहरूको प्रतिनिधिमूलक स्वतन्त्र र सक्षम निकायका रूपमा विकसित गरी पत्रकार आचारसंहिता पालना गर्न गराउन सुदृढ बनाउने;
- संविधानद्वारा प्रदत्त सूचनाको हकलाई प्रत्याभूत गराउनको निम्ति सूचनाको हकसम्बन्धी कानुनको व्यवस्था गर्ने;
- श्रमजीवी पत्रकारहरूको हक र हितको संरक्षण र सम्वर्द्धन गर्ने;
- नेपाली सञ्चार माध्यमहरूको पहुँच क्रमशः विश्वव्यापी बनाउने एवम् नेपालबाट प्रकाशित पत्रपत्रिकारहरू सहजरूपमा विदेशी बजारमा पनि जान सक्ने वातावरण तयार गर्ने;
- मर्यादित, स्तरीय, जिम्मेवार र व्यावसायिक पत्रकारिताको प्रवर्द्धन र प्रोत्साहन गर्न पत्रकारितासँग सम्बद्ध संस्थालाई विशेष सहयोग पुर्‍याउने;
- फोटो पत्रकारिता, कार्टुन, सूचनामूलक प्रकाशन र प्रसारण, इन्टरनेट, अनलाइनलगायत पत्रकारिता अन्य विभिन्न विधाको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने;
- कुनै पनि व्यक्ति, संस्था वा कम्पनीलाई प्रकाशनगृह, समाचार एजेन्सी, रेडियो प्रसारण संस्था र टेलिभिजन प्रसारण संस्था मध्ये बढीमा कुनै दुईवटा माध्यमको सञ्चालन गर्न अनुमति दिने;
- सूचना विभाग र सार्क क्षेत्रका राष्ट्रहरूका सूचना विभाग (Information Bureau) बीच सूचना आदान प्रदान (Data Exchange) प्रणाली स्थापना गर्ने;

- पत्रकारिता क्षेत्रमा सम्बद्ध जनशक्तिको क्षमता वृद्धिका लागि प्रशिक्षण, तालिम, अध्ययन आदिको प्रबन्ध गर्ने;
- नेपाली पत्रकारिताको क्षेत्रमा पर्याप्त मात्रामा स्वदेशी लगानी प्रवाहित भइरहेको हुँदा छापा माध्यमको विकासका लागि विदेशी लगानी स्वीकार नगर्ने ।

४.३.२ **पत्रकारिता (गोरखापत्र संस्थान)**

- गोरखापत्र संस्थानलाई निजी क्षेत्रको सहभागिता प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाई पहिलो चरणमा गोरखापत्र संस्थानको शेयर प्रवाहित गर्ने;
- गोरखापत्र संस्थानलाई प्रकाशन गृहको रूपमा विकसित गर्ने;
- निम्नअनुरूपको प्रकाशन नीति अवलम्बन गर्ने :-
  - (क) नेपाल अधिराज्यको संविधान, २०४७ का आधारभूत मूल्य, मान्यता र संरचनाप्रति आस्था बढाउने पाठ्यसामग्री प्रकाशित गर्ने;
  - (ख) सबै क्षेत्र, वर्ग, व्यवसायका नागरिकहरूका निम्ति उपयोगी हुने लेख रचना तथा विभिन्न जातजातिको भाषा, संस्कृति, परम्परा र रीतिरिवाजको जगेर्ना हुने सामग्रीहरू प्रकाशित गर्ने;
  - (ग) सामाजिक कुरीति, विकृति एवम् असामाजिक गतिविधिहरू तथा अन्याय, अत्याचार जस्ता क्रियाकलापलाई निरूत्साहित पार्ने किसिमका सामग्रीहरू प्रकाशित गर्ने;
  - (घ) सर्वसाधारण जनतालाई राष्ट्रिय सम्पदाहरूको महत्वबोध गराई तिनीहरूको संरक्षण र सम्वर्द्धनमा सचेत हुन प्रेरणा दिने;
  - (ङ) देश निर्माणमा सिर्जनात्मक भूमिका निर्वाह गर्न नागरिकहरूमा जाँगर र आत्मविश्वास पैदा गराउने खालका सामग्री प्रकाशित गर्ने;
  - (च) पर्यावरण/वातावरण सन्तुलन र संरक्षण निमित्त वनजंगलको सुरक्षा, वृक्षरोपण, प्रदूषण नियन्त्रण आदि कार्यहरूमा आम-जनतालाई प्रेरणा दिने प्रकारका लेख रचनाहरू प्रकाशित गर्ने;
  - (छ) नेपाल बाहिर पनि विशेषतः नेपाली भाषा बोलिने क्षेत्रहरूमा नेपाली भाषा र साहित्यको उत्थानमा सहयोग पुऱ्याउने;
  - (ज) व्यक्तिगत स्वार्थ वा दुराग्रह राखी लेखिएका, कसैको चरित्र हत्या हुने, कुनै व्यवसाय वा संस्थाको विश्वसनीयतामा आघात पुग्ने र साम्प्रदायिक भावनालाई बढावा दिने जस्ता सामग्रीलाई स्थान नदिने;
  - (झ) राष्ट्रले अवलम्बन गरेको परराष्ट्र नीतिको प्रतिकूल हुने किसिमका समाचार वा लेख रचना आदि प्रकाशन नगर्ने;
  - (ञ) सरकारी वा गैरसरकारी निकायहरूको क्रियाकलापको वस्तुगत विश्लेषण गरिएका वा मर्यादित आलोचना भएका सामग्रीहरूलाई पनि स्थान दिने;
- संस्थानले आफ्नो आर्थिक तथा भौतिक क्षमताअनुसार स्वदेश तथा विदेशमा समेत आफ्नै सम्वाददाताहरू क्रमशः राख्दै जाने;
- दक्ष जनशक्तिको परिपूर्तिको लागि तालिमको व्यवस्था गर्ने;
- संस्थानलाई आत्मनिर्भर बनाउन समयानुकूल प्रभावकारी उपायहरू अवलम्बन गर्ने ।

४.३.३ **पत्रकारिता (राष्ट्रिय समाचार समिति)**

- राष्ट्रिय समाचार समितिको भौतिक क्षमता वृद्धि गर्नका साथै सेवाको सुदृढीकरण एवम् विविधीकरण गर्ने;
- क्रमिक रूपमा सरकारी सहभागिता कम गरी निजी क्षेत्रको सहभागिता बढाउन शेयर प्रवाहित गर्ने;

- राससलाई निष्पक्ष एवम् वस्तुगत समाचार संकलन तथा वितरण गर्ने स्वायत्त एवम् आत्मनिर्भर संस्थाको रूपमा विकसित गर्ने;
- रासससबाट संकलित सामग्रीहरूको अभिलेख राख्ने र अभिलेखमा रहेका समाचार सामग्रीहरूमा ग्राहकहरूको पहुँच हुनसक्ने व्यवस्था मिलाउने;
- राससलाई मुद्रण तथा विद्युतीय सञ्चार माध्यमका लागि आवश्यक समाचार श्रोतको रूपमा समेत विकसित गर्ने;
- राष्ट्रिय हित र प्रजातन्त्रको संरक्षण, सम्वर्द्धन एवम् सामाजिक उत्थानमा सघाउ पुऱ्याउने समाचारहरू संकलन, सम्पादन, वितरण एवम् आदानप्रदान गर्ने;
- देशको सामाजिक, आर्थिक र राजनीतिक एवम् सांस्कृतिक विषयका साथै अन्य जन अभिरूचिका समाचार र लेख उपलब्ध गराउने;
- राष्ट्रले अवलम्बन गरेका परराष्ट्र नीतिअनुरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समाचार संकलन र वितरण गर्ने;
- स्तरीय सेवा प्रदान गर्न दक्ष जनशक्तिको विकास र परिचालन गर्ने;
- स्तरीय समाचार एवम् लेख, रचनाहरूको बिक्री वितरण गर्ने र आयआर्जनका थप स्रोतहरू जुटाउन समयानुकूल सेवाहरू थप गर्दै जाने;
- प्रत्येक जिल्ला राससका स्थायी समाचारदाता राख्ने र आवश्यकताअनुसार क्रमिक रूपमा विदेशका महत्वपूर्ण स्थानहरूमा राससका समाचारदाताहरू राख्ने;
- समाचार सेवाहरू उपलब्ध गराउन उपयुक्त प्रविधिको प्रयोग गर्दै जाने;
- सञ्चार माध्यमहरूका लागि उपयुक्त हुने तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू उत्पादन एवम् बिक्री वितरण गर्ने;
- राससको विकास एवम् आत्मनिर्भरताका लागि पूर्वाधारको विकास गर्ने ।

४.३.४ प्रसारण क्षेत्रसम्बन्धी दीर्घकालीन नीति

- श्री ५ को सरकारले प्रसारण क्षेत्रको विकासप्रति लिनुपर्ने दायित्व र प्रविधिगत विकासको समायोजनलाई दृष्टिगत गरी अपेक्षित उद्देश्य हासिल गर्न निजी क्षेत्रको सक्रिय सहभागितामा प्रतिस्पर्धात्मक वातावरण कायम गर्ने;
- प्रसारण संस्था तथा तिनका प्रसारणलाई नियमन गर्न निजी क्षेत्रको समेत सहभागिता रहने गरी राष्ट्रिय प्रसारण प्राधिकरणको स्थापना गर्ने;
- प्रसारण क्षेत्रमा द्रुतगतिले भएको प्रविधि विकास र यसको मूल्य संरचना (Cost Structure) लाई दृष्टिगत गरी रेडियो तथा टेलिभिजनको प्रसारण क्षेत्रलाई अभिवृद्धि (Enhance) गर्ने । विशेष गरेर ग्रामीण क्षेत्रहरूमा स्याटेलाइट रिसेप्सनजस्ता उपलब्ध नयाँ प्रविधिबाट कम खर्चमा श्रव्यदृश्य सामग्रीहरू उपलब्ध गराउने व्यवस्था गर्ने;
- प्रसारण क्षेत्रको विकासको लागि निजी क्षेत्र र श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्थाहरूको संयुक्त लगानी गराउन विभिन्न विकल्पहरूको अध्ययन गरी लागू गर्ने;
- नेपाली कार्यक्रमहरू उत्पादन गर्न विशेष गरेर नेपालको प्राकृतिक विशेषता, धर्म, संस्कृति र सम्पदासम्बन्धी विषयहरूलाई प्रोत्साहित गर्ने । कार्यक्रम उत्पादन गर्ने स्वदेशी/विदेशी संस्थाहरूसाग यस्ता संयुक्त कार्यक्रमहरू उत्पादन गर्ने सम्बन्धमा सहयोगात्मक सम्बन्धको विकास गर्ने । विश्वबजारमा नेपालको प्राकृतिक, धर्म विशेषता, संस्कृति र सम्पदासम्बन्धी गुणस्तरीय कार्यक्रमहरूको मागको मूल्यांकन गरी सो अनुरूपको व्यवस्था गर्ने;
- सरकारी तथा गैरसरकारी क्षेत्रको संलग्नतामा प्रसारणलाई दूर शिक्षा प्रणालीको लागि प्रयोग गर्ने;
- निजी क्षेत्रमा प्रसारण संस्थाहरू सञ्चालन गर्दा तिनीहरूको उद्देश्य अनुकूल प्रसारण संस्थाहरूको वर्गीकरण तथा

दिशानिर्देश गर्दै जाने । पूर्ण व्यावसायिक वा नाफामूलक प्रसारण संस्थाले जनचेतना अभिवृद्धिका लागि वहन गर्नुपर्ने दायित्वका साथै समुदाय विशेषको उत्थानका लागि सञ्चालन हुने प्रसारण संस्थाहरूलाई राज्यले उपलब्ध गराउन सक्ने सुविधाहरूबारे पहिचान गरी चाहिँदो व्यवस्था मिलाउने;

- समय-समयमा तालिम गोष्ठीको आयोजना गरी जनशक्ति विकास, प्रसारण सामग्रीको स्तर अभिवृद्धि तथा समयानुकूल प्रसारण प्रविधिबारे अध्ययन अनुसन्धान गर्न स्वायत्त संस्थाको रूपमा प्रसारण प्रतिष्ठान (Broadcasting Academy) को स्थापना गर्ने;
- प्रसारण प्रविधिमा आएको विकाससगै बढ्दो अन्तर्राष्ट्रिय स्तरको प्रसारणहरूबाट मुलुकको समृद्धिका लागि उपलब्ध अवसर उपयोग गर्ने, सम्भावित खतरा (Threats) बाट सतर्क रहने तथा राष्ट्रिय हितले माग गरेमा यस्ता प्रसारणलाई नियन्त्रित/प्रतिबन्धित गर्ने प्रबन्ध मिलाउने;
- स्थानीय तहका सामुदायिक सञ्चारमाध्यमहरूको उपयोगलाई प्रोत्साहन गरी सर्वसाधारण जनतामा सूचनाको पहुाच विस्तार गर्ने अभिप्रायले टेलिभिजन, रेडियो, टेलिफोन, इन्टरनेट जस्ता बहुआमसञ्चारका माध्यम उपलब्ध भई जनता लाभान्वित हुने गरी अधिराज्यका जिल्ला सदरमुकामहरूमा एकीकृत सूचना प्रणालीको स्थापना गर्न जोड दिने;
- प्रसारणका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोगका लागि आवश्यक पर्ने लगानी हाल स्वदेशभित्रबाट मात्र पूर्ति हुन सक्ने स्थिति नरहेको हुादा सो स्थितिमा सुधार नआएसम्म प्रसारण क्षेत्रको विकासका निम्ति बढीमा २५; सम्म विदेशी लगानीको सहभागिता गराउने ।

४.३.५ **रेडियो प्रसारण (रेडियो नेपाल)**

- उपयुक्त प्रविधिको प्रयोग गरी रेडियो नेपालको प्रसारण अधिराज्यव्यापी र सर्वसुलभ बनाउने;
- प्रभावकारी र लोकप्रिय रेडियो कार्यक्रम निर्माण गरी/गराई प्रसारण गर्ने;
- रेडियो प्रसारणको माध्यमबाट जनताको सुसूचित हुने अधिकारलाई संरक्षण गर्दै कृषि शिक्षा, स्वास्थ्य, पर्यटन, विज्ञान तथा प्रविधि, सुशासनजस्ता वकिासमूलक र शिक्षाप्रद कार्यक्रम र सूचनाहरू जनतासमक्ष पुऱ्याउने;
- मुलुकका विभिन्न आर्थिक, सामाजिक एवम् सांस्कृतिक पक्षहरूबारे कार्यक्रम प्रसारण गरी राष्ट्रिय हित र एकताको अभिवृद्धि गराउने;
- निष्पक्ष, दक्ष, विश्वसनीय एवम् व्यावसायिक ढंगले समाचार एवम् विचार प्रसार गर्ने;
- विदेशी स्रोताहरूलाई नेपालबारे जानकारी प्रदान गर्न वैदेशिक सेवाको कार्यक्रम अन्तर्राष्ट्रिय भाषाहरूमा प्रसारण गर्ने;
- देशको जुनसुकै भागबाट तत्काल सूचना प्रवाह गर्ने किसिमको संयन्त्र खडा गर्ने;
- रेडियो प्रसारणलाई आर्थिक रूपले स्वावलम्बी र आत्मनिर्भर बनाउने दिशामा उपयुक्त कदम चाल्ने;
- रेडियो कार्यक्रमहरूको विविधीकरण गरी आम जनताका लागि शैक्षिक, सूचनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम अलग-अलग च्यानेलमा प्रसारण गर्ने र कार्यक्रम प्रसारण समय वृद्धि गर्दै जाने;
- रेडियो प्रसारणलाई प्रतिस्पर्धात्मक रूपमा विकास गर्न निजी क्षेत्रलाई समेत सहभागी गराउने;
- कार्यक्रमलाई स्तरीय, रोचक र प्रभावकारी तुल्याउन दक्ष, योग्य र तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने;
- कार्यक्रमबाट समाजमा परेको प्रभावबारे जनधारणा बुझी सोही अनुरूप कार्यक्रममा सुधार र परिमार्जन गर्ने;
- मुलुकका विभिन्न राष्ट्रिय भाषाहरूको विकास गर्ने र मुलुकको हर क्षेत्रको संस्कृति, कला, संगीत र साहित्यको विकास गर्न राष्ट्रिय भाषाहरूमा कार्यक्रमहरू सञ्चालन गर्ने;
- उपयुक्त प्रविधिको प्रयोग र निजी क्षेत्रसागको संयुक्त सहभागिताको प्रक्रिया अवलम्बन गरी शतप्रतिशत जनतालाई

रेडियो सेवा पुऱ्याउने;

- क्षेत्रीय प्रसारणलाई श्रोतामुखी बनाउनको लागि विभिन्न राष्ट्रिय भाषामा कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने;
- नयाँ प्रविधिको प्रयोग गर्ने सिलसिलामा पुरानो प्रविधिलाई विस्तारै विस्थापित गर्दै लगी अन्तर्राष्ट्रिय बजारमा विकसित भएका दिगो गुणस्तरयुक्त प्रविधि प्रयोग गर्दै जाने;
- आमजनतालाई सुसूचित हुने अवसर प्रदान गर्न सूचनामूलक, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रमहरू उत्पादन गरी प्रसार गर्ने;
- ऐन नियमहरूमा समयानुकूल सुधार गरी स्वशासित र जिम्मेवार निकायको रूपमा रेडियो नेपाललाई विकसित गर्ने ।

४.३.६ **टेलिभिजन प्रसारण (नेपाल टेलिभिजन)**

- उपयुक्त प्रविधिको प्रयोग गरी टेलिभिजनको प्रसारण अधिराज्यव्यापी र सर्वसुलभ बनाउने;
- जनअभिरूचि र समयअनुसारको स्तरीय कार्यक्रमको उत्पादनलाई बढाउन र भू-उपग्रहमार्फत् प्राप्त हुने विदेशी च्यानलसँग प्रतिस्पर्धा गरी नेपाली संस्कृति, कला र जीवनशैलीका कार्यक्रम बढाउन दोस्रो च्यानलको अवधारणा राखी त्यहीअनुरूप प्रभावकारी र लोकप्रिय कार्यक्रम निर्माण गरी/गराई प्रसारण गर्ने;
- टेलिभिजन प्रसारणको माध्यमबाट जनताको सुसूचित हुने अधिकारलाई संरक्षण गर्दै कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, विज्ञान तथा प्रविधि, सुशासनजस्ता विकासमूलक र शिक्षाप्रद कार्यक्रम र सूचनाहरू जनतासमक्ष पुऱ्याउने;
- मुलुकका विभिन्न आर्थिक, सामाजिक एवम् सांस्कृतिक पक्षहरूबारे कार्यक्रम प्रसारण गरी राष्ट्रिय हित र एकताको अभिवृद्धि गराउने;
- निष्पक्ष, दक्ष, विश्वसनीय एवम् व्यावसायिक ढङ्गले समाचार र विचार प्रसार गर्ने;
- देशको जुनसुकै भागबाट तत्काल सूचना प्रवाह गर्ने किसिमको संयन्त्र खडा गर्ने;
- टेलिभिजन प्रसारणलाई आर्थिकरूपले स्वावलम्बी र आत्मनिर्भर बनाउने दिशामा उपयुक्त कदम चाल्ने;
- टेलिभिजन कार्यक्रमहरूको विविधीकरण गरी शैक्षिक, सूचनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम अलग-अलग च्यानेलमा प्रसारण गर्ने र कार्यक्रम प्रसारण समय वृद्धि गर्दै जाने;
- टेलिभिजन प्रसारणलाई प्रतिस्पर्धात्मकरूपमा विकास गर्न निजी क्षेत्रलाई समेत सहभागी गराउने;
- कार्यक्रमलाई स्तरीय, रोचक र प्रभावकारी तुल्याउन दक्ष, योग्य र तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने;
- कार्यक्रमबाट समाजमा परेको प्रभावबारे जनधारणा बुझी सोहीअनुरूप कार्यक्रममा सुधार र परिमार्जन गर्ने;
- ऐन नियमहरूमा समयानुकूल सुधार गरी स्वशासित र जिम्मेवार निकायको रूपमा नेपाल टेलिभिजनलाई विकसित गर्ने ।

४.४ उच्चस्तरीय मिडिया सुझाव आयोग, २०६३

- २०६३ सालमा सरकारले प्रेस जगतले भोग्नु परेका समस्याहरूका सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव दिन गठन गरेको राधेश्याम अधिकारीको संयोजकत्वको उच्चस्तरीय मिडिया सुझाव आयोगले नीतिगत र कानुनी परिमार्जनका लागि विस्तृत प्रतिवेदन दिएको छ;
- आयोगले सञ्चारसम्बन्धी सुझावहरू प्रस्तुत गर्ने क्रममा सञ्चार संस्थाहरूको संरचनागत सुधार, संवैधानिक र कानुनी व्यवस्थामा गरिनुपर्ने परिवर्तन, विज्ञापन नीति, सम्परीक्षण र वर्गीकरण, सञ्चारमा विदेशी लगानी तथा क्षेत्रगत सुधारका विषयहरूमा विभिन्न सुझाव दिएको छ। तर यी सुझावहरूलाई सरकारले नीतिगत दस्तावेज

घोषणा गरिसकेको भने छैन । तथापि, सो प्रतिवेदनका कतिपय सुझावहरूलाई कानुन संशोधनमार्फत् सम्बोधन गर्न थालिएको छ ।

४.४.१ संरचनागत सुधार

- जनताको सूचनाको हक स्थापित गर्न सूचना तथा सञ्चार आयोगको गठन गर्ने;
- प्रसारण संस्थाहरूको व्यवस्थापनका लागि राष्ट्रिय प्रसारण प्राधिकरणको स्थापना गर्ने;
- सरकारी इलेक्ट्रोनिक सञ्चार माध्यमको व्यवस्थापन गर्न सार्वजनिक सेवा प्रसारण निकायको स्थापना गर्ने;
- प्रेस काउन्सिललाई छापाका अतिरिक्त इलेक्ट्रोनिक र डिजिटल माध्यमबाट गरिने पत्रकारितामा आचारसंहिता लागू गर्न सकिने गरी जिम्मेवारी थपिनुपर्ने ।

४.४.२ संवैधानिक र कानुनी सुधार

- संविधानको प्रस्तावनामा नै लोकतान्त्रिक राज्य व्यवस्थाको निर्माणमा जनताको व्यापक सहभागिता अभिवृद्धि गर्न र समावेशी लोकतन्त्रको अवधारणालाई साकार तुल्याउन आम-सञ्चारमाध्यमको भूमिका अहम् रहने तथ्यलाई प्रतिविम्बित गर्ने;
- राज्यले आम सञ्चारको क्षेत्रलाई चौथो अङ्गको रूपमा स्वीकार गरी संरक्षण गरेको प्रत्यक्ष अनुभूति संविधानमा हुनुपर्ने;
- संविधानले श्रव्य, श्रव्य-दृश्य, प्रसारणका माध्यम जस्तै- रेडियो/टेलिभिजन/ अनलाइन/इन्टरनेटका सबै माध्यमलाई छापा माध्यमसरह पूर्ण स्वतन्त्रताको प्रत्याभूति गर्ने;
- राज्यले बेला-बेलामा स्वेच्छाचारी कानुन बनाई प्रेसमाथि नियन्त्रण र वन्देज गर्नसक्ने अवस्थाको अन्त्य गरी लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यको भूमिका हस्तक्षेपकारी नभई नियामक र सहजकर्ताको रूपमा रहने हुँदा सोहीअनुरूपको व्यवस्था संविधानमा हुनुपर्ने । यसैगरी संविधान प्रतिकूल हुने गरी राज्यको तहबाट प्रेसमाथि गरिएको हस्तक्षेपको विरुद्ध पीडित पक्षलाई सरल उपचारको व्यवस्था र उचित क्षतिपूर्तिको प्रत्याभूति हुनुपर्ने;
- आम सञ्चारको विकास एवम् ग्रामीण स्तरसम्म सूचना तथा सञ्चारको विस्तार र विकास गर्ने कार्य राज्यको प्राथमिक दायित्वभित्र रहेको कुरा राज्यका निर्देशक सिद्धान्त र नीतिहरूमा उल्लेख गर्ने;
- प्रेस र सञ्चार माध्यमको स्वतन्त्रतालाई अकुण्ठित रूपमा प्रयोग गरी जनताको सुसूचित हुने हकलाई संरक्षण गर्न सम्पादकीय स्वतन्त्रताको संरक्षण हुनुपर्ने । राज्य/ राजनीतिकि शक्ति, लगानीकर्ता र अन्य कुनै पनि पक्षको स्वार्थअनुरूप सञ्चार माध्यमहरूको सम्पादकीय स्वतन्त्रता कुण्ठित हुनसक्ने सम्भावनालाई मध्यनजर गरी सम्पादकीय स्वतन्त्रताको कानुनी प्रत्याभूति हुनुपर्ने । सम्पादकीय स्वतन्त्रताको अभावमा जनताको सुसूचित हुने हक कुण्ठित हुने तथ्यलाई राज्यले हरदम ध्यानमा राख्नुपर्ने;

  (उपरोक्त सम्बन्धमा अन्तरिम संविधानले सम्बोधन गरेको देखिन्छ ।)
- जनताको सुसूचित हुने हकअन्तर्गत जनताले वास्तविक सूचना पाउन सञ्चार माध्यम स्वस्थ र प्रतिस्पर्धी हुनु अपरिहार्य हुन्छ । यसका निम्ति एकाधिकार नियन्त्रण गर्ने प्रतिस्पर्धात्मक कानुन तर्जुमा गर्नुपर्ने;
- चाहिने विशेष ऐनहरूबाहेक अन्य कानुनको हकमा पत्रकारिता र प्रकाशन/प्रसारण छाता कानुनको निर्माण गर्नुपर्ने;
- पत्रकारिताको व्यावसायिक र श्रमजीवी पत्रकारहरूलाई समेट्ने गरी पत्रकारितासम्बन्धी कानुन र प्रकाशन/प्रसारण संस्थाको सञ्चालन र दायित्वको विषयलाई समेट्ने गरी प्रकाशन/प्रसारणसम्बन्धी कानुन बनाइनुपर्ने ।

४.४.३ मिडिया बहुलवाद

- आम सञ्चारको क्षेत्रमा महिला, पिछडिएका वर्ग, आदिवासी, जनजाति, दलित, मधेसी, अपाङ्गहरूको न्यायोचित प्रतिनिधित्वका लागि विशेष संरक्षणको व्यवस्था हुनुपर्ने;
- नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक भएको हुँदा प्रेस र सञ्चारमाध्यमले सबैको सुसूचित हुने समान हकलाई सम्मान गर्दै विभिन्न भाषाभाषी र पिछडिएका वर्ग तथा स्थानीय संस्कृतिलाई जगेर्ना गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रदर्शन र प्रसारण गर्ने सञ्चार माध्यमलाई विशेष सहुलियत र सुविधा दिने व्यवस्था हुनुपर्ने;
- आम सञ्चार र प्रेसको क्षेत्रमा राज्यद्वारा गठन गरिने सञ्चारसम्बन्धी निकायहरूमा पिछडिएका वर्ग, जाति, जनजाति, दलित, आदिवासी, मधेसी, अपाङ्गहरूको न्यायोचित रूपमा प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

४.४.४ सरकारी सञ्चारमाध्यम

- सरकारी माध्यमहरू सम्पूर्णरूपमा सरकारी नियन्त्रणबाट अलग गरिनुपर्ने;
- गोरखापत्र संस्थानको हकमा यसका प्रकाशनका ब्राण्ड र सम्पत्ति छुट्याई ब्राण्ड नमासिने गरी निजीक्षेत्रलाई बढाबढको आधारमा सञ्चालन गर्न दिने । यसो गर्दा संस्थानमा काम गर्ने सञ्चारकर्मी, कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने;
- नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रूपमा ऐन बनाई रूपान्तरित गर्ने;
- राससलाई आत्मनिर्भर र स्वायत्त बनाउने तर सरकारी स्वामित्वमा नै राख्ने ।

४.४.५ विज्ञापन

- विज्ञापन नीतिको सम्बन्धमा आयोगले विज्ञापनको प्रकृति, उद्देश्य र त्यसको असरका आधारमा 'लोककल्याणकारी', 'सार्वजनिक' र 'व्यापारिक' भनी वर्गीकरण गर्ने;
- लोककल्याणकारी र सार्वजनिक सूचनासम्बन्धी विज्ञापन राज्यले समानुपातिक किसिमबाट वितरणको व्यवस्था गर्ने; **(त्यस्तो सम्पूर्ण विज्ञापन केन्द्रीकृत नगरी जिल्ला विकास समितिमार्फत बाँडिनुपर्ने र यस्तो विज्ञापन पत्रपत्रिका र रेडियोले पाउने प्रबन्ध गर्नुपर्ने)**

४.४.६ पत्रपत्रिकाको सम्परीक्षण र वर्गीकरण

- सम्परीक्षण र वर्गीकरणको सन्दर्भमा सञ्चार माध्यमको सम्परीक्षण र वर्गीकरणको काम प्रेस काउन्सिलमार्फत नभई विज्ञापनदाता, प्रकाशक, सञ्चारका उपभोक्तासमेत रहेको स्वतन्त्र सम्परीक्षण समितिबाट वस्तुनिष्ठ र पारदर्शी रूपमा हुने व्यवस्था गर्ने । निश्चित सर्त र सिद्धान्तका आधारमा सम्परीक्षण समितिले राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा सञ्चार माध्यमको वर्गीकरण गर्ने व्यवस्था गर्ने ।

४.४.७ सञ्चारमा विदेशी लगानी

- अन्य क्षेत्रमा जस्तो प्रेस र सञ्चार उद्यममा विदेशी लगानीलाई नि:सर्त खुला गर्नु उचित नहुने हुादा राष्ट्रिय तहमा मात्र बहुसंख्यक शेयर नेपालीको रहने र सम्पादकीय स्वतन्त्रता एवम् व्यवस्थापनमा नेपालीको सार्थक भूमिका रहने व्यवस्था गरी प्रेस र सञ्चारका क्षेत्रमा विदेशी लगानीलाई निश्चित सीमाभित्र रही खुला गरिनुपर्ने । क्षेत्रीय तथा स्थानीय तहका सञ्चार माध्यमहरूमा विदेशी लगानी पूर्णरूपमा निषेधित गर्ने;

- नेपाली प्रेस र सञ्चार जगत्को विकासका निम्ति नेपाली प्रेस र सञ्चार जगत्को उत्पादन र प्रकाशनलाई गुणस्तरीय बनाई विदेशी बजारमा प्रवर्द्धन हुनसक्ने वातावरण तयार गर्ने;
- सञ्चार क्षेत्रमा विदेशी लगानीलाई विस्तारै उघार्दै लैजाने नीतिलाई संसारका धेरै देशहरूले अवलम्बन गर्दै गरेको परिप्रेक्ष्यमा नेपालमा पनि विदेशी लगानीलाई गोप्य रूपमा छिर्न दिनुभन्दा पारदर्शी ढङ्गले ल्याउन उचित ठानिएको छ। आयोगले विदेशी लगानीलाई राष्ट्रिय तहका सबै माध्यममा आउन दिनुपर्ने सुझाव दिएको छ तर यस्तो लगानी ४९ प्रतिशतभन्दा बढी हुन नहुने, व्यवस्थापन प्रमुख नेपाली नागरिक नै हुनुपर्ने तथा सम्पादकीय विभागमा काम गर्ने सम्पूर्ण कर्मचारी नेपाली नै हुनुपर्ने।

  (यो सुझाव दीर्घकालीन नीति २०५९ सँग बाझिन्छ तर यो पछिल्लो सुझावलाई नीतिगत रूपमा स्वीकारी सकिएको छैन।)

४.४.८ पत्रपत्रिका दर्ता

- सञ्चार माध्यममा गरिनुपर्ने क्षेत्रगत सुधारहरूमा छापा माध्यमको दर्ता गृह प्रशासनमा गर्ने कुरा अव्यावहारिक देखिएकाले जिल्ला विकास समितिलाई पत्रपत्रिका दर्ता गर्ने काम सुम्पिने र पत्रपत्रिकाको नाम दोहोरो नपरोस् भन्नाका खातिर सोको अभिलेख सूचना विभागमा पठाई वा विभागको वेबसाइटमा अद्यावधिक गरी तीन दिनभित्र दर्ता गर्ने व्यवस्था गर्ने।

४.४.९ श्रमजीवी पत्रकार

- सुयोग्य र सक्षम जनशक्तिको अभावमा प्रेस वा सञ्चारबाट जनताको सुसूचित हुने अधिकारको संरक्षण हुन नसक्ने हुँदा त्यस्तो जनशक्ति उत्पादनमा राज्य स्वयम्ले समेत लागनी गरी निजी क्षेत्रलाई पनि त्यसतर्फ प्रोत्साहित गर्न। प्रेस र सञ्चारमाध्यममा काम गर्ने जनशक्तिको व्यावसायिक दक्षता र सीप विकासका निम्ति स्वदेश तथा विदेशमा अध्ययन, अवलोकन, तालिम, प्रशिक्षणको व्यवस्था हुनुपर्ने;
- श्रमजीवी पत्रकारहरूको हकहितको संरक्षण गर्न त्यस्ता पत्रकारहरूलाई सुरुमा करारमा नियुक्ति गर्न सक्ने तर करारमा नियुक्ति भएको अवस्थामै स्थायीसरह बिदा, औषधोपचार र उपदान पाउने कुरा करारपत्रमा उल्लेख गर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्ने;
- श्रमजीवी पत्रकारको हकमा अन्य व्यवस्थाका अतिरिक्त ५ वर्ष पुराना संस्थाले आफ्ना सम्पूर्ण कर्मचारी मध्ये एक तिहाइलाई अनिवार्य रूपमा स्थायी नियुक्ति दिनुपर्ने तथा करारका कर्मचारीले उपदान, बिदा र औषधि खर्च स्थायीसरह पाउने अनिवार्य व्यवस्था गर्ने।

  (यससम्बन्धी सुझावमध्ये अधिकांश व्यवस्था श्रमजीवी पत्रकार ऐनको संशोधन २०६४ मा गरिएको छ।)

४.४.१० प्रसारण क्षेत्र

- सञ्चार माध्यमहरू सञ्चालन र प्रसारण गर्ने संस्था र निकायहरूलाई इजाजत दिने, नियमन तथा अनुगमन गर्ने कामका निमित्त स्वतन्त्र निकायको रूपमा प्रसारण प्राधिकरणको स्थापना हुनुपर्ने;
- रेडियो माध्यमलाई प्रसारणको इजाजत दिदा त्यस्तो प्रसारण माध्यमको उद्देश्य सार्वजनिक सेवा वा व्यापारिक वा सामुदायिक कुन किसिमको हो र राष्ट्रिय, क्षेत्रीय वा स्थानीय कुन हो सो कुरा सेवा र क्षेत्रको प्रकृतिका आधारमा वर्गीकरण गरी सार्वजनिक सेवा प्रसारण र सामुदायिक रेडियो माध्यमलाई राज्यले विशेष सहुलियत र सुविधा दिने व्यवस्था गर्ने;
- एफएम रेडियोको इजाजतको प्रक्रिया सरल र पारदर्शी बनाई सार्वजनिक प्रसारणका लागि दुई वटा र व्यापारिक

प्रसारणका लागि बढीमा तीन वटा फ्रिक्वेन्सी राष्ट्रियस्तरको प्रसारणका रूपमा राज्यले सुरक्षित राख्नुपर्ने । ३० वाटसम्म क्षमताका एफएम स्टेसन स्थानीय निर्वाचित निकाय र विश्वविद्यालयहरूले आफैँ सञ्चालन गर्न पाउनुपर्ने;

- टेलिभिजन माध्यमलाई सेवामूलक र नाफामूलक उद्देश्यका आधारमा सार्वजनिक सेवा प्रसारण र व्यापारिक प्रसारण भनी वर्गीकरण गरी सार्वजनिक सेवाको उद्देश्यले सञ्चालन गरेको टेलिभिजनलाई राज्यले विशेष सहुलियत र सुविधा दिनुपर्ने । यसैगरी, सार्वजनिक सेवा प्रसारणको रूपमा टेलिभिजन सञ्चालन गरेबापत कम्पनी ऐन अन्तर्गतका करहरू बाहेक अन्य कर र शुल्कहरू नलाग्ने व्यवस्था गर्ने;
- केबुल टेलिभिजनले आफैँ कार्यक्रम उत्पादन गरी प्रसारण गर्न चाहेमा उत्पादनको स्वीकृति लिई प्रसारण गर्न पाउने व्यवस्था गर्ने । केबुल टेलिभिजन माध्यमहरूले इमेल, फोन तथा भिडियो अनलाइनजस्ता सेवाहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्ने ।

४.४.११ **चलचित्र**

- चलचित्र व्यवसायलाई प्रोत्साहन गर्न चलचित्र निर्माणका लागि पूर्व इजाजत लिनुपर्ने सबैखाले वर्तमान व्यवस्था खारेज गर्ने । चलचित्र प्रदर्शन पूर्व भिजुअल सेन्सरसिपलाई खारेज गरी चलचित्र ग्रेडिङ्गको व्यवस्था गर्ने । नेपालका विभिन्न भाषा-भाषीमा चलचित्र निर्माणका लागि प्रोत्साहन गर्न राज्यले अनुदान, सहुलियत र सुविधा दिनुपर्ने । सूचनाको महामार्ग (फाइबर अप्टिक र माइक्रोवेभ ट्रान्समिसन लिङ्क) हरूमा निजीक्षेत्रले लगानी गर्न पाउने र सेवा प्रदायक निकाय र पूर्वाधार सञ्चालन गर्ने निकाय फरक हुनुपर्ने ।

४.४.१२ **सूचना प्रविधि**

- सूचना प्रविधिमा डिजिटल माध्यमलाई आम सञ्चारको मान्यता दिई यसको स्वतन्त्रतालाई सुनिश्चित गर्नुपर्ने । डिजिटल माध्यमसम्बन्धी कुनै पनि प्रकारका सेवा प्रदायक कम्पनीहरूबीच खुला प्रतिस्पर्धाको व्यवस्था गर्ने;
- डिजिटल माध्यम सञ्चालन गर्ने आधारको रूपमा रहेको सञ्चारको महामार्ग (फाइबर अप्टिक र माइक्रोवेभ ट्रान्समिसन लिङ्क) लाई दूरसञ्चार, नेटवर्किङ तथा इन्टरनेट सेवा प्रदान गर्ने निकायहरूको स्वामित्व वा एकाधिकारमा राखिनु युक्तिसंगत हुँदैन । यसको लागि बेग्लै निकाय र संयन्त्रको निर्माण गरिनुपर्ने । भौतिक पूर्वाधारको उपयोग समानताको अधिकार (Right of way) को आधार सबै डिजिटल माध्यम उपयोगकर्ताहरू (दूरसञ्चार सेवा प्रदायक, इन्टरनेट सेवा प्रदायक, आम सञ्चारका कार्यक्रम उत्पादक र प्रसारक, वित्तीय संस्था आदि) ले उपयोग गर्न पाउने व्यवस्था गर्नुपर्ने । यसैगरी केबुल टेलिभिजन माध्यमबाट सूचनाको प्रवाह गर्नका निमित्त सार्वजनिक स्थानमा गाडिएका पोल, टावर तथा बिच्छ्याइएका फाइबर अप्टिकल आदि र डिजिटल माध्यम सञ्चालन गर्ने आधारको रूपमा रहेको सञ्चारको महामार्गलाई सार्वजनिक वा साझा स्रोतको रूपमा स्वीकार गरी तिनका उपभोगमा सबै सरोकारवालाहरूको हक सुनिश्चित गरिनुपर्ने । यस्ता सार्वजनिक पूर्वाधार निर्माण र उपभोग गर्ने पक्षहरू एकै नभई अलग-अलग हुने व्यवस्था हुनुपर्ने ।

४.५ माओवादी संलग्नतापछिको प्रस्तावित नीति

- नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयमा नेकपा (माओवादी) का तर्फबाट कृष्णबहादुर महरा मन्त्री नियुक्त भएपछि २२ जेठ २०६४ मा उहाँले सूचना तथा सञ्चार क्षेत्रमा आफूले अवलम्बन गर्ने भावी नीति तथा कार्यक्रमसम्बन्धी अवधारणा प्रस्तुत गर्नुभयो ।

४.५.१ आधारभूत अवधारणा

- राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण, सामाजिक शोषणको अन्त र सामाजिक न्याय कायम गर्नुका साथै देशलाई छिटो समुन्नत एवम् समृद्ध बनाउने;
- राष्ट्रिय हित र एकताको अभिवृद्धि गर्दै सबै क्षेत्र, वर्ग, जाति, जनजाति, लिङ्ग, भाषा, धार्मिक सम्प्रदायबीच आपसी सद्भावना र सामञ्जस्य अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

४.५.२ दीर्घकालीन नीति

- लोकतन्त्र, जनसेवा र राष्ट्रिय हितलाई मूल आधार मानी तथा सूचनाको हकलाई जनताको नैसर्गिक अधिकारको रूपमा सम्मान गर्दै सूचना र सञ्चारको स्वतन्त्र, स्वस्थ, निष्पक्ष एवम् मर्यादित प्रतिस्पर्धाको विकासमा विशेष जोड दिइनेछ । सबै राष्ट्रिय भाषामा समानुपातिक प्रसारण सेवा सञ्चालन गर्न पहल गरिनेछ । ग्रामीण क्षेत्रमा सूचना र सञ्चारको विकास र विस्तारलाई विशेष महत्व र प्राथमिकता दिइनेछ । यसका लागि दूरसञ्चारको सेवा विस्तार, त्यसको स्तरोन्नति एवम् क्षमता अभिवृद्धि गर्दै नेपालको सम्पूर्ण भूभाग समेट्ने गरी प्रस्तावित संघीय राज्य पुनर्संरचनाअनुरूप पश्चिमदेखि पूर्वसम्म उत्तरदेखि दक्षिणसम्म हिमाल, पहाड र तराई क्षेत्रहरूमा वैकल्पिक सूचना मार्गहरू निर्माण गरिनेछ ।

४.५.३ दूरसञ्चार

क) दूरसञ्चारको विस्तार

- ग्रामीण क्षेत्रमा टेलिफोन सेवालाई व्यापक विस्तार गर्ने उद्देश्यलाई ध्यान दिँदै आगामी ०६४ को चैत्र मसान्तसम्म मुलुकको दूरसञ्चार सेवा नपुगेका एक हजार सात गाविसहरूमा दूरसञ्चार सेवा पुऱ्याई नेपालभरिका सबै गाविसहरूमा सञ्चार सेवा उपलब्ध गराइनेछ । उक्त अवधिसम्मा मुलुकका दूरदराजसम्म यस्तो सेवा विस्तार गर्न सेवाप्रदायकहरूलाई प्रोत्साहित गरिनेछ ।

ख) ग्रामीण दूरसञ्चार

- विकट, दुर्गम र विगतको द्वन्द्वबाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिदै सहज प्रविधिका टेलिफोन सेवा पुऱ्याउन नसकिने प्रकृतिका ६ सय पचास गाविसमा कम्तिमा दुईवटा सार्वजनिक उपयोगका टेलिफोन रहने गरी र बाँकी चार सय गाविसमा पनि नेपाल टेलिकम र अन्य सेवाप्रदायकहरूबाट आगामी २०६४ चैत मसान्तभित्र दूरसञ्चार सेवा पुऱ्याइने;
- देशका सम्पूर्ण नागरिकहरूमा दूरसञ्चार सेवा पुऱ्याउन विशेष गरेर सुदूर पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल हुँदै पूर्वाञ्चलसम्मका सबै क्षेत्रमा सेवा विस्तार गर्ने उद्देश्यले ग्रामीण दूरसञ्चार सेवा खुल्ला गर्ने सम्बन्धमा यथाशीघ्र आवश्यक अध्ययन प्रतिवेदन तयार गरी सेवाप्रदायकहरूमार्फत टेलिफोन सेवा पुऱ्याइनेछ । यसका लागि आवश्यकताअनुसार वैकल्पिक सेवाप्रदायकहरूको समेत प्रयोग गरिनेछ ।

(ग) सूचना प्रविधि

- विद्यमान इउतष्अर्बा ष्लिप, :ष्अचयधबखभ ष्लिप, क्वतर्भाष्तिभ ष्लिप को भरपुर प्रयोग गर्दै देशका सम्पूर्ण नागरिकहरूको पहुँचमा आधुनिक सूचना प्रविधि पुऱ्याउन विकट र दुर्गम क्षेत्रमा वैकल्पिक सूचनामार्ग स्थापना गर्नेतर्फ विशेष

कार्ययोजना बनाई राज्यको प्रत्येक गाविसमा सूचना प्रविधिको पहुँच पुऱ्याउन जनतालाई टेवा पुऱ्याउनेखालको सर्वसुलभ बहुउद्देश्य त्भभिअभलतचभ को व्यवस्था गर्नेतर्फ उन्मुख हुने नीति लिइनेछ, जसबाट विकट ठाउँमा बस्ने जनताको छोराछोरीले पनि Video-conferencing, Distance Education, Telemedicine, E-governance, E-commerce, E-banking आदिबाट देशको शैक्षिक, व्यावसायिक स्तरलाई उच्चतम् स्तरमा पुऱ्याई स्वर्णिम नेपालको निर्माणमा एकजुट हुने अवसर पूर्णरूपले प्राप्त गर्नेछन् । उपरोक्त उद्देश्यप्राप्तिको लागि पूर्वाधार निर्माण गर्न तत्काल ठोस योजना बनाई कार्यप्रारम्भ गरिनेछ । यस कार्यका लागि सरकारले अन्य सम्बद्ध संस्थाहरूसँग समन्वयात्मक रूपमा पहल गर्नेछ । यसले हात-हातमा मोबाइल सेट र घर-घरमा इन्टरनेटको सपनालाई विपनामा बदल्न सम्भव हुने;

- तात्कालिक रूपमा इन्टरनेट, इमेल सुविधालाई विकट र दुर्गम गाउँहरूसम्म सस्तो मूल्यमा पुऱ्याउने उद्देश्यले ती क्षेत्रमा सञ्चालित इन्टरनेट सेवाप्रदायकबाट लिने इजाजत शुल्क रु. तीन लाखबाट घटाई रु. एक सय मात्र र भिस्याटको इजाजत शुल्क रु. दुई लाख ५० हजारबाट घटाई रु. एक सय गरिएको छ, जसबाट मुलुकका सबै ग्रामीण क्षेत्रहरूमा यो सुविधा पुग्न सहयोग पुग्नेछ । ग्रामीण र दुर्गम क्षेत्रका शैक्षिक संस्था र स्वास्थ्यसम्बन्धी संस्थाहरूले पनि यो सुविधा उपयोग गर्न पाउनेछन् । यसैगरी ब्रोडब्याण्ड इन्टरनेट सेवाको सञ्जाललाई गाउासम्म पुऱ्याउन एकीकृतरूपमा पहल गरिनेछ ।

४.५.४ सरकारी सञ्चारमाध्यम

- संविधानसभाको निर्वाचनको सन्दर्भमा सरकारी सञ्चारमाध्यमलाई अफ बढी मर्यादित, निष्पक्ष, सन्तुलित, समावेशी र जनमुखी तुल्याइनेछ र यसका लागि अविलम्ब समावेशी चरित्रका कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्ता माध्यमहरूको सञ्चालनसम्बन्धमा आचारसंहिता निर्माण गरी लागू गरिनेछ;
- यी संस्थाहरूको प्रशासनिक तथा व्यवस्थापकीय सुधार गरी यिनीहरूलाई सक्षम र सुदृढ तुल्याइनेछ । रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, राससलगायतमा रहेका जनशक्तिलाई आवश्यक आकारमा ल्याउन स्वेच्छिक अवकाश योजना लागू गरिनेछ । दीर्घकालीन सुधारका लागि हाल कार्यरत रहेको उच्चस्तरीय कार्यदलको प्रतिवेदनलाई आवश्यकताअनुसार आधार बनाइनेछ ।
  (उच्चस्तरीय कार्यदल भन्नाले बद्रीबहादुर कार्कीको संयोजकत्वको कार्यदल हो ।)

४.५.५. रेडियो प्रसारण सेवा विस्तार

- कर्णाली अञ्चल र आसपासका क्षेत्रमा रेडियो नेपालको सेवा पुऱ्याउन आगामी आव २०६४-०६५ मा कर्णाली अञ्चलमा रेडियो नेपालको सबस्टेसन स्थापना गरिनेछ ।

४.५.६ गोरखापत्र संस्थानको सुधार

- एक शताब्दीदेखि प्रकाशित हुँदैआएको नेपालको स्थापित पत्रिका प्रकाशन संस्था गोरखापत्रलाई व्यावसायिक र सामाजिक उद्देश्यमूलक दृष्टिकोणले सुदृढ र सक्षम बनाउनका लागि काठमाडौं बाहिर क्षेत्रीय प्रकाशन कार्यालयहरू स्थापना गरी त्यहींबाट एकसाथ प्रकाशन आरम्भ गर्ने नीति लिइनेछ । यसै योजना मुताविक आगामी आर्थिक वर्षदेखि काठमाडौं उपत्यका बाहिर कम्तिमा एक स्थानमा त्यस्तो व्यवस्था मिलाई पत्रिकाको प्रकाशन र वितरण कार्य आरम्भ गरिनेछ । यसको साथै स्थानीय तहका प्रमुख भाषामा समेत सामग्री प्रकाशन गर्न पहल गरिनेछ ।

४.५.७ विद्युतीय प्रसारण माध्यम

- समाचार र विचारलाई गाउाघरसम्म पुऱ्याउन एफ.एम. रेडियोले खेलेको भूमिकाको उच्च कदर गर्दै यस क्षेत्रलाई अझ व्यवस्थित र सरलीकृत गर्नका लागि तिनीहरूको क्षमता र चरित्रअनुसार वर्गीकरण गर्ने र तद्अनुरूपको सुविधा-सहुलियत प्रदान गर्ने गरी ग्रामीण क्षेत्रका त्यस्ता संस्थालाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने नीति लिइनेछ । हालसम्म कायम गरिएको एफ.एम्. रेडियोको इजाजत, राजस्व र नवीकरण दस्तुरलाई कम गरिनेछ । साथै, टेलिभिजन र रेडियोसम्बन्धमा विद्यमान ऐन-कानुनलाई सुधार गरी वैज्ञानिक पद्धतिमा लैजान नयाा ऐन जारी गरिनेछ ।

४.५.८ केबुल प्रसारण

- डीटीएच्, सीएएस्, कार्यक्रम उत्पादन र प्रसारण, शुल्क निर्धारणजस्ता विषयमा सबै सरोकारवाला पक्षहरूसित छलफल र अन्तरक्रिया गरी आवश्यक नीति निर्धारण गरिनेछ । आमनेपाली उपभोक्ताको हैसियतरहितको संरक्षण गर्ने नीति लिइनेछ । यसका लागि नयाँ ऐन निर्माणका लागि पहल गरिनेछ ।

४.५.९ विदेशी लगानी

- सञ्चार माध्यमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष भित्रिने विदेशी पुंजीको विषय अत्यन्तै संवेदनशील भएकाले राष्ट्रिय हित र आवश्यकतालाई मूल आधार मानी विदेशी लगानीसम्बन्धी नीतिबारेमा सम्बद्ध सबै सरोकारवालासँग छलफल गरी स्पष्ट नीति तय गरिनेछ ।

४.५.१० अनलाइन सञ्चार

- अनलाइन सञ्चारलाई समेत मूलप्रवाहकै समाचारमाध्यमको रूपमा लैजाने स्पष्ट नीति र कार्यक्रम बनाउने प्रक्रियाको थालनी गरिनेछ ।

४.५.११ चलचित्र

- चलचित्र व्यवसायलाई समयानुकूल आवश्यकताको परिपूर्ति गर्दै प्रोत्साहनको वातावरण तयार गरिनेछ । यसका लागि सुझाव समिति निर्माण गरिनेछ । चलचित्र जााचपासको विद्यमान प्रणालीमा सुधार गरी सरल, पारदर्शी, वैज्ञानिक र झञ्झटरहित व्यवस्था मिलाइनेछ ।

४.५.१२ विज्ञापन

- सरकारले उपलब्ध गराउदैआएको लोककल्याणकारी विज्ञापनको रकमको पुनरावलोकन गरिनेछ र यसलाई छापामाध्यमका अलावा विद्युतीय सञ्चारमाध्यमलाई समेत उपलब्ध गराइने नीति लिइनेछ । यसो गर्दा दुर्गम र विकट क्षेत्रका र विभिन्न स्थानीय भाषाका सञ्चारमाध्यमलाई थप सहुलियत प्रदान गरिनेछ । यसबाहेक सरकारी स्वामित्वमा रहेका निकायहरूद्वारा प्रदान गरिने विज्ञापनलाई बढी वैज्ञानिक र पारदर्शी बनाइनेछ;
- छाडा, अश्लिल, जातीय, क्षेत्रीय, लिंगीय, सांस्कृतिक विद्वेष फैलाउने, राष्ट्रिय स्वाधीनतामा आँच पुऱ्याउने, बालमनोविज्ञानमा नकारात्मक प्रभाव पार्ने सबैखाले भ्रामक र प्रदूषणयुक्त विज्ञापनलाई दुरुत्साहित गर्ने नीति रहनेछ । साथै स्वदेशी

अर्थतन्त्र, श्रमशक्ति र जनशक्तिमा आधारित विज्ञापनलाई प्राथमिकता दिइनेछ;

- विज्ञापनसम्बन्धी कार्य गर्ने एजेन्सीहरूलाई व्यवस्थित गर्नका लागि व्यापक छलफलको प्रक्रियाबाट एउटा ठोस राष्ट्रिय विज्ञापन नीति तय गरी व्यवहारमा लागू गरिनेछ ।

४.५.१३ ऐन-कानुनमा सुधार

- सूचनाको हकसम्बन्धी विधेयक र श्रमजीवी पत्रकार ऐनको संशोधन छिट्टै व्यवस्थापिका-संसद्‌बाट पारित गरिनेछ;
- चलचित्र विकास बोर्ड ऐन, प्रसारण प्राधिकरण ऐन, गोपनियताको हकसम्बन्धी नयाँ ऐनहरू अगाडि बढाइनेछ;
- हालको छापाखाना तथा प्रकाशन ऐन २०४८, रेडियो ऐन २०१४, नेपाल दूरसञ्चार ऐन २०५३, हुलाक ऐन २०१९ को पनि सामयिक सुधार गरिनेछ;
- यसैगरी अन्य तत्-तत् नियमावलीहरूमा पनि सुधार गर्दै लगिनेछ ।

४.६ सरकारी सञ्चारमाध्यमहरूको पुनर्संरचना र स्वायत्ततासम्बन्धी उच्चस्तरीय सुझाव कार्यदलको सिफारिस

- जनआन्दोलन-२ को भावना एवम् जनादेशबमोजिम् स्थापित लोकतान्त्रिक सरकारले ४ वटै सरकारी सञ्चार माध्यमहरूको पुनर्संरचना, स्वतन्त्रता, स्वायत्तता र सञ्चालन विधिका सम्बन्धमा गर्नुपर्ने नीतिगत र कानुनी व्यवस्थाका सम्बन्धमा सुझाव दिने गरी सरकारी सञ्चार माध्यमहरूको पुनर्संरचना र स्वायत्तताम्बन्धी (बद्रीबहादुर कार्कीको संयोजकत्वमा) उच्चस्तरीय सुझाव कार्यदल, २०६३ गठन गरेको थियो ।

सो आयोगले दिएका केही नीतिगत सुझावहरू :

४.६.१ सार्वजनिक प्रसारण प्रतिष्ठान

- सरकारी सञ्चारमाध्यममा व्याप्त समस्या एवम् चुनौतीहरूको निराकरण वर्तमान संरचनामा सामान्य थपघट वा हेरफेरबाट मात्र सम्भव नहुने भएकोले पुनर्संरचना गरी सम्पादकीय स्वतन्त्रता, स्वायत्तता र निष्पक्षताको प्रत्याभूति गर्न विद्युतीय सञ्चारमाध्यमहरू (रेडियो नेपाल र नेपाल टेलिभिजन)लाई गाभेर स्वायत्त सार्वजनिक प्रसारण संस्थाको रूपमा नेपाल सार्वजनिक प्रसारण प्रतिष्ठानको रूपमा स्थापना गर्ने;
- नेपालको अन्तरिम संविधान, २०६३ ले समपूर्ण नागरिकलाई प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान एवम् संरक्षण गर्दै मुलुकको एकता, अखण्डता तथा राष्ट्रिय सुरक्षा सम्बर्द्धन एवम् लोकतान्त्रिक मूल्य र मान्यताबमोजिम् हुने गरी सूचना, शिक्षा र मनोरञ्जन दिने उद्देश्यद्वारा निर्देशित राष्ट्रिय संस्थाको रूपमा प्रस्तावित नेपाल सार्वजनिक प्रसारण प्रतिष्ठान स्थापना गरिने, प्रतिष्ठानले सार्वजनिक हित र जनचाहना एवम् सर्वसाधारण नेपालीको स्वार्थलाई सर्वोपरी स्थान दिने, प्रसारण सेवाहरूलाई मूलतः सार्वजनिक सेवा र आंशिकरूपमा व्यापारिक सेवा गरी २ सेवामा सञ्चालन गरिने गरी प्रसारण नीति तथा कार्यक्रम निर्धारण गरिनुपर्ने सुझाव प्रस्ताव गरिएको छ । प्रतिष्ठानको सञ्चालक परिषद्का अध्यक्ष तथा सदस्यको सिफारिस गर्न व्यवस्थापिका संसद्का सभामुखको संयोजकत्वमा विपक्षी दलका नेता, सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री र व्यवस्थापिका-संसद्का महासचिवसमेत रहेको सिफारिस समिति व्यवस्था गरिएको छ;
- नेपाल सार्वजनिक प्रसारण प्रतिष्ठानको सञ्चालक परिषद्मा रेडियो नेपालतर्फ एक र नेपाल टेलिभिजनतर्फ एक महानिर्देशक सदस्य रहने, प्रतिष्ठानमा रेडियो नेपालतर्फ एक र नेपाल टेलिभिजनतर्फ एक गरी दुई जना विभागीय प्रमुखको रूपमा रहने, प्रतिष्ठानको काम कारबाहीको सामान्य व्यवस्थापन एवम् सञ्चालनको जिम्मेवारी सञ्चालक

परिषद्मा रहने र चार वर्ष पदावधि रहने गरी सिफारिस समितिको सिफारिसमा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट नियुक्त अध्यक्षसहित पाँच जना व्यक्ति र नेपाल टेलिभिजन र रेडियो नेपालका महानिर्देशक समेत सदस्य रहने र महिलाको समेत प्रतिनिधित्व हुने गरी सात-सदस्यीय सञ्चालक परिषद्को व्यवस्था, प्रतिष्ठानको कर्मचारी नियुक्ति बढुवासँग सम्बन्धित कार्य कर्मचारी व्यवस्था सिफारिस समितिको सिफारिसमा गर्नुपर्ने र लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्यको अध्यक्षतामा कर्मचारी व्यवस्था समितिको प्रावधान गर्ने प्रस्तावसमेत गरिएको छ;

- प्रतिष्ठानको कार्यसञ्चालनको लागि आवश्यक पर्ने बजेट रकम व्यवस्थापिका-संसद्ले वार्षिक वजेटमार्फत विनियोजन गरी प्रत्येक वर्ष अनुदानको रूपमा उपलब्ध गराउने, प्रतिष्ठानले आर्जन गरेको नाफा वा मेसिनरी आयात वा सामान करमुक्त हुनुपर्ने र सरकारी निकायबाट लिने इजाजतपत्रवापत कुनै दस्तुर, शुल्क तिर्नु नपर्ने र संस्थानले आफ्नो कामको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने र सरकारी विज्ञापनसम्बन्धमा र नेपाल सरकारलाई थप आर्थिक दायित्व वा व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा निर्णय गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ ।

४.६.२ **राष्ट्रिय समाचार समिति**

- सत्य-तथ्य, निष्पक्ष एवम् विश्वसनीयरूपमा सूचना संकलन, सम्पादन तथा वितरण गर्न निजीक्षेत्रमा सक्षम संस्थाको उदय नभएसम्म राष्ट्रको आफ्नो समाचार-समितिको रूपमा राष्ट्रिय समाचार समिति रहनु आवश्यक भएको ठहर गर्दै यसलाई अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने उद्देश्यले वर्तमान राष्ट्रिय समाचार समितिको संरचनामा व्यापक परिवर्तन गर्ने;
- आमनागरिकहरूमा सत्य-तथ्य, निष्पक्ष एवम् विश्वसनीयरूपमा सूचना तथा समाचार संकलन, सम्पादन तथा वितरण गर्न राष्ट्रको आफ्नो समाचार समितिको रूपमा राष्ट्रिय समाचार समिति रहनु आवश्यक रहेको छ । यस समितिलाई अझ बढी स्वायत्तता प्रदान गरी आमनागरिकहरूप्रति बढी जिम्मेवार र उत्तरदायी बहन गर्न सक्षम बनाउन राष्ट्रिय समाचार समितिको वर्तमान संरचनामा व्यापक परिवर्तन गर्न आवश्यक छ । यसको लागि राष्ट्रिय समाचार समितिका काम कारबाहीको व्यवस्थापन, सञ्चालनसमेतको कार्य गर्ने गरी एक सञ्चालक परिषद् गठन हुने, सञ्चालक परिषद्को अध्यक्ष र सदस्यमा नियुक्तिको लागि सिफारिस गर्न सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्रीको संयोजकत्वमा एक सिफारिस समितिको व्यवस्था गरिएको, सञ्चालक परिषद्मा सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति एकजना अध्यक्ष, अन्य तीन जना सदस्य र राष्ट्रिय समाचार समितिको महाप्रबन्धक एकसमेत पाँच जना रहने व्यवस्था, महाप्रबन्धकको नियुक्ति सिफारिस समितिको सिफारिसमा प्रधानमन्त्रीबाट हुने र चार वर्ष पदावधि रहने व्यवस्था प्रस्ताव गरिएको छ;
- समितिको कार्यसञ्चालनको लागि समितिको आफ्नै आर्जनबाट नपुग हुने आवश्यक रकम सरकारले अनुदानस्वरूप उपलब्ध गराउनुपर्ने, समितिको कर्मचारी नियुक्ति वा बढुवासम्बन्धी कार्यको सिफारिस गर्न कर्मचारी व्यवस्था समितिको व्यवस्था जसमा लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगका सदस्य अध्यक्ष रहने र अन्य दुईजना सदस्यसमेत गरी तीन जना रहने, समितिले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने र सरकारले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष प्रस्तुत गर्ने सुझाव गरिएको छ ।

४.६.३ **गोरखापत्र संस्थान**

- सरकारले छापामाध्यम सञ्चालन गरिरहनु उपयुक्त नभएको र यथावत् सञ्चालन गरिराख्न पनि सम्भव नभएकोले गोरखापत्र संस्थानलाई पब्लिक कम्पनीमा रूपान्तरण गरी सञ्चालन गर्ने ।
- गोरखापत्र संस्थानलाई कम्पनी ऐन, २०६३ अन्तर्गत पब्लिक कम्पनीमा रूपान्तरण गरी सञ्चालन गर्ने, सरकार एवम्

संस्थानले संस्थापक सेयरधनीहरूको सम्भाव्यता पहिचान गर्ने, सरकारी नियन्त्रण र राजनीतिक प्रशासनिक हस्तक्षेप अन्त्य हुने, पब्लिक कम्पनीको सेयरधनी र तिनका प्रतिनिधिको रूपमा नियुक्ति गर्ने सञ्चालक समितिको व्यवस्थापन तथा व्यावसायिक पत्रकारहरूको स्वतन्त्र सम्पादनमा स्वायत्त र स्वतन्त्ररूपले प्रकाशित हुने प्रकाशनहरूले बजारको प्रतिस्पर्धामा आफूलाई स्थापित गर्न सक्ने, पब्लिक कम्पनीको रूपमा बजारको प्रतिस्पर्धामा स्थापित हुन नसक्ने स्थिति आएमा अन्य पब्लिक कम्पनीको अवस्थाजस्तै यसको पनि हुनेछ ।

४.७ तीन वर्षीय योजना (२०६४-६५-६६-६७)

राष्ट्र संक्रमणकालमा रहेकाले नयाँ संवैधानिक व्यवस्था नहुञ्जेलका लागि परम्परागत पञ्चवर्षीय योजनावद्ध विकासको क्रम भङ्ग गरी सङ्क्रमण अवधिका लागि तीन वर्षीय योजना जारी भएको छ । योजनामा उल्लेखित सूचना तथा सञ्चारसम्बन्धी कार्यक्रम यसप्रकार छ :

४.७.१ प्रमुख नीतिहरू

सूचना तथा सञ्चार सेवालाई प्रत्येक नागरिकको पहुचमा सर्वसुलभ रूपमा पुऱ्याउने सन्दर्भमा देशको विद्यमान भौगोलिक बनावट, कमजोर आर्थिक अवस्था, संस्थागत संरचना र प्राविधिक क्षमता प्रमुख चुनौतीको रूपमा रहेका छन् । यस्ता चुनौतीहरूलाई प्रभावकारी रूपमा सामना गर्न सूचना तथा सञ्चारका विभिन्न क्षेत्रहरूलाई प्रभावकारी, सर्वसुलभ अत्याधुनिक प्रविधियुक्त, गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाउने उद्देश्य लिइएको छ । यो उद्देश्यप्राप्तिको लागि निम्न प्रमुख नीतिहरू लिइनेछन्:

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई देशव्यापी बनाउदै कृषि, उद्योग, व्यापार तथा सेवा क्षेत्रमा यसको प्रयोग बढाई उत्पादक र अन्तिम उपभोक्ताबीच रहने अनावश्यक तहलाई घटाइनेछ;
- सूचना तथा सञ्चारमा सबै भाषाभाषी, जातजाति, धर्मावलम्बी र दुर्गम तथा विकट क्षेत्रका बासिन्दाहरूको पहुँच बढाइनेछ;
- टेलिफोन, मोवाइल तथा अन्य ताररहित दूरसञ्चारका प्रविधिमा सर्वसाधारण जनताको सहज पहुँच पुऱ्याई जनताको सूचनाको हकलाई सुनिश्चित गर्न योजना अवधिमा सबै गाउँ विकास समितिमा टेलिफोन सुविधा पुऱ्याइनेछ;
- सूचना र सञ्चार प्रणाली अझ द्रुत र व्यवस्थित गर्न अप्टिकल फाइवरको सञ्जाल विस्तार गरिनेछ ।

४.७.२ दीर्घकालीन सोच

लोकतन्त्र, जनसेवा, राष्ट्रहित र सन्तुलित विकासका लागि स्वच्छ, स्वतन्त्र, उत्तरदायी, मर्यादित, आत्मनिर्भर, व्यावसायिक एवम् उच्च आचरणयुक्त पत्रकारिताको विकास गर्ने, रेडियो, टेलिभिजन तथा गोरखापत्रको प्रसारण/ प्रकाशन देशव्यापी बनाई भाषा र क्षेत्रगतरूपमा समानुपातिक प्रसारण/प्रकाशन गर्ने, स्तरीय सुरक्षण मुद्रण सेवा मुलुकभित्रै उपलब्ध गराउने, छिटो, छरितो र प्रभावकारी हुलाक सेवा उपलब्ध गराउने, अत्याधुनिक प्रविधियुक्त प्रभावकारी, प्रतिस्पर्धी दूरसञ्चार सेवा सर्वसुलभरूपमा गाउँ-गाउँसम्म पुऱ्याई 'हात-हातमा मोवाइल सेट र घर-घरमा इन्टरनेट' को लक्ष्य प्राप्त गर्ने, विश्व समाचार सञ्जाल र विश्व सूचना समाजमा नेपाललाई स्थापित गराउने, ज्ञानमा आधारित समाज निर्माण गर्न शिक्षा, ज्ञान र विज्ञानको क्षेत्रमा भएका विकास र उपलब्धीलाई सञ्चारमाध्यममार्फत् किफायती, सरल र सहज ढङ्गबाट सर्वसाधारणको पहुँचसम्म पुऱ्याउने, चलचित्र निर्माण पेशालाई मर्यादित र व्यवसायिक बनाई मौलिक नेपाली कथानक चलचित्र निर्माण गर्न उत्प्रेरित गर्ने ।

४.७.३ उद्देश्य

सूचना तथा सञ्चारका विभिन्न क्षेत्रहरूलाई प्रभावकारी, अत्याधुनिक प्रविधियुक्त, गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाई सूचना तथा सञ्चार सेवालाई प्रत्येक नागरिकले सर्वसुलभरूपमा पाउने गरी विकास र विस्तार गर्नु ।

४.७.४ लक्ष्यहरू

अन्तरिम योजनामा सूचना तथा सञ्चार मन्त्रालयसँग सम्बन्धित अपेक्षित लक्ष्य निम्नानुसार प्रस्तुत गरिएका छन् ।

- टेलिफोन घनत्व (प्रतिसय व्यक्ति) २५ पुऱ्याउने;
- देशका टेलिफोन पुग्न बाँकी १००७ गा.वि.स.मा टेलिफोन सेवा पुऱ्याउने;
- देशमा टेलिभिजनको प्रसारण पुग्न बाँकी १/३ जनसंख्यामा नेपाल टेलिभिजनको प्रसारण पुऱ्याउने;
- रेडियो प्रसारण पुग्न बाँकी २० प्रतिशत जनसंख्यामा रेडियो नेपालको प्रसारण पुऱ्याउने;
- हालसम्म नौ वटा जिल्ला हुलाक कार्यालयहरूमा मात्र Counter Automation भएकोमा बाँकी सबैमा कार्य गर्ने;
- जिल्ला हुलाक तथा प्रमुख ईलाका हुलाक कार्यालयहरूमा टेलिसेन्टरहरूको स्थापना गर्ने;
- गोरखापत्रको प्रकाशन क्षेत्रीयस्तरबाट समेत गर्ने;
- द्वन्द्वको कारण क्षति भएका सम्पूर्ण संरचनाहरूको पुनःनिर्माण गर्ने;
- नेपाललाई आकर्षक चलचित्र क्षेत्रको रूपमा विकास गरी चलचित्रसम्बन्धी सेवा, सुविधा तथा पूर्वाधार मुलुकभित्रै स्थापना गर्ने;
- स्वदेशमै सुरक्षण मुद्रण कार्यको प्रारम्भ गर्ने ।

४.७.५ रणनीतिहरू

- हुलाकलाई व्यावसायिक र आत्मनिर्भर बनाउँदै सूचना तथा सञ्चार प्रविधिको व्यापक उपयोग गरी सार्वजनिक-निजी साझेदारी (PPP) को अवधारणाअनुसार कार्यसम्पादन गर्दै यसलाई स्वायत्त संस्थाको रूपमा विकास गर्ने;
- सूचना प्रवाहलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन सूचना विभागमा सञ्चार नेटवर्किङको व्यवस्था गर्ने एवम् पत्रकारिता क्षेत्रलाई स्वतन्त्र, जिम्मेवार, आत्मनिर्भर र संस्थागत बनाई जनतालाई सुसूचित हुने वातावरण तयार गरी, पारदर्शिता र सुशासनको अनुभूति गराउन सूचना विभागमा सूचना बैंक (Information Bank) स्थापना गर्ने;
- सुरक्षण मुद्रणसम्बन्धी हाल उपलब्ध सेवाका अतिरिक्त थप सेवाहरू प्रदान गर्नका लागि प्रविधि, उपकरण र जनशक्ति विकासमा जोड दिने,
- क्षतिग्रस्त संरचनाको पुनःनिर्माण र पुनःस्थापन कार्यमा अन्य निकायसँग समेत आवश्यक समन्वय गरी सेवा सुचारु गर्ने;
- सूचना महामार्ग (Information Super-Highway) को विकास गर्ने एवम् मुलुकको विविध भू-बनोटअनुरूप दुर्गम तथा ग्रामीण क्षेत्रमा उपयुक्त प्रविधिमा आधारित दूरसञ्चार सेवाको स्थापना, विकास र विस्तार गर्ने;
- सरकारी सञ्चारमाध्यमलाई राष्ट्रिय प्रसारण/प्रकाशन माध्यमको रूपमा विकास गरी तिनलाई अझ बढी मर्यादित, निष्पक्ष, सन्तुलित, समावेशी र जनमुखी तुल्याई सोहीअनुरूपका कार्यक्रमहरू सञ्चालन गर्ने । निजी क्षेत्रका प्रसारकहरूबाट सत्यतथ्य, खोजमूलक, मनोरञ्जनात्मक सूचना प्रवाह गरी समाजलाई सुसूचित र सुसभ्य बनाउने;
- चलचित्र निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाँकन स्थलको रूपमा विकास गर्दै जाने ।

४.७.६ नीति तथा कार्यनीतिहरू

- हुलाकलाई स्वायत्त संस्थाको रूपमा विकास गर्न आवश्यक कानुनी व्यवस्था मिलाइनेछ ।
- हुलाक सेवामा धनादेश, हुलाक वचत बैंक, द्रुत डाँक सेवा, इ-पोष्ट, इ-मनि, मनिट्रान्स्फर, फिलाटेलीजस्ता सेवाहरू सञ्चालन र प्रवर्द्धन गरिनेछ ।
- हुलाक सेवामा आधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाउँदै सबै जिल्ला हुलाक कार्यालय र प्रमुख इलाका हुलाक कार्यालयमा टेलिसेन्टर स्थापना गर्दै जाने र जिल्ला हुलाक कार्यालयहरूमा Counter Automation गरिँदै जानेछ ।
- हुलाक सेवा प्रवाहमा निजी क्षेत्रसँग सहकार्य गरी सेवा प्रदान गरिनेछ ।
- हुलाक कार्यालयहरूमा भौतिक पूर्वाधार विकास र यान्त्रिकीकरण गरिनेछ ।
- जनशक्ति विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सूचना विभागसँग पाँच सञ्चार केन्द्र र सरकारका सबै मन्त्रालय, आयोग, सचिवालयको ब्रोड ब्यान्ड नेटवर्किङ्ग गरिनेछ ।
- सूचना विभागमा सूचना बैंकको स्थापना गरिनेछ ।
- नेपालभरबाट प्रकाशित भएका सम्पूर्ण पत्रपत्रिकाको अभिलेख र पत्रकारहरूको विवरण कम्प्युटरराइज्ड गरिनेछ ।
- पत्रकारिता क्षेत्रलाई जिम्मेवार, मर्यादित र आत्मनिर्भर बनाउन पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- पत्रपत्रिकाको वर्गीकरण पद्धतिलाई वैज्ञानिक र वस्तुगत बनाइनेछ ।
- अनलाइन पत्रपत्रिकालाई समेत मूलप्रवाहमा ल्याउन आवश्यक नीति तर्जुमा गरिनेछ ।
- लोककल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी बनाई विद्युतीय सञ्चारमाध्यमलाई समेत सो विज्ञापन उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- देशभित्र सक्षम, व्यावसायिक र स्वायत्त सुरक्षण मुद्रणालयको स्थापना गरिनेछ ।
- सुरक्षण मुद्रणसम्बन्धी आवश्यक ऐन नियमको तर्जुमा गरिनेछ ।
- सुरक्षण मुद्रणका लागि आवश्यक जनशक्ति विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- क्षतिग्रस्त जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयहरूको पुनःनिर्माण र पुनःस्थापना कार्यमा शान्ति तथा पुनःनिर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ ।
- रेडियो तथा टेलिभिजनका क्षतिग्रस्त संरचनाहरूको पुनःनिर्माण तथा पुनःस्थापना कार्यमा शान्ति तथा पुनःनिर्माण मन्त्रालयसँग समन्वय गरी प्रसारण सेवा चालू गरिनेछ ।
- दूरसञ्चारका क्षतिग्रस्त संरचनाहरूको पुनःनिर्माण तथा पुनःस्थापना कार्य पूरा गरी दूरसञ्चार सेवाको पहुँच सुलभ र सरल बनाइनेछ । पूर्व-पश्चिम राजमार्ग (लमही-महेन्द्रनगर), अरनिको राजमार्ग (काठमाडौं-तातोपानी) र लमही-तुलसीपुर राजमार्गमा अप्टिकल फाईवरसम्बन्धी कार्य पूरा गरिनेछ ।
- दूरसञ्चार क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरी अझ बढी उदार र प्रतिस्पर्धी बनाउने नीति लिइनेछ ।
- मुलुकका सबै गा.वि.स.मा उपयुक्त प्रविधिका दूरसञ्चार सेवा पुऱ्याइनेछ ।
- टेलिफोन वितरणलाई सरल, सहज र वैज्ञानिक बनाउनुका साथै टेलिफोन महशुल घटाउन वा नेपालभर स्थानीय कलको एउटै दर कायम गर्न पहल गरिनेछ ।
- प्रतिस्पर्धात्मक वातावरणको माध्यमद्वारा थप सेवाप्रदायकलाई लगानी गर्न अनुकूल वातावरण सिर्जना गरिनेछ ।

- टेलिफोन घनत्व (Teledensity) लक्ष्यअनुसार हासिल गर्न विद्यमान सेवा प्रदायकहरूलाई दूरसञ्चार सेवा सञ्चालन गर्न प्रोत्साहन गर्ने गरी नयाँ अनुमतिपत्र प्रदान गरिनेछ ।
- ग्रामीण क्षेत्रका प्रयोगकर्ताको लागि उपयुक्त सूचना तथा सञ्चार प्रविधि उपलब्ध गराउन आवश्यकताअनुसार नयाँ प्रविधि (e.g ., Wimax, 3G, UMB, VOIP, IMT-Advanced) मा आधारित अनुमति पत्र प्रदान गरिनेछ ।
- SASEC क्षेत्रमा Information Super Highway निर्माण गर्न पहल गरी नेपाललाई सूचना ट्रान्जिटको रूपमा विकास गरिनेछ ।
- देशभरका ग्रामीण क्षेत्रमा टेलिसेन्टर स्थापना गरी ICT सम्बन्धी विभिन्न दूरसञ्चार सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- नेपाल टेलिभिजन र रेडियो नेपालको प्रसारण पहुँच देशव्यापी बनाउन आवश्यकतानुसार रिलेकेन्द्र/एफ.एम. स्टेसनहरू स्थापना गरिँदै जानेछ ।
- नेपालका सबै राष्ट्रिय भाषा एवम् स्थानीय भाषाभाषिकाहरूमा समेत समानुपातिक प्रसारण गर्न पहल गरिनेछ ।
- रेडियो तथा टेलिभिजनको क्षेत्रीय प्रसारण विस्तार एवम् सुदृढ गरी स्थानीय भाषा, संस्कृतिको प्रवर्द्धन हुने गरी कार्यक्रम प्रसारण गरिनेछ ।
- गोरखापत्रको प्रकाशन क्षेत्रीयस्तरबाट समेत गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक स्वामित्वका प्रकाशन र प्रसारण केन्द्रहरूको प्रकाशन र प्रसारण कार्यलाई गुणस्तरीय, समावेशी र लोकतान्त्रिक बनाइनेछ ।
- निजी क्षेत्रका रेडियो र टेलिभिजन प्रसारकहरूलाई प्रदान गरिने इजाजत प्रक्रियालाई सरल र सहज बनाइनेछ ।
- प्राकृतिक दृश्य र सम्पदाको धनी नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायांकनको महत्वपूर्ण थलोको रूपमा विकास गर्दै जानेछ ।
- चलचित्र क्षेत्रलाई मर्यादित व्यवसायको रूपमा विकास गर्दै मौलिक नेपाली चलचित्र निर्माणमा प्रोत्साहन गरिनेछ ।
- चलचत्रिमा अत्याधुनिक प्रविधिको उपयोगमा जोड दिइनेछ ।
- चलचित्र क्षेत्रलाई व्यवस्थित र नियमित गर्न आवश्यक ऐन नियमको तर्जुमा गरिनेछ ।
- चलचित्र जाँचपास व्यवस्थालाई सरल, पारदर्शी, वैज्ञानिक र झन्झटरहित बनाइनेछ ।

४.७.७ कार्यक्रमहरू

मन्त्रालय सुदृढीकरण

मन्त्रालयलाई कागजरहित (Paperless) बनाउने, मन्त्रालय E-governance Module स्थापना गर्ने, आवश्यक उपकरणहरू खरिद गरी जडान र सञ्चालन गर्ने, मन्त्रालयको संगठनात्मक पुनर्संरचना गर्ने, आन्तरिक र अन्तर्निकाय ल्भतधयचपष्लन गर्ने, जनशक्ति विकास कार्यक्रम सञ्चालन गर्ने, अनुगमन र मूल्यांकन व्यवस्थालाई सशक्त बनाउने ।

हुलाक सेवा सुदृढीकरण

क्षतिग्रस्त संरचनाको पुनःनिर्माण तथा पुनःस्थापना गरी सेवा सुचारु गर्ने, हुलाक कार्यालयहरूमा टेलिसेन्टर स्थापना गर्ने, E-post कार्यक्रम सञ्चालन गर्ने, जिल्ला हुलाक कार्यालयहरूमा Counter Automation गर्ने, परिवर्तित सन्दर्भमा हुलाक क्षेत्रमा आवश्यक ऐन-नियम तर्जुमा र परिमार्जन गर्ने ।

प्रेस सूचना सुदृढीकरण

सूचना विभागमा सूचना बैंक (Information Bank) को स्थापना गर्ने, सूचना आदान-प्रदानका लागि सूचना विभागसँग अन्य निकायको ब्रोडब्याण्ड नेटवर्किङ गर्ने, सञ्चार केन्द्रका लागि भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्ने, लोककल्याणकारी विज्ञापनको वितरणलाई व्यवस्थित गर्ने, आवश्यक जनशक्ति विकास गर्ने, गोरखापत्र संस्थानको सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने ।

सुरक्षण मुद्रण

सुरक्षण मुद्रणका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, सुरक्षण मुद्रणयन्त्र तथा उपकरण खरिद तथा जडान गर्ने, स्वायत्त, सुरक्षण मुद्रणालयको स्थापना गर्नेसम्बन्धी ऐन-नियमको तर्जुमा गर्ने, आवश्यक जनशक्ति विकास गर्ने ।

टेलिभिजन प्रसारण विकास र विस्तार

लोकतान्त्रिक मूल्य, मान्यता र पद्धतिलाई टेवा दिनेखालका कार्यक्रम तयार गरी प्रसारण गर्ने, क्षतिग्रस्त संरचनाहरूको पुन:निर्माण गरी सेवा सुचारु गर्ने, प्रसारण केन्द्र स्थापना र विस्तार गर्ने, टेलिभिजन प्रसारणको पहुँच नेपालभर विस्तार गर्ने, विविध भाषामा कार्यक्रम तयार गरी समावेशी र समानुपातिकरूपमा कार्यक्रम प्रसारण गर्ने ।

रेडियो प्रसारण विकास र विस्तार

कर्णाली क्षेत्रमा रेडियो नेपालको सवस्टेसन स्थापना र विस्तार गर्ने, सरकारी नीति तथा कार्यक्रमलाई लोकतान्त्रिक मूल्य-मान्यताअनुरूप जनसमक्ष पुऱ्याउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने, विविध भाषामा कार्यक्रम तयार गरी समावेशी र समानुपातिकरूपमा कार्यक्रम प्रसारण गर्ने, रेडियो नेपालको प्रसारण नपुगेका स्थानहरूमा रडियो नेपालको प्रसारण सुन्न सक्ने बनाउन एफ.एम. ट्रान्समीटर स्थापना गरी रेडियो प्रसारणलाई देशव्यापी बनाउने ।

दूरसञ्चार सेवा स्थापना, विकास र विस्तार

मेजरिङ्ग उपकरण खरिद गरी मनिटरिङ्ग स्टेसन स्थापना गर्ने, मनिटरिङ्ग स्टेसन स्थापना गर्न जग्गाप्राप्त गर्ने, आवश्यक फर्निचरलगायतका सामानको व्यवस्था गर्ने ।

दूरसञ्चार सेवा स्थापना, विकास र विस्तार

आवश्यक पूर्वाधार निर्माण गर्ने, आवश्यक उपकरण खरिद गरी जडान गर्ने, अन्य सेवा प्रदायकहरू नपुगेका दुर्गम स्थानहरूमा दूरसञ्चार सेवा उपलब्ध गराउने ।

चलचित्र विकास

विभिन्न भाषामा मौलिक नेपाली चलचित्र निर्माण गर्ने, चलचित्र निर्माणमा नयाँ प्रविधिको प्रयोग गर्ने, फिल्म स्टूडियोको स्थापना गर्ने, छायाँकन स्थलहरूको पहिचान गर्ने ।

क्षतिग्रस्त संरचनाको पुन:स्थापन तथा पुन:निर्माण

देशमा द्वन्द्वका कारण क्षतिग्रस्त भौतिक संरचनाहरूको पुन:स्थापना तथा पुन:निर्माणमा विशेष जोड दिइनेछ ।

४.७.८ अपेक्षित उपलब्धिहरू

- सबै गा.वि.स.हरूमा दूरसञ्चार सेवा (टेलिफोनसमेत) उपलब्ध हुने, टेलिफोन घनत्व (प्रतिसय व्यक्ति) २५ हुने;
- द्वन्द्वको कारण क्षतिग्रस्त संरचनाहरूको पुनःनिर्माण भई सेवा सुचार हुने; टेलिफोनतर्फ PSTN-११ लाख, ताररहित-१५ लाख र मोबाइल-५५ लाख ग्राहक संख्या पुग्ने;
- सबै जि.हु.का. तथा प्रमुख इ.हु.का.हरूमा Telecenter स्थापना हुने;
- सबै जि.हु.का.हरूमा Counter Automaticon हुने;
- मुलुकभरि टेलिभिजन तथा रेडियो प्रसारण सेवा पुग्ने;
- क्षेत्रीय स्तरबाट गोरखापत्रको प्रकाशन हुने;
- नेपाललाई आकर्षक चलचित्र क्षेत्रको रूपमा विकास गरी चलचित्रसम्बन्धी सेवा सुविधा तथा पूर्वाधार मुलुकभित्रै स्थापना भइसक्ने;
- स्वदेशमै सुरक्षण मुद्रण कार्य हुने;

अपेक्षित प्रभाव

- सूचना तथा सञ्चार क्षेत्रमा सबै जनताको पहुँच बढ्न जाने;
- जनजीवनका हरेक पक्षमा सकारात्मक परिवर्तन हुने;
- देशको आर्थिक एवम् चेतनात्मक विकासमा महत्वपूर्ण आयाम थपिने;
- सूचनाको हकको उपभोग गर्न पाउने;
- सुरक्षण मुद्रण कार्य स्वदेशमै हुने अवस्था सिर्जना भएपछि यस क्षेत्रमा आत्मनिर्भरता वृद्धि हुने ।

४.८ नीतिगत विश्लेषण

(क) आमसञ्चारसम्बन्धी विभिन्न नीति दस्तावेजहरूको विश्लेषणबाट के देखिन्छ भने यस क्षेत्रको समग्र पक्षको पुनरावलोकन जरुरी छ। धेरैजसो नीतिगत व्यवस्थाहरू पुराना र असान्दर्भिक भइसकेका छन्। पछिल्ला नीतिगत अवधारणाहरू अन्तरविरोधले ग्रस्त छन् । अन्यौल र भ्रम भएका नीतिगत दस्तावेजहरूबाट खास दिशाबोध हुनसक्दैन ।

आमसञ्चार क्षेत्रलाई राज्यको हस्तक्षेपकारी भूमिकाबाट जोगाउन अन्तरिम संविधानले केही उल्लेखनीय कदम चालेको छ । विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, छापाखाना र पत्रपत्रिकासम्बन्धी हकसँगै दूरसञ्चारका साधन, श्रव्य-दृश्य माध्यम र इन्टरनेट माध्यमसमेतको संरक्षण, सूचनाको हकजस्ता विषयमा सम्वैधानिक संरक्षणको दायरा फराकिलो भएको छ । तर यसबाट पनि नीतिगत अन्योल र व्यवहारिक समस्याहरू समाधान हुनसकेका छैनन् । बरु केही विषयमा (जस्तो- विद्युतीय सञ्चारमाध्यमको लाइसेन्समा एकाधिकार हुने खतरा) जटिलता सिर्जना गरेको छ । **(यसबारे धेरै चर्चा संविधानको विश्लेषण खण्डमा गरिएको छ ।)**

(ख) गोपनीयताको हकलाई संविधानले कानुनको अधीनमा राखेको तर तत्सम्बन्धी कानुनको अभावमा प्रेस स्वतन्त्रता र निजीपनाबीचको सीमा निर्धारण हुन नसक्नु; पत्रपत्रिका र अन्य सञ्चारमाध्यमको वर्गीकरणमा वस्तुगत मापदण्डको अभाव विद्यमान हुनु; सरकारी सञ्चारमाध्यममाथिको एकाधिकारलाई नियन्त्रण गरी स्वस्थ र प्रतिष्पर्धी बनाउने किसिमको कानुनी व्यवस्थाको अभाव रहनु; प्रसारण संस्था र माध्यमलाई व्यवस्थित र नियमित गर्ने एकीकृत कानुनको अभाव हुनु; विद्यमान इजाजत लिने पद्धति अपारदर्शी हुनु; रेडियो ऐन अद्यावधिक र समयसापेक्ष नहुनु; टेलिभिजन च्यानलहरूलाई व्यवस्थित गर्ने

कानुनको अभाव हुनु; राजस्व दस्तुरको प्रक्रिया झन्झटिलो देखिनु; सञ्चारमाध्यममा विदेशी लगानीसम्बन्धी स्पष्ट नीति बन्न नसक्नु; आमसञ्चारका क्षेत्रमा नयाँ-नयाँ यान्त्रिक र प्रविधिको विकासअनुरूप त्यसलाई व्यवस्थित र नियमित गर्ने किसिमको कानुन र नीति-निर्माण हुन नसक्नु; सञ्चार क्षेत्रमा आवश्यक सक्षम जनशक्ति उत्पादन गर्न राज्यले दायित्वबोध नगर्नु; जनशक्तिको व्यवस्थापन आमसञ्चार क्षेत्रको महत्वपूर्ण समस्याको रूपमा रहनु; स्वस्थ पत्रकारिताको विकासको लागि पत्रकारको आचारसंहितामा प्रभावकारी अनुगमन गर्ने संयन्त्रको अभाव र फितलो कार्यान्वयनको अवस्था रहनु आदि व्यवहारिक समस्याहरूको मुख्य कारण नीतिगत अस्पष्टता नै देखिन्छ ।

(ग) पटक-पटक राज्यले प्रतिवद्धता प्रकट गरेको राष्ट्रिय प्रसारण प्राधिकरण अझै स्थापना हुनसकेको छैन । नेपाल टेलिभिजन र रेडियो नेपालको सञ्चालन सार्वजनिक सेवा प्रसारणका रूपमा विकास गर्ने भनिए पनि हालसम्म सरकारी गठन आदेशअन्तर्गत मन्त्रीपरिषद् र सञ्चार मन्त्रालयबाट निसृत हुने नियमावली र विनियमावलीका भरमा सञ्चालन भइरहेको छ; एफ.एम. रेडियो टेलिभिजन र केबुल सञ्चालकका लागि लाइसेन्स प्रदान गर्ने तथा नियमन गर्ने संयन्त्रबारे मन्त्रालयको स्वेच्छाचारी नियन्त्रण जारी छ । गोरखापत्र संस्थान र राससमा निजी क्षेत्रको सहभागिता गराइएको छैन । दुवै संस्था पूर्णत सरकारी स्वामित्वको संस्थान ऐनअन्तर्गत नै सञ्चालित हुँदैआएका छन् । गोरखापत्र संस्थानको निजीकरण गरिने नीतिगत प्रतिवद्धता २०४९ देखि उच्चस्तरीय मिडिया सुझाव आयोग २०६३ को प्रतिवेदनसम्म लगातार उल्लेखित हुँदैआएको छ । तर पछिल्लो त्रिवर्षीय योजना भने यसबारे मौन छ भने मन्त्रालयको पछिल्लो अवधारणा पूर्ववर्ती नीति, योजना र सुझावहरूभन्दा पृथक निजीकरणको पक्षमा देखिँदैन । यसबाट नीतिगत अन्योलता कायम नै देखिन्छ ।

(घ) सञ्चारमाध्यमहरूलाई राष्ट्रिय पूँजी लगानीको उद्योगका रूपमा विकसित गर्ने र छापामाध्यमको विकासका लागि विदेशी लगानी स्वीकार नगर्ने तर विद्युतीय माध्यमहरूमा सीमित विदेशी लगानी खुला गर्ने नीति उल्लेख भएको देखिन्छ । यसैगरी कुनै व्यक्ति वा कम्पनीलाई प्रकाशनगृह, समाचार एजेन्सी, रेडियो प्रसारण संस्था र टेलिभिजन प्रसारण संस्थामध्ये बढीमा कुनै दुईवटा माध्यमको सञ्चालन गर्नमात्र स्वीकृति दिने नीतिगत व्यवस्था छ । तर यी विषयमा अझै ऐन-नियम नबन्नाले व्यवहारमा यी विषय विवादास्पद मुद्दाका रूपमा रहेका छन् । अझ उच्चस्तरीय मिडिया सुझाव आयोगका यससम्बन्धी सुझाव दीर्घकालीन नीति २०५९ सँग बाझिएको देखिन्छ । पछिल्लो मन्त्रीस्तरीय अवधारणापत्रले पनि यस विषयमा थप छलफल जरुरी भएको मात्र उल्लेख गरेको छ ।

यस सम्बन्धमा समाधान हुनुपर्ने नीतिगत अन्योलका प्रमुख विषयहरूमा सञ्चारमाध्यमको लगानी, स्वामित्व हस्तान्तरण, बहुमिडिया लगानी, स्थानीय र साना मिडियाको विशेष प्रवर्द्धनजस्ता वाणिज्य सवालहरू छन् । मिडियाको लगानीको मुद्दा सम्बन्धित राष्ट्रको आर्थिक, भाषिक, सामाजिक, सांस्कृतिक र रणनीतिक स्वार्थहरू एवम् आमजनताको पहुँच भएको बहुलवादी मिडिया अवधारणाले निश्चित गर्ने विषय हुन् । मिडियामा हुने लगानी र विज्ञापनको स्रोतले मिडियाको विषयवस्तुलाई केही हदसम्म प्रभावित गर्दछ । अझ सञ्चारकर्मीहरूको पेसागत सुरक्षा र व्यवसायिक स्वतन्त्रताका विषयमा राज्यले पूर्णतः सुरक्षाको प्रत्याभूति गर्न नसकेको अवस्थामा यस्तो प्रभावको मात्रा ज्यादा हुन्छ । त्यसैले लगानी नीति मिडियाको क्षेत्रमा निकै महत्वको मुद्दा बन्न थालेको छ । र, यससम्बन्धी छुट्टै विशेष कानुनहरू नै तर्जुमा हुनथालेको छ । नेपालमा पनि यसबारे ठोस राष्ट्रिय नीति र कानुनी संयन्त्रहरूको विकास अपरिहार्य देखिन्छ ।

(ङ) पछिल्लो समयमा आएर सरकारले मिडियाजगतको मागलाई सम्बोधन गर्ने क्रममा विभिन्न नियमावलीहरूको संशोधन गरेको छ । राष्ट्रिय प्रसारण नियमावली-२०५२ को चारवटा, रेडियो सञ्चार (लाइसेन्स) नियमावली-२०४९ को ४ वटा, दूरसञ्चार नियमावली-२०५४ को तीनवटा, हुलाक नियमावली-२०२०, चलचित्र-निर्माण प्रदर्शन तथा वितरण नियमावली-

२०५७, प्रेस काउन्सिल नियमावली-२०४९ को १-१ वटा संशोधन गरेर वर्तमान नीतिगत र कानुनी समस्याको अल्पकालीन समाधानको प्रयास गरेको छ ।

यसैगरी उच्चस्तरीय मिडिया सुझाव आयोग-२०६३, सरकारी सञ्चारमाध्यमहरूको पुनर्संरचना र स्वायत्ततासम्बन्धमा अध्ययन गर्न गठित उच्चस्तरीय कार्यदल-२०६३, श्रमजीवी पत्रकारसम्बन्धी कानुन संशोधन मस्यौदा कार्यदल-२०६३, केबुल टेलिभिजन प्रसारण क्षेत्रमा देखिएका समस्याहरू एवम् गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव पेस गर्न गठित कार्यदल-२०६३, चलचित्रसम्बन्धी कानुन मस्यौदा सुझाव कार्यदल-२०६३, विद्युतीय सञ्चारमाध्यमलाई व्यवस्थित तथा नियमन र राष्ट्रिय प्रसारण प्राधिकरणसम्बन्धी विधेयक तर्जुमा कार्यदल-२०६३, केबुल टेलिभिजन सल्लाहाकार समिति, श्रमजीवी पत्रकार नियमावली संशोधन कार्यदल-२०६४ र सरकारी विद्युतीय माध्यमका लागि आचारसंहिता तर्जुमा कार्यदल-२०६४ लगायतका प्रयासहरू भइरहेको छ । यी आयोग, कार्यदल र समितिले दिएका सुझाव प्रतिवेदनहरूमध्ये कतिपय कार्यान्वयनका क्रममा देखिन्छन् भने कति चाहीँ थन्काएर राखेको पाइन्छ ।

तर उपरोक्त प्रयासहरूलाई नीति, कार्यक्रम र कानुनका समयानुकूल परिवर्तन नगरी नियमावली मात्र संशोधन गर्ने हतासपूर्ण कार्यशैली मान्न सकिन्छ । यस अवधिमा अन्तरिम संविधान, सूचनाको हकसम्बन्धी ऐन र श्रमजीवी पत्रकार ऐनको संशोधनजस्ता केही महत्वपूर्ण नीति एवम् कानुनी संयन्त्रहरू विकास भए पनि समग्र पक्षहरूको पुनरावलोकनको खाँचो पूरा गर्न बाँकी छ । कानुन नीति कार्यान्वयनको माध्यम हो, नीतिको परिवर्तन नभई कानुनले प्रभावकारीरूपमा कार्य गर्न सक्दैन । अस्पष्ट नीतिले जन्माएको समस्या समाधान गर्न नीतिगत स्पष्टता नै चाहिन्छ । यसैगरी राजनीतिक परिवर्तनले सिर्जना गरेको उदार सम्वैधानिक वातावरणलाई व्यवहारमा प्रत्याभूति गर्न र सञ्चार प्रविधिमा भइरहेको व्यापक विकासको पक्षलाई समानरूपमा ध्यान दिएर आमसञ्चार नीति तर्जुमा भएमात्र त्यो व्यवहारिक हुनसक्दछ । यस अगाडिका नीति तर्जुमामा राजनीतिक पक्षमात्र ध्यानमा राखिएको पाइन्छ ।

(च) त्यसैले सूचना तथा सञ्चार क्षेत्रमा भइरहेको द्रुततर प्रविधिको परिवर्तनले सिर्जना गरेका अवसरहरू नेपाली नागरिकले उपभोग गर्न सकून् भन्ने दृष्टिकोण राखी मिडियाहरूको विकास गर्न लगानी आकर्षित गर्ने, मिडियाहरू देश र नागरिकप्रति बढी उत्तरदायी बनाउने । पत्रकारिता क्षेत्रलाई प्रतिष्पर्धात्मक, विश्वसनीय र प्रभावकारी बनाउने तथा यस क्षेत्रको स्वस्थ एवम् मर्यादित र व्यवसायिक विकासलाई सहयोग पुग्ने गरी यावत् संरचनाहरूको पुनर्संरचना गर्ने गरी नीति परिमार्जनको जरुरी छ । लोकतान्त्रिक सरकारले आमसञ्चारमाध्यममाथिको स्वामित्व र नियमनलाई पूर्णतः नियन्त्रणबारे बनाइराख्न कदापि हुँदैन । तसर्थ आमनेपालीको पहुँचमा मिडियाहरू हुने गरी बहुलवादी मिडिया सोचलाई समेटी एक बृहत्तर सूचना तथा सञ्चारसम्बन्धी राष्ट्रिय नीति आवश्यक छ । तर यो नीति नयाँ संविधान निर्माण भइसकेपछि तर्जुमा गरेमात्र दीगो र दीर्घकालिन दृष्टि प्राप्त हुनेछ । सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति-२०५९, अन्तरिम संविधान-२०६३ र उच्चस्तरीय मिडिया आयोगको प्रतिवेदन तथा विभिन्न कार्यदलहरूका सिफारिसहरू भविष्यका लागि बलियो आधार हुनसक्छन् । यी दस्तावेजहरूले औंल्याएका समान पक्षहरूबाहेक अस्पष्टता र फरक-फरक धारणा रहेका विषयमा एकरूपता कायम गर्न अन्तर्राष्ट्रिय प्रचलन, सिद्धान्त र मान्यतालाई आधार मान्न सकिन्छ । यस अगाडिका कतिपय व्यवस्थाहरू अन्तर्राष्ट्रिय कानुनले परिलक्षित गरेको दृष्टिकोण र मान्यतासाग अमिल्दा पनि छन् । आमसञ्चार नीति आधारभूतरूपमा यससम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, मान्यता र कानुनअनुरूप हुनु आवश्यक देखिन्छ ।

छ) अन्तरिम (संक्रमणकालिन) तीन वर्षका लागि जारी गरिएको तीन वर्षीय योजना (२०६३-०६६) मा उल्लेखित सूचना तथा सञ्चारक्षेत्रको नीति, रणनीति, लक्ष्य, उद्देश्य, कार्यक्रम र अपेक्षित उपलब्धीको प्रक्षेपण हेर्दा यो दस्तावेज २०४७ को संविधानदेखि प्रारम्भ भएको उदार प्रेसको अवधारणाभन्दा फरक बाटोतर्फ उन्मुख देखिन्छ ।

यो नीतिले सरकारी स्वामित्वका सञ्चारमाध्यमहरूको नियन्त्रणलाई कायम राखी अझ विस्तार गर्ने कार्यक्रम लिएको छ । हुलाकको स्वायत्तता, सूचना बैंक, राष्ट्रिय प्रकाशन-प्रसारण माध्यमको रूपमा रूपान्तरण, प्रविधिको पहुँचलाई आम-नागरिक

तहमा विस्तारजस्ता रणनीति रहेको उल्लेख भए पनि नीतिगतरूपमा यसले विरोधाभाष बोकेको छ । कतिपय कार्यक्रममा हास्यास्पद अन्योल पनि देखिन्छ । जस्तै प्रेस सूचना सुदृढीकरण शीर्षकको कार्यक्रममा सूचना विभाग, गोरखापत्र संस्थान र राष्ट्रिय समाचार समितिको नाम उल्लेखित छ । के भन्न खोजेको हो प्रष्ट छैन । सरसर्ती हेर्दा- तीन वर्षीय योजना दृष्टिविहीन (Visionless) मात्र हैन, सूचना तथा सञ्चार क्षेत्रमा नीतिगत विश्रृङ्खलता र थप द्विविधा बढाउन यसले नकारात्मक योगदान पुऱ्याउनेछ ।

खण्ड-५

५. निष्कर्ष र सुझावहरू

यस अध्ययनमा आम-सञ्चार क्षेत्र र विशेषगरी पत्रकारितासँग सम्बन्धित संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय मापदण्ड, मौजुदा राष्ट्रिय नीति, प्रमुख ऐन-नियम र यस क्षेत्रको सुधारका लागि सरकारद्वारा गठित विभिन्न आयोग र कार्यदलका प्रस्तावित सल्लाह-सिफारिससमेतको पुनरावलोकन गरिएको छ। यसक्रममा देखिएका कमी-कमजोरी र व्यवहारिक समस्याहरूलाई अन्तर्राष्ट्रियरूपमा स्वीकारिएका सिद्धान्त एवम् मापदण्डहरूसमेतको आधारमा विश्लेषण गरिएको छ। सो अध्ययन-विश्लेषणका आधारमा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

- मूलरूपमा भन्नुपर्दा सञ्चारसम्बन्धी कानुनी संयन्त्रहरूको अवलोकन गर्दा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय मापदण्ड तय हुन नसकेको, संविधान अनुकूल अन्य कानुनहरू बन्न नसकेको, नीतिगत अन्योल रहेको, नीति र कानुनको बीचमा तालमेल नभएको र कानुन, नीति, योजना-कार्यक्रम र व्यवहारबीच सामाञ्जस्य हुन सकेको पाइन्न ।
- संवैधानिक संक्रमण र अनिश्चितताको अवस्था विद्यमान रहनु, नीतिगतरूपमा राज्यको दृष्टिकोण स्पष्ट नपाइनु, भएका कतिपय ऐन-नियमहरू असान्दर्भिक देखिनु, समयमा सुधार हुन नसक्नु, प्रविधिको निरन्तर विकासलाई नीति र कानुनको निर्माणमा प्रमुख आधार नबनाइनु, प्रविधि क्षेत्र र नीति-निर्माता तथा कानुनबीच समन्वयको अभाव देखिनु, विशेषिकृत कानुनहरू तर्जुमामा ध्यान नपुग्नु, योजना र कार्यक्रमहरूमा सञ्चार क्षेत्र प्राथमिकतामा नदेखिनु, विशेषज्ञ-प्रतिवेदनहरू कार्यान्वयनमा ढिलाइ गरिनुजस्ता प्रवृत्तिहरू अध्ययनबाट देखिएका छन् ।
- विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हक र प्रेस क्षेत्र (सञ्चारका माध्यमहरू र सञ्चारकर्मी) सँग सम्बन्धित नीति र कानुनी संरचनाहरूको यस अध्ययनका आधारमा निम्न सुझावहरू निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ।

१. नीतिगत सुधार

- लोकतान्त्रिक राज्यले सञ्चारका माध्यमहरूमाथि स्वामित्व र सम्पादकीय दुबै प्रकारको नियन्त्रण गर्दैन । सार्वजनिक हितको लागि सञ्चारका माध्यमहरूलाई विभिन्न प्रकारका सहयोग र भरथेक गर्नु राज्यको कर्तव्य हो। नेपालमा सरकारको स्वामित्व र नियन्त्रणमा सञ्चारमाध्यमहरू सञ्चालन गर्ने कि नगर्ने भन्ने विषयमा अझै नीतिगत स्पष्टता देखिँदैन ।
- छापा माध्यममा सरकारको स्वामित्वको अन्त्य, विद्युतीय माध्यममा लोकहितका लागि सार्वजनकि प्रसारण सेवाको अवधारणा अङ्गिकार गर्न र पत्रकारिता क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त विकासको पूर्वाधार मानेर ठोस र विशेष योजना र कार्यक्रम तर्जुमा गर्ने नीतिगत संरचना खडा गर्नु आवश्यक देखिन्छ।
- सूचना तथा सञ्चार क्षेत्रमा भइरहेको द्रुततर प्रविधिको परिवर्तनले सिर्जना गरेका अवसरहरू नेपाली नागरिकले

उपभोग गर्न सकून् भन्ने दृष्टिकोण राखी सञ्चारमाध्यमहरूको विकास गर्न लगानी आकर्षित गर्ने, त्यस्ता माध्यमहरू देश र नागरिकप्रति बढी उत्तरदायी बनाउने र आम-नेपालीको पहुँचमा मिडियाहरू हुने गरी बहुदलवादी मिडिया प्रवर्द्धन गर्न सूचना तथा सञ्चारसम्बन्धी वृहत्तर राष्ट्रिय नीति आवश्यक छ ।

- दीर्घकालीन नीति २०५९ र वर्तमान सरकारको अवधारणाबीच मतभेद छ । विभिन्न आयोग र कार्यदलका नीतिगत सिफारिस र सरकारी योजनाबीच पनि तालमेल देखिँदैन । नीतिगतरूपमा पत्रकारिता क्षेत्र राजनीतिक अस्थिरताका कारण सत्तासिनहरूको आ-आफ्नो सोच र चिन्तनअनुसार गुज्रिरहेको देखिन्छ ।
- तीन वर्षीय अन्तरिम योजना अवधारणागतरूपमा लोकतान्त्रिक मान्यताअनुरूप हुनसकेको छैन । अपेक्षित लक्ष्य र कार्यक्रम एवम् नीति/रणनीतिबीच विरोधाभाष देखिन्छ । तथापि सूचना तथा सञ्चार क्षेत्रलाई छुट्टै विषय मानेर विगतमा भन्दा प्राथमिकतापूर्वक योजना बनाइनु सकारात्मक हो । तर, नीतिगत अस्पष्टताका कारण यो योजनाले लक्ष्य हासिल गर्न निकै कठिनाई सामना गर्नुपर्नेछ ।
- समग्रमा आमसञ्चार क्षेत्रको व्यापक पुनर्संरचना जरुरी छ । यसका लागि संवैधानिक, नीतिगत, कानुनी, योजना एवम् कार्यक्रमिक सबै विषयमा पुनरावलोकन गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुरूप अभिव्यक्तिको निर्वाध स्वतन्त्रतालाई प्रत्याभूत गर्ने लोकतान्त्रिक मुलुककारूपमा नेपाललाई विकास गर्न आवश्यक नीतिगत स्पष्टता हुनु आवश्यक छ ।
- तर यो नीति नयाँ संविधान निर्माण भइसकेपछि मात्र तर्जुमा गरे दीगो हुनेछ । यसका लागि सूचना तथा सञ्चारक्षेत्रको दीर्घकालीन नीति-२०५९, अन्तरिम संविधान, २०६३, उच्चस्तरीय मिडिया आयोग २०६२ को प्रतिवेदन तथा उच्चस्तरीय मिडिया कार्यदललगायतका विभिन्न कार्यदल सिफारिसहरू प्रारम्भिक आधार मात्र हुनसक्छन् ।
- मुलुक संघीय ढाँचामा जाने संवैधानिक घोषणा भइसकेकोले संघीय संरचनामा पनि विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र प्रकाशन-प्रसारणसम्बन्धी स्वतन्त्रताको प्रत्याभूति केन्द्रीय रुपमा नै सुनिश्चित हुनुपर्दछ । पत्रकारिता तथा सञ्चारसम्बन्धी प्रदेशीय नीति एवम् कानुनहरू बनाउँदा स्थानीय परम्परा, संस्कृति, धर्म, भाषा र विशेषताका नाममा यी हकहरूमाथि बन्देज बढाउन नसकिने प्रत्याभूति नीतिगत रुपमा राज्यले लिनुपर्दछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३

अन्तरिम संविधान विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकका विषयमा निकै उदार रहेको भए पनि अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका विभिन्न पक्षहरूलाई समाहित गर्न नसक्नु; अभिव्यक्ति स्वतन्त्रता, सञ्चारमाध्यममाथिको प्रतिवन्धात्मक व्यवस्था अन्तर्राष्ट्रिय मापदण्डभन्दा कठोर एवम् व्यापक प्रकृतिको हुनु यस संविधानको मूल समस्या हो । आम-सञ्चारसँग सम्बन्धित संवैधानिक धाराहरूमाथि अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विश्लेषण गरी निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- अन्तरिम संविधानको धारा १२ मा रहेको अभिव्यक्ति तथा विचारको स्वतन्त्रतासम्बन्धी मौलिक अधिकारलाई नागरिकहरूमा सीमित गरिएको छ । अन्तर्राष्ट्रिय कानुनअनुसार विचार एवम् अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको प्रत्याभूति नागरिकहरूलाई मात्रै नभई प्रत्येक व्यक्तिका लागि हुनुपर्दछ ।
- अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकारको प्रकृतिलाई बढी स्पष्ट पार्नुपर्दछ, विशेषगरी यसले सूचना खोज्ने, प्राप्त गर्ने र प्रवाह गर्ने कुरा समेटेको हुनुपर्दछ ।
- अन्तरिम संविधानको धारा १५ मा रहेको प्रेस स्वतन्त्रताको अधिकारमा रहेको सबै स्वरूपका सञ्चारमाध्यमलाई संरक्षण गर्ने विषयलाई स्पष्ट पार्नुपर्छ ।
- सञ्चारमाध्यममा हुनै सबै प्रकारका पूर्व प्रतिबन्धहरू निषेध गर्नुपर्दछ । पूर्व प्रतिबन्ध नहुने किसिमका अनुमतियोग्य वन्देजहरूमाथि अभिव्यक्ति स्वतन्त्रताको सामान्य प्रत्याभूतिमा ब्याख्या गरिएअनुरूप अन्तर्राष्ट्रिय कानुनअन्तर्गत

अनुमती दिइएसरह सीमित हुनुपर्दछ ।

- सञ्चार क्षेत्रमा अवरोध पुऱ्याउने कानुनहरूमा सामान्यतया अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने कानुनमा लागू हुने सरहकै समान सर्त तथा वन्देज लागू हुन्छ । तसर्थ, प्रेस स्वतन्त्रतामा अवरोध सिर्जना गर्ने प्रावधानलाई परिभाषित गर्ने वा त्यसको क्षेत्रलाई सीमित पार्नेतर्फ ध्यान दिनुपर्दछ । सार्वजनिक सञ्चारमाध्यम तथा सञ्चारमाथि नियमन गर्ने अधिकारप्राप्त कुनै पनि निकाय, यी दुबैको स्वतन्त्रता प्रत्याभूत गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- धारा २७ मा उल्लेखित सूचनाको हक नागरिकलाई मात्र नभई प्रत्येकलाई लागू हुने हुनुपर्दछ । यो हक व्यक्तिगत वा सार्वजनिक महत्वका सूचना मात्र नभई सार्वजनिक निकायसँग रहेका सम्पूर्ण सूचनामा लागू हुनुपर्दछ ।
- सूचनाको हकमाथिको वन्देजविरुद्धका कठोर सीमाहरू, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारका लागि सिफारिश गरिएझैँ नै स्पष्टरूपमा व्याख्या गरिनुपर्छ । विशेषगरी, सार्वजनिक वा निजी हितको संरक्षणका लागि आवश्यक पर्ने विषयमा मात्र सूचनामाथिको पहुँचको अधिकारलाई अस्वीकार गर्न सकिने हुनुपर्छ ।
- धारा ५६(३), (६), (७) धारा ७७(३),(६), (७) र धारा ६० का व्यवस्थाहरूले अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक वन्देज लगाएका छन् र ती व्यवस्थाहरूलाई संविधानमा राख्न आवश्यक छैन ।
- राष्ट्रको जीवनमा खतरा उत्पन्न भएको अवस्थामा मात्र संकटकाल घोषणा गर्ने अधिकार हुने गरी संकटकालीन अधिकारलाई नियन्त्रण गरिनुपर्दछ । संकटकालमा अधिकारहरूमाथि वन्देज लगाउन सकिने व्यवस्थालाई तत्कालीन परिस्थितिमा अत्यन्त आवश्यक भएका कुरामा मात्र सीमित गरिनुपर्दछ ।
- विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक अन्तर्राष्ट्रिय कानुनको मापदण्ड अनुसार नागरिकमा सीमित राखी व्यक्तिलाई हुनुपर्ने सम्बन्धी दृष्टिकोणमा राष्ट्रिय सहमति हुनु आवश्यक छ । राष्ट्रिय स्वार्थको रक्षाका लागि स्वतन्त्रताका हकहरूमा राष्ट्रिय मापदण्ड तय गर्न अन्तर्राष्ट्रिय कानुनले पनि छुट दिएको छ ।

३. विद्यमान विभिन्न ऐनहरू

३.१ छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ का कतिपय प्रावधान असान्दर्भिक भएका छन् भने कतिपय प्रावधान कार्यान्वयन हुनसकेको छैन । नयाँ संवैधानिक व्यवस्थाअनुरूप नहुनु, पत्रपत्रिकाको इजाजतपत्र र रेकर्ड प्रणालीलाई व्यवस्थित तवरमा सुधार गर्न नसक्नु, स्थानीय तहबाटै पत्रपत्रिका र पत्रकारलाई सुविधा प्रदान गर्न तथा इन्टरनेट प्रविधिबाट सञ्चालित ई-पत्रिकाहरूलाई पनि नियमनको दायरामा ल्याउन नसक्नु साथै, विदेशीले लगानी गर्ने सम्बन्धमा ठोस नीति तथा कानुनी व्यवस्था हुन नसक्नु मुख्य समस्या ऐनको हो । यी कमी-कमजोरीहरू हटाउन निम्न सुझाव प्रस्तुत गरिएको छ ।

- छापाखाना र प्रकाशनलाई एउटै कानुनद्वारा व्यवस्था गरिएकोमा छापाखाना र प्रकाशन दुई फरक र पृथक विषयवस्तु भएकोले दुबैलाई छुट्टाछुट्टै कानुन तर्जुमा गर्नुपर्दछ ।
- छापाखानाले उद्योगका रूपमा दर्ता गरी सञ्चालन गर्ने नियमनको व्यवस्था हुनुपर्दछ ।
- भारतलगायत विभिन्न देशमा छापाखानामा पनि विदेशी लगानी गर्न सकिने व्यवस्था गरेको अवस्थामा नेपालमा पनि छापाखानामा विदेशीले कति प्रतिशत लगानी गर्नसक्ने भन्ने स्पष्ट व्यवस्था गर्नुपर्छ ।
- ऐनले पत्रपत्रिका दर्ताका सम्बन्धमा 'दर्ता गर्न चाहने व्यक्ति' भनी लेखिएकोले विदेशीलाई समेत दर्ता गर्ने अधिकार दिएको देखिन आउँछ । तर अन्य कुनै पनि दफामा विदेशीको हकमा के कसरी कुन प्रक्रियाले पत्रपत्रिका दर्ता गर्न पाउने भन्ने व्यवस्था नभएकोले सो सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्छ ।
- ऐनमा पत्रपत्रिकाको दर्ता निकै झन्झटिलो प्रकृतिको देखिन्छ । कम्पनी ऐनअन्तर्गत दर्ता भएका कम्पनी तथा अन्य ऐनबमोजिम् स्थापित संस्थाले पनि दोहोरो दर्ता गर्नुपर्ने व्यवस्था छ । दोहोरो दर्ता प्रणाली आवश्यक छैन । यसैगरी जिल्ला प्रशासन कार्यालयले दर्ता प्रमाणपत्र दिने व्यवस्था गरेकोमा यस्तो कार्य प्रेस रजिष्ट्रार वा जिल्ला विकास

समितिलाई सुम्पनु उचित हुन्छ । अस्थायी प्रमाणपत्र पाएको कति दिनभित्र प्रेस रजिष्ट्रारले स्थायी प्रमाणपत्र दिनको लागि स्वीकृति दिने भन्ने व्यवस्था स्पष्टरूपमा उल्लेख गर्नुपर्छ । साथै महिना-महिनामा बुलेटिन प्रकाशन गरी वा रजिष्ट्रारको कार्यालयको आफ्नो वेवसाइटमा दर्ता भएका पत्रपत्रिकाको नाम राखी जुधे-नजुधेको हेर्न सक्ने पारदर्शिता कायम गर्नुपर्छ ।

- प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्ने निकाय सूचना विभाग रहेको र सो निकाय काठमाडौंमा मात्र रहेकोले यो केन्द्रीकृत व्यवस्थालाई अन्त गर्नु आवश्यक छ । पत्रकारहरूलाई राज्यको निकायले प्रमाणपत्र दिइनु नै पूर्ण प्रेस स्वतन्त्रताको मान्यता र सिद्धान्तविरुद्ध हुनजान्छ ।
- छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐन २०४८ को दफा १४(क) संविधान प्रतिकूल छ । यो दफा खारेज भइसकेको भए तापनि ऐनमा यो दफालाई हालसम्म उल्लेख गर्नुले सरोकारावालाहरू झुक्किन सक्ने सम्भावना छ ।
- सरकारले आवश्यक देखेमा कुनै पनि बखत पैठारी गरिएका प्रकाशन रोक्न सक्ने व्यवस्थाले सरकारी स्वेच्छाचारीता बढ्नसक्ने हुँदा निश्चित मापदण्ड तयार पारी पैठारी भएको सामान रोक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । त्यसको साथै पैठारीमा रोक लगाएको प्रकाशन रोक लगाएपश्चात् सरकारले कब्जा गरी राख्ने हो वा सम्बन्धित प्रकाशकलाई फिर्ता पठाउने हो भन्ने कुरा स्पष्ट हुनुपर्छ ।
- ऐनमा प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार स्पष्ट र विस्तृत छैन । प्रेस रजिष्ट्रारले पत्रकार र पत्रपत्रिकाको हितको लागि कार्य गर्ने हुनाले यस्तो अधिकारीहरूलाई बढी स्वायत्तता दिइनुपर्दछ ।
- सबै भाषा-भाषीहरूको हितको लागि छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐनले स्पष्ट व्यवस्था गर्नुपर्दछ । स्थानीयस्तरको र अल्पसंख्यक जनताहरूले बोल्ने-लेख्ने भाषाको समेत संरक्षण र सम्बर्द्धन गर्न विशेष सुविधा दिइनु आवश्यक छ ।
- अहिलेको मुख्य समस्या भनेको विशेषगरी निजी क्षेत्रका प्रकाशन गृहहरूको स्वामित्व तथा संरचनासम्बन्धी रहेको छ । सञ्चारमाध्यमहरूको स्वामित्व कसको हुने? लगानी नीति के हुने ? लगानी पारदर्शी कसरी हुने र एक व्यक्तिले अर्को व्यक्तिलाई हस्तान्तरण गर्नुपरेमा के प्रक्रिया अपनाउनुपर्छ भन्ने विषयमा छापाखाना तथा प्रकाशन ऐनमा थप गर्नुपर्ने आवश्यकता रहेको छ ।
- पत्रपत्रिका र सञ्चारकर्मीको नियमनका व्यवस्थाहरूलाई स्पष्टरूपमा छुट्याउनुपर्दछ । सम्पादकीय स्वतन्त्रतालाई संरक्षण दिने व्यवस्था स्पष्ट गरिनुपर्दछ ।

३.२. **राष्ट्रिय प्रसारण ऐन,** २०४९

राष्ट्रिय प्रसारण ऐन, २०४८ को तर्जुमा हुँदा विद्युतीय सञ्चारमाध्यमको प्रविधि र किसिममा हालको जस्तो व्यापकता आइसकेको थिएन । रेडियो र टी.भी. प्रसारणमा निजी क्षेत्रलाई खुला गरिए तापनि तिनको स्वामित्व, प्रशारण प्रविधि र प्रसारण सामग्रीको स्वरूपमा व्यापक परिवर्तन आएको अवस्थामा ऐनमा समसामयिक संशोधन हुन नसक्नु यसको प्रमुख समस्या हो । ऐनका कतिपय व्यवस्थाहरूलाई सर्वोच्च अदालतका विभिन्न फैसलाले निष्कृय पारिसकेको, कतिपय प्रावधान संविधानसँग बाझिएको अवस्थामा समेत हालसम्म अपुरो र पुरानो ऐनलाई संशोधन र परिमार्जन गर्न नसक्नु विडम्वना हो । यो ऐन प्रायः असान्दर्भिक भइसकेको छ । यसको सुधारका लागि निम्न सुझाव प्रस्तुत गरिएको छ :

- राट्रिय प्रसारण ऐनमा रेडियोको नियमन विधि भए पनि टेलिभिजनबारे उल्लेख छैन ।
- कुनै एक व्यक्तिले पनि प्रसारण सेवा सञ्चालन गर्नसक्ने प्रावधान ऐनले गरेको छ । त्यसको लागि सार्वजनिक प्रसारण सेवा, सामुदायिक प्रसारण सेवा र व्यापारिक प्रसारण सेवा वर्गीकरण गरी सोहीअनुरूपको ऐन निर्माण गर्नु उपयुक्त हुन्छ ।
- प्रसारण माध्यमलाई भौगोलिक, विषयगत र प्रविधिको आधारमा वर्गीकरण गर्नुपर्ने देखिन्छ र सञ्चालनका लागि त्यही किसिमका ऐन-नियमहरू ल्याउनुपर्छ । उदाहरणको लागि, एफ.एम. स्टेशनहरू व्यापारिक र सामुदायिक गरी दुई प्रकारका रहेका छन् तर त्यसका लागि स्पष्ट कानुनी व्यवस्था छैन ।

- प्रसारण माध्यमको प्राविधिक विकास तिव्र गतिमा भए पनि सरकार र सञ्चालकहरूले प्रसारण हुने विषयवस्तुका विविध पक्षहरूलाई केलाएका छैनन्। प्रसारण ऐनमा विषवस्तुका सम्बन्धमा सामान्य कुरा उल्लेख भए पनि विषयवस्तु अनुगमन गर्ने स्वतन्त्र संयन्त्र छैन ।
- विश्व व्यापार संगठनको सदस्य भइसकेको अवस्थामा विदेशीले प्रसारण केन्द खोल्नसक्ने सम्बन्धमा स्पष्ट व्यवस्था गर्नु आवश्यक छ। ऐनमा स्पष्टता छैन ।
- दफा १० मा व्यवस्था गरेको शुल्क सम्बन्धमा व्यवस्था पनि उपयुक्त नभएको देखिन्छ। सार्वजनिक प्रसारण सेवा, सामुदायिक प्रसारण सेवा गरी विभाजित गरी सोहीबमोजिम सेवा शुल्क दिनुपर्ने र व्यावसायिक प्रसारण सेवा सञ्चालन गरेमा अधिकतम शुल्क लिन सकिन्छ।
- फ्रिक्वेन्सीलाई सार्वजनिक सम्पत्ति मानेर त्यसको प्रयोग गर्ने विधि आवधिक र सशुल्क बनाइनुपर्दछ। तर, प्रसारण संस्थाहरूको आय-व्ययबारे अन्य करसम्बन्धी व्यवस्थाबाट मात्र नियमन गरी कारोवार रोयल्टी लिने प्रावधान हटाइनुपर्दछ। ऐनमा फ्रिक्वेन्सी व्यवस्थापनसम्बन्धी स्पष्ट व्यवस्था छैन ।
- मिडियामा एकाधिकार भएमा अभिव्यक्ति स्वतन्त्रतामा खतरा उत्पन्न हुन्छ त्यसैले एकाधिकारको सम्बन्धमा ऐनले स्पष्ट व्यवस्था गर्नुपर्ने देखिन्छ। यसैगरी, विपरीत स्वामित्व (Cross-Ownership) को अनुमति नदिने गरी ऐनमा स्पष्ट व्यवस्था हुनुपर्दछ।
- केबुल टेलिभिजन आफैँले कार्यक्रम उत्पादन गरी प्रसारण गर्न पाउने व्यवस्था ऐनले गर्नुपर्दछ। साथै, केबुल टेलिभिजनले आफैँ उत्पादन गरी प्रसारण गरेको च्यानलमा विज्ञापन गर्न पाउने व्यवस्था हुनुपर्दछ।
- ग्रामीणस्तरमा केबुल प्रसारण सञ्चालन गर्नको लागि सरकारले विशेष सुविधा प्रदान गर्न आवश्यक छ। शहरी क्षेत्रमा आकाशमा हुने तारको ऊर्जालाई समेत विचार गरी खुला तारबाट वितरण गर्ने केबुललाई खुला र पारदर्शी प्रक्रियाबाट निश्चित कोटा तोकी इजाजत दिनुपर्ने व्यवस्था ऐनमा समावेश गर्नुपर्दछ। केबुल सञ्चालकहरूले इमेल, फोन तथा भिडियो अनलाइनजस्ता सेवाहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्नुपर्दछ।
- विदेशी प्रसारकहरूका लागि नेपालभित्र प्रसारण गर्न, भू-उपग्रहमार्फत् प्राप्त गर्न, वितरण गर्न तथा त्यस्ता प्रसारकले समाचार सामग्री सम्प्रेषण गर्नका लागि स्पष्ट कानुनी व्यवस्था प्रसारण ऐनमा गरिनुपर्दछ।
- फ्रिक्वेन्सी योजना व्यवस्थापन पारदर्शी र निष्पक्षरूपमा गर्न र सार्वजनिक सम्पत्तिको रूपमा सुरक्षण गर्न प्रष्ट व्यवस्था ऐनमा हुनु आवश्यक छ। यसका लागि स्वतन्त्र प्रसारण प्राधिकरणको स्थापना हुनुपर्दछ।

३.३ राष्ट्रिय प्रसारण नियमावली, २०५२

ऐनमा जस्तै नियमावलीमा समेत इजाजतपत्रसम्बन्धी व्यवस्था, राजाको सम्बन्धमा गरेको व्यवस्था, प्रसारण निकायको नवीकरणसम्बन्धी व्यवस्था आदि अन्तरिम संविधान तथा अन्तर्राष्ट्रिय कानुन र नियमविपरीत हुनु नियमावलीको नकारात्मक पक्ष हो। यी समस्याहरूको निदान गर्न निम्न सुझाव प्रस्तुत गरिएको छ :

- नेपालको अन्तरिम संविधान २०६३ ले राजाको सम्बन्धमा कुनै कुरा उल्लेख नगरी राजा र उनको परिवारलाई सामान्य नागरिकको हैसियतमा राखेको हुँदा उनका वारेमा लेख्न, छाप्न र प्रसारण गर्न रोक लगाइनु अन्तरिम संविधानको भावनाविपरीत भएकोले खारेज हुने हुँदा यस्ता वाक्यांशलाई नियमावलीबाट हटाउनु आवश्यक छ।
- नियमवलीले ६ पटकसम्म पनि प्रसारण संस्थाले नवीकरण नगराएमा अनुमतिपत्र वा इजाजतपत्र स्वतः दर्ता खारेज गर्ने व्यवस्था संविधानद्वारा प्रदत्त मौलिक हकको प्रतिकुल रहेकोले हटाउनु आवश्यक छ।
- कुनै पनि इजाजतप्राप्त प्रसारण संस्थाले सर्तबमोजिम् कार्य गरेको नदेखिएमा अन्य कुनै सजाय वा कारवाहीको व्यवस्था नगरी एकैपटक अनुमतिपत्र वा इजाजतपत्र नै खारेज गर्ने कार्य प्रसारण स्वतन्त्रताविरूद्व हुने देखिन्छ। तसर्थ यसमा संशोधन गर्नु आवश्यक छ।

- इजाजत दस्तुर, रोयल्टी र अन्य करसम्बन्धी व्यवस्थामा व्यापक परिवर्तन जरुरी छ । इजाजत शुल्कभन्दा नवीकरण शुल्क बढी लाग्ने व्यवस्था हाँस्यास्पद छ । तर फ्रिक्वेन्सी सार्वजनिक सम्पत्ति भएकोले सो प्रयोग गरेवापत राज्यले लिने शुल्कसम्बन्धी भने प्रष्ट व्यवस्था आवश्यक छ ।

३.४ श्रमजीवी पत्रकार (पहिलो संशोधन) ऐन, २०५१

श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ रहे भएका कमी-कमजोरी निर्मूल गर्न २०६४ सालमा व्यापक संशोधन गरिएको थियो । संशोधित ऐनमा पत्रकार, सञ्चार प्रतिष्ठान आदिमा गरेको परिभाषा स्वागतयोग्य भए तापनि ऐनको विभिन्न प्रावधानहरूको व्यवहारिक कार्यान्वयनका लागि ऐनसम्मत नियमावली संशोधन हालसम्म नहुनु साथै ऐनको क्रियाशीलता शून्य प्रायः देखिनु यसको मुख्य समस्या हो । संशोधित ऐनले श्रमजीवी पत्रकारको हकमा सरकारी, निजी, सार्वजनिक, सामुदायिक जुनसुकै स्वामित्वका माध्यममा लागू हुने व्यवस्था गरेको भए तापनि सोबमोजिमको नियमावली नहुनु कमजोरी हो । यस्ता कमजोरीहरू विद्यमान रहेको वर्तमान संशोधित ऐनलाई पूर्णरूपमा परिपालना गर्न गराउन निम्न सुझाव प्रस्तुत गरिएको छ :

- ऐनले कर्मचारी शब्दको परिभाषा गर्दा प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्तिसमेतलाई कर्मचारी भनी तोकेकोमा वेभ डिजाइनर, दृश्य वा भाषा सम्पादकहरू पत्रकार हुन् वा प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति हुन् भनी स्पष्ट किटानी गर्नु आवश्यक छ ।
- न्यूनतम पारिश्रमिक निर्धारण समितिले कुनै कारणवश श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गर्न नसकेमा नेपाल सरकारले नै श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गर्नसक्ने व्यवस्था खारेज गर्नुपर्छ । साथै यस्तो समिति स्वतन्त्र र सरकारी नियन्त्रणभन्दा बाहिर रहने व्यवस्था मिलाउनुपर्छ ।
- निलम्बनको अभियोग सावित नभएमा पूरा पारिश्रमिक दिइने व्यवस्था ऐनले गरेकोमा त्यसको साथै पत्रकारलाई सो समयावधीभित्र दिएको शारीरिक तथा मानसिक तनावको सिर्जना गरेको कारण व्यवस्थापकलाई सजाय स्वरुप पत्रकारलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गर्नु आवश्यक छ ।
- ट्रेड युनियन गठन गर्न सक्ने अधिकार प्रदान गरे तापनि तत्कालै त्यसको प्रभावकारितामा बाधा उत्पन्न गर्ने काम पनि संशोधनले गरेको छ । प्रेस रजिष्ट्रारले वार्ता मेलमिलापको भूमिका खेल्ने कुरा उल्लेख गरेको भए तापनि यूनियनमार्फत विवाद समाधानसमेत हुनसक्ने कुरालाई स्पष्ट व्यवस्था गर्नु आवश्यक छ ।
- ऐनको दफा ३३(३) मा कुनै व्यवस्थापकले पटक-पटक ऐन वा ऐनअन्तर्गत बनेको नियमविपरीत काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो व्यवस्थापकलाई २५ हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएका भएतापनि न्यूनतम कतिदेखि जरिवाना हुने र कति पटकसम्म जरिवाना गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्दछ ।
- ऐनको कार्यान्वयन गराउने प्रायः सबैजसो दायित्व प्रेस रजिष्ट्रारलाई प्रदान गरेको देखिन्छ र प्रेस रजिष्ट्रारकै भूमिकामा ऐनको सफलता निहित भएकोले प्रेस रजिष्ट्रारसम्बन्धी छुट्टै ऐन निर्माण गर्नुपर्छ ।
- सञ्चारमाध्यमहरूको वितरण, कभरेज, आर्थिक कारोवार, प्रसारण क्षमता र स्वामित्वका आधारमा मापदण्ड निर्धारण गर्ने व्यवस्था ऐनमा थपिनुपर्दछ ।

३.५ प्रेस काउन्सिल ऐन, २०४८

प्रेस काउन्सिल एउटा अर्धन्यायिक प्रकृतिको तर प्रवर्द्धनात्मक र सल्लाह दिने निकाय हो । यसलाई समन्वयकारी र जनुमखी बनाइनुपर्छ । तर यस ऐनले नियन्त्रणकारी र सरकारमुखी बनाएको हो । सरकारी निरंकुशतालाई वैधानिकता प्रदान गर्नु, केन्द्रीकृत संरचना रहनु, सबै सञ्चारमाध्यमलाई समेट्न नसक्नु, पत्रपत्रिका वितरण संपरीक्षण समितिलाई यसै ऐनको एउटा अङ्ग बनाइनु यसको मुख्य कमजोरीहरू हुन् । यीबाहेक अन्य समस्याहरूसमेत विश्लेषण गरी निम्न सुझाव प्रस्तुत गरिएको छ ।

- काउन्सिलको उद्देश्य खण्डमा व्यवस्था गरिएको प्रेस र सरकारका बीच सौहाद्रपूर्ण सम्बन्ध कायम गर्ने भन्ने वाक्यांश हटाई प्रेस र जनताबीचको सौहार्दपूर्ण सम्बन्ध कायम राख्न भनी उल्लेख गर्नुपर्दछ।
- प्रेस काउन्सिल एउटा अर्धन्यायिक निकाय हो भन्ने मान्यता रहिआएको छ र व्यवहारमा पनि यस निकायले उजूरी सुन्ने, अनुसन्धान गर्ने, कारवाही गर्ने, आचारसंहिता तोक्नेजस्ता न्यायिक कार्य गर्ने हुनाले उक्त निकायको अध्यक्षता प्रायः न्याय सेवासँग सम्बन्धित व्यक्तित्व रहने व्यवस्था देखिन्छ। तर यो ऐनले पत्रकार वा प्राज्ञिक व्यक्ति पनि रहनसक्ने व्यापकता दिएकोले अभ्यासमा काउन्सिलले न्यायिक नेतृत्व गुमाउँदै गएको छ।
- प्रेस काउन्सिल सरकारप्रति उत्तरदायी नभई जनताप्रति उत्तरदायी हुनुपर्ने अवधारणाको विकास भएको अवस्थामा नेपालमा काउन्सिललाई दिइएको कतिपय अधिकारहरू नियन्त्रणकारी भएकाले धेरै हदसम्म खुकुलोपना ल्याउनुपर्दछ।
- पत्रपत्रिका वितरण सुपरीवेक्षण समितिलाई काउन्सिलको एउटा अङ्ग बनाउनु यसको सबैभन्दा कमजोर पक्ष हो। यस्तो प्रचलन कुनै पनि मुलुकमा छैन। छिमेकी राष्ट्र भारत र पाकिस्तानमा पनि यसलाई छुट्टै कार्यालयको रूपमा स्थापना गरेको छ। तसर्थ यो समितिलाई छुट्टै ऐनमा विस्तृत व्यवस्था गर्नु आवश्यक छ।
- प्रेस काउन्सिलले उजूरी दिइएमा छानवीन गर्ने कार्य गरिरहेको छ। जसमा परिवर्तन गरी स्वतःस्फूर्तरूपमा सञ्चारमाध्यमहरूले आचारसंहिताको पालना गरे-नगरेको अनुगमन गर्ने र मर्यादित एवम् जिम्मेवार पत्रकारिताका लागि निर्देशन गर्ने स्पष्ट कानुनी व्यवस्था हुनुपर्दछ।
- प्रेस काउन्सिलको गठन संरचनालाई व्यापक परिवर्तन गर्नुपर्ने आवश्यकता छ। प्रेस काउन्सिललाई सरकारी हस्तक्षेपबाट अझ मुक्त गर्नुपर्छ। त्यसैगरी अहिलेको प्रेस काउसिन्सलले प्रसारण माध्यमहरूलाई समेट्न सकेको छैन, त्यस दिशातर्फ पनि ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ। यसको संरचना प्रेसजगत्को मात्र प्रमुख रहनु हुँदैन। यो स्वायत्त, स्वतन्त्र, न्यायिक, प्राज्ञिक र जनमुखी संरचनामा बदलिनुपर्दछ। प्रतिनिधित्वको क्षेत्र व्यापक हुनुपर्दछ। प्रतिनिधित्व गर्ने व्यावसायिक संस्थाहरूमा विविधता ल्याई निर्वाचित प्रतिनिधि आउने व्यवस्था हुनु आवश्यक छ। प्रेस काउन्सिलको पदाधिकारी प्रत्यक्षरूपमा कुनै सञ्चारमाध्यमको सम्पादकीय नेतृत्व र जिम्मेवारीमा रहन हुँदैन।
- प्रेस काउन्सिल नेपालको संरचना केन्द्रिकृत छ। क्षेत्रीय र स्थानीय निकायसम्ममा सर्वसुलभ र सरल हिसावमा काउन्सिलको सेवा पुऱ्याउन ऐनमा सुधार आवश्यक छ।

३.६ सरकारी सञ्चामाध्यम

सरकारले सञ्चारमाध्यमहरू चलाउने कि नचलाउने तथा चलाउन हुने कि नहुने विषयमा व्यापक छलफल गर्नुपर्ने आवश्यकता अझै रहेको छ। सरकारले कुनै पनि सञ्चारमाध्यम चलाउन नहुने धारणा पनि छ। सरकारले मिडिया चलाउन हुने तर प्रेस चलाउन नहुने भन्ने तर्कहरू पनि छन्। निजीक्षेत्रमै प्रतिष्पर्धात्मक वातावरण निर्माण भइसकेको अवस्थामा सरकार आफैँले सञ्चारमाध्यम चलाउनु आवश्यक छैन पनि भनिन्छ। सरकारी सञ्चारमाध्यमलाई छुट्याएर छापामाध्यम, समाचार एजेन्सी र विद्युतीय माध्यमका लागि अलग-अगल सिद्धान्त र मापदण्ड अपनाउनुपर्छ भन्ने मान्यता पनि छ र सबैलाई सार्वजनिक सञ्चारमाध्यमको रूपमा विकास गर्नु उपयुक्त हुन्छ भन्ने दृष्टिकोण पनि छ।

१) **गोरखापत्र संस्थान ऐन,** २०१९

लोकतान्त्रिक प्रणालीमा सरकारले छापा सञ्चारमाध्यम सञ्चालन गर्नु अन्तर्राष्ट्रिय मान्यताविपरीत मानिन्छ। निजी क्षेत्रमा समेत व्यापक मात्रामा छापा सञ्चारमाध्यमको विकास भइरहेको वर्तमान अवस्थामा सरकारले छापामाध्यम सञ्चालन गरिरहनु उपयुक्त नहुने हुँदा यस संस्थानलाई कम्पनी ऐन, २०६३ अन्तर्गत पब्लिक कम्पनीमा रूपान्तरण गरिनु उपयुक्त हुन्छ।

२. **राष्ट्रिय समाचार समिति ऐन,** २०१९

राष्ट्रिय समाचार समितिलाई जनताप्रति बढी उत्तरदायी र जिम्मेवार बनाई मुलुकका छापा र विद्युतीय सबै

सञ्चारमाध्यमलाई आवश्यक पर्ने समाचार सामग्री सहज, सुलभ ढङ्गले उपलब्ध गराउने उद्देश्यले यसको संरचनालाई बढी स्वायत्तता दिनु आवश्यक छ। साथै, ऐनमा २५ प्रतिशत सेयर सार्वजनिकरूपमा बाँडफाँड गर्ने व्यवस्था भए पनि कार्यान्वयन हुनसकेको छैन। तत्काल यो व्यवस्था कार्यान्वयन गर्न आवश्यक छ। क्रमशः सरकारी नियन्त्रणबाट सञ्चारमाध्यमहरूको साझा स्वामित्वमा रूपान्तरण गरिनुपर्दछ। यसो गर्दा समितिमा भएको चल-अचल सम्पत्तिलाई गुठीमा परिवर्तन गरी सञ्चालक सेयर होल्डरका रुपमा सञ्चारमाध्यमको क्षमता र हैसियतका आधारमा निश्चित सीमित सेयर खरिद गर्न पाउने व्यवस्था हुनुपर्दछ। यो समिति सञ्चालनका लागि राज्यको ऐन आवश्यक छैन। समिति आफैँले सञ्चालन नियमावली बनाउन सक्छ। त्यसका आधारहरू भने छुट्टै समाचार एजेन्सीसम्बन्धी ऐन तर्जुमा गरी तय गर्नुपर्दछ। यो ऐनले समाचारमूलक अनलाइन सेवाहरूलाई पनि नियमन गर्न सकिनेछ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४

लोकतान्त्रिक प्रणालीमा सूचनाको हक नागरिकलाई मात्र नभई हरेक व्यक्तिलाई दिनुपर्ने मान्यता राख्दछ। जनताको सुसूचित हुन पाउने अधिकार र सामाजिक एवम् वैयक्तिक हित प्रवर्द्धन गर्ने आवश्यकताको बीचमा सन्तुलन कायम राख्न नसक्ने प्रकृतिको प्रतिबन्धात्मक वाक्यांश राख्नुले यो ऐन कमजोर भएको छ। स्वतन्त्र र स्वायत्त सूचना आयोगको निर्माण हालसम्म पनि हुन नसक्नु, विभिन्न सार्वजनिक निकायमा सूचना अधिकृतको व्यवस्था नगरिनु र ऐनको कार्यान्वयनतर्फ सार्वजनिक निकाय सक्रिय नहुनुले कार्यान्वयनमा बाधा पुगेको छ। यसैगरी नियमावलीको अभाव कायमै छ।

- धारा २ (क) (४) मा 'कानुनद्वारा स्थापित' भन्ने शब्द हटाई सार्वजनिक सेवा प्रदान गर्ने निजी निकायलाई पनि सूचनाको हकसम्बन्धी कानुनको दायरामा समेट्ने कुरा सुनिश्चित गर्न दफा २ मा संशोधन गर्नुपर्छ। धारा २ (ख) मा रहेको सूचनाको परिभाषालाई फराकिलो बनाउनुपर्छ। सार्वजनिक महत्वका जुनसुकै कार्य, कार्यप्रक्रिया र निर्णयका विवरणहरू उक्त परिभाषाभित्र आउनुपर्छ।
- नेपाली नागरिकले मात्र सूचनाको हकको उपभोग गर्न पाउने दफा ३ को प्रावधानले ऐनको क्षेत्र सीमित भएको छ। यो अन्तर्राष्ट्रिय मापदण्डअनुरूप छैन।
- सूचना प्राप्तिका लागि गरिने अनुरोधहरू लिखितरूपमै गर्नुपर्छ या मौखिकरूपमा पनि गर्न सकिन्छ भन्ने कुरा नियमावलीमा समाहित गर्नुपर्छ। अनुरोध लिखितरूपमै हुनुपर्ने अवस्थामा निरक्षर वा अपाङ्ग निवेदकलाई अनुरोध प्राप्त गर्ने कर्मचारीले सहयोग गर्नुपर्छ। यदि अनुरोध ज्यादै अस्पष्ट र पहिचान गर्न ज्यादै झन्झटिलो छ भने सार्वजनिक निकायले उक्त अनुरोधलाई स्पष्ट र छोटो बनाउन सहयोग गर्नुपर्दछ।
- कानुनअनुसार निवेदकले आफ्नो अनुरोध प्रक्रियाको जुनसुकै विफलताका विरुद्ध उजूरी गर्न पाउनुपर्छ। दफा ९ मा सूचीकृत परिस्थितिका अतिरिक्त आफूले अनुरोध गरेको स्वरूपमा सूचना नदिनु, विना कुनै विश्वसनीय कारण सूचना दिन अस्वीकार गर्नु र अनावश्यक शुल्कका विरुद्ध उजूरी वा पुनरावेदन गर्ने व्यवस्था हुनुपर्छ।
- राष्ट्रिय सूचना आयोगले उजूरीमाथि छानवीन गर्दा दुवै पक्षले प्रतिनिधित्व गर्ने अवसर पाउनुपर्छ र सूचना सार्वजनिक गर्न अस्वीकार गर्नुको कारण पुष्टि गर्ने भार सार्वजनिक निकायमा रहनुपर्ने व्यवस्था गरिनुपर्दछ।
- आयोगको पदाधिकारी नियुक्ति प्रक्रिया खुला र सहभागितात्मक ढाँचामा सम्पादन गर्नुपर्छ र जनसाधारणलाई पनि आफ्नो धारणा र प्रस्ताव राख्ने अवसर प्रदान गर्नुपर्छ। साथै, आयोगले बजेट आफैँ विनियोजन गर्न पाउनुपर्ने र त्यसलाई संसदले अनुमोदन गर्नुपर्ने, आयोगका सदस्यहरूको पारिश्रमिक र सुविधा राजनीतिक हस्तक्षेपबाट मुक्त हुनुपर्ने व्यवस्था आवश्यक छ।
- आफ्नो रोजगारदाता संस्थाले गरेको अनियमितता सार्वजनिक गर्ने, सूचनादाताको सुरक्षा, भ्रष्टाचार र अनियमितताका विषयमा मात्र सीमित नभई त्यस अतिरिक्त जनस्वास्थ्य, सुरक्षा र वातावरणीय खतरा वा असरसम्बन्धी सूचना प्रकाशमा ल्याउने सन्दर्भमा पनि लागू गर्नुपर्छ।

५. अन्य ऐनहरूसम्बन्धी सुझाव

५.१ तत्काल आवश्यक देखिएका केही नयाँ ऐनहरू :

◆ **रेडियो नेपाल/नेपाल टेलिभिजन**

वर्तमान लोकतान्त्रिक परिवेशमा सरकारी सञ्चारमाध्यमलाई जनभावनाअनुरूप पुनर्संरचना गरी सम्पादकीय, स्वतन्त्रता, आर्थिक एवम् प्रशासनिक स्वायत्तताको प्रत्याभूति दिलाउनु आवश्यक छ। यसका लागि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई दुई अलग संस्थाको रूपमा सञ्चालन गर्न आवश्यक छैन। तसर्थ दुबैलाई सञ्चालन गर्नका लागि लोकहितको उद्देश्यले सार्वजनिक प्रसारण प्राधिकरण वा बोर्डको स्थापना गर्न आवश्यक छ। यसका लागि सार्वजनिक प्रसारण सेवा ऐन तर्जुमा गरिनुपर्दछ।

◆ **गोपनीयताको हकसम्बन्धी ऐन**

प्रेस कानुन तथा स्वतन्त्रतासँग जोडिएको अर्को महत्वपूर्ण विषय गोपनीयताको हकसम्बन्धी कानुन हो। गोपनीयताको हकलाई संविधानमा प्रत्याभूत गरिए पनि यसको सीमा नतोकिएका कारण विभिन्न समस्याहरू उत्पन्न भईरहेका छन्। प्रेस र गोपनीयताको हकको सम्बन्धमा स्पष्ट सीमारेखा नहुँदा अन्योल उत्पन्न भएको छ।

प्रेसले कुनै पनि व्यक्ति तथा संस्थाका सम्बन्धमा कति गोप्य कुरा प्रकाशित गर्ने तथा कति नगर्ने भन्ने विषयमा सधैं अन्योल कायम रहेको छ। यसैगरी, तथ्याङ्क सुरक्षासम्बन्धी कानुनको पनि अभाव छ। त्यसैले यससम्बन्धी कानुनको आवश्यकता देखिन्छ। यससम्बन्धी स्पष्ट नीतिको अभावमा कुनै पनि व्यक्तिको गोपनीयताको हक हनन् भएमा उपचारको लागि कहीँ कतै जाने बाटो समेत छैन। त्यसैले गोपनीयताको हकसम्बन्धी ऐनको आवश्यकता छ।

◆ **अनलाइन नियमन**

पत्रकारितासम्बन्धी नेपालमा विगत एक दशकको बीचमा इन्टरनेट-अनलाइन सेवाबाट समाचार तथा श्रव्य-दृश्य कार्यक्रमहरू प्रवाह गर्ने प्रचलन बढिरहेको अवस्थामा यसलाई व्यवस्थित र व्यावसायिक बनाउन अनलाइन सञ्चारलाई पूर्णरूपमा समेट्न सक्ने कानुनी व्यवस्थाको आवश्यकता छ।

समाचार विषयवस्तु र सामग्रीबाहेक प्राविधिक हिसावमा प्रकाशन तथा प्रसारण क्षेत्रले स्पष्टरूपमा सम्बोधन गर्न नसक्ने हुँदा यस प्रविधिमा आधारित सञ्चारमाध्यमको नियमनको व्यवस्था गर्न तत्-तत् ऐनहरूमा विशेष व्यवस्था राख्नु आवश्यक छ।

५.२ संशोधन गरिनुपर्ने ऐनहरू

◆ **दुरसञ्चार ऐन,** २०५३

फाइवर अप्टिक र माइक्रोवेभ ट्रान्समिसन लिङ्कलाई दूरसञ्चार र इन्टरनेट सेवा प्रदायकको एकाधिकार स्वामित्वमा राख्ने नीतिलाई अन्त्य गरी यसलाई राज्यको साझा स्रोतका रूपमा सबैले (मिडियाले पनि) उपभोग गर्नसक्ने बनाइनुपर्दछ। यसका लागि दूरसञ्चार ऐनमा संशोधन आवश्यक छ।

◆ **गाली-बेइज्जती ऐन,** २०१६

यो ऐनले गाली-बेइज्जती देवानी वा फौजदारी प्रकृतिको हुने भन्ने स्पष्ट किटान गर्न र सजायको वर्गीकरण गर्न, समयानुकूल ऐनमा पुनरावलोकन गरी परिमार्जन गर्नु पर्दछ।

ऐनको सजाय खण्डमा गाली-बेइज्जतीसम्बन्धी मुद्दामा अपराध सावित भए रु.१ देखि रु. ५०,०००/- सम्म जरिवाना

गर्ने व्यवस्था समयानुकूल र विषयगतरूपमा वर्गीकरण गरी सोहीबमोजिमको सजाय तोक्नुपर्छ।

- **हुलाक ऐन,** २०१९

  यो ऐनले सरकारलाई पत्रपत्रिकालाई रोक्का गर्न सक्ने अनधिकृत अधिकार प्रदान गरेको छ। यस ऐनको दफा १२ परिवर्तन जरुरी छ।

  हुलाक हाकिमलाई शंका लागेमा पनि दैनिक पत्रिकालाई २-३ घन्टामा र अन्य पत्रिकाको हकमा पत्रिकाको अवधि हेरी १ देखि २ दिनभित्र कारवाही वा फुकुवा गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरी ऐन परिमार्जन गर्नुपर्दछ।

- **राज्यविरुद्धको अपराध र सजाय ऐन**

  यो ऐनको दफा ४ को उपदफा ४.१ मा उल्लेख गरिएको महाराजाधिराजसम्बन्धी व्यवस्था असान्दर्भिक भएकोले हटाउनुपर्दछ।

- **तथ्याङ्क ऐन,** २०१५

  यो ऐनको दफा ८, ९ (३, ४) मा पनि विभिन्न तथ्याङ्क प्रकाशनमा प्रतिबन्ध लगाईएको छ जुन प्रेस स्वतन्त्रतासँग अमिल्दो छ। यस्तो तथ्याङ्क पनि सरकारले गोप्य र नगोप्य भनी वस्तुगत ढङ्गले छुट्याएर प्रेसलाई थाहा दिनुपर्दछ।

- **निजामती सेवा ऐन,** २०४९

  यो ऐनले दफा ४५ र ४६ मा प्रेससँग सम्पर्क गर्न नहुने भनी गरिएको प्रावधान परिवर्तन गरिनुपर्दछ।

- **नेपाल राष्ट्र बैंक ऐन,** २०५८

  यो ऐनमा पनि सरकारको आलोचना गर्न नहुने र प्रेससँग सम्पर्क गर्न नहुने प्रावधान दफा ५६ र ५७ मा रहेका छन् तिनलाई तुरुन्त संशोधन गरिनुपर्दछ।

- **बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन,** २०६३

  यो ऐनले सम्बन्धी विवरणहरू गोप्य राख्नुपर्ने व्यवस्था गरेको छ । त्यसमा कति गोप्य र कति खुला गरिनुपर्ने भन्ने व्यवस्था स्पष्ट हुनुपर्ने आवश्यकता छ।

- **विदेशी विनिमय ऐन,** २०५९

  यो ऐनमा पनि विवरण गोप्य राख्नुपर्ने व्यवस्था रहेको र त्यसको पनि उपयुक्त संशोधन गरिनुपर्दछ।

- **हात-हतियार तथा खर-खजाना ऐन,** २०१९

  यो ऐनको दफा ६ र १२ मा खान-तलासी गर्ने विषयमा पत्रकारिता गर्दाको अवस्थाको पत्रकारका सम्बन्धमा छुट्टै व्यवस्था गरिनुपर्दछ।

- **रेडियो ऐन,** २०१४

  यो ऐनमा रहेका केही प्राविधिक विषयलाई प्रसारण ऐनमा व्यवस्था गरी यो ऐन खारेज गरिनु पर्दछ।

- **समावेशीकरण**

  सबै सञ्चारसम्बन्धी ऐनहरूमा जनशक्ति व्यवस्थापन गर्दा समावेशी अवधारणालाई सिद्धान्तकारूपमा समावेश गर्ने गरी संशोधन जरुरी छ।

अनुसूचि

अन्तरिम संविधान, २०६३ मा रहेका अभिव्यक्ति स्वतन्त्रता र पत्रकारितासम्बन्धी प्रावधान

धारा–१२ : स्वतन्त्रताको हक

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।

(२) कानुनबमोजिम्बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुनेछैन ।

(३) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्न स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

(३) खण्ड (ग) र (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

(४) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

(५) खण्ड (च) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा

रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

धारा–१५ : प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइनेछैन ।

तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

(२) कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापेवापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिनेछैन ।

(३) कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्यसामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका, वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिनेछैन ।

(४) कानुनबमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिनेछैन ।

धारा–२७ : सूचनाको हक

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।

तर, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिनेछैन ।

धारा–५६ : विशेषाधिकार

(१) व्यवस्थापिका-संसदको बैठकमा पूर्ण वाक्स्वतन्त्रता रहनेछ र सो बैठकमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कुनै कारवाही चलाउन सकिनेछैन ।

(२) व्यवस्थापिका-संसदलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र कुनै कारबाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार व्यवस्थापिका-संसदलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

(३) व्यवस्थापिका-संसदको कुनै पनि काम कारवाहीलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टिका टिप्पणी गरिनेछैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानीजानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिनेछैन ।

(४) व्यवस्थापिका-संसदले दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारबाही चलाउन सकिने छैन ।

स्पष्टीकरणः उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि 'व्यवस्थापिका-संसद्' भन्नाले व्यवस्थापिका-संसद्को

र त्यसको कुनै समिति समेतलाई जनाउनेछ ।

(५) व्यवस्थापिका-संसदको कुनै पनि सदस्यलाई व्यवस्थापिका-संसद्को अधिवेशन अवधिभर पक्राउ गरिनेछैन ।

तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानुनअनुसार पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिनेछैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना व्यवस्थापिका-संसद्को अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ ।

(६) यस धारामा उल्लेख भएका कुनै कुरा उल्लंघन भएमा व्यवस्थापिका-संसदको विशेषाधिकार हनन हुने र व्यवस्थापिका-संसदको विशेषाधिकारको हननलाई व्यवस्थापिका-संसदको अवहेलना मानिनेछ । कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार व्यवस्थापिका-संसदलाई मात्र हुनेछ ।

(७) कसैले व्यवस्थापिका-संसदको अवहेलना गरेमा सोसम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ । त्यस्तो जरीवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

तर व्यवस्थापिका-संसदलाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा व्यवस्थापिका-संसदले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।

(८) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी अन्य कुराहरू कानुनद्वारा निर्धारण गरिएबमोजिम् हुनेछन् ।

धारा–६० : वहसमा वन्देज

(१) नेपालको कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दा सम्बन्धमा तथा न्यायाधीशले कर्त्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सदनमा छलफल गर्न पाइनेछैन ।

तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचारसम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस धाराले बाधा पुऱ्याएको मानिनेछैन ।

(२) उपधारा (१) मा गरिएको यो व्यवस्था संविधानसभामा समेत लागू हुनेछ ।

धारा–७७ : विशेषाधिकार

(१) संविधान सभाको बैठकमा पूर्ण वाक्स्वतन्त्रता रहनेछ र सो बैठकमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कारवाही चलाइनेछैन ।

(२) संविधानसभाको प्रत्येक बैठकलाई आफ्नो आन्तरिक काम-कारवाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र कुनै काम-कारवाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित बैठकलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइनेछैन ।

(३) संविधानसभाको कुनै पनि काम-कारवाहीलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी गरिनेछैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिनेछैन ।

(४) संविधानसभाबाट दिएको अधिकारअन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारवाही चलाइने छैन ।

स्पष्टीकरणः उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि 'संविधान सभाको बैठक' भन्नाले संविधानसभा र

त्यसको कुनै समितिको बैठकसमेतलाई जनाउने छ ।

(५) संविधानसभाको कुनै पनि सदस्यलाई संविधानसभाको कार्यकालभर पक्राउ गरिनेछैन ।

तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानुनबमोजिम् पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिनेछैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ ।

(६) यस धारामा उल्लेख भएका कुनै कुरा उल्लंघन भएमा संविधानसभाको विशेषाधिकार हनन हुने र संविधानसभाको विशेषाधिकारको हननलाई संविधानसभाको अवहेलना मानिनेछ । कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सो सभालाई मात्र हुनेछ ।

(७) कसैले संविधानसभाको अवहेलना गरेमा सोसम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

तर संविधानसभालाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा संविधानसभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न, घटाउन वा कार्यान्वयन नगराउन सक्नेछ ।

(८) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी अन्य कुराहरू कानुनद्वारा निर्धारण गरिएबमोजिम् हुनेछन् ।

धारा–१४३ संकटकालीन अधिकार

(१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम् गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि व्यवस्थापिका-संसदको बैठकमा पेश गरिनेछ ।

(३) उपधारा (२) बमोजिम् अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश व्यवस्थापिका-संसदको बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।

(४) उपधारा (२) बमोजिम् व्यवस्थापिका-संसदको बैठकमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम् अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिम्को म्याद भुक्तान नहुँदै व्यवस्थापिका-संसदको बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।

(६) उपधारा (१) बमोजिम् सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानुनसरह लागू हुनेछ ।

(७) नेपाल सरकार, मन्त्रीपरिषद्बाट उपधारा (१) बमोजिम् सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिँदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ ।

तर धारा १२ को उपधारा १, २ र उपधारा ३ को खण्ड (ग) र (घ), धारा १३ र १४, धारा १५ को उपधारा २ र ३, धारा १६, १७, १८, २०, २१, २२, २३, २४, २६, २९, ३० र ३१ तथा त्यस्ता धारासँग सम्बन्धित धारा ३२

बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिनेछैन ।

(८) उपधारा (७) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

(९) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुन विपरीत वा बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षतिवापत क्षतिपूर्तिको दावी गर्न सक्नेछ र दावी मनासिव ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(१०) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रीपरिषद्बाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत पनि फिर्ता लिन सकिनेछ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४

व्यवस्थापिका संसदलेबनाएको २०६४ सालको ऐन नं.४

प्रस्तावनाः राज्यका काम-कारवाही लोकतान्त्रिक पद्दतिअनुरूप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम-नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

परिच्छेद -१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम 'सूचनाको हक सम्बन्धी ऐन, २०६४' रहेको छ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क)'सार्वजनिक निकाय' भन्नाले देहायबमोजिम्का निकाय वा संस्था सम्झनुपर्छः-

(१) संविधानअन्तर्गतका निकाय,

(२) ऐनद्वारा स्थापित निकाय,

(३) नेपाल सरकारद्वारा गठित निकाय,

(४) कानुनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान,

(५) प्रचलित कानुनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन,

(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,

(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(८)प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थावाट रकम प्राप्त गरेर सञ्चालन भएका गैर-सरकारी संघ/संस्थाहरू,

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ख) 'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाई वा निर्णयसँग सम्बन्धित कुनै लिखत सामग्री वा जानकारी सम्झनुपर्छ।

(ग) 'सार्वजनिक महत्व' भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्छ।

(घ) 'लिखत' भन्नाले लिपिवद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनुपर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्रीसमेतलाई जनाउँछ।

(ङ) 'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम-कारवाहीको अध्ययन वा अवलोकन गर्ने त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ।

(च) 'सूचना अधिकारी' भन्नाले दफा ६ बमोजिम तोकिएको व्यक्ति सम्झनुपर्छ।

(छ) 'प्रमुख' भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनुपर्छ।

(ज) 'आयोग' भन्नाले दफा ११ बमोजिम्को राष्ट्रिय सूचना आयोग सम्झनुपर्छ।

(झ) 'प्रमुख सूचना आयुक्त' भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ञ) 'सूचना आयुक्त' भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ट) 'तोकिएको' वा 'तोकिएबमोजिम्' भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम् सम्झनुपर्छ।

परिच्छेद– २
सूचनाको हक र सूचना प्रवाहसम्बन्धी व्यवस्था

३. सूचनाको हक हुने :

(१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिनेछैन :-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकीकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्षरूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तीको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने।

तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन।

(४)सार्वजनिक निकायको अभिलेखमा यस ऐनबमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले

प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनुपर्नेछ ।

४. सार्वजनिक निकायको दायित्व :

(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु/गराउनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछ :-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो काम कारवाही खुला र पारदर्शीरूपमा गर्ने,

(घ) आफ्नो कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने,

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम् सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आम-सञ्चारका माध्यमबाट गर्न सक्नेछ ।

५. सूचनाको अद्यावधिक र प्रकाशन :

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरिराख्नुपर्नेछ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तिमा बीस वर्ष अधिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम् अद्यावधिक गर्नु/गराउनुपर्नेछ ।

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :

(क) निकायको स्वरूप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण,

(ड) तोकिएबमोजिमका अन्य विवरण ।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।

६. सूचना अधिकारीको व्यवस्थाः

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम् सूचना प्रवाह गर्ने प्रयोजनका लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमितरूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्नेछ ।

(३) सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकताअनुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ ।

७. सूचना प्राप्त गर्ने कार्यविधि :

(१) यस ऐनबमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम् तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्वन्धीत सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) सूचना अधिकारीले निवदेकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनुपर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएसम्म सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिम् कुनै लिखत, सामग्री वा काम-कारवाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम-कारवाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउनेछ ।

(८) उपदफा (१) बमोजिम् प्राप्त भएको निवदेन जाँचबूझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्नेछ ।

८. सूचनावापत लाग्ने दस्तुर :

(१) दफा (७) बमोजिम सूचना माग गर्दा निवेदकले तोकिएबमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनुपर्नेछ ।

तर कुनै सूचनाको सन्दर्भमा प्रचलित कानूनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोही बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिनेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले आयोग समक्ष उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी जाँचबूझ गर्दा उपदफा (२) विपरीत दस्तुर तोकेको देखिएमा आयोगले त्यस्तो

दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्नेछ ।

९. उजुरी दिन सक्ने :

(१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिकरूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिकरूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबूझ गर्दा सूचना नदिएको वा आंशिकरूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवदेकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबूझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बद्नियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिकरूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबूझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

१०. पुनरावेदन दिन सक्ने :

(१) दफा (९) को उपदफा (४) बमोजिम् प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम् प्राप्त भएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले देहायबमोजिम गर्न सक्नेछ :-

(क) पुनरावेदनको व्यहोरा मुनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विनाशुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

(४) आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्नुपर्नेछ ।

(५) आयोगले यस दफाबमोजिम पुनरावेदनको कारवाही गर्दा अपनाउनुपर्ने अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

परिच्छेद - ३
आयोगसम्बन्धी व्यवस्था

११. आयोगसम्बन्धी व्यवस्था :

(१) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ ।

(२) आयोगका प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्तहरू रहनेछन् ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदको नियुक्तिको लागि सिफारिस गर्न देहायबमोजिम्को एक समिति रहनेछ :-

(क) सभामुख - अध्यक्ष

(ख) सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री - सदस्य

(ग) सभापति, नेपाल पत्रकार महासंघ - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्ति गर्नेछ र त्यसरी नियुक्ति गर्दा कम्तिमा एकजना महिला समावेश हुनेगरी नियुक्ति गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिको लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको अनुसरण गर्नेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफारिस समिति आफैँले निर्धारिण गरेबमोजिम हुनेछ ।

१२. **योग्यता** : प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्ति हुन देहायबमोजिम्को योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोपाधि हासिल गरेको, र

(ग) आम-सञ्चार, कानुन न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव हासिल गरेको ।

१३. **अयोग्यता** : देहायको व्यक्ति प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त हुन अयोग्य हुनेछ :-

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(ग) सरकारी वा सार्वजनिक संस्थाको वहालवाला कर्मचारी,

(घ) कुनै राजनीतिक पदमा वहाल रहेको, र

(ङ) प्रचलित कानुन बमोजिम नियुक्तिको लागि अयोग्य भएको ।

१४. **पदावधि** :

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि पाँच वर्षको हुनेछ र निज सो पदमा पुनः नियुक्त हुन सक्नेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा देखिएको पदावधिको अधीनमा रही सूचना आयुक्त प्रमुख सूचना आयुक्तको पदमा नियुक्त हुनसक्नेछ ।

(३) आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडि नै दफा ११ को उपदफा (३) बमोजिमको सिफारिस समितिले नयाँ नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ ।

१५. **पद रिक्त हुने** : देहाएका अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पद रिक्त भएको मानिनेछ :-

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैंसट्ठी वर्ष पूरा भएमा,

(ग) निजले प्रधानमन्त्री समक्ष राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम् आफ्नो पदबाट हटाएमा ।

१६. पदबाट हटाउन सक्ने :

व्यवस्थापिका-संसदको सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रही रहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव व्यवस्थापिका-संसदको बैठकबाट पारित भएमा त्यस्तो प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त पदबाट हट्नेछ ।

तर त्यस्तो आरोप लागेको प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो सफाई पेस गर्न मुनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन ।

१७. **सेवा–सर्तसम्बन्धी व्यवस्था** : प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक, सेवा-सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८. **शपथ** : आफ्नो कार्यभार समाल्नुअघि प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री र सूचना आयुक्तले प्रमुख सूचना आयुक्तसमक्ष अनुसूचीबमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्नेछ ।

१९. **आयोगको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐनबमोजिम्को दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने ।

२०. **अधिकार प्रत्यायोजन** : आयोगले आफ्नो दफा ९ बमोजिम पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकारबाहेकका अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **आयोगको कार्यालय** : आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकताअनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

२२. **आयोगको कर्मचारी** :

(१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्नेछ ।

२३. **आयोगको खर्च** :

(१) आयोगको लागि आवश्यक खर्चको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

(२) आयोगले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोत नेपाल सरकारको पूर्व स्वीकृति लिएर अन्य क्षेत्रबाट पनि प्राप्त गर्न सक्नेछ ।

२४. **आयोगलाई सहयोग गर्नुपर्ने** : सार्वजनिक निकायले आयोगको काम-कारवाहीमा सहयोग गर्नु पर्नेछ ।

२५. **वार्षिक प्रतिवेदन** :

(१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम-कारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसदमा प्रस्तुत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सर्वसाधारणको जानकारीको लागि सार्वजनिकरूपमा प्रकाशन गर्नेछ ।

२६. **नेपाल सरकारसँग सम्पर्क** : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चार मन्त्रालयमार्फत् राख्नुपर्नेछ ।

परिच्छेद – ४
सूचनाको संरक्षणसम्बन्धी व्यवस्था

२७. **सूचनाको वर्गीकरणसम्बन्धी व्यवस्था** :

(१) सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगतरूपमा सूचनाको वर्गीकरण गर्न देहायबमोजिम्को एक समिति रहेनेछ :

(क) नेपाल सरकारको मुख्य सचिवः - अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव : - सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ : - सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनको लागि दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सो को अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सो को जानकारी आयोगलाई दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनको लागि निवदेन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ ।

(५) को उपदफा (२) बमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृतिअनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ ।

(६) उपदफा (५) मा जुन सुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखिराख्नुपर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नेछ ।

(७) उपदफा (६) बमोजिम् पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मको लागि गोप्य राखिराख्नुपर्ने भएमा त्यसरी गोप्य रहनुपर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्नसक्नेछ ।

२८. **सूचनाको संरक्षण :**

(१) सार्वजनिक निकायले आफू समक्ष रहेका व्यक्तिगत प्रकृतीका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरी राख्नु पर्नेछ ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमती विना प्रयोग गर्न हुँदैन :-

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतरा निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानुनबमोजिम प्रकट गर्नुपर्ने विषय भएमा,

(ग) भ्रष्टाचारको नियन्त्रण गर्ने सम्बन्धमा,

२९. **सूचनादाताको संरक्षण :**

(१) सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता, प्रचलित कानुनबमोजिम् अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचानादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानी-नोक्सानी पुऱ्याउन पाइने छैन ।

(४) उपदफा (३) विपरीत हुनेगरी सूचानादातालाई सजाय गरेमा वा हानी- नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय

बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्नेछ ।

(५) आयोगले उपदफा (४) बमोजिम परेको उजूरीमा जाँचबूझ गर्दा सूचानादातालाई पदमूक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्नेछ ।

३०. व्यक्तिगत सूचना उपलब्ध गराउने :

(१) कुनै व्यक्तिले सार्वजननिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भएबमोजिम् सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने प्राप्त गर्ने कार्यविधि दफा ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सूचना लिँदा दफा ८ बमोजिम्को दस्तुर लाग्नेछ ।

३१. सूचनाको दुरूपयोग गर्न नहुने :

(१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचनाको दुरूपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा आयोग समक्ष उजूरी गर्नसक्नेछ ।

परिच्छेद – ५
सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

३२. सजाय

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मुनासिव कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना विना कारण समयमा उपलब्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रति दिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारवाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरूपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) आयोगले यस ऐन बमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३३. **क्षतिपूर्ति :**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम् सूचना नदिएको, दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी-नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिका लागि निवदेन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम् प्राप्त निवदेन जाँचबूझ गर्दा मनासिव देखिएमा आयोगले निवदेकलाई पर्न गएको वास्तविक हानी-नोक्सानीलाई विचार गरी मनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराइदिन सक्नेछ ।

३४. **पुनरावेदन :** दफा (३२) बमोजिम् आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद – ६
विविध

३५. **सूचना सच्याउन सकिने :**

(१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुख समक्ष निवदेन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम् निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबूझ गर्नेछ र त्यसरी जाँचबूझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

३६. **असल नियतले गरेको कामको बचाउ :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम-कारवाहीको सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन ।

३७. **यसै ऐनबमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम् र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ ।

३८ **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

अनुसूची
(दफा १८ सँग सम्बन्धित)

शपथ

म.................................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु । ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने भनि जनताद्वारा जनआन्दोलनमार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानुनप्रति निष्ठावान् रही आफूले ग्रहण गरेको प्रमुख सूचना आयुक्त /सूचना आयुक्त पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्न क्रियाशील रहनेछु ।

मिति :- **हस्ताक्षर**

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८

लालमोहर र प्रकाशन मिति

२०४८/२/१६

संशोधन गर्ने ऐन

१. छापाखाना र प्रकाशनसम्बन्धी पहिलो संशोधन ऐन, २०४८ २०४८/७/१४

२. सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ २०४८/१०/१८

२०४८ सालको ऐन नं. ५

छापाखाना तथा प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : विभिन्न वर्ग र क्षेत्रका जनताबीच सुसम्बन्ध, सदाचार, शिष्टाचार एवम् नैतिकता कायम राख्न र देशको पत्रकारिता क्षेत्रले अभिव्यक्तिको स्वतन्त्रतालाई मर्यादित एवम् जिम्मेवारीपूर्ण तवरले स्वतन्त्र र निर्भीक भई उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नको लागि छापाखाना र प्रकाशन सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

परिच्छेद– १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम 'छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८' रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) 'छापाखाना' भन्नाले किताब , समाचारपत्र,समाचारपत्रिका, वा लिखतपत्र निकाल्ने साधन सम्झनुपर्छ र सो शव्दले

छाप्ने मेशिन टाइप, लिथो गर्ने मेशिन सबै कलहरू, ज्यावल, कार्यालय र त्यसको हिस्साहरूलाई समेत जनाउँछ ।

(ख) 'प्रकाशन' भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका, अन्य पत्रपत्रिका र लिखतपत्रलाई समेत सम्झनुपर्दछ ।

(ग) 'किताब' भन्नाले समय वा खण्ड-खण्डरूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको वा लिथो भएको प्रत्येक पुस्तक, पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपी, नक्सा, मानचित्र आदि समेतलाई जनाउँदछ ।

(घ) 'समाचारपत्र' भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरू समेत भएको सार्वजानिकरूपमा बिक्री वा वितरण हुने पत्र सम्झनुपर्दछ ।

(ङ) 'समाचारपत्रिका' भन्नाले सार्वजनिक समाचार वा त्यसको टिप्पणी तथा विश्लेषण भएको तर समाचारपत्रमा नगनिने समाचारसम्बन्धी कागजपत्र सम्झनुपर्दछ ।

(च) 'पत्रपत्रिका' भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिकालाई समेत सम्झनुपर्छ ।

(छ) 'अन्य पत्रपत्रिका' भन्नाले समाचारपत्र र समाचारपत्रिकामा नगनिने कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्रलगायतका विभिन्न विधामा प्रकाशित हुने अन्य पत्रपत्रिका सम्झनुपर्छ ।

(ज) 'लिखतपत्र' भन्नाले पोष्टर, चित्र, नक्सा, फोटो वा अरू कुनै प्रत्यक्ष चित्रणलाई समेत जनाउँछ ।

(झ) 'प्रकाशन' भन्नाले दफा ७ बमोजिम् पत्रपत्रिका प्रकाशन गर्न प्रमाणपत्र पाएको व्यक्ति सम्झनुपर्छ ।

(ञ) 'सम्पादक' भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन तथा सम्पादन गर्ने उत्तरदायित्व भएको व्यक्ति सम्झनुपर्छ ।

(ट) 'मुद्रक' भन्नाले छापाखानाधनी आफैँले छापाखाना सञ्चालन गरेको भए छापाखानाधनी वा छापाखाना सञ्चालन गर्न कुनै व्यक्ति नियुक्ति भएको भए त्यसरी नियुक्त भएको व्यक्ति सम्झनुपर्छ ।

(ठ) 'पत्रकार' भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्री संकलन वा सम्पादन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक र स्तम्भ लेखकसमेतलाई जनाउँछ ।

(ड) 'प्रतिबन्धित प्रकाशन' भन्नाले दफा १४ बमोजिम् प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ ।

(ढ) 'निषेधित प्रकाशन' भन्नाले दफा १५ बमोजिम् निषेध गरिएको कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ ।

(ण) 'प्रेस रजिष्ट्रार' भन्नाले दफा १९ बमोजिम् नियुक्त गरिएको अधिकारी सम्झनुपर्छ ।

(त) 'स्थानीय अधिकारी' भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारीलाई सम्झनुपर्छ ।

(थ) 'तोकिएको वा तोकिएबमोजिम्' भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम् सम्झनुपर्छ ।

परिच्छेद – २
छापाखानासम्बन्धी व्यवस्था

३. छापाखाना दर्ता गर्नुपर्ने :

(१) छापाखाना सञ्चालन गर्न चाहने व्यक्तिले छापाखाना सञ्चालन गर्नको लागि तोकिएको विवरणहरू खुलाई तोकिएको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानिय अधिकारीले उक्त दरखास्तउपर आवश्यक छानवीन गरी तोकिएको दस्तुर लिई दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न तोकिएबमोजिम प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफ (२) बमोजिम प्रमाणप्रत्र दिएपछि स्थानीय अधिकारीले छापाखानासम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम पेश भएको विवरणमा कुनै परिवर्तन भएमा मुद्रकले स्थानिय अधिकारीलाई तुरुन्त सूचना गर्नुपर्नेछ । स्थानिय अधिकारीले पनि त्यस्तो सूचना प्राप्त हुनासाथ उपदफा (३) बमोजिमको दर्ता किताबमा त्यस्तो पविर्तन भएको मिति र विवरण जनाई राख्नुपर्नेछ ।

(५) उफदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा दर्ता भएको छापाखाना अर्को जिल्लामा लगी सञ्चालन गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम् पुनःदरखास्त दिई प्रमाणपत्र लिनुपर्नेछ ।

४. **छापाखाना बन्द वा जफत नगरिने :** दफा ३ बमोजिन दर्ता भएको छापाखानाले समाचार, लेख, वा अन्य पाठ्यसामग्री मुद्रण गरेवापत त्यस्तो छापाखाना बन्द वा जफत गरिनेछैन ।

परिच्छेद – ३
किताबसम्बन्धी व्यवस्था

५. **किताब दर्ता गर्ने :**

(१) किताबको प्रकाशकले आफूले प्रकाशन गरेको किताब बिक्री-बितरण गर्नुभन्दा अघि त्यस्तो किताबको दुई प्रति विना मूल्य स्थानीय अधिकारीलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम् प्राप्त भएका किताबहरू स्थानीय अधिकारीले दर्ता किताबमा दर्ता गरी देहायका कुराहरूसमेत उल्लेख गरी राख्नुपर्नेछ :-

(क) किताबको नाम र मुखपृष्ठमा छापिएको व्यहोरा (नेपाली भाषामा नभए अनुबाद गरी नेपाली भाषमा राख्ने),
(ख) किताब लेखिएको भाषा,
(ग) किताब वा त्यसको भागको लेखक, अनुबादक वा सम्पादकको नाम,
(घ) किताबको बिषय,
(ङ) मुद्रण गरिएको र प्रकाशन गरिएको स्थान,
(च) मुद्रक वा मुद्रण गर्ने संस्था र प्रकाशक वा प्रकाशन गर्ने संस्थाको नाम,
(छ) प्रकाशन गरिएको मिति,
(ज) पृष्ठ संख्या,
(झ) आकार,
(ञ) संस्करण संख्या,
(ट) सो संस्करणमा छापिएको प्रति,
(ठ) छापिएको वा लिथो भएको,
(ड) बिक्री मूल्य, र
(ढ) प्रतिलिपि अधिकार पाउने व्यक्तिको नाम, थर र वतन ।

६. **किताबमा उल्लेख गर्नुपर्ने कुराहरू :** किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुबादक, मुद्रक,छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको पूरा नाम, संस्करणको संख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

परिच्छेद – ४
पत्रपत्रिकासम्बन्धी व्यवस्था

७. **पत्रपत्रिका दर्ता गर्नुपर्ने :**

(१) सार्वजनिकरूपमा बिक्री-वितरण हुने पत्रपत्रिका नेपाल अधिराज्यभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थानसमेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिएबमोजिमको दस्तुरसहित तोकिएको ढाँचामा स्थानीय अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ । तर श्री ५ को सरकारको कार्यालय, श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, श्री ५ को सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था प्रचलित कानुनबमोजिम स्थापित संघ-संस्था, फर्म, कम्पनी वा कुनै राजनीतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफाबमोजिम दर्ता गराउनु आवश्यक पर्नेछैन ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले सो दरखास्तउपर आवश्यक छानवीन गरी दरखास्तवालासँग कुनै कुरा बुझ्नुपर्ने भएमा सो समेत बुझी दरखास्त प्राप्त भएको मितिले पैंतीस दिनभित्र दरखास्तवालालाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिएबमोजिम् अस्थायी प्रमाणपत्र दिनेछ ।

तर,

दरखास्तमा उल्लिखित पत्रपत्रिकाको नामसित मिल्ने गरी अर्को कुनै पत्रपत्रिका स्थानीय अधिकारीको कार्यालयमा दर्ता भइसकेको रहेछ भने दरखास्तवालालाई त्यस्तो अस्थायी प्रमाणपत्र दिइनेछैन ।

(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिई सकेपछि स्थानीय अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरणसहित सो कुराको सूचना प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम् सूचना प्राप्त भएपछि प्रेस रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसित मिल्नेगरी अन्य कुनै पत्रपत्रिका कुनै स्थानीय अधिकारीको कार्यालयमा दर्ता भएको छ छैन हेरी सो नामसित मिल्नेगरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिनेगरी प्रेस रजिष्ट्रारले स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम प्रेस रजिष्ट्रारबाट स्वीकृति पाएपछि स्थानीय अधिकारीले सम्बन्धित दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिनेछ ।

(६) दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा स्थानीय अधिकारीले सोही कुराको जानकारी दरखास्तवालालाई दरखास्त परेको मितिले सामान्यतया तीन महिनाभित्र दिनुपर्नेछ । त्यस्तो जानकारी दिएपछि दरखास्तवालाको अस्थायी प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(७) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले पत्रपत्रिकासम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नुपर्नेछ ।

(८) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नुपरेमा वा एक जिल्लाबाट प्रकाशित भइरहेका पत्रपत्रिका अन्य जिल्ला वा एकभन्दा बढी जिल्लाबाट प्रकाशित गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम स्थानीय अधिकारीसमक्ष दरखास्त दिई सो को समेत प्रमाणपत्र लिनुपर्नेछ ।

(९) उपदफा (८) मा लेखिएदेखिबाहेक पत्रपत्रिकासम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नुपर्ने भएमा स्वीकृतिको

निमित्त त्यसको विवरण प्रकाशकले स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवरण प्राप्त हुनासाथ स्थानीय अधिकारीले उपदफा (७) बमोजिमको दर्ता किताबमा जनाई त्यसको स्वीकृति सम्बन्धित प्रकाशकलाई दिनुपर्नेछ ।

(११) यस दफाबमोजिम दर्ता भएको पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनहरूको जानकारी स्थानीय अधिकारीले प्रेस रजिस्ट्रारलाई दिनुपर्नेछ ।

७क. प्रमाणपत्रको दर्ता खारेज : देहायको अवस्थामा पत्रप्रत्रिकाको दर्ता खारेज हुनेछः-

(क) पत्रपत्रिका दर्ता भएको मितिले एक वर्षभित्र एक अङ्क पनि प्रकाशन नगरेमा,

(ख) पत्रप्रत्रिका प्रकाशन नगरेको मितिले एक बर्षभित्र त्यसको लिखित सूचना सूचना विभागलाई नदिएमा,

तर त्यस्तो सूचना एकपटकमा बढीमा एक वर्षको अवधिको लागि र लगातार पाँचपटक गरी पाँच वर्षभन्दा बढी अवधिको लागि दिन पाइनेछैन ।

८. पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण :

(१) दफा ७ बमोजिम दर्ता भएको पत्रपत्रिकाको प्रकाशनको स्वमित्व कानुनबमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिनभित्र त्यसको जानकारी तोकिएको ढाँचामा स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि स्थानीय अधिकारीले तत्सम्बन्धी विवरण दर्ता किताबमा जनाई त्यसरी पत्रपत्रिकाको स्वमित्व हस्तान्तरण भएको जानकारी प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ ।

९. पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने : (१) पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अङ्क तोकिएबमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

९क. पत्रपत्रिकाको आकार र पृष्ठ संख्या :

(१) दफा ७ बमोजिम दर्ता भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्या तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी गरी प्रकाशित हुने पत्रपत्रिकालाई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइनेछैन ।

१०. पत्रपत्रिकाको प्रकाशन : प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा ७ बमोजिम्को दर्ता किताबमा विवरणमा फरक नपारी प्रकाशित गर्नुपर्नेछ ।

११. प्रकाशन बन्द गरेको सूचना दिनुपर्ने : दफा ७ बमोजिम प्रमाणपत्र लिई सञ्चालन गरेको पत्रपत्रिकाको प्रकाशन बन्द गरेमा सो बन्द गरेको सूचना प्रकाशकले स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

१२. पूर्व प्रतिबन्ध नलगाइने : दफा १४ र १५ बमोजिमको अवस्थामा बाहेक कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा अन्य

कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइनेछैन ।

१३. **पत्रपत्रिका दर्ता खारेज नगरिने** : दफा ७ बमोजिम् दर्ता भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा पाठ्सामग्री प्रकाशित गरेबापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गरिनेछैन ।

१४) **प्रकाशनमा प्रतिबन्ध** : देहायका कुराहरू किताबमा वा पत्रपत्रिकामा प्रकाशन गर्न पाइनेछैन :-

(क) श्री ५ महाराजधिराज वा राजपरिवार प्रति घृण वा निरादर गराउने वा अवहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने,

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,

(ग) नेपाल अधिराज्यको सुरक्षामा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

(घ) विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, र

(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

१५. **प्रकाशनमा निषेध** :

(१) राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास बिषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री सोही सूचनामा तोकिएको अवधि सम्मका लागि प्रकाशित गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत हुँदैन ।

१६. **विदेशी प्रकाशनको पैठारीमा नियन्त्रण** :

(१) देहायको उद्देश्य भएको वा त्यस्तो सम्भावित परिणाम हुनसक्ने सामग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी श्री ५ को सरकारले आदेश जारी गर्नसक्नेछ :-

(क) राष्ट्रिय हित र मर्यादाविरुद्ध हुने कुराहरू गर्ने,

(ख) राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुऱ्याउने,

(ग) विदेशी राज्य तथा सरकारसँगको सम्बन्धमा खलल पुऱ्याउने,

(घ) विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, र

(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएका प्रकाशन पैठारी हुन लागेको शङ्का लागेमा सम्बन्धित भन्सार वा हुलाक अधिकृतले त्यस्तो मालवस्तुसमेत रोकी खोली शङ्का लागेको प्रकाशनको दुईप्रति स्थानीय अधिकारीकहाँ चलानी साथ पठाई बाँकी आफूकहाँ रोकी राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम भन्सार वा हुलाक हाकिमले पठाएको प्रकाशन प्राप्त भएपछि स्थानीय अधिकारीले त्यस्तो

प्रकाशन रोक्नुपर्ने कुनै कारण भएमा सो कारणसमेत जनाई पैठारीकर्तालाई सूचना दिनुपर्नेछ र रोक्नुपर्ने कुनै कारण नभए त्यस्तो प्रकाशन प्राप्त भएको बाह्र घण्टाभित्र भन्सार वा हुलाक हाकिमले रोकी राखेको प्रकाशन पैठारीकर्तालाई फिर्ता बुझाउने आदेश दिनुपर्नेछ ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा उपदफा (१) बमोजिम लगाइएको रोक जुनसुकै बखत हटाउन सक्नेछ ।

१७. प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुने :

(१) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गर्नु हुँदैन ।

(२) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी-जानी छाप्न, बिक्री-वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन ।

१८. ....

परिच्छेद – ५
प्रेस रजिष्ट्रार, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी व्यवस्था

१९. प्रेस रजिष्ट्रार :

(१) नेपाल अधिराज्यबाट प्रकाशित हुने पत्रपत्रिकाको सम्पूर्ण विवरणहरूको अभिलेख राख्ने कामको लागि श्री ५ को सरकारले एक प्रेस रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) दफा ७ बमोजिम पत्रपत्रिकाको स्थायी प्रमाणपत्र दिन स्वीकृति दिने,

(ख) दफा ७ बमोजिम दर्ता भएको पत्रपत्रिकाको सम्पूर्ण विवरण स्थानीय अधिकारीसँग लिई त्यसको अभिलेख राख्ने,

(ग) पत्रपत्रिकाको नाम, भाषा, किसिम, प्रकाशन अवधि, प्रकाशन हुने स्थान आदिमा समय समयमा भएको परिवर्तनका सम्बन्धमा स्थानीय अधिकारीबाट जानकारी लिई अद्यावधिक अभिलेख राख्ने,

(घ) नेपाल अधिराज्यभित्र प्रकाशित हुने पत्रपत्रिकाको नाम, किसिम, प्रकाशन अवधि, भाषा, आदि विषयमा वार्षिक प्रतिवेदन तयार गरी प्रकाशित गर्ने,

(ङ) पत्रपत्रिकालाई दिइने सुविधाका सम्बन्धमा श्री ५ को सरकारलाई सल्लाह दिने,

(च) कसैले पत्रपत्रिकामा विज्ञापन दिने प्रयोजनको लागि कुनै पत्रपत्रिकाको सम्बन्धमा विवरण माग गरेमा तोकिएबमोजिमको शुल्क लिई विवरणहरू दिने,

(छ) यो ऐन वा अन्य प्रचलित कानुनबमोजिम् प्रेस रजिष्ट्रारले गर्ने भनी तोकिएको अन्य काम-कारवाही गर्ने ।

(३) प्रेस रजिष्ट्रारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम् हुनेछ ।

२०. प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था :

(१) कुनै नेपाली वा विदेशी प्रेस वा सञ्चारसम्बन्धी संस्थाले नेपाल अधिराज्यभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरूको नाम, योग्यता र कार्यक्षेत्रसमेत उल्लेख गरी तोकिएबमोजिम्को विवरण तोकिएको अधिकारीसमक्ष पठाउनुपर्नेछ ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउँदा साथमा आउने पत्रकारहरू वा श्री ५ को सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि उक्त भ्रमणको अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी श्री ५ को सरकारले छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम्को विवरण पठाउने प्रेस वा सञ्चारसम्बन्धी संस्थाका प्रतिनिधिहरूलाई श्री ५ को सरकारले प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(३) नेपालको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिको लागि नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि श्री ५ को सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिससाथ तोकिएबमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तोकिएको अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ। प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोहीबमोजिम दरखास्त दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको दरखास्त प्राप्त भएपछि तोकिएको अधिकारीले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबूझ गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानुनको अधीनमा रही आफ्नो कार्यक्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ।

(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

परिच्छेद – ६
दण्ड सजाय

२१. प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गरेमा :

(१) कसैले दफा ३ बमोजिम प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई दश हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

(२) कसैले दफा ३ को उपदफा (४) बमोजिम परिवर्तन भएको विवरण नसच्याई छापाखाना सञ्चालन गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई तीन हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

२२. **झुट्टा विवरण दिएमा :** कसैले दफा ३ र ७ अनुसार दिएको विवरण जानी-जानी झुट्टा दिएको ठहरेमा निजलाई स्थानीय अधिकारीले तीन हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

२३. **किताब नबुझाएमा :** कसैले दफा ५ बमोजिम बुझाउनुपर्ने किताव नबुझाएमा स्थानीय अधिकारीले बुझाउनुपर्ने किताबको मूल्य र सो मूल्य बराबरको रकम जरीवाना गर्न सक्नेछ।

२४. **उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा :** कुनै प्रकाशकले दफा ६ र ९ अनुसार किताब वा पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने

कुरा उल्लेख नगरेमा त्यस्तो प्रकाशकलाई स्थानीय अधिकारीले पाँच हजार रूपैयासम्म जरीवाना गर्न सक्नेछ।

२५. ....

२६. अनधिकृत तवरले प्रकाशन प्रकाशित गरेमा :

(१) कसैले दफा ७ बमोजिम प्रमाणपत्र नलिइकन कुनै प्रकाशन प्रकाशित गरेमा त्यस्तो व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म जरीवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) कसैले दफा ७ को उपदफा (९) बमोजिम परिवर्तन भएको विवरण नसच्याई प्रकाशन प्रकाशित गरेमा त्यस्ता व्यक्तिलाई स्थानीय अधिकारीले तीन हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

२७. प्रतिवन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेमा : कसैले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको वा दफा १५ बमोजिम् निषेध गरेको कुनै कुरा प्रकाशन गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेवापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोही बमोजिम सजाय हुनेछ र सो नभएमा दश हजार रूपैयाँसम्म जरीवाना वा एक वर्ष कैद वा दुबै सजाय हुनेछ।

२८. प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री-वितरण आदि गरेमा:

(१) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गरेमा निजलाई स्थानीय अधिकारीले पाँच हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ।

(२) कसैले प्रतिवन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी-जानी छापेमा वा बिक्री- वितरण गरेमा वा प्रदर्शन गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ।

२९. निषेधित प्रकाशन अनुवाद तथा उद्दरण गरेमा : कसैले निषेधित प्रकाशन अनुवाद तथा उद्दरण गरेमा त्यस्तो व्यक्तिलाई स्थानीय अधिकारीले पाँच हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफतसमेत गर्न सक्नेछ।

३०. विदेशी प्रकाशन पैठारी गरेमा : कसैले दफा १६ बमोजिम रोक लगाइएको विदेशी प्रकाशन पैठारी गरेमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाइ पाँच हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो प्रकाशन जफत समेत गर्न सक्नेछ।

३१. प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गरेमा :

(१) दफा २० को उपदफा (५) बमोजिम प्रमाणपत्र नपाएको व्यक्तिलाई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रेस प्रतिनिधिलाई दिइने सुविधा, सहायता वा सहुलियत दिइनेछैन।

(२) दफा २० को उपदफा (१) बमोजिमको विवरण उपलब्ध नगराउने प्रेस वा सञ्चारसम्बन्धी संस्थालाई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाबाट दिइने सुविधा, सहायता वा सहुलियत दिइने छैन।

(३) दफा २० को उपदफा (५) बमोजिम् प्रमाणपत्र पाएको कुनै व्यक्तिले श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाबाट पाइने सुविधा, सहायता वा सहुलियत दुरूपयोग गरेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिको प्रमाणपत्र अवधि तोकी निलम्वन गर्न, फिर्ता लिन वा रद्द गर्न सक्नेछ।

(४) दफा २० को उपदफा (५) बमोजिम् प्रमाणपत्र पाएको कुनै विदेशी प्रेस प्रतिनिधिको क्रियाकलाप राष्ट्रियहित प्रतिकूल छ भन्ने लागेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र फिर्ता लिन वा रद्द गर्न सक्नेछ।

३२. **पुनरावेदन :** यस परिच्छेदबमोजिम स्थानीय अधिकारीले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन दिन सक्नेछ।

परिच्छेद – ७
विविध

३३. **क्षतिपूर्ति पाउने :** यस ऐनबमोजिम् जफत गरिएको प्रकाशन प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नठहरेमा वा जुन अभियोगवापत जफत भएको हो सो अभियोग प्रमाणित नभएमा प्रकाशक वा धनीले श्री ५ को सरकारबाट निम्नानुसार क्षतिपूर्ति पाउनेछ :-

(क) मूल्य तोकिएको प्रकाशन जफत भएकोमा त्यस्तो प्रकाशन बिक्री गर्दा प्रकाशक वा धनीले पाउनसक्ने वास्तविक मोल बराबरको रकममा नबढाई,

तर,

किताबको हकमा प्रकाशक वा किताव धनीले किताब फिर्ता बुझी लिएमा क्षतिपूर्ति पाउने छैन।

(ख) मूल्य किटान नभएको अन्य सामग्रीको हकमा त्यस्तो सामग्री प्राप्त वा प्रकाशित गर्दा व्यहोर्नुपरेको वास्तविक मूल्यमा नबढाई।

३४. **सम्पादक वा प्रेस प्रतिनिधिको योगयता :** यस ऐनबमोजिम प्रमाणपत्र लिई प्रकाशित हुने पत्रपत्रिकाको सम्पादक हुन तथा प्रेस प्रतिनिधि भई काम गर्न चाहने व्यक्तिको योग्यता तोकिएबमोजिम हुनेछ।

३५. **पत्रपत्रिकाको श्रेणी विभाजन :** तोकिएको अधिकारीले पत्रपत्रिकालाई तोकिएको आधारमा श्रेणी विभाजन गर्न सक्नेछ। यसरी श्रेणी विभाजन गर्नुभन्दा अघि तोकिएको अधिकारीले प्रेस काउन्सिलसँग परामर्श लिनुपर्नेछ।

३६. **नगरेको कामवापत नाम प्रकाशित गरेमा :** कुनै व्यक्तिको नाम, सम्पादक, प्रकाशक वा मुद्रक भनी कुनै किताब वा पत्रपत्रिकामा प्रकाशित भएको रहेछ र सो काम निजले नगरेको भए त्यस्तो कुरा प्रकाशित भएको थाहा पाएपछि स्थानीय अधिकारीसमक्ष जुन व्यहोराबाट आफ्नो नाम छापिन गएको छ सो व्यहोराबाट खण्डन गरी सूचना गर्न सक्नेछ।

३७. **श्री ५ को सरकारवादी हुने :** यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ।

३८. **अधिकार सुम्पन सक्ने :** श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐनअन्तर्गत आफूले पाएको अधिकारमध्ये कुनै वा सबै अधिकार कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

३९. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

४०. **यस ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ ।

४१. **बचाउ :** यो ऐन लागू हुनुभन्दा अघि पाएको प्रमाणपत्र यसै ऐनबमोजिम पाएसरह मानिनेछ । छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९ खारेज गरिएको छ ।

राष्ट्रिय प्रसारण ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०५०/२/२७/४

संशोधन गर्ने ऐन

सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ २०५०/१०/१८

२०४९ सालको ऐन नं. ६

राष्ट्रिय प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रत्याभूति गरिएको जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवम् सम्बर्द्धन गर्न तथा प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापलाई जनसमक्ष पुऱ्याई सबै जाति, भाषा, वर्ग, क्षेत्र र धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामान्जस्यताको वातावरण सिर्जना गरी राष्ट्रभाषा एवम् राष्ट्रिय भाषाको माध्यमबाट समेत जनचेतना जगाउन,

सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवम् सुदृढ बनाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा भएका निष्पक्ष एवम् आधिकारिक समाचार तथा सूचनाको जानकारी आम-जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्वाधरूपले प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम 'राष्ट्रिय प्रसारण ऐन २०४९' रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) 'प्रसारण' भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम-जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो सञ्चार सेवा सम्झनुपर्छ।

(ख) 'कार्यक्रम' भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनुपर्दछ।

(ग) 'फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली' भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनुपर्दछ।

(घ) 'इजाजतपत्र' भन्नाले कुनै कार्यक्रमको प्रसारण गर्नका लागि दफा ६ बमोजिम दिइने प्रसारण इजाजतपत्र वा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजतपत्रलाई समेत जनाउँदछ।

(ङ) 'प्रसारण संस्था' भन्नाले यस ऐनबमोजिम् कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्दछ।

(च) 'स्याटेलाइट' भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनुपर्दछ।

(छ) 'केबुल' भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमबाट प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य तथा उपभोक्तासमक्ष पुर्‍याउने प्रविधि सम्झनुपर्दछ।

(ज) 'भू-उपग्रह प्रसारण केन्द्र (अर्थ स्टेशन)' भन्नाले स्याटेलाईटमार्फत् प्रसारण कार्यक्रम आदान-प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनुपर्दछ।

(झ) 'प्रसारक' भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनुपर्दछ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई जनाउँदछ।

(ञ) 'तोकिएको' वा 'तोकिएबमोजिम' भन्नाले यस ऐनअर्न्तगत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ।

३. **प्रसारणसम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन** : नेपाल अधिराज्यभित्र प्रसारणसम्बन्धी कार्यक्रको रेखदेख र सञ्चालनको नीति-निर्माण गर्ने अधिकार श्री ५ को सरकारमा हुनेछ।

४. **इजाजतपत्र नलिई प्रसारण गर्न नहुने** : कसैले पनि यस ऐनबमोजिम इजाजतपत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण गर्नु हुँदैन।

५. **इजाजतपत्रको लागि निवेदन दिनुपर्ने** : नेपाल अधिराज्यभित्रको कुनै ठाउँमा स्याटेलाइट, केबुल वा अन्य सञ्चारमाध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा श्री ५ को सरकारसमक्ष निवेदन दिनुपर्नेछ।

६. **इजाजतपत्र दिन सकिने** : दफा ५ बमोजिम निवेदन पर्न आएमा श्री ५ को सरकारले उक्त निवेदन उपर आवश्यक जाँचबूझ गरी निवेदकलाई तोकिएको सर्तहरू पालन गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

७. **प्रसारणमा रोक लगाउन सकिने** : राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउने सक्नेछ।

८. **प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्न सकिने** :

(१) कुनै प्रसारण संस्थाले यो ऐन वा यस ऐनअर्न्तगत बनेको नियमको विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि श्री ५ को सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनुपर्नेछ।

९. भू-उपग्रह प्रसार केन्द्रको स्थापनासम्बन्धी विशेष व्यवस्था :

(१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी र विदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा स्वीकृतिको लागि श्री ५ को सरकारसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा श्री ५ को सरकारले उक्त निवेदनउपर आवश्यक जाँचबूझ गर्दा निवेदकलाई स्याटेलाइट तथा केबुल टेलिभिजनसम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रशारण गर्ने स्वीकृति दिन मनासिव देखेमा तोकिएको सर्तहरू पालना गर्ने सर्तमा तोकिएको कार्यक्रमहरू प्रसारण गर्न पाउने गरी तोकिएबमोजिम् स्वीकृति दिन सक्नेछ ।

(३) भू-उपग्रह प्रसार केन्द्रको स्थापना तथा प्रसारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. प्रसारण तथा वितरण शुल्क : प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा श्री ५ को सरकार वा तोकिएको संस्थालाई तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनुपर्ने शुल्क तोकिएबमोजिम हुनेछ ।

११. कार्यक्रम उत्पादन तथा प्रसारण : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुराहरू प्राथमिकता दिनुपर्नेछ :

(क) कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन, वन तथा वातावरण संरक्षणजस्ता विकासमूलक कार्यक्रमहरू,

(ख) सबै जाति, भाषा, वर्ग, क्षेत्र, तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र समाञ्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(घ) राष्ट्रियहित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने विषयका कार्यक्रमहरू,

(ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) जनतामा सामाजिक चेतना वढाउने र प्रजातान्त्रिक मूल्य-मान्यता एवम् संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(झ) लोकगीत तथा लोक संस्कृतिको प्रवर्द्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएगरेका महत्वपूर्ण गतिविधिहरू ।

१२. कार्यक्रम उत्पादन तथा प्रसारणमा निजी क्षेत्रलाई सहभागी गराउन सकिने : कार्यक्रम निष्पक्ष, सरल, सक्षम तथा प्रभावकारी बनाउन सरकारी क्षेत्रको अतिरिक्त निजी क्षेत्रलाई समेत सहभागी गराउन सकिनेछ ।

१३. विदेशी प्रसारण संस्था वा सञ्चारमाध्यमलाई प्रसारण समय उपलव्ध गराउन सकिने : विदेशी प्रसारण संस्था वा सञ्चारमाध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा राष्ट्रियहितमा प्रतिकूल प्रभाव नपर्ने गरी

तोकिएको मापदण्डको आधारमा शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न समय उपलब्ध गराउन सकिनेछ ।

१४. **विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिने** : कसैले कुनै विषयमा प्रचारप्रसार गरी आम जनतामा विज्ञापन प्रसारण गराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा निकायबाट तोकिएको दस्तुर लिई विज्ञापन प्रसारण गराउने समय उपलब्ध गराउन सकिनेछ ।

तर,

जनआस्थालाई हानी पुऱ्याउने धुम्रपान तथा मदिराजस्ता पदार्थहरूको विज्ञापन प्रसारणलाई निरुत्साहित गरिनेछ ।

१५. **विज्ञापन प्रसारण गर्न नपाइने** :

(१) दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायका कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन पाउने छैन :-

(क)राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू,

(ख) अश्लिल किसिमका सामग्रीहरू,

(ग) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू,

(घ) जनमानसमा अस्वभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका कुराहरू,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीतिविपरीतका कुराहरू ,

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा श्री ५ को सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शनजस्ता कुराहरूको जानकारी गराउन दिनलाई यस दफाको कुनै कुराले वन्देज लगाएको मानिने छैन ।

१६. **प्रसारकको काम, कर्तव्य र अधिकार** : प्रसारकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आफूसमक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यताबारे आवश्यक छानविन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) राजनीतिकरूपमा निष्पक्ष भई सामाचारको सम्पादन तथा प्रसारण गर्ने गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने तथा गर्न नलगाउने,

(घ) लापरवाही वा हेलचेक्र्याईपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(ङ) कुनै विवादास्पद विषयमा प्रसारण गर्नुपरेमा पनि सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबङ्ग्याई प्रसारण गर्नुपर्ने,

(च) गलत तथा भ्रामक समाचारको संकलन तथा प्रसारण गर्न नहुने,

(छ) प्रसारण संस्थाले तोकिदिएबमोजिम् अन्य कार्य गर्ने ।

१७. **सजाय** :

(१) कसैले दफा ६ बमोजिम् प्रसारण संस्थाको इजाजतपत्र नलिई वा दफा ९ बमोजिम स्वीकृति नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर र दफा १० बमोजिम लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरीवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(२) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्यक्रम प्रसारण गरे/गराएमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले दश हजार रूपैयाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय गर्न सक्नेछ ।

१८. **पुनरावेदन** : यस ऐनबमोजिम् श्री ५ को सरकार वा तोकिएको अधिकारीले दिएको आदेश वा सजायउपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित पुवरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

१९. **प्रसारण संस्थाको सुरक्षा** : प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानी-नोक्सानी हुने सम्भावना छ भन्ने लागेमा श्री ५ को सरकारले त्यस्तो ठाउँमा आवश्यक सम्झेको अवधिसम्मको लागि सुरक्षाकर्मी पठाई सुरक्षाको व्यवस्था गर्नेछ ।

२०. **अधिकार प्रत्यायोजन** : श्री ५ को सरकारले यस ऐनबमोजिम् आफूलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार कुनै अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२२. **प्रचलित कानुनबमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

२३. **बचाउ** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि स्थापित श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संगठित संस्थाले यस ऐनबमोजिम प्रसारण संस्थाको इजाजतपत्र पाएको मानिनेछ ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१
(पहिलो संशोधन, २०६४)

प्रमाणीकरण प्रकाशित मिति
२०६४/४/२७

व्यवस्थापिका संसदले बनाएको २०६४ सालको ऐन नं.८

श्रमजीवी पत्रकारसम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा निजहरूको व्यावसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्न, श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

परिच्छेद – १
प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "श्रमजीवी पत्रकारसम्बन्धी पहिलो संशोधन ऐन, २०६४ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ....

(ख) 'सञ्चार प्रतिष्ठान' भन्नाले सञ्चारसम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीनजना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानुनबमोजिम् स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी सञ्चार माध्यम वा संगठित संस्था सम्झनुपर्छ।

(ग) 'व्यवस्थापक' भन्नाले कुनै पत्रिका व्यवस्थापनको कार्य सञ्चालनमा अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(घ) 'श्रमजीवी पत्रकार' भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रीञ्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ-डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) 'कर्मचारी' भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्तिबाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनुपर्छ ।

(ङ१) 'कामदार' भन्नाले श्रमजीवी पत्रकार वा कर्मचारीबाहेक सञ्चार प्रतिष्ठानमा सञ्चार सामग्री बिक्री-वितरण वा उत्पादन गर्ने वा अन्य श्रममूलक कार्यमा संलग्न व्यक्ति सम्झनुपर्छ ।

(च) 'पारिश्रमिक' भन्नाले श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा काम गरे वापत पत्रिका व्यवस्थापनको तर्फबाट पाउने तलब सम्झनुपर्छ ।

(छ) 'समिति' भन्नाले दफा ११ बमोजिम् गठन भएको न्यूनतम पारिश्रमिक निर्धारण समिति सम्झनुपर्छ ।

(ज) 'परिवार' भन्नाले श्रमजीवी पत्रकारसँग बस्ने तथा निज आफैँले पालनपोषण गर्नुपर्ने पति-पत्नी, छोरा, अविवाहिता छोरा, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबुआमा वा सौतीनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष श्रमजीवी पत्रकारको हकमा निजको बाजे-बज्यै तथा महिला श्रमजीवी पत्रकारको हकमा निजको सासु-ससुरालाई समेत जनाउँछ ।

(झ) 'प्रेस रजिष्ट्रार' भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १९ बमोजिम् नियुक्त भएको प्रेस रजिष्ट्रार सम्झनुपर्छ ।

(ञ) 'तोकिएको' वा 'तोकिएबमोजिम्' भन्नाले यो ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम् सम्झनुपर्छ ।

परिच्छेद -२
नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय

३. पदको वर्गीकरण गर्नुपर्ने :

(१) व्यवस्थापकले सञ्चार प्रतिष्ठानको कामको प्रकृतिअनुसार श्रमजीवी पत्रकारको पद र त्यस्तो पदको तहगत वर्गीकरण गर्नुपर्नेछ ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम पदको तहगत वर्गीकरण गर्दा समितिले निर्धारण गरे बमोजिम गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पद र त्यस्तो पदको तहगत वर्गीकरण गरिसकेपछि व्यवस्थापकले सो पदको लागि चाहिने योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्व समेत उल्लेख भएको विवरण प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ ।

(३.क) नियुक्ति नदिई काममा लगाउन नहुने : व्यवस्थापकले यस ऐनबमोजिम् नियुक्ति नदिई कुनै पनि व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा काममा लगाउन हुँदैन ।

४. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने :

(१) दफा ३ को उपदफा (३) बमोजिम्को विवरण प्रेस रजिष्ट्रारलाई दिइसकेपछि व्यवस्थापकले सञ्चार प्रतिष्ठानको लागि आवश्यक पर्ने श्रमजीवी पत्रकारको पद तोकिएको प्रक्रिया अपनाई खुल्ला प्रतियोगिताद्वारा छनौट गरी पूर्ति गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा छनौट भएका व्यक्तिलाई व्यवस्थापकले तोकिएको अवधिभित्र नियुक्तिपत्र दिनुपर्नेछ ।

५. करारमा नियुक्ति गर्न सक्ने :

(१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चार प्रतिष्ठानको कामका लागि कुनै व्यक्तिको विशेषज्ञ सेवा लिनुपर्ने भएमा व्यवस्थापकले प्रेस रजिष्ट्रारको स्वीकृति लिई निश्चित समयावधि तोकी त्यस्तो व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा सम्बन्धित सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको कुल संख्याको पन्ध्र प्रतिशत संख्यासम्म मात्र नियुक्ति गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम करारमा नियुक्त भएको व्यक्तिले गर्नुपर्ने काम, पाउने पारिश्रमिक, सेवाको अवधि तथा सेवाका अन्य सर्त एवम् सुविधा करारमा उल्लेख भएबमोजिम हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त भएको श्रमजीवी पत्रकारको पारिश्रमिक, सञ्चय कोष तथा अन्य सुविधा सञ्चार प्रतिष्ठानको समान पद वा तहमा कार्यरत श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक, सञ्चय कोष तथा अन्य सुविधाभन्दा कम हुनेछैन ।

५क. नियुक्तिको जानकारी दिनुपर्ने :

(१) दफा ४ वा ५ बमोजिम कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा नियुक्त गरिसकेपछि व्यवस्थापकले सो को जानकारी प्रेस रजिष्ट्रारलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारी प्रेस रजिष्ट्रारले अद्यावधिक गरी राख्नुपर्नेछ ।

६. परीक्षणकालमा रहने : श्रमजीवी पत्रकारमा शुरुमा स्थायी नियुक्ति गर्दा ६ महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ । सो अवधिमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ती बदर गर्न सकिनेछ ।

७. पदाधिकारी कायम रहने : देहायको अवस्थामा श्रमजीवी पत्रकारको आफ्नो पदमाथिको अधिकार कायम रहनेछ :

(क) त्यस पदमा कामकाज गरी रहँदासम्म,

(ख) विदामा रहेको बखत,

(ग) व्यवस्थापकले अन्यत्र काजमा खटाएको बखत वा

(घ) निलम्बन रहेको बखत ।

८. सेवाको सुरक्षा : यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको रीत नपुऱ्याई कुनै पनि श्रमजीवी पत्रकारको सेवाको अन्त्य

गर्न सकिने छैन ।

९. काम गर्ने समय :

(१) श्रमजीवी पत्रकारले काम गर्नुपर्ने समय उपदफा (२) को अधीनमा रही व्यवस्थापकले तोकिदिएबमोजिम हुनेछ ।

(२) श्रमजीवी पत्रकारले प्रत्येक हप्तामा काम गर्नुपर्ने समय अठ्चालीस घण्टाभन्दा वढी हुने छैन र प्रत्येक हप्तामा निजले आलोपालो गरी एक दिन साप्ताहिक विदा पाउनेछ ।

(३) कुनै श्रमजीवी पत्रकारलाई उपदफा (२) बमोजिम तोकिएको समयभन्दा बढी समय काममा लगाएमा तोकिएबमोजिम थप सुविधा दिनुपर्नेछ ।

(१०) हाजिरी र विदासम्बन्धी व्यवस्था :

(१) प्रत्येक व्यवस्थापकले पत्रिका व्यवस्थापनमा काम गर्ने श्रमजीवी पत्रकारको हाजिरकिताब राख्नुपर्नेछ ।

(२) प्रत्येक श्रमजीवी पत्रकारले व्यवस्थापकले तोकेको समयमा नियमितरूपले आफ्नो कार्यालय वा कार्यक्षेत्रमा उपस्थित भई काम गर्नुपर्नेछ । सामान्यतया विदा स्वीकृत नगराई कार्यालय वा कार्यक्षेत्रमा अनुपस्थित हुनुहुँदैन ।

(३) कुनै श्रमजीवी पत्रकारलाई उपदफा (५) बमोजिम् तोकिएको समयभन्दा बढी समय काममा लगाएमा तोकिएबमोजिम् थप सुविधा दिनुपर्नेछ ।

११. **न्यूनतम पारिश्रमिक निर्धारण समिति** : (१) श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्न तथा त्यस्तो पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्नको लागि देहायका सदस्यहरू भएको एक न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन हुनेछ :-

(क) सञ्चारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी), सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी), श्रम तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य

(घ) नेपाल पत्रकार महासंघको सभापति - सदस्य

(ङ) श्रमजीवी पत्रकारहरूमध्येबाट कम्तिमा एकजना महिला रहने गरी नेपाल पत्रकार महासंघले तोकेका तीनजना - सदस्य

(च) व्यवस्थापकहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना - सदस्य

(छ) कर्मचारी वा कामदारमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना - सदस्य

(ज) श्रम तथा अर्थ सम्बन्धी विशेषज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना - सदस्य

(झ) प्रेस रजिष्ट्रार - सदस्य-सचिव

(२) समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) यस ऐनमा लेखिएदेखिबाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

११क. **नेपाल सरकारले न्यूनतम पारिश्रमिक निर्धारण गर्न सक्ने :** दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले कुनै कारणवश श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गर्न नसकेमा नेपाल सरकारले नै श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गर्न सक्नेछ ।

१२. **पारिश्रमिक तथा भत्ता पाउने :**

(१) श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा काम गरेवापत मासिक पारिश्रमिक पाउनेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले पकाएको पारिश्रमिक तथा भत्ता निज जुनसुकै व्यहोराले पत्रिका व्यवस्थापनको सेवामा नरहेमा पनि पाउनेछ ।

(३) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम्‌बाहेक कुनै श्रमजीवी पत्रकारको मासिक पारिश्रमिक कट्‌टा गरिने छैन ।

(४) कुनै श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक निज विदामा बसेको बखत रोकिने छैन ।

१३. **वार्षिक तलब वृद्धि :** प्रत्येक श्रमजीवी पत्रकारले एक वर्षको सेवा पूरा गरेपछि तोकिएबमोजिम एउटा तलव बृद्धी पाउनेछ ।

१४. **उपचार तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था :** सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारलाई चोटपटक लागेमा वा निजको अङ्गभङ्ग भएमा वा मृत्यु भएमा वा निजको व्यक्तिगत सम्पत्ति नष्ट भएमा निजले वा दफा १६ मा उल्लेख भएबमोजिम्‌को व्यक्तिले तोकिएबमोजिम्‌को उपचार खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सञ्चार प्रतिष्ठानबाट पाउनेछ ।

१५. **पारिश्रमिक कट्टी गर्नमा प्रतिबन्ध :**

(१) श्रमजीवी पत्रकारको पारिश्रमिक देहायको अवस्थामा बाहेक अरू अवस्थामा कट्‌टी गरिनेछैन :-

(क) लागेको जरीवाना कट्टी गर्नुपरेमा,

(ख) गैरहाजिरवापत कट्टी गर्नुपरेमा,

(ग) जानीजानी वा लापरवाहीसाथ काम गर्दा पत्रिका व्यवस्थापनलाई पुग्न गएको नोक्सानीवापत कट्टी गर्नुपरेमा,

(घ) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नुपरेमा,

(ङ) सरकारी अड्डा वा अदालतको आदेशबमोजिम तिर्नु बुझाउनुपर्ने कुनै रकम कट्टी गर्नुपरेमा, वा

(च) प्रचलित कानुनबमोजिम लाग्ने आयकर वा अन्य कुनै करकट्टी गर्नुपरेमा,

(छ) तोकिएबमोजिम कुनै रकम कट्टी गर्नुपरेमा ।

(२) उपदफा (१) बमोजिम कट्टी हुने रकमको हद, कट्‌टी गरिने तरीका र अवधि तथा तत्सम्बन्धी अन्य कुरा तोकिएबमोजिम हुनेछ ।

१६. **बाँकी रकम भुक्तानी पाउने :**

(१) कुनै श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनको सेवाबाट अवकाश प्राप्त गरेपश्चात् वा सो सेवामा छँदै मृत्यु भई यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पाउने रकम पत्रिका व्यवस्थापनबाट लिन बाँकी भएमा त्यस्तो रकम श्रमजीवी पत्रकार स्वयम्‌ले वा निजले इच्छाएको व्यक्तिले पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम लिन श्रमजीवी पत्रकारले कसैलाई पनि नइच्छाएकोमा त्यस्तो रकम निजको परिवारको सबैभन्दा नजिकको हकवालाले पाउनेछ ।

परिच्छेद–४
कल्याणकारी व्यवस्था

१७. **कल्याणकारी कोष** : व्यवस्थापकले श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाको लागि तोकिएबमोजिमको एक कल्याणकारी कोष खडा गर्नुपर्नेछ ।

१८. **उपदान, संचय कोष र औषधि उपचार तथा अन्य सुविधा** : श्रमजीवी पत्रकारले पाउने उपदान, संचय कोष र औषधि उपचार तथा अन्य सुविधा तोकिएबमोजिम् हुनेछ ।

१९. **स्वामित्व परिवर्तनले प्रतिकूल असर नपर्ने** : पत्रिका व्यवस्थापनमा भएको स्वामित्वको परिवर्तनले त्यस्ता पत्रिका व्यवस्थापनमा कार्यरत श्रमजीवी पत्रकारहरूको सेवा, सर्त तथा सुविधामा कुनै प्रतिकूल असर पर्नेछैन ।

२०. **मर्का पर्ने गरी सेवा,सर्त तथा सुविधामा परिवर्तन नगरिने** : श्रमजीवी पत्रकारहरूलाई मर्का पर्ने गरी सेवा, सर्त तथा सुविधामा परिवर्तन गरिनेछैन ।

परिच्छेद–५
अवकाश र दरबन्दी कटौती

२१. **अवकाश** :

(१) यो ऐन प्रारम्भ हुनुअघि वा प्रारम्भ भएपछि गरी श्रमजीवी पत्रकारको रूपमा अविच्छिन्न २५ बर्ष सेवा अवधि पूरा गरेको श्रमजीवी पत्रकारलाई व्यवस्थापकले सेवाबाट अवकाश दिन सक्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले व्यवस्थापकलाई तीन महिनाको अग्रीम सूचना दिई पत्रिका व्यवस्थापनको सेवाबाट स्वेच्छिक अवकाश लिन सक्नेछ ।

२२. **दरवन्दी कटौती** :

(१) पत्रिका व्यवस्थापनको आम्दानी घट्न गएकोले वा व्यवस्थापकले लगानी घटाई पत्रिका व्यवस्थापन सञ्चालन गर्न चाहेमा सोही अनुपातमा दरवन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सेवाबाट अवकाश दिन सक्नेछ ।

तर यसरी दरवन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई पत्रिका व्यवस्थापनको सेवाबाट अवकाश दिँदा एकै किसिमको काममा कार्यरत एक वर्षको अविच्छिन्न सेवा अवधी पूरा गरेका श्रमजीवी पत्रकारहरूमध्ये त्यस्तो काममा सबैभन्दा पछि नियुक्त भएकालाई पहिले कटौती गर्ने क्रमले कटौती गरी सेवाबाट अवकाश दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरवन्दी कटौती गर्नुपरेमा सो गर्नुपरेको कारणसहितको सूचना व्यवस्थापकले प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारलाई तीन महिना अगावै दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम एक पटक दरवन्दी कटौती गरिसकेपछि एक वर्षभित्र पुनः दरवन्दी सिर्जना गर्न वा करारमा कुनै श्रमजीवी पत्रकार नियुक्त गर्न पाइनेछैन ।

(४) उपदफा (३) विपरीत कुनै व्यवस्थापकले सो अवधिभित्र कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारमा नियुक्त गरेमा पहिले दरवन्दी कटौतीमा परेको श्रमजीवी पत्रकारले सो पत्रिका व्यवस्थापनमा नियुक्ति पाऊँ भनी सम्बन्धित व्यवस्थापकसमक्ष निवेदन गर्न सक्नेछ । यसरी परेको निवेदनअनुसार सम्बन्धित व्यवस्थापकले समक्ष निवेदन गर्न सक्नेछ । यसरी परेको निवेदनअनुसार सम्बन्धित व्यवस्थापकले त्यस्तो श्रमजीवी पत्रकारलाई नियुक्ति दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजीम व्यवस्थापकले नियुक्ति नदिएमा त्यस्तो व्यक्तिले प्रेस रजिष्ट्रार समक्ष उजूरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम परेको उजूरी मनासिव देखिएमा प्रेस रजिष्ट्रारले निवेदकलाई नियुक्ति दिनु भनी सम्बन्धित व्यवस्थापकलाई आदेश दिन सक्नेछ । यसरी प्रेस रजिष्ट्रारबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले त्यस्तो व्यक्तिलाई पुनः श्रमजीवी पत्रकारमा नियुक्ति गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रेस रजिष्ट्रारले दिएको आदेशउपर चित्त नबुभ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२३. पत्रिका व्यवस्थापन बन्द गर्न सक्ने :

(१) व्यवस्थापकले आफूले सञ्चालन गरेको पत्रिका व्यवस्थापन कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारलाई तीन महिना अगावै दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पत्रिका व्यवस्थापन बन्द हुने भई श्रमजीवी पत्रकारले स्वतःअवकाश पाउने भएमा वा दफा २२ बमोजिम दरवन्दी कटौती भई श्रमजीवी पत्रकारले अवकाश पाउने भएमा व्यवस्थापकले सम्बन्धित श्रमजीवी पत्रकारलाई तोकिएबमोजिम सुविधा दिनुपर्नेछ ।

२४. उजूरी गर्न सक्ने :

(१) यस ऐनबमोजिम् श्रमजीवी पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम पत्रिका व्यवस्थापनबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले पैंतीस दिनभित्र प्रेस रजिष्ट्रारसमक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी मनासिव ठहरेमा प्रेस रजिष्ट्रारले उजूरवालाको मागबमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्बन्धित पत्रिका व्यवस्थापनबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई एक हजारदेखि दुई हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजीम प्रेस रजिष्ट्रारले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद – ६
आचरण, सजाय र पुनरावेदन

२५. **आचरण** : श्रमजीवी पत्रकारहरूले तोकिएबमोजिम आचरणको पालना गर्नुपर्नेछ ।

२६. **सजाय** :

(१) पदअनुसारको आचरण नगर्ने श्रमजीवी पत्रकारलाई व्यवस्थापकले देहायबमोजिमको कुनै सजाय गर्न सक्नेछ : -

(क) साधारण सजाय :

(१) नसिहत दिने,

२) बढीमा दुई वार्षिक पारिश्रमिक वृद्धि रोक्का गर्ने, वा

(ख) विशेष सजाय : सेवाबाट हटाउने ।

(२) कुनै श्रमजीवी पत्रकारको काम सन्तोषजनक नभएमा वा अनुशासनहीन काम गरेमा व्यवस्थापकले साधारण सजाय गर्न सक्नेछ ।

(३) देहायको कुनै अवस्थामा श्रमजीवी पत्रकारलाई व्यवस्थापकले विशेष सजाय गर्न सक्नेछ :-

(क) बराबर आचरणसम्बन्धी कुरा उल्लंघन गरेमा,

(ख) बराबर अनुशासनहीन काम गरेमा,

(ग) बराबर आफ्नो पदको जिम्मेवारी पूरा नगरेमा,

(घ) बिदा स्वीकृत नगराई वा व्यवस्थापकलाई जानकारी नदिई आफ्नो काममा ६० दिनभन्दा बढी अनुपस्थित भएमा ।

२७. **निलम्बन गर्न सक्ने** :

(१) कुनै श्रमजीवी पत्रकारको सम्वन्धमा दफा २६ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नुपर्ने भएमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो श्रमजीवी पत्रकारलाई व्यवस्थापकले निलम्बन गर्न सक्नेछ । तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिंदा झूठ्ठा सवूत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवूद प्रमाण गायव गर्न सक्ने सम्भावना भएमा, वा

(ख) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिँदा पत्रिका व्यवस्थापनलाई हानी-नोक्सानी हुने भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै श्रमजीवी पत्रकारलाई तीन महिनाभन्दा बढी अवधि निलम्बन गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको श्रमजीवी पत्रकार सेवामा बहाल भएमा वा सेवाबाट हटाइएमा निजको निलम्बन समाप्त हुनेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको श्रमजीवी पत्रकारले त्यस्तो निलम्बनको अवधिभर आधा पारिश्रमिक पाउनेछ र निजउपर लागेको अभियोगबाट सफाई पाएमा त्यसरी निलम्वन भएको अवधिभरको पूरा पारिश्रमिक पाउनेछ ।

२८. **सफाई पेश गर्ने मौका दिनुपर्ने** : व्यवस्थापकले कुनै श्रमजीवी पत्रकारलाई सजाय दिन आदेश दिनुभन्दा अघि कारवाही

गर्न लागिएको कारण उल्लेख गरी सो श्रमजीवी पत्रकारलाई उचित म्याद दिई आफ्नो सफाई पेश गर्न मौका दिनुपर्नेछ । यसरी मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्टरूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरामा आधारित छ सो समेत खुलाउनुपर्नेछ ।

२९. **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने :** विशेष सजायको आदेश दिनुभन्दा पहिले व्यवस्थापकले दफा २८ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो श्रमजीवी पत्रकारलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नुपर्नेछ ।

३०. **सजाय गर्न सक्ने :** दफा २८ वा दफा २९ बमोजिम सफाई वा स्पष्टीकरण नै नदिएमा वा सोअनुसार दिएको सफाई वा स्पष्टीकरण सन्तोषजनक नभई त्यस्तो श्रमजीवी पत्रकारलाई सजाय गर्नुपर्ने भएमा व्यवस्थापकले दफा २६ बमोजिम कुनै सजाय गर्न सक्नेछ ।

३१. **पुनरावेदन :** दफा ३० बमोजिम् व्यवस्थापकले गरेको सजायउपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र प्रचलित कानुनबमोजिम् स्थापना भएको श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद – ७
विविध

३२. **अधिकार प्रत्यायोजन :** नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त भएको अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निकाय वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. **दण्ड सजाय :**

(१) कुनै श्रमजीवी पत्रकारले गरेको काम-कारवाहीबाट पत्रिका व्यवस्थापनलाई हानी-नोक्सानी हुन गएमा सो भए गरेको मितिले तीन महिनाभित्र व्यवस्थापकले नालेस गर्न सक्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले जानी-जानी वा लापरवाहीसाथ कुनै काम गरेकोले पत्रिका व्यवस्थापनलाई कुनै हानी वा नोक्सानी हुन गएको ठहरिएमा त्यस्तो श्रमजीवी पत्रकारबाट भएको हानी-नोक्सानीको हर्जना भराउन लगाई निजलाई एक हजारदेखि दुई हजार रूपैयाँसम्म जरिवाना हुन सक्नेछ ।

(३) कुनै व्यवस्थापकले पटकपटक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो व्यवस्थापकलाई पच्चीस हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको सजायउपर चित्त नबुझ्ने व्यवस्थापकले त्यस्तो सजाय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३३क. **सुविधा रोक लगाउन सिफारिस गर्न सक्ने :** कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई देहायबमोजिमका सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ :-

(क) सञ्चार प्रतिष्ठानले पत्रपत्रिका प्रकाशन गर्ने भएमा त्यस्तो पत्रपत्रिकालाई प्रचलित कानुनबमोजिम पत्रपत्रिका वर्गीकरणमा समावेश नगर्न,

(ख) नेपाल सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ग) सञ्चार सामग्री एवम् सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन,

(घ) सरकारी भ्रमणदलमा सहभागी नगराउन ।

३४ कर्मचारी तथा कामदारको नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था :

(१) श्रमजीवी पत्रकारको नियुक्ति, सेवाको सर्त र सुविधाका सम्बन्धमा यस ऐनमा भएका व्यवस्थाहरूको कर्मचारी तथा कामदारका हकमा समेत समानरूपमा लागू हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको पारिश्रमिक तथा सुविधाबाहेकका अन्य व्यवस्थाहरू सम्बन्धित सञ्चार प्रतिष्ठानको सेवा, सर्त र सुविधासम्बन्धी कानुनबमोजिम् हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारले यस ऐनमा लेखिएभन्दा बढी पारिश्रमिक तथा सुविधा पाउने भएमा त्यस्तो बढी पारिश्रमिक तथा सुविधा पाउन यस ऐनले कुनै बाधा पुऱ्याएको मानिनेछैन ।

३४क. ट्रेड युनियन गठन गर्न सक्ने : श्रमजीवी पत्रकारहरूले आफ्नो व्यावसायिक तथा पेशागत हकहितको संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा आफू कार्यरत सञ्चार प्रतिष्ठानमा ट्रेड यूनियनसम्बन्धी प्रचलित कानुनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

३४ख. विवाद समाधानसम्बन्धी व्यवस्था :

(१) श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार र सञ्चार प्रतिष्ठानका व्यवस्थापनबीच सेवा सर्त र सुविधासम्बन्धी कुनै विषयमा विवाद उठेमा प्रेस रजिष्ट्रारले वार्ता, मेलमिलाप वा मध्यस्थजस्ता विभिन्न माध्यमबाट त्यस्तो विवाद समाधान गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको माध्यमबाट कुनै विवाद समाधान हुन नसकेमा त्यस्तो विवादको समाधान प्रचलित श्रम कानुनबमोजिम हुनेछ ।

३४ग. क्षमता विकाससम्बन्धी व्यवस्था :

(१) नेपाल सरकार तथा सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकारको व्यवसायिक दक्षता, क्षमता र सीप विकासको लागि अध्ययन तथा तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि नेपाल सरकारले सञ्चार प्रतिष्ठानलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ र सञ्चार प्रतिष्ठानले आफ्नो वार्षिक कुल आयको एक प्रतिशत रकम छुट्याउनुपर्नेछ ।

३४घ. निरीक्षण तथा अनुगमन गर्न सक्ने :

(१) सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरे वा नगरेको सम्बन्धमा प्रेस रजिष्ट्रारले कुनै सञ्चार प्रतिष्ठानको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

(२)उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेको देखिएमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस रजिष्ट्रारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार प्रतिष्ठानको कर्तव्य हुनेछ ।

३४ङ. यस ऐनको व्यवस्था लागू नहुने :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले समितिसँगको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कुनै सञ्चार प्रतिष्ठानको हकमा यस ऐनको कुनै व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले यस ऐनको कुनै व्यवस्था कुनै सञ्चार प्रतिष्ठानको हकमा लागू नहुने गरी तोक्दा देहायका आधार लिन सक्नेछ :-

(क) पत्रपत्रिकाको बिक्री संख्या,

(ख) रेडियोयन्त्रको क्षमता,

(ग) केबुल टेलिभिजनको ग्राहक संख्या,

(घ) हिट्स हुने अनलाईन पत्रिका संख्या,

(ङ) कार्यक्रम उत्पादन संख्या,

(च) समाचार वितरण संख्या ।

३५. प्रचलित कानुनबमोजिम हुने : यो ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम् र अरूमा प्रचलित कानुनबमोजिम हुनेछ ।

३६. नियम तथा विनियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही प्रत्येक सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको सेवा, सर्त एवम् सुविधासम्बन्धी विनियम बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम् सञ्चार प्रतिष्ठानले विनियम बनाउँदा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको सेवा, सर्त र सुविधाभन्दा कम हुने गरी विनियम बनाउन सक्नेछैन ।

प्रेस काउन्सिल ऐन, २०४८

लालमोहर र प्रकाशन मिति
२०४८/७/२८/५

संशोधन गर्ने ऐन

सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ २०५७/१०/१८

२०४८ सालको ऐन नं.२५

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्वीराजन्य परम गौरमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्टपरम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्टपट्ट परमसुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनापधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

प्रेस काउन्सिलको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : पत्रकारिताको पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनको लागि प्रेस काउन्सिलको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम 'प्रेस काउन्सिल ऐन, २०४८' रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) 'काउन्सिल' भन्नाले दफा ३ बमोजिम् स्थापना भएको प्रेस काउन्सिल सम्झनुपर्छ ।

(ख) 'सदस्य' भन्नाले काउन्सिलको सदस्य सम्झनुपर्छ र सो शब्दले काउन्सिलको अध्यक्ष समेतलाई जनाउँछ ।

(ग) 'समिति' भन्नाले दफा १० बमोजिम् गठित पत्रपत्रिका वितरण संपरीक्षण समिति सम्झनुपर्छ ।

(घ) 'तोकिएको' वा 'तोकिएबमोजिम्' भन्नाले यो ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम् सम्झनुपर्छ ।

३. **प्रेस काउन्सिलको स्थापना** : स्वस्थ पत्रकारिताको विकासको लागि प्रेस काउन्सिलको स्थापना हुनेछ ।

४. **काउन्सिल स्वशासित संस्था हुने** :

(१) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) काउन्सिलको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) काउन्सिलले व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा आवश्यकतानुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) काउन्सिलले आफ्नो नामबाट नालिस उजूर गर्न र सोउपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. **काउन्सिलको उद्देश्य** : काउन्सिलको उद्देश्य देहायबमोजिम हुनेछ :-

(क) स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावारण सिर्जना गर्ने,

(ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचारसंहिता तोक्ने,

(ग) प्रेस र श्री ५ को सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने,

(घ) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने, र

(ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने ।

६. **काउन्सिलको गठन** :

(१) श्री ५ को सरकारले काउन्सिलको गठन गर्नेछ र काउन्सिलमा देहायका व्यक्तिहरू रहनेछन् :-

◆(क) सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधिसभाका सदस्यमध्येबाट सभामुखले मनोनीत गरेको एकजना सदस्य - सदस्य

(ग) राष्ट्रियसभाका सदस्यमध्येबाट अध्यक्षले मनोनीत गरेको एकजना सदस्य - सदस्य

❑(ग१) सभापति, नेपाल पत्रका महासंघ - सदस्य

(घ) पत्रकाहरू, सम्पादकहरू र प्रकाशकहरूमध्येबाट पत्रकार संघहरूको परामर्श लिई प्रत्येक क्षेत्रबाट दुई जनाको हिसाबले श्री ५ को सरकारले मनोनीत गरेको ६ जना व्यक्ति - सदस्य

(ङ) श्रमजीवी पत्रकारहरूमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना व्यक्ति - सदस्य

(च) पत्रकारितालगायत विभिन्न क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तिमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको ◆एकजना व्यक्ति - सदस्य

◆ सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा संशोधित ।

❑ सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा थप ।

(छ) साहित्यिक पत्रकारितासँग सम्बन्धित संस्थाहरूले सिफारिश गरेको पत्रकारहरूमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना व्यक्ति - सदस्य

(ज) महा-निर्देशक, प्रेस सूचना विभाग - सदस्य-सचिव

(२) काउन्सिलको अध्यक्ष तथा सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

(३) अध्यक्ष वा कुनै सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्षले श्री ५ को सरकारसमक्ष र सदस्यले अध्यक्षसमक्ष लिखित राजीनामा पेश गर्न सक्नेछ ।

७. **काउन्सिलको काम, कर्तव्य र अधिकार** : काउन्सिलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) पत्रकारितासम्बन्धी नीतिलाई समय-समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय-सल्लाह लिई श्री ५ को सरकारलाई सुझाव दिने,

(ख) स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारितासम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने,

(ग) पत्रकारिताको विकासको लागि श्री ५ को सरकारलाई सुझाव दिने,

(घ) पत्रकारिताको वितरणस्थितिको अद्यावधिक अभिलेख राख्ने,

(ङ) पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजूरी दिएमा सो सम्बन्धमा आवश्यक कारवाही गर्ने,

(च) पत्रपत्रिकाको गतिविधि एवम् वस्तुस्थितिबारे अध्ययन र मूल्यांकनसहितको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्षपेश गर्ने, र

(छ) पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराहरूको सम्बन्धमा छानवीन गर्ने ।

८. **काउन्सिलको बैठक र निर्णय** :

(१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले काउन्सिलको बैठक बोलाउनेछ ।

(२) काउन्सिलको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) काउन्सिलको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित काउन्सिलको सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) काउन्सिलको बैठकमा विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) काउन्सिलको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) काउन्सिलको बैठकसम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैँले निर्धारण गरेबमोजिम् हुनेछ ।

९. **उपसमिति** :

(१) काउन्सिलले आफ्नो कार्य सुचारुरूपले सञ्चालन गर्नको लागि उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि काउन्सिलले तोकेबमोजिम हुनेछ ।

१०. पत्रपत्रिका वितरण संपरीक्षण समिति :

(१) श्री ५ को सरकारले काउन्सिलको परामर्श लिई एक पत्रपत्रिका वितरण संपरीक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिमा देहायबमोजिम सदस्यहरू रहनेछन्:-

(क) प्रेस रजिष्ट्रार -

(ख) प्रतिनिधि, सञ्चार मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, प्रेस काउन्सिल - सदस्य

(घ) लेखापरीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्थाबाट एक-एक जनाका दरले श्री ५ को सरकारले मनोनीत गरेको तीन जना व्यक्ति - सदस्य

(३) काउन्सिलले तोकेको अधिकृत समितिको सचिव हुनेछ ।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

११. समितिको काम, कर्तव्य र अधिकार :

(१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम् हुनेछ :-

(क) पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन संख्या निर्धारण गर्ने र त्यसको अद्यावधिक अभिलेख राख्ने, र

(ख) पत्रपत्रिकाको प्रकाशन संख्यासमेतको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१२. उजूरी सम्बन्धमा :

(१) कुनै पत्रकारले आफ्नो व्यावसायिक आचारसंहिता उल्लंघन गरेमा कुनै पनि व्यक्तिले काउन्सिलमा उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजूरी परेमा काउन्सिलले आवश्यक जाँचबूझ गरी देहायबमोजिम गर्न गराउन सक्नेछ :-

(क) मर्का पर्ने पक्षको भनाई सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने,

(ख) मर्का पर्ने पक्षसँग क्षमायाचना गर्न लगाई निजको कुरा सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने,

(ग) मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने, र

(घ) पटकपटक व्यावसायिक आचारसंहिता उल्लंघन गर्ने पत्रकारलाई निजले श्री ५ को सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन श्री ५ को सरकारमा सिफारिस गर्ने ।

(३) उपदफा (२) बमोजिमको काउन्सिलको निर्णय पालन नगर्ने पत्रकारउपर काउन्सिलले खेद प्रकट गरी सो कुरा सार्वजनिकरूपमा प्रकाशित गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले सम्बन्धित पत्रकारलाई आफ्नो स्पष्टीकरण पेश गर्न मौका दिनेछ ।

१३. काउन्सिलको कोष :

(१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् र काउन्सिलको सबै खर्च सोही कोषबाट व्यहोरिनेछ :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा संघ-संस्थाबाट प्राप्त आर्थिक अनुदान वा सहायता रकम,

(ग) काउन्सिलले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम आर्थिक अनुदान वा सहायता प्राप्त गर्नुअघि काउन्सिलले श्री ५ को सरकारको अनुमति लिनुपर्नेछ ।

(४) काउन्सिलको कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१४. **लेखा र लेखापरीक्षण** :

(१) काउन्सिलको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम् राखिनेछ ।

(२) काउन्सिलको लेखा परीक्षण प्रचलित कानुनबमोजिम् हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि काउन्सिलको हिसाबकिताब जाँच्न वा जँचाउन सक्नेछ ।

१५. **अधिकार प्रत्यायोजन** : यस ऐनबमोजिम आफूलाई प्राप्त भएको अधिकार काउन्सिलले समिति, उपसमिति, सदस्य वा काउन्सिलको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **श्री ५ को सरकारसँग समपर्क** : काउन्सिलले श्री ५ को सरकारसँग सम्पर्क राख्दा सञ्चार मन्त्रालयमार्फत् राख्नुपर्नेछ ।

१७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

१८. **विनियम बनाउने अधिकार** : काउन्सिलले आफ्नो कार्य सञ्चालनको लागि यो ऐनको अधीनमा रही श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

पत्रकार आचारसंहिता, २०६०
(संशोधित तथा परिमार्जित, २०६४)

प्रस्तावना

स्वस्थ पत्रकारिताको विकासका निम्ति सञ्चारमाध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्बर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवम् नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जर्गेना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी पत्रकारिता (प्रेस) का सबै माध्यमहरू समेतलाई समेटेर मौजुदा आचारसंहितामा परिमार्जन गर्न वाञ्छनीय भएकाले नेपाल पत्रकार महासंघसमेतको सहमतिमा प्रेस काउन्सिल नेपाल ऐनको दफा (७) को (ख) बमोजिम यो पत्रकार आचारसंहिता, २०६० लाई सामाजिक संशोधन तथा परिमार्जन गरी जारी गरिएको छ।

१. **नाम, प्रारम्भ र विस्तार** :

(१) यस आचारसंहिताको नाम 'पत्रकार आचारसंहिता, २०६०' रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त लागू हुनेछ।

(३) यो आचारसंहिता नेपालमा सञ्चालित सञ्चारमाध्यम तथा नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारहरूलाई लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संहितामा-

(क) 'पत्रकार' भन्नाले छापा, विद्युतीय तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका सञ्चारमाध्यम वा समाचारमूलक कार्यक्रम उत्पादन, वितरण गर्ने एजेन्सी वा संस्थामा समाचार सामग्री संकलन उत्पादन, सम्पादन र सम्प्रेषणजस्ता कार्यसँग आबद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, स्वतन्त्र पत्रकार, फोटोपत्रकार, प्रेस क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा सञ्चालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादकजस्ता पत्रकारितामूलक कार्यसँग सम्बन्धीत सञ्चारकर्मीहरूलाई जनाउँछ।

(ख) 'सञ्चार माध्यम' भन्नाले नेपालमा सञ्चालित पत्रपत्रिका, रेडियो एवम् टेलिभिजन प्रसारणहरू समाचार एजेन्सी तथा इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवं समाचारमूलक कार्यक्रम उत्पादन-वितरण गर्ने संस्था र सेवाहरूसमेतलाई जनाउँछ।

(ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ ।

३. पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य :

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन :-** विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्छ ।

(२) **मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान :-** मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समभ्रूदारीको संरक्षण र सम्बर्द्धन तथा मित्रराष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपर्दछ ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन :-** आमनागरिकको सुसूचित हुन पाउने हकअधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ ।

(४) **सत्यतथ्य सूचनाको सम्प्रेषण :-** पत्रकार-सञ्चारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्यतथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ ।

(५) **सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व :-** सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्त बमोजिम सञ्चारमाध्यमबाट उत्पादित प्रकाशित-प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ । सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्दछ ।

(६) **गोपनीयताको हकको सम्मान :-** सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवम् व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ ।

(७) **उच्च व्यावसायिक अभ्यास :-** पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवम् उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ ।

(८) **शिष्ट व्यवहार :-** व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवम् मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ ।

(९) **गल्ती सच्याउने तत्परता :-** प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवम् गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवम् त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

(१०) **सामाजिक उत्तरदायित्व :-** अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषाभाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ ।

(११) **आपसी सम्बन्ध :-** पत्रकार तथा सञ्चारमाध्यमहरूबीचको आपसी सम्बन्ध व्यवसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ ।

४. पत्रकार र सञ्चार माध्यमहरूले गर्न नहुने कार्यहरू :

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने :-** बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा

उत्पादन-वितरण गर्नुहुँदैन ।

(२) **सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने :–** सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने :–** समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनु हुँदैन ।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने :–** सञ्चारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समारचार सामग्रीको रुपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन ।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने :–** जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने :–** पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने :–** यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य प्राशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(८) **हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने :–** विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार तस्बिर मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन ।

(९) **वीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने :–** समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र विभत्स दृश्य एवं तस्बिरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

(१०) **घटनासाग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने :–** कुनै घटनासँग सम्वन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन ।

(११) **तथ्य बङ्ग्याउन नहुने :–** कुनै टिप्पणी वा स्पष्टताबिना तस्बिर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(१२) **विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने :–** विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्नु, विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन । त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन ।

(१३) **स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने :–** कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारणवा वितरण गर्नु हुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनुपर्दछ ।

(१४) **स्रोतसाग सम्बन्ध :** पत्रकार वा सञ्चारमाध्यमले समाचारस्रोतसँग व्यावसायिक मर्यादा वा सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति सञ्चारमाध्यमको दुरुपयोग र्नुहुँदैन ।

५. उजुरी र तत्सम्बन्धी कार्यविधि :

(१) कुनै पत्रकार वा सञ्चारमाध्यमले माथिको आचारसंहिता विपरीत समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेका कारण कुनै व्यक्ति, समूह वा संस्थालाई मर्का परेको लागेमा मर्का पर्ने पक्षले सर्वप्रथम सम्बन्धित सञ्चारमाध्यमका सम्पादकलाई सम्बोधन गरी लिखित गुनासो, खण्डन वा स्पष्टीकरण प्रस्तुत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया ग्रहण गर्नु र त्यसलाई उचित महत्व र स्थान दिई प्रकाशन अथवा प्रसारण गर्नु सम्वद्ध सम्पादक र सञ्चारमाध्यमको दायित्व हुनेछ । यदि कुनै गुनासो, खण्डन वा प्रतिक्रिया प्रकाशन-प्रसारण गर्न योग्य छैन भन्ने कुरा सम्पादकलाई लागेमा आधार-प्रमाणसहित त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया सम्बन्धित सञ्चारमाध्यमले प्रकाशन-प्रसारण नगरी चित्तबुझ्दो जवाफ पनि नदिएमा पीडित पक्षले आफ्नो स्पष्टीकरण,खण्डन वा प्रतिक्रियाको प्रतिलिपि संलग्न गरी काउन्सिलसमक्ष दिनवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पीडित पक्षले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको मर्म र भावनाविपरीत हुने गरी तोडमोड वा थपघट गरी प्रकाशन-प्रसारण भएमा वा प्रकाशन-प्रसारण भएको प्रक्रियाबाट पीडित पक्ष सन्तुष्ट नभएमा वा प्रेस काउन्सिलबाट नै उजुरी विवादको निर्णय गराउन चाहेमा देहायबमोजिमको विवरण संलग्न गरी पीडित पक्षले प्रेस काउन्सिलसमक्ष उजुरी दिन सक्नेछ ।

(क) प्रकाशित वा प्रसारित सामग्रीको प्रतिलिपि ।

(ख) प्रकाशित वा प्रसारित सामग्रीबाट पर्न गएको मर्काको विवरण र त्यसको आधार-प्रमाण ।

(ग) सम्बन्धित सञ्चारमाध्यमलाई आफूले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको प्रति ।

(घ) सम्बन्धित सञ्चारमाध्यमका सम्पादकले दिएको जवाफ, खण्डन वा वक्तव्यको विवरण ।

(ङ) सम्बन्धित सञ्चारमाध्यमका सम्पादकलाई प्रकाशित वा प्रसारित सामग्रीका विषयमा भएका पत्राचारहरूको विवरण ।

अन्य न्यायिक वा अर्धन्यायिक निकायमा कारवाही विचाराधीन रहेको भए त्यस्तो उजुरी निवेदनउपर काउन्सिलले कुनै सुनुवाई गर्नेछैन ।

(५) उपदफा (३) बमोजिम काउन्सिलसमक्ष प्राप्त हुन आएको निवेदनका आधारमा पीडितपक्षको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया किन प्रकाशित-प्रसारित नगरिएको हो ? प्रकाशित-प्रसारित गर्न नमिल्ने कुनै कारण भए सामान्यत: ७ (सात) दिनभित्र आधार-प्रमाणसहित जवाफ पेश गर्नू र त्यस्तो कुनै कारण नभए अविलम्ब प्रकाशित-प्रसारित गरी सोको जानकारी दिनू भनी काउन्सिलले सम्बन्धित सञ्चारमाध्यमका सम्पादकलाई आग्रह गरी पत्राचार गर्नेछ ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै पत्रकार तथा सञ्चारमाध्यमले सार्वजनिक हित वा सरोकारमा प्रत्यक्ष वा अप्रत्यक्षरुपले नकारात्मक असर पार्ने गरी समाचार प्रकाशन प्रसारण वा उत्पादन वितरण गरेमा प्रेस काउन्सिल आफैंले त्यस्तो पत्रकार वा सञ्चारमाध्यमका विरुद्ध यस संहिताबमोजिम कारवाही अगाडि बढाउन सक्नेछ ।

(७) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित पक्षलाई म्याद/सूचना पठाउनुपूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै सच्याउनुपर्ने, खण्डन गर्नुपर्ने वा क्षमायाचना गर्नुपर्ने वा मुनासिव जवाफ पठाउन लगाउनेजस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ ।

(८) यस आचारसंहिताको उल्लंघन गरी कुनै पत्रकार तथा सञ्चारमाध्यमले समाचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेमा उजुरवालाले सो समाचार प्रकाशन तथा प्रसारण भएको मितिले सामान्यत: तीस दिनभित्र उजुरी गर्नुपर्नेछ । म्यादभित्र उजुरी गर्न नसकेको मनासिव कारण भएमा प्रेस काउन्सिलले जहिले पनि उजुरी लिन सक्नेछ ।

(९) उजुरी गर्दा उजुरीकर्ताले सम्बन्धित समाचार सामग्रीको प्रकाशन-प्रसारण वा उत्पादन-वितरण भएको विषयवस्तुको अभिलेख संलग्न राख्नुपर्नेछ। उजुरीकर्ताले त्यसरी विवरण संलग्न राख्न सम्भव नभएको कुरामा काउन्सिल सहमत भएमा काउन्सिल आफैंले यस्तो सामग्रीको अभिलेख झिकाई सुनुवाई गर्न सक्नेछ।

(१०) यस आचारसंहितामा उल्लिखित आचरणहरूको उललंघन गरेको वा भएको छ भनी तथ्ययुक्त प्रमाणसाथ पीडित वा सरोकारवाला पक्षले कुनै पत्रकार तथा सञ्चारमाध्यमविरुद्ध उपदफा (८) बमोजिमको म्यादभित्र काउन्सिलसमक्ष दिएको उजुरीमा काउन्सिलले सामान्य जाँचबुझ गरी आचारसंहिताको उल्लंघन हुने किसिमको कार्य भएको देखेमा आरोपित पक्षलाई सामान्यतया ७ दिनभित्र वा सोभन्दा अगावै आफ्नो निर्दोषिता प्रमाणित गर्ने प्रमाण भए उजुरीको प्रतिलिपि साथै राखी हाजिर हुन आउनू भनी काउन्सिलले म्याद पठाउन सक्नेछ।

(११) माथि उल्लिखित उपदफहरूबमोजिम आरोपित पक्षको लिखितजवाफ काउन्सिलसमक्ष दाखिल भएपश्चात वा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए पनि काउन्सिलले सो विषयमा सामान्यतया तीस दिनभित्र निर्णय दिनेछ।

(१२) उपदफा (११) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले आवश्यक ठानेमा उजुरवाला र आरोपित पक्ष दुवैलाई झिकाई छलफल गर्न सक्नेछ।

(१३) उजवुरवाला र आरोपित पक्ष दुवैथरी मिलि मिलापत्रको लागि संयुक्तरुपले लिखित अनुरोध गरेमा काउन्सिलले मिलापत्र गराई विवाद टुङ्ग्याउन सक्नेछ।

६. निर्णय र कार्यान्वयनसम्बन्धी व्यवस्था :

कुनै पक्षले यस संहिताविपरीतको आचरण र व्यवहार गरेको ठहरेमा निजलाई प्रेस काउन्सिलले क्रमशः निम्नबमोजिम निर्णय र कारबाही गर्नेछ।

(१) उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनः उत्पादन-वितरण गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेशपालना नगरेमा त्यस्तो आरोपित पक्षलाई अवज्ञाकारीको सूचीमा राखी थप कारबाही अगाडि बढाउन सक्नेछ। काउन्सिलको आदेशलाई दुईपटकभन्दा बढी अवज्ञा गर्ने सञ्चारमाध्यम वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहेछ भने प्रेस पास निलम्बित गर्न काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्रेस पास निलम्बन भएपछि पनि उपदफा (१) बमोजिमको कार्य नगरेमा काउन्सिलले मूल्यांकन वर्गीकरण गर्ने सञ्चारमाध्यमको हकमा वितरण संपरीक्षण समितिले त्यस्तो पक्षको सञ्चारमाध्यमलाई मूल्यांकन प्रक्रियाबाट अलग गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन प्रक्रियाबाट अलग गराउँदा पनि उपदफा (१) बमोजिम निर्णयको पालना नगरेमा त्यस्तो पक्षलाई काउन्सिलको कल्याणकारी कोष वा अन्य सहयोगबाट निश्चित अवधिका लागि वञ्चित गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सहयोग वञ्चित गराउँदा पनि उपदफा (१) बमोमिज निर्देशित कार्य नगरेमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सुविधाहरू निशिचत अवधिका लागि निलम्बन गर्नका लागि काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

तर काउन्सिलले आवश्यक ठानेमा एकैपटक उपदफा (४) र (५) बमोजिम दुवै कारबाही गर्न सक्नेछ।

(६) काउन्सिलको निर्णयलाई निरन्तर अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यम विरुद्ध काउन्सिलले खेद प्रकट गरी पटक-पटक गरेको कारबाहीको विवरणसहित सार्वजनिकरुपमा प्रकाशित-प्रसारित गर्नेछ।

७. यसको अभिन्न अंग मानिने :

यो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार र सञ्चारमाध्यमका निम्ति अजारी गरिने सबै प्रकारका निर्देशिहकाहरू यस आचारसंहिताको अभिन्न अंग मानिनेछन् ।

८. खारेजी

पत्रकार आचारसंहिता, २०५५ खारेज गरिएको छ ।

स्रोत : प्रेस काउन्सिल नेपाल

फ्रिडम फोरमका प्रकाशनहरू

पुस्तकहरू :

(१) संविधानसभाको संरचना र निर्वाचन पद्धति

(२) नेपाल रिपोर्ट – २०६२

(३) समावेशी लोकतन्त्र

(४) लोकतन्त्रमा समावेशीकरण

(५) मधेश आन्दोलनमा मिडिया

(६) अदालती समाचार (स्रोत तथा प्रशिक्षण दिग्दर्शन)

(७) पत्रकारिता नीति तथा कानुन

(८) नेपालको सूचनाको हकसम्बन्धी कानुनमाथिको टिप्पणी
(आर्टिकल–१९ र पत्रकार महासंघसँग संयुक्तरूपमा)

(९) अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड एक संग्रह

(१०) कानुनी समाचार

(११) सर्वोच्च अदालतबाट प्रतिपादित सूचना तथा सञ्चारसम्बन्धी नजीरहरू

(१२) पत्रपत्रिकाबाट भएका गाली–बेइज्जतीसम्बन्धी फैसलाहरू

(१३) अदालती पत्रकारिता

पुस्तिकाहरू :

(१) भुटान अधिराज्यको मस्यौदा संविधान (२००५)

(२) सूचनाका हक हाम्रो अधिकार

(३) पत्रकारका लागि निर्वाचन समाचार संकलन–सम्प्रेषण निर्देशिका

पत्रिकाहरू :

(१) स्वतन्त्र आवाज (६ अंक)

(२) Free Expression (7 Issue)

अन्य :

(१) सूचनाको हकसम्बन्धी विभिन्न पोस्टर तथा पम्पलेटहरू